# वासुदेव त्रिपाठीका पुस्तकाकार प्रमुख समालोचनात्मक कृतिको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय
श्री महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम, नेपाली विभागअन्तर्गत
स्नातकोत्तर तह द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

# शोधपत्र

शोधकर्ता
**मित्र गौतम**
रोल नं. ५६
त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग
मानविकी तथा सामाजिकशास्त्र सङ्काय
श्री महेन्द्ररत्न बहुमुखी क्याम्पस,
इलाम
२०५९/६१

# स्वीकृतिपत्र

१.

........................................
श्री बुद्धिप्रसाद घिमिरे
(विभागीय प्रमुख)

२.

.......................................
श्री कुलराज निरौला
(शोध निर्देशक)

३.

.......................................
.....................................
(बाह्य परीक्षक)

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलामअन्तर्गत नेपाली विभाग एम्. ए. (स्नातकोत्तर) दोस्रो वर्षका छात्रा श्रीमती मित्र गौतमले **वासुदेव त्रिपाठीका पुस्तकाकार प्रमुख समालोचनात्मक कृतिको अध्ययन** शीर्षक शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । विषयवस्तुको गहन अध्ययन र विश्लेषण एवम् खोज अनुसन्धानसमेत गरी निकै लगनशीलतापूर्वक तयार पारिएको उहाँको शोधपत्रप्रति म पूर्ण सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६३ /.......................

................................
श्री कुलराज निरौला
शोधनिर्देशक
महेन्द्ररत्न बहुमुखी क्याम्पस,
इलाम
नेपाली विभाग

# कृतज्ञताज्ञापन

"वासुदेव त्रिपाठीका पुस्तकाकार प्रमुख समालोचनात्मक कृतिको अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, महेन्द्ररत्न बहुमुखी क्याम्पसअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि गुरु कुलराज निरौलाज्यूको निर्देशनमा तयार गरेको हुँ । मलाई उचित सल्लाह,दिएर सहयोग गर्नु भएकोमा वहाँप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आवश्यक सामग्री दिएर मलाई विविध सल्लाह, ज्ञानवर्द्धक मार्ग निर्देशनसमेत गर्नुहुने शोधनायक विद्वान् गुरु प्रा.डा. श्री वासुदेव त्रिपाठीप्रति हार्दिक कृतज्ञाताज्ञापन गर्दछु ।

प्रस्तुत विषय अध्ययन गर्ने स्वीकृति प्रदान गर्नुहुने विभागीय प्रमुख श्री बुद्धिप्रसाद घिमिरे तथा नेपाली विभागप्रति म कृतज्ञ छु । अतिव्यस्त समयमा पनि मेरो अध्ययनलाई अगाडि बढाउन निरन्तर सहयोग गर्नुहुने उप-प्रा. श्री फणीन्द्रराज निरौला र उप-प्रा. डा. नारायण संग्रौलाज्यूप्रति धेरै आभारी छु । मेरो आई.ए. देखि हालसम्मको अध्ययनको क्रममा प्रेरणा,हौसला,उत्साह,सहयोग,सद्भाव र अवसरसमेत अविरल रूपमा प्रदान गर्दै आउनु भएका मेरा श्रीमान् सह-प्राध्यापक श्रीधरणीप्रसाद गौतमप्रति चीरऋणी छु ।

मेरो अध्ययनका क्रममा सदैव प्रेरणा प्रदान गर्नुहुने मेरा पूज्य पिता श्रीघनेन्द्रनाथ भट्टराई प्रेरणादायी माता यमुनादेवी भट्टराई, दाजु मित्रलाल, नरेन्द्रनाथ, उत्तरा, भवेन्द्र तथा पार्वती एवम् बहिनीहरू गोमा, उमा, देवी, सरस्वती, लक्ष्मीप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु । मेरो शोधपत्र तयारीका क्रममा सहयोग पुऱ्याउने छोरी प्रज्ञा, मृदु, मञ्जुल, प्रतिभा र स्मृति गौतमलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । यसैक्रममा मेरो अध्ययनका लागि विभिन्न रूपमा सहयोग पुऱ्याउनु हुने ज्वाइँहरू श्रीगणेश आचार्य, श्रीशम्भु सुवेदी र श्रीप्रदीप नेपालज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । मेरो अध्ययनमा विभिन्न सहयोग प्रदान गर्नुहुने क्याम्पस प्रमुख तथा सहायक क्याम्पस प्रमुखज्यूहरू तथा हरेक पक्षबाट सहयोग पुऱ्याउने मेरा सहकर्मी साथीहरू सबैलाई धन्यवाद दिन चाहन्छु ।

यो शोधपत्र तयार गर्दा सामग्री जुटाई सहयोग पुऱ्याइदिनुहुने श्रीमती पार्वती नेपालप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै हरेक पक्षबाट मेरो अध्ययनको क्रमलाई अगाडि बढाउन सहयोग गर्नुहुने आदरणीय गुरु श्री गुरुप्रसाद पोखरेलप्रति विशेष आभार व्यक्त गर्दछु । यो शोधपत्र टंकण गरी सहयोग गर्नुहुने अनिलदास श्रेष्ठलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अन्तमा, म प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलामसमक्ष प्रस्तुत गर्दछु ।

मित्र गौतम

मिति :

स्नातकोत्तर तह दोस्रो वर्ष

महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम ।

# विषयसूची

## पहिलो परिच्छेद
## शोधप्रस्ताव


| | | |
|---|---|---|
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधार्थीको नाम | १ |
| १.३ | शोधपत्रको प्रयोजन | १ |
| १.४ | विषय परिचय | १ |
| १.५ | समस्या कथन | १ |
| १.६ | शोधपत्रका उद्देश्यहरू | २ |
| १.७ | पूर्वकार्य समीक्षा | ३ |
| १.८ | शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता | ६ |
| १.९ | शोधपत्रको सीमाङ्कन | ६ |
| १.१० | शोधविधि | ६ |
| १.११ | शोधपत्रको रूपरेखा | ७ |


## दोस्रो परिच्छेद
## वासुदेव त्रिपाठीको सङ्क्षिप्त परिचय


| | | |
|---|---|---|
| २ | वासुदेव त्रिपाठीको जीवनी | ८ |
| २.१ | जीवन यात्रा | ८ |
| २.२ | शिक्षादीक्षा | ८ |
| २.२.१ | प्रारम्भिक शिक्षा | ८ |
| २.२.२ | उच्च शिक्षा | ९ |
| २.३ | पेसा/सेवा | १० |
| २.४ | विदेश भ्रमण | १० |
| २.५ | सम्मान तथा पुरस्कार | ११ |
| २.६ | प्रकाशित कृतिहरू | ११ |
| २.७ | वासुदेव त्रिपाठीको विविध व्यक्तित्व | १३ |
| २.७.१ | साहित्यकार व्यक्तित्व | १३ |
| २.७.१.१ | समालोचक व्यक्तित्व | १३ |
| २.७.१.२ | कवि व्यक्तित्व | १४ |
| २.७.१.३ | निबन्धकार व्यक्तित्व | १४ |
| २.७.१.४ | गीतकार व्यक्तित्व | १५ |
| २.७.१.५ | सम्पादक व्यक्तित्व | १५ |
| २.७.१.६ | अनुवादक व्यक्तित्व | १५ |
| २.७.२ | प्राध्यापक व्यक्तित्व | १५ |
| २.७.३ | समाज सेवी व्यक्तित्व | १६ |
| २.७.४ | कोष तथा व्याकरणकार व्यक्तित्व | १६ |
| २.७.५ | सहलेखन व्यक्तित्व | १७ |

२.७.६ भूमिका लेखन व्यक्तित्व ........ १७
२.७.७ अन्य व्यक्तित्व ........ १७

## तेस्रो परिच्छेद

## समालोचनाको सैद्धान्तिक स्वरूप

३.१ समालोचनाको अर्थ र परिभाषा ........ १९
३.२ पूर्वीय समालोचना यात्रा तथा परिभाषा ........ २०
३.२.१ पूर्वीय समालोचना यात्रा ........ २०
३.२.२ पूर्वीय समालोचनाको परिभाषा ........ २०
३.३ पश्चिमी समालोचनाको यात्रा तथा परिभाषा ........ २२
३.३.१ पश्चिमी समालोचना यात्रा ........ २२
३.३.२ पश्चिमी समालोचनाको परिभाषा ........ २२
३.४ नेपाली समालोचनाको परम्परा र परिभाषा ........ २४
३.४.१ नेपाली समालोचनाको परम्परा ........ २४
३.४.२ नेपालीमा समालोचनाको परिभाषा ........ २५
३.५ समालोचनाको प्रकार ........ २८

## चौथो परिच्छेद

## वासुदेव त्रिपाठीको समालोचना यात्रा

४.१ विषय प्रवेश ........ ३१
४.२ पहिलो चरण ........ ३१
४.३ दोस्रो चरण ........ ३१
४.४ तेस्रो चरण ........ ३३
४.५ चौथो चरण ........ ३३

## पाँचौँ परिच्छेद

## समालोचक वासुदेव त्रिपाठीका प्रमुख पुस्तकाकार समालोचनात्मक कृतिहरूको अध्ययन

५.१ पृष्ठभूमि ........ ३५
५.१.१ पहिलो चरण ........ ३५
५.२ दोस्रो चरण (२०२३–२०२९) ........ ३८
५.२.१ दोस्रो चरणका प्रमुख कृतिहरूको अध्ययन ........ ४०
५.२.१.१ सिंहावलोकनको अध्ययन ........ ४०
५.२.१.१(अ) कवि केन्द्रित समालोचना ........ ४१
(क) नेपाली कविताका सन्दर्भमा लोकसाहित्यको सङ्क्षिप्त परिचर्चा : ........ ४१
(ख) भानुभक्तको आदिकवित्व : केही गौँडा गल्छेँडा ........ ४१
(ग) मोतीराम भट्ट : शृङ्गार युगका केन्द्रीय कविका रूपमा ........ ४२
(घ) केही बुँदाभित्र सिङ्गै लेखनाथलाई समेट्न खोज्दा : ........ ४२
(ङ) नेपाली साहित्यका महान् शिल्पी सोमनाथ सिग्देल : ........ ४३
(च) सिंहावलोकन समको कविता–सिर्जनाको ........ ४३
(छ) देवकोटाको काव्य सिर्जना : उनैका आत्मस्वीकृति ........ ४४

(ज) महाकवि देवकोटा र नेपाली कविताका प्राप्ति ................................................ ४४
(झ) कवि गोपालप्रसाद रिमाल : मनमा टिपिएका केही टिप्पणी ................................ ४५
(ञ) कवि माधव घिमिरेका काव्य प्रवृत्ति 'कालीगण्डकी' कविताका केन्द्रीयतामा ............. ४६
(ट) सन्दर्भ जीवनको : दृष्टि कवि माधव घिमिरेका ............................................. ४६
(ठ) 'सङ्गम'मा प्रतिबिम्बित कवि केदारनाथ व्यथित .............................................. ४७
(ड) भिक्षुको कवित्वको क्रमिक परिष्कार ........................................................ ४८
(ढ) कविका रूपमा भीमनिधि तिवारी ............................................................. ४९
(ण) कवि विजय : केही समालोचनात्मक रेखाङ्कन .................................................. ४९
(त) कवि भूपीको काव्य यात्रा र यसका तीन चरण ................................................. ५०
(थ) सन्दर्भ कवि म.वी.वि. शाहको : सिंहावलोकन कविता–यात्राको ............................ ५१
(द) नेपाली कविताको नवीनतम धारा : परम्पराको सापेक्षतामा .................................. ५२
५.२.१.१ (आ) कृतिकेन्द्रित समालोचना .................................................................. ५४
(क) 'सत्यकलिसम्वाद'लाई विभिन्न कोणबाट हेर्दा ................................................ ५४
(ख) लेखनाथको बौद्धिकताको पूर्वरूप : बुद्धिविनोद ................................................ ५६
(ग) गीतिकाव्य 'मुनामदन' र देवकोटाको प्रकृति विचरण ......................................... ५६
(घ) साहित्यमा दार्शनिकताका प्रसंगमा देवकोटाको 'सुलोचना' महाकाव्य ...................... ५७
(ङ) कवि सिद्धिचरणको 'उर्वशी' खण्डकाव्य : अन्तर्द्वन्द्व सम्बन्धमा .............................. ५७
(च) कवि शाहका कविता : गङ्गाका भक्ति लहरी .................................................. ५८
(छ) लेक प्रणयकाव्य र कवि मोहन कोइराला ....................................................... ५८
५.२.१.२ विचरण (२०२८) को अध्ययन ................................................................... ६०
५.३ तेस्रो चरण (२०३०–२०४५) को परिचय .......................................................... ७२
५.३.१. समालोचक वासुदेव त्रिपाठीका तेस्रो चरणका प्रमुख पुस्तकाकार कृतिको अध्ययन ...... ८०
(क) पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा ..................................................... ८०
खण्ड १ ......................................................................................................... ८१
खण्ड २ ......................................................................................................... ८४
खण्ड ३ ......................................................................................................... ८५
खण्ड ४ ......................................................................................................... ८६
खण्ड ५ ......................................................................................................... ८९
खण्ड ६ ......................................................................................................... ९४
(ख) कवि गुणराजको भरतमिलन महाकाव्यको मूल्याङ्कन (२०३१) को अध्ययन ............. १०६
(ग) साहित्यकार पहलमानसिंह स्वाँरको पुनर्मूल्याङ्कन (२०३३) को अध्ययन .................. १०८
(घ) 'लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन' (२०३४) को अध्ययन....... १११
प्रथम खण्ड : .................................................................................................. १११
द्वितीय खण्ड ................................................................................................. ११६
तृतीय खण्ड .................................................................................................. १२०
चतुर्थ खण्ड .................................................................................................. १२४
पञ्चम खण्ड .................................................................................................. १३२
(ङ) साहित्यकार झपटबहादुर राणाको जीवनीको एक झलकको अध्ययन ......................... १३९
५.४ चौथो चरण २०४६ को परिचय ..................................................................... १४१

५.४.१ चौथो चरणका पुस्तकाकार प्रमुख कृतिहरूको अध्ययन.................................... १४७
(क) नेपाली कविता भाग १ को अध्ययन.................................................. १४७
(ख) नेपाली कविता भाग ४ को अध्ययन................................................. १४९
(ग) नेपाली कविता भाग २ को अध्ययन ................................................ १५३
(घ) नेपाली साहित्य शृंखला भाग १ र २ को अध्ययन ................................ १५३

छैटौं परिच्छेद
समालोचक वासुदेव त्रिपाठीको नेपाली साहित्य समालोचनामा योगदान १५५
सातौं परिच्छेद
उपसंहार / निष्कर्ष १५८
सन्दर्भसूची १६१

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| इ. | = | इस्वी सम्वत् |
| इ.पू. | = | इसापूर्व |
| गा.वि.सं. | = | गाउँ विकास समिति |
| चौ.सं. | = | चौथो संस्करण |
| डा. | = | डाक्टर |
| त्रि.वि. | = | त्रिभुवन विश्वविद्यालय |
| ते.सं. | = | तेस्रो संस्करण |
| दो.सं. | = | दोस्रो संस्करण |
| ने.रा.प्र.प्र. | = | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पा.सं. | = | पाँचौं संस्करण |
| पृ. | = | पृष्ठ |
| वि.सं. | = | विक्रम सम्वत् |
| सम्पा. | = | सम्पादक |
| स.हि. | = | संस्कृत हिन्दी |
| काठ. | = | काठमाडौँ |

# पहिलो परिच्छेद
# शोधप्रस्ताव

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **वासुदेव त्रिपाठीका पुस्तकाकार प्रमुख समालोचनात्मक कृतिको अध्ययन** रहेको छ ।

## १.२ शोधार्थीको नाम

मित्र गौतम

## १.३ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय श्री महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलाम नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको हो ।

## १.४ विषय परिचय

नेपाली साहित्यको विभिन्न विधामा २०१६ सालदेखि कलम चलाउँदै आएका मूर्धन्य समालोचक वासुदेव त्रिपाठीका बारेमा विभिन्न व्यक्तिहरूले केही न केही लेखेको एवम् त्रिपाठीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा शेरबहादुर ए.सी. द्वारा अध्ययन भएको, राजकुमारी वासवदत्ताका बारेमा ज्ञानराज अर्यालद्वारा अध्ययन गरिएको, त्रिपाठीका खण्डकाव्यका बारेमा नारायणदत्त सुवेदीले अध्ययन गरेको पाइए पनि त्रिपाठीको मूल योगदान क्षेत्रका रूपमा रहेको समालोचना क्षेत्रको अध्ययन-अनुसन्धान भएको भने पाइँदैन । यस समालोचना क्षेत्रमा कृत्रिहरूको व्यवस्थित रूपमा अध्ययन गर्नु आवश्यक छ । अत्यन्त व्यापक रूपमा अनेकौँ पत्रपत्रिकादेखि लिएर विभिन्न पुस्तकाकार कृतिका रूपमा समालोचक त्रिपाठीका समालोचनात्मक कृतिहरू प्रकाशित भएका पाइन्छन् । यीमध्ये यसमा पुस्तकाकार रूपमा प्रकाशित प्रमुख समालोचनात्मक कृतिहरूका बारेमा मात्र सर्सर्ती रूपमा अध्ययन गरिएको छ ।

## १.५ समस्या कथन

वासुदेव त्रिपाठी कवि, निबन्धकार, सम्पादक, गीतकार, अनुवादक जस्ता विभिन्न क्षेत्रमा सक्रिय देखिए पनि प्रमुख क्षेत्र समालोचना रहेको देखिन्छ । नेपाली समालोचना क्षेत्रमा २०१८ सालदेखि टिप्पणीकार समालोचकका रूपमा, २०२३ देखि व्यावहारिक-व्याख्यात्मक समालोचकका रूपमा र २०३० देखि सैद्धान्तिक तथा अनुसन्धानात्मक समालोचकका रूपमा एवम् २०४६ देखि विधागत समालोचकका रूपमा स्थापित भएका त्रिपाठीका समालोचनात्मक कृतिहरूको समग्र अध्ययन र विशलेषण हालसम्म हुन सकेको देखिँदैन । यसै परिप्रेक्ष्यमा विभिन्न क्षेत्रमा फैलिएका पत्रपत्रिका तथा पुस्तकाकार कृतिमा रहेका त्रिपाठीका कृतिहरूमध्ये पुस्तकाकार प्रमुख कृतिहरूको मात्र सर्सर्ती अध्ययन गर्नु यस शोध-कार्यको प्रमुख समस्या रहेको छ भने यसै समास्यासँग निम्नलिखित समस्याहरू पनि आएका छन् :

१. वासुदेव त्रिपाठीको परिचय के-कस्तो रहेको छ ?

२. समालोचनाको सैद्धान्तिक स्वरूप के-कस्तो रहेको छ ?

३. त्रिपाठीको समालोचना यात्रा के-कस्तो रहेको देखिन्छ ?

४. त्रिपाठीका समालोचनात्मक कृतिहरू के-कस्ता रहेका छन् ?

५. त्रिपाठीको समालोचना क्षेत्रको योगदान के-कस्तो रहेको छ ?

यिनै समस्याहरूमा केन्द्रित रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.६ शोधपत्रका उद्देश्यहरू

प्रस्तुत शोधपत्रको प्रमुख उद्देश्य वासुदेव त्रिपाठीका समालोचनात्मक कृतिहरूको अध्ययन रहेको छ । यही मुख्य उद्देश्यसँग सम्बन्धित अरू निम्नलिखित उद्देश्यहरू पनि छन् :

(१) त्रिपाठीको जीवनीका बारेमा सङ्क्षिप्त परिचय प्रस्तुत गर्नु,

(२) समालोचनाको सैद्धान्तिक स्वरूप प्रस्तुत गर्नु,

(३) वासुदेव त्रिपाठीका समालोचना यात्राको निरूपण गर्नु,

(४) समालोचक त्रिपाठीका प्रमुख समालोचनात्मक कृतिहरूको अध्ययन र विश्लेषण गर्नु र

(५) वासुदेव त्रिपाठीको योगदानको विश्लेषण गर्नु ।

## १.७ पूर्वकार्य समीक्षा

विभिन्न कृति र कृतिकारका बारेमा कलम चलाइसकेका वासुदेव त्रिपाठीका सम्बन्धमा वासुदेव त्रिपाठीका राजकुमारी वासवदत्ता खण्डकाव्यको कृतिपरक विवेचना (२०५७), कवि वासुदेव त्रिपाठीका खण्डकाव्य कृतिहरूको सर्वेक्षण (२०५८), वासुदेव त्रिपाठीको जीवनी, व्यक्तित्व र कृतित्व (२०५९) मा त्रि. वि. बाट शोधकार्य भैसकेको देखिन्छ । साथै विभिन्न विद्वान्हरूले त्रिपाठीको साहित्यिक व्यक्तित्वका बारेमा स्वदेश तथा विदेशमा थुप्रै चर्चा परिचर्चा गरिसकेका छन् तर समालोचक वासुदेव त्रिपाठीका बारेमा चर्चा, विश्लेषण र अध्ययन भएको पाइँदैन ।

प्रस्तुत शोधपत्र लेख्नु भन्दा अगाडि त्रिपाठीका बारेमा भएका चर्चा परिचर्चालाई तल लेखिए बमोजिम प्रस्तुत गरिएको छ :

क. आमा गोमादेवी र बुबा प्रेमदत्त त्रिपाठीले एक बालकलाई जन्माउँछन्, जसको नाम वासुदेव भनेर सम्बोधन गर्छन् । यही वासुदेव नाम नै नेपाली साहित्यका फाँटमा चमकदार बनेर चम्किरहेको र चम्कँदै रहनेछ भनी घटराज भट्टराईले "**प्रतिभै-प्रतिभा र नेपाली साहित्य**" नामक पुस्तकको '**वासुदेव त्रिपाठी**' शीर्षकअन्तर्गतको लेखमा उल्लेख गरेका छन् ।

ख. "**प्रतिभै-प्रतिभा र नेपाली साहित्य**" भन्ने पुस्तकमा घटराज भट्टराईको वासुदेव त्रिपाठी भन्ने प्रतिभा परिचयको शिरमा तारानाथ शर्माको त्रिपाठीबारे सानो टिप्पणी प्रकाशित छ । यस टिप्पणीमा तारानाथ शर्माले वासुदेव त्रिपाठीलाई त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपाली केन्द्रीय विभागका प्राध्यापक र पूर्वीय र पाश्चात्य दुवै साहित्यका ज्ञाता भएकाले उनका लेख घतलाग्दा, चित्त बुझ्दा र गहिरा हुन्छन् भनी आफ्नो विचार प्रकट गरेका छन् ।

ग. **पूर्वाञ्चल समालोचनामा कवि वासुदेव** त्रिपाठी : '**केही टिपोट**' शीर्षकअन्तर्गत रामनाथ शर्माले वासुदेव त्रिपाठी नेपाली काव्यपरम्परामा रोमान्टिक कवि हुन् भनी चर्चा गरेका छन् ।

घ. पूर्वाञ्चल समालोचना सङ्ग्रहअन्तर्गत '**कवि त्रिपाठीको यात्रा अर्धनारीश्वर काव्यमा**' शीर्षकमा विश्वनाथ भट्टराईले "राजकुमारी वासवदत्ता" काव्यले त्रिपाठीको समालोचक व्यक्तित्वलाई काव्य-मनीषीको गरिमामय आभा प्रदान गरेको अनुभव हुन्छ भनी चर्चा गरेका छन् ।

ङ. "**गरिमा**"का लागि फणीन्द्र नेपालद्वारा गरिएको भेटवार्तामा वार्ताकारले वासुदेव त्रिपाठीलाई कवि, कथाकार, एकाङ्कीकार, निबन्धकार तथा समालोचक भनी मात्र चर्चा गरेका छन् ।

च. **थाँक्रो** पत्रिकामा अन्तर्वार्ता लिने क्रममा लालगोपाल सुवेदीले वासुदेव त्रिपाठीलाई नेपाली साहित्यको भण्डारलाई धनी बनाउने साहित्यका एक महारथी भनी सम्बोधन गरेका छन् ।

छ. **नेपाली समालोचनाको परम्परा : मूल्याङ्कन तथा विश्लेषण** नामक पुस्तकमा डा. शोभा कान्ति थेगिमले वासुदेव त्रिपाठीलाई युवा नेपाली समालोचकहरूका अगुवार कविता, निबन्ध, कथा साथै आलोचना सबै क्षेत्रमा कलम चलाए पनि समालोचकका रूपमा प्रतिष्ठित छन्, भनी बताएकी छिन् ।

ज. '**स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**' भन्ने पुस्तकमा राजेन्द्र सुवेदीले वासुदेव त्रिपाठीलाई नेपाली भाषा साहित्य एवम् राष्ट्र र राष्ट्रियताका हस्ती, सचेत र सफल प्रतिभाका साथै समालोचक भनी चर्चा गरेका छन् ।

झ. वि.सं. १९९९ सालमा तनहुँ जिल्लाको भन्सारमा जन्मेका वासुदेव त्रिपाठी सानो उमेरदेखि नै तीक्ष्ण बुद्धि भएका र संस्कृत पाठशालाको तीन धारा छात्रावासमा बसेर संस्कृत अध्ययन गर्ने क्रममा नै नेपाली साहित्यको बगैंचामा देखा परेका हुन् भनी **एक भाषा अनेक साहित्य**मा लेखकद्वय गोपीकृष्ण शर्मा र रामप्रसाद दाहालले निबन्धकार वासुदेव त्रिपाठी र श्रद्धाका पक्षमा निबन्ध शीर्षकअन्तर्गत बताएका छन् ।

ञ. '**नेपाली साहित्यकार र परिचयकोश**'मा घटराज भट्टराईले वासुदेव त्रिपाठीलाई कवि, निबन्धकार र समालोचकका रूपमा प्रस्तुत गर्दै उनको ज्ञान र अध्ययन समालोचनामा व्यक्त हुनाले साधना पनि समालोचनामा छ भने चिन्तन निबन्धमा र भावुकता अनि कल्पना कवितामा छ भनी बताएका छन् ।

ट. **साझा समालोचना**को तेस्रो संस्करणको भूमिका लेख्ने क्रममा कृष्णचन्द्रसिंह प्रधानले समालोचना लेखेर चिनारी दिने समालोचकहरू भनी वासुदेव त्रिपाठीको पनि चर्चा गरेका छन् ।

ठ. अरविन्द मालाकारद्वारा सम्पदित "**मिर्मिरे**" पत्रिकामा अन्तर्वार्ता लिने क्रममा भागवत आचार्यले वासुदेव त्रिपाठीलाई "कवि र निबन्धकारभन्दा समालोचकका रूपमा बढी ख्याति प्राप्त गरेका छन्" भनी उल्लेख गरेका छन् ।

ड. "**साहित्यकार परिचय र अभिव्यक्ति**"मा जयदेव भट्टराईले वासुदेव त्रिपाठीको सामान्य जीवन चरित्रबारे मात्र उल्लेख गरेका छन् ।

ढ. **नेपाली साहित्यका प्रमुख समालोचक** भन्ने पुस्तकमा नरेन्द्रराज प्रसाईंले त्रिपाठीलाई समालोचकका रूपमा प्रस्तुत गर्दै आलोचनामा सकारात्मक मत दिन सिपालु त्रिपाठीले अन्य बिधा र कृतिहरूको समीक्षा गर्नमा कलम चलाए पनि विशेष गरी उनको धेरै रुचि भने नेपाली कविताको समीक्षामा नै हो भनी चर्चा गरेका छन् ।

ण. **नेपाली साहित्यका प्रमुख समालोचक** भन्ने पुस्तकमा नरेन्द्रराज प्रसाईंद्वारा लिखित पुस्तकको भूमिकामा महादेव अवस्थीले नेपाली समालोचना क्षेत्रको चौथो चरणका प्रमुख निर्माता वासुदेव त्रिपाठी हुन् र उनले जीवनीपरक, विधापरक, वस्तुतथ्यपरक, शोधपरक समालोचना लेखेको उल्लेख गरेका छन् ।

त. **समष्टि** नामक पत्रिकामा बमबहादुर थापा जितालीले **वासुदेव त्रिपाठी र उनका केही छन्दोबद्ध कविताको विश्लेषण तथा मूल्याङ्कन** शीर्षकअन्तर्गत वासुदेव त्रिपाठी आधुनिक कविता यात्राको समसामयिक धाराका सशक्त पद्य कवि हुन् भनी चर्चा गरेका छन् ।

थ. **छलफल** साप्ताहिकका लागि केशव खनालले अपरेशन स्तम्भअन्तर्गत वासुदेव त्रिपाठीसँग अन्तर्वार्ता लिने क्रममा पुस्तक होइन सिङ्गै पुस्तकालय अध्ययन गर्ने प्राध्यापक भनी चर्चा गरेका छन् ।

द. **नेपाली अधिराज्यमा तनहुँ** भन्ने पुस्तकमा वासुदेव त्रिपाठी एक प्रख्यात समालोचक, विचारक, चिन्तक, स्रष्टा, द्रष्टा एवम् साहित्यकार भनी परिचय मात्र दिइएको छ ।

ध. "**राजकुमारी वासवदत्ता खण्डकाव्यको कृतिपरक विवेचना**"अन्तर्गत शोधकर्ता ज्ञानराज अर्यालले "वासुदेव त्रिपाठी एक सशक्त कविका साथै कुशल समालोचक र सम्पादक तथा

प्रकाशक पनि हुन्" भनी उल्लेख गरेका छन् । तर अन्य कृतिका बारेमा उल्लेख गरेका छैनन् ।

न. कवि वासुदेव त्रिपाठीका खण्डकाव्य कृतिहरूको सर्वेक्षण विषयका शोधकर्ता नारायणदत्त सुवेदीले "यिनी पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्तका मान्यताका आधारमा कृतिको गुण दोषलाई तुलनात्मक रूपमा केलाउँदै व्याख्यात्मक शैलीमा समालोचना गर्ने समालोचक मानिन्छ" भनेका छन् । (पृ. १५)

प. वासुदेव त्रिपाठीको जीवनी, व्यक्तित्व र कृतिव्य विषयका शोधकर्ता शेरबहादुर ए.सी.ले कविता लेखनबाट आफ्नो साहित्यिक यात्रा थालेका वासुदेव त्रिपाठीले सबैभन्दा बढी सफलता प्राप्त गरेको विधा चाहिँ समालोचना हो । उनी यसै समालोचना विधाबाट बढी प्रख्यात छन् । (पृ. २६)

## १.८ शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता

समालोचक वासुदेव त्रिपाठीका समालोचनात्मक कृतिहरूबारे विभिन्न विद्वान्हरूले पुस्तक तथा पत्रपत्रिकाहरूका माथि लेखिए बमोजिम गरिएका टिप्पणी समीक्षा तथा जानकारीहरूले पूर्ण अध्ययन हुन नसकेको परिप्रेक्ष्यमा त्रिपाठीका समालोचनात्मक प्रमुख पुस्तकाकार कृतिहरूको समष्टिगत र वस्तुगत अध्ययन गरी तयार गरिने प्रस्तुत शोधपत्रबाट त्रिपाठीका समालोचनात्मक कृतिहरू भित्रका विभिन्न विषयमा जानकारी लिन चाहने जिज्ञासु पाठकहरूका लागि यो शोध महत्त्वपूर्ण भएकाले पुस्तकालय अध्ययन परम्परामा यसले महत्त्वपूर्ण योगदान पुऱ्याउने हुँदा यसको औचित्य महत्त्वपूर्ण रहनेछ । त्यसैगरी वस्तुपरक ढङ्गमा गरिएको अध्ययन विश्लेषणबाट प्रस्तुत शोधपत्र भावी शोधकर्ताका लागि समेत मार्गदर्शक बन्न सक्ने भएकाले यसको प्राज्ञिक तथा अनुसन्धानात्मक औचित्य समेत रहेको छ ।

## १.९ शोधपत्रको सीमाङ्कन

प्रस्तुत शोधपत्रको सीमा भन्नु नै विभिन्न साहित्यिक विधामा कलम चलाएका बहुमुखी प्रतिभा वासुदेव त्रिपाठीका कविता-निबन्ध-समालोचना विधामध्ये समालोचना विधामात्रको अध्ययन यहाँ प्रस्तुत गरिएको छ । समालोचना विधाभित्र पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित समालोचनात्मक लेखहरूको उल्लेख मात्र गरी प्रमुख समालोचनात्मक कृति सिंहावलोकन, विचरण, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, कवि गुणराजको भरतमिलन महाकाव्यको मूल्याङ्कन, साहित्यकार पहलमान सिंह स्वाँरको पुनर्मूल्याङ्कन, लेखानाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन, झपटबहादुर राणाको जीवनीको एक झलक कृतिहरूको अध्ययनमा,

नेपाली कविता भाग १, २ र ४ र नेपाली साहित्य शृंखला भाग १ र भाग २ मा नै यस शोधपत्रलाई सीमित पारिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधपत्रको विषय **वासुदेव त्रिपाठीका समालोचनात्मक प्रमुख पुस्तकाकार कृतिको अध्ययन** रहेकाले यसका निम्ति आवश्यक पर्ने सामग्री सङ्कलनका क्रममा मुख्य रूपमा पुस्तकालयीय अध्ययन पद्धतिलाई अवलम्बन गरिएको छ । साथै आवश्यकताअनुसार विषय विशेषज्ञसँग र शोधनायकसँग सम्पर्क गरिएको छ । सङ्कलित सामग्रीलाई अध्ययन र व्यवस्थापन गर्न वस्तुपरक, संरचनावादी र विश्लेषणात्मक अध्ययन पद्धतिलाई अपनाइएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवम् सुसङ्गठित बनाउनका लागि निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

| | |
|---|---|
| पहिलो परिच्छेद : | शोध प्रस्ताव |
| दोस्रो परिच्छेद : | वासुदेव त्रिपाठीको सङ्क्षिप्त परिचय |
| तेस्रो परिच्छेद : | समालोचनाको सैद्धान्तिक स्वरूप |
| चौथो परिच्छेद : | त्रिपाठीको समालोचना यात्रा |
| पाँचौं परिच्छेद : | त्रिपाठीका समालोचनासम्बन्धी प्रमुख पुस्तकाकार कृतिहरूको अध्ययन |
| छैटौं परिच्छेद : | त्रिपाठीको नेपाली समालोचनामा योगदान |
| सातौं परिच्छेद : | उपसंहार / निष्कर्ष |

# दोस्रो परिच्छेद
# वासुदेव त्रिपाठीको सङ्क्षिप्त परिचय

## २ वासुदेव त्रिपाठीको जीवनी

### २.१ जीवन यात्रा

प्रसिद्ध समालोचक वासुदेव त्रिपाठीको जन्म वि.सं. १९९९ साल चैत्र १३ गते गण्डकी अञ्चलको तनहुँ जिल्ला अन्तर्गत भानु गाउँ विकास समिति, दोरदोर थुमको भन्सार गाउँमा भएको हो । उनका पिता प्रेमदत्त त्रिपाठी र माता गोमा देवी हुन् । गोमा देवीका तेस्रो सन्तान जीवित (पहिलो) सन्तान त्रिपाठीको न्वारानको नाम नुतनराज त्रिपाठी हो । उनलाई देव त्रिपाठी, वेलराम शर्मा, जीवन यात्री भने पनि प्रसिद्ध सबैले बोलाउने र चिन्ने नाम वासुदेव त्रिपाठी स्थापित हुन पुगेको हो ।[ज्ञ]

आफ्ना सहोदर दाजु दिदीहरूको औलाका कारण मृत्यु भएकाले औलोबाट बचाउन पिता प्रेमदत्त त्रिपाठीले औलो मुक्त अग्लो पहाडी भेगतिर बसाइँ सर्दै भीमसेन थुम्की थुक्रेक डाँडो गोरखाको पस्लान डाँडो हुँदै ससुराली गाउँ गोरखाको सिरान चोक लाङदी गाउँमा जग्गा किनेर बस्न थाले । यहीँ वासुदेव त्रिपाठीको बाल्यकालको धेरै समय बित्यो । वासुदेव चञ्चल स्वभावका जिज्ञासु र मेधावी व्यक्ति थिए । पहिलो अक्षरारम्भ बाबु र आमाबाट सुरु गरेका त्रिपाठी अत्यन्त तीक्ष्ण बुद्धिका थिए । पढाइबाट फुर्सद हुने बित्तिकै दण्डीबियो, खोपी, गुच्चा आदि खेल्नमा र वनजङ्गल घुम्दै ऐँसेलु, काफल खाँदै, पिपिरी बजाउँदै गोठालाहरूसँग वनपाखा समेत पुग्दथे । जात्रामेलामा गुरुङ, मगर, गाउँका पूजा, उत्सव, भजन, कीर्तन, गीत, अन्ताक्षरी जस्ता आयोजनाहरूमा सहभागी बन्थे । यसरी त्रिपाठीको बाल्यकाल बित्दै जाँदा ९ वर्षको उमेर हुँदा आमाको मृत्यु भयो र बालक त्रिपाठी यसबाट धेरै मर्माहत भएका थिए । यसपछि धेरै समय मामा घरमा नै बालक त्रिपाठीको जीवन बित्यो ।

१३ वर्षको उमेरमा उपनयन संस्कार गरिएका त्रिपाठीको २०१४ साल वैशाख महिनामा १५ वर्षको उमेरमा गीता थपलियासँग विवाह भयो । पहिलो सन्तान रश्मि २०२५ मा, दोस्रो सन्तान रबीन्द्र त्रिपाठीको २०२६ सालमा र तेस्रो सन्तान रजनीको २०२८ सालमा जन्म भएको हो र तीन सन्तानका पिता त्रिपाठी सुखी र शान्त पारिवारिक जीवन बिताइ लेखन, अध्यापन, अध्ययन र समाज सेवा जस्ता कार्यमा संलग्न देखिएका छन् ।

### २.२ शिक्षादीक्षा

#### २.२.१ प्रारम्भिक शिक्षा

---

[ज्ञ] नारायणदत्त सुवेदी, 'कवि वासुदेव त्रिपाठीका खण्डकाव्य कृतिहरूको सर्वेक्षण', (त्रि.वि. कीर्तिपुर, २०५८), अप्रकाशित शोधपत्र, पृ. ६ ।

वासुदेव त्रिपाठीले २०२३ साल श्रीपञ्चमीका दिन धुलौटे पाटीबाट शिक्षाको प्रथम अक्षराम्भ गरेका थिए । आफ्नै पिता प्रेमदत्तबाट यो प्रथम शिक्षा प्रारम्भ भएको थियो र नेपाली भाषाका कृति सहजै पढ्न सक्ने प्रेरणा आमाबाट प्राप्त भएको थियो । अन्य शिक्षा सम्बन्धी उत्प्रेरणा आमाबाट हुँदै गएको र प्रथम औपचारिक शिक्षा जौवारी शिरान चोक, लाङदी लिगलिग बुक्राङ आदि ठाउँका विद्यालयहरूबाट अगाडि बढेको देखिन्छ । शिखरनाथ सुवेदीका नाति विश्वनाथ सुवेदीबाट अंग्रेजी प्रारम्भिक शिक्षा सुरु गरेर हार्मोनियम तबला आदिको अभ्याससमेत गरेको र गीत, गजल, कविता र नाटक आदिको ज्ञान यिनै गुरुबाट प्राप्त गरेको पाइन्छ ।[ङ]

२००८ सालपछि गुरु टेकनाथ पन्तसँग संस्कृतका कौमुदी, अमरकोष, चण्डी तथा कर्मकाण्डका किताबहरूको अध्ययन गरेको र मामा रोहिणी देवले संग्रह गरेका धार्मिक, साहित्यिक राजनीतिक ऐतिहासिक पुस्तकहरू र बुद्धिविनोद, सत्यकलिसम्वाद, गोरखा शिक्षा, एक-चारका कविताहरू र अन्य समसामयिक पत्रपत्रिकाका लेखरचनाहरू अध्ययन गरेको पाइन्छ । फौजी शिक्षा, ऐन कानुन शिक्षा र अंग्रेजी प्रस्ट बुक समेत यही बेला अध्ययन गरेको देखिन्छ । २०१० सालतिर वहीँ देवीरमण न्यौपानेसँग प्रथमा परीक्षाका पाठ्यपुस्तकहरूको अध्ययन गरेको पनि पाइन्छ ।[घ] १३ वर्षको उमेरमा ब्रतबन्ध भएपछि जयन्ती विद्यालयमा पढ्न सुरु गरेको र गुरु गणेश प्रसाद अर्यालसँग पूर्व मध्यमाको पाठ्यक्रम अनुसारका पुस्तकहरूको अध्ययन गरेको देखिन्छ । केही संस्कृत साहित्य र सिद्धान्त कौमुदी समेत २०१३ साल सम्ममा त्रिपाठीले गाउँ मै पूरा गरेको देखिन्छ ।

## २.२.२ उच्च शिक्षा

२०१३ साल श्रावणमा वासुदेव त्रिपाठी काठमाडौँ आई रानी पोखरी संस्कृत प्रधान पाठशालामा भर्ना भई २०१४ सालमा प्रथम श्रेणीमा पूर्वमध्यमा उत्तीर्ण गर्दछन् । २०१५ सालमा रात्री कक्षामा सामेल भई विकास भवन हाइस्कूलबाट प्रवेशिका उत्तीर्ण गर्छन् । २०१६ सालमा संस्कृत छात्रावासमा भर्ना भएर वाल्मीकि विद्यापिठबाट उत्तरमध्यमाको अध्ययन गरी बनारसबाट उत्तरमध्यमाको परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरी २०१७ सालमा त्रि-चन्द्र र सरस्वती क्याम्पसमा अध्ययन गरेर आई.ए. पटना विश्वविद्यालयबाट उत्तीर्ण गर्दछन् । २०१८ सालमा बनारसबाट शास्त्री र २०१९ सालमा त्रि.वि. बाट वि.ए. प्रथम श्रेणीमा प्रथम भई उत्तीर्ण गर्दछन् । २०२० मा अंग्रेजी एम.ए. को अध्ययनमा संलग्न रहेका त्रिपाठीले २०२१ मा नव्य व्याकरण विषयमा प्रथम श्रेणीमा सर्वप्रथम भई आचार्य उत्तीर्ण गरेका छन् । २०२२ मा अंग्रेजी दोस्रो वर्षको अध्ययन गरिरहेका त्रिपाठी बिरामीका कारण परीक्षा दिन असमर्थ बन्छन् र २०२४ मा प्राइवेट परीक्षार्थीका रूपमा नेपाली एम.ए. मा प्रथम श्रेणीमा प्रथम भई उत्तीर्ण हुन सफल हुन्छन् । २०३३ सालमा नेपाली साहित्यमा पहिलो व्यक्तिको रूपमा पि.एच.डी. (विधावारिधि) उपाधि प्राप्त गरेका छन् ।[द्ध]

---

[ङ] ऐ. पृ. ८

[घ] ऐ. पृ. ९

[द्ध] शेरबहादुर ए.सी., वासुदेव त्रिपाठी जीवनी, व्यक्तित्व र कृतित्व, (त्रि.वि. कीर्तिपुर, २०५९), अप्रकाशित शोधपत्र, पृ.१२ ।

मध्यम वर्गीय परिवारमा जन्मेका त्रिपाठी शैक्षिक क्षेत्रमा अत्यन्त मेधावी लगनशील र अध्ययनशील व्यक्तिका रूपमा रहेको पाइन्छ ।

## २.३ पेसा/सेवा

वासुदेव त्रिपाठीको पेसागत कार्य क्षेत्र शिक्षण हो । २०२२ सालमा जुम्लाको चन्दननाथ हाइस्कूलमा प्रधानाध्यापक बनेर शिक्षण पेसा थालेका त्रिपाठी २०२४ सालमा त्रिचन्द्र कलेजमा केही महिना संस्कृतका लेक्चरर र २०२४ सालको अन्त्यतिरबाट त्रिभुवन विश्वविद्यालयको नेपाली केन्द्रीय विभागमा लेक्चररमा नियुक्ति भई अध्यापन कार्य अगाडि बढाउँदै २०३० सालमा विभागको अध्यक्ष र २०३४ मा प्राध्यापक पदमा बढुवा भई २०६१ सालसम्म त्रि.वि. मा अध्यापन गरेको देखिन्छ ।

यसैबेला नेपाल एशियाली अध्ययन संस्थानको सदस्यसचिव (२०२६ देखि २०३०) सम्म, (२०३० – २०४६) विभागीय प्रमुख, २०५१ – २०५५ पुनः विभागीय प्रमुख, २०४३ – २०४६ को अवधिमा मानविकी तथा सामाजिक शास्त्रको डीन समेत भई त्रि.वि. मा शिक्षण तथा प्रशासनिक सेवा गरेको देखिन्छ ।[छ]

आफ्नो मूल पेसा शिक्षण भए पनि सामाजिक, साहित्यिक र बौद्धिक क्रियाकलापमा त्रिपाठी जहिले पनि सक्रिय रहेको देखिन्छ । जिल्लाको प्रतिनिधिमण्डलमा समावेश भई विभिन्न माग लिएर मन्त्रालय जाने कामदेखि लिएर नेपाली शिक्षा परिषद् बन्दीपुर क्याम्पसको स्थापना, राजधानीका विभिन्न संघसंस्था, साहित्यिक संघसंस्था र प्रकाशन आदिमा सक्रिय रहेर त्रिपाठीले सामाजिक सेवा गर्दै आएको समेत देखिन्छ । मदन पुरस्कार गुठीका सदस्य, साझा प्रकाशन सञ्चालक सदस्य, गुणराज स्मारक समितिका सदस्य, सैन्य ध्वज नन्द कुमारी विद्वत् वृत्ति गुठीका अध्यक्ष, छिन्नलता गीत पुरस्कार गुठीको अध्यक्ष, उत्तम कुँवर पुरस्कार गुठीका सदस्य, झपट पुरस्कार गुठीको सदस्य, नेपाल प्रशासन प्रशिक्षण प्रतिष्ठानका सदस्य र पञ्चकुमारी सामाजिक गुठीका सभापति, पाठ्यक्रम विकास केन्द्रका सदस्य, नेपाली विषय समितिका अध्यक्ष, गण्डकी सामाजिक गुठीका सभापति, सीताराम साहित्य प्रतिष्ठानका उपकुलपति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपति जस्ता पदहरूमा रहेर सक्रियताका साथ सेवा पुऱ्याएको देखिन्छ ।[ट]

## २.४ विदेश भ्रमण

---

[छ] ऐजन

[ट] ऐ. पृ. २३

वासुदेव त्रिपाठीले भारत, बंगलादेश, थाइल्याण्ड, सिंगापुर, हङकङ, जापान, मलेसिया, बेलायत जस्ता देशहरूको भ्रमण गरेका छन् भने संयुक्त राष्ट्र संघको महासभामा नेपाली प्रतिनिधिमण्डलको सदस्य भएर पनि काम गरेको देखिन्छ ।[ठ]

## २.५ सम्मान तथा पुरस्कार

विशिष्ट प्रतिभावान् वासुदेव त्रिपाठीले महेन्द्र विद्याभूषण प्रथम (२०२३), रत्न श्री पदक (२०२५), गुणराज स्मारक व्याख्यान पुरस्कार (२०३१), महेन्द्र विद्याभूषण (२०३२), मदनपुरस्कार (२०३४), गोरखा दक्षिण बाहु तेस्रो २०३७, झपट पुरस्कार (२०४५), भारती खरेल स्मारक व्याख्यान पुरस्कार (२०५१), छिन्नलता सम्मान (२०५२), गद्दी आरोहण रजत महोत्सव पदक (२०५३), दीप स्मृति सम्मान (२०५३), उदयानन्द पुरस्कार (२०५३), भूपालमान सिंह कार्की पुरस्कार (२०५७) प्राप्त गरेका छन् र विभिन्न संघसंस्थाले उनको अभिनन्दन गरेको समेत पाइन्छ जस्तै खर्साङ्ग कलेजले २०४१ सालमा, देउराली क्लब, वार्ड ३४ नयाँ बानेश्वरले २०५२ मा बूढानीलकण्ठ स्कूलले २०५३ मा, प्रतिभा समूह नयाँ बानेश्वरले २०५४ मा र केन्द्रीय विभागका निवर्तमान विद्यार्थीहरूले २०५८ मा, पश्चिमाञ्चल वाङ्मय परिषद पोखराले २०५९ मा र राष्ट्रिय नागरिक मञ्च नेपालले २०६२ मा अभिनन्दन अर्पण गरेको पाइन्छ ।

## २.६ प्रकाशित कृतिहरू

(क) पुस्तकाकार

१. नेपाली कविताको सिंहावलोकन (२०२७)

२. विचरण (२०२८)

३. पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (२०३०)

४. कवि गुणराजको भरत मिलन महाकाव्यको मूल्याङ्कन (२०३१)

५. साहित्यकार पहलमानसिंह स्वाँरको पूनर्मूल्याङ्कन (२०३३)

६. लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन (२०३४)

७. झपटबहादुर राणाको जीवनको एक झलक (२०४५)

८. तीन थुँगा काव्य संग्रह (२०४५)

---

[ठ] ऐ. पृ. २३

९. देशको महिमा खण्डकाव्य (२०४६)

१०. नव पल्लभ गीत संग्रह (२०४६)

११. थुप्रै गीत, कविता, खण्डकाव्यहरू र ३७५ जति फुटकर समालोचनात्मक लेख, भूमिका लेख, मन्तव्य लेख विभिन्न पुस्तक पत्रिकाहरूमा प्रकाशित

(ख) सहलेखन/सम्पादन

१. नेपाली कविता भाग १, २, ४

२. निम्न माध्यमिक नेपाली व्याकरण र रचना

३. नेपाली साहित्य संृखला भाग १, २

४. हिमाली साहित्य प्रतिनिधि संकलन

५. मैना खण्डकाव्य संग्रह

६. लेखनाथका प्रतिनिधि कविता संग्रह (सम्पादन)

७. जयतु संस्कृतम्

८. सिंहनाद, रचना, गरिमा, वाङ्मय आदि पत्रिका सम्पादन गरेको पाइन्छ ।

अनुवाद कृति

१. जीवन रोज्नुहोस्, अनुवाद कृति हो । त्यस्तै संस्कृत, अंग्रेजी, हिन्दी, बंगला जस्ता भाषाबाट विभिन्न फुटकर कृतिको अनुवाद गरेको पाइन्छ ।[ड]

हाल कार्यरत

१. नेपाली शब्दकोष
र
२. नेपाली साहित्यको बृहत् इतिहास जस्ता कृतिको लेखनमा सक्रिय

अन्तर्वार्ता

[ड] ऐ. पृ. २८

१. गरिमा

२. मिर्मिरे (वर्ष २६ अंक ७)

३. मधुपर्क आदि पत्रिकामा अन्तर्वार्ताहरू प्रकाशित

४. सीमान्त आकाश-स्रष्टासितको अन्तर्यात्रा – नेत्र एटम

(ग) शोधनिर्देशक

स्नातकोत्तर तथा विद्यावारिधिको शोधार्थीका शोधनिर्देशक रही थुप्रै शोधार्थीमा शोधनिर्देशन कार्य सम्पन्न गरेको देखिन्छ ।

## २.७ वासुदेव त्रिपाठीको व्यक्तित्व

वासुदेव त्रिपाठी नेपाली बौद्धिक जगत्का सशक्त प्रतिभाका रूपमा रहेका छन् । उनी पेसाले प्राध्यापक हुन् भने नेपाली भाषासाहित्यका र समाजका सेवक पनि हुन् । समग्रमा नेपाली जगत्का बहुमुखी प्रतिभा भएका वासुदेव त्रिपाठी नेपाली साहित्यकार हुन् र विशेष रूपमा हेर्दा नेपाली साहित्यका सशक्त समालोचक एवम् बौद्धिक व्यक्तित्व हुन्, यसै सन्दर्भमा यहाँ साहित्यकार त्रिपाठीका व्यक्तित्वका विविध पाटाहरूको संक्षिप्त चर्चा गरिएको छ ।

### २.७.१ साहित्यकार व्यक्तित्व

९ – १० वर्षका उमेरमा कवितालेखन थालेका र १७ वर्षको उमेरदेखि समालोचना लेख्न थालेका एवम् २० वर्षको उमेरदेखि कृतिहरूको सम्पादन गर्न थालेका वासुदेव त्रिपाठीको विशेष रूपमा साहित्यिक व्यक्तित्व अगाडि आएको छ । नेपाली, संस्कृत र अंग्रेजी भाषा साहित्यका विशेष विद्वान् त्रिपाठी भाषा साहित्यका बौद्धिक व्यक्तित्वका रूपमा नेपाली समाजमा स्थापित रहेका छन् । नेपाली साहित्यको समालोचना क्षेत्रका शिखर पुरुषका रूपमा रहेका त्रिपाठीका साहित्यका कविता, निबन्ध जस्ता अन्य विभिन्न विधामा पनि भूमिका रहेको छ ।

#### २.७.१.१ समालोचक व्यक्तित्व

वासुदेव त्रिपाठीको साहित्यिक सफलतामध्ये सबैभन्दा उच्च कोटीको सफलता प्राप्त विधा समालोचना हो । अध्ययन र प्राध्यापनका क्रममा तयार भएको समीक्षात्मक टिप्पणीगत बुँदा समालोचनात्मक स्वरूपमा तयार गर्दै पूर्वीय र पश्चिमी समालोचना सिद्धान्तलाई अँगालेर बहुलवादी सिद्धान्तमा विश्लेषणात्मक र तुलनात्मक रूपमा वस्तुपरक समीक्षा गरेर त्रिपाठीका समालोचना तयार भएका हुन् । बुँदाटिपोट गरेर त्यसका आधारमा केस्रा-केस्रा केलाई सैद्धान्तिक आधारमा न्यायिक मूल्याङ्कन गर्ने र तुलनात्मक पद्धतिबाट कृति र कृतिकारलाई प्रस्ट पार्ने पद्धति समालोचक त्रिपाठीको रहेको हुन्छ । “उनको समालोचना सतही र झारो टार्ने खालको नभई उपयुक्त र सक्षम खालको हुन्छ । शिष्ट उत्तरदायी ढङ्गले कृति र कृतिकारका शक्ति र सीमा

दुवैको लेखाजोखा गरेर एउटा आलेख प्रस्तुत गर्ने दिशातर्फ उनका समालोचना केन्द्रित हुने गर्छन् । उनले कृति र कृतिकारलाई ऐतिहासिक परिप्रेक्ष्यमा र तुलनात्मक कसीमा जाँचेर त्यसको मूल्य निर्धारण गरिदिन्छन् ।"[८]

यस भनाइबाट पनि त्रिपाठीको समालोचनात्मक व्यक्तित्व प्रस्ट हुन्छ । सारांशमा भन्दा त्रिपाठी बौद्धिक समालोचक हुन् । नेपाली साहित्यको समालोचना क्षेत्रका विशिष्ट अध्ययनशील समालोचक प्रतिभा हुन् । वासुदेव त्रिपाठीको नेपाली समालोचना क्षेत्रमा सैद्धान्तिक समालोचना, व्यावहारिक समालोचना तथा अनुसन्धानात्मक समालोचना र शैक्षिक समालोचना क्षेत्रमा विशेष योगदान देखिएको छ । यसैले प्रस्तुत सन्दर्भलाई कृतिगत रूपमा यस शोध ग्रन्थमा त्रिपाठीका पुस्तकाकार प्रमुख समालोचनात्मक कृतिको अध्ययन गर्ने काम गरिएको छ ।

### २.७.१.२ **कवि व्यक्तित्व**

त्रिपाठीले ९–१० वर्षको उमेरमा कविता लेख्न थालेको भए पनि २०१७ यो दुनियाँ तिम्रै हो भन्ने कविता हस्तलिखित हिमाल पत्रिकाबाट सावर्जनिक भएपछि कविता क्षेत्रमा विशेष संलग्न रहेको देखिन्छ । उक्त कविताले प्रथम पुरस्कार पाएपछि कविता लेखनमा सक्रिय रहेर मात्रा छन्द, वार्णिक छन्द, लोकछन्द र गद्यकवितामा कविता लेख्दै आएका त्रिपाठीको कवि व्यक्तित्व निकै उज्ज्वल देखिन्छ । थुप्रै गीत लेखेर सँगालोको रूपमा नवपल्लव संग्रह प्रकाशित गरिएको छ भने त्रिपाठीका तीन थुँगा, देशको महिमा, दक्षिण एसिया, शिशिर वसन्त, उत्तरामायणमा जन्म थालेको स्मृति, मेरो सानो पँधेरो, मेरी छोरी, जस्ता खण्डकाव्य कृतिहरू प्रकाशित भएका देखिन्छन् । यीमध्ये राजकुमारी वासवदत्ता महाकाव्य उन्मुख कृतिको रूपमा देखिएको छ । शोधनायकबाट प्राप्त जानकारीअनुसार वसन्तको उद्बोध, पुर्खाको नासो, अन्तर ब्रह्माण्डको यात्रा, धर्तीको गीत, मिथिलाको सम्झना, गण्डकीको हिम श्रीको गीत, स्वदेशको दर्पणमा, वन पाखाका सम्झना, आस्थाका लहरहरू, बिरामी बैंसप्रति, न्युयोर्कको सम्झना, चिर राजधानी नेपाल उपत्यका, झरीको संगीत, मेरो विरानो सहरजस्ता खण्डकाव्यात्मक कृतिहरू अप्रकाशित रूपमा रहेको कुरा जानकारीमा आएको छ । थुप्रै पत्रपत्रिकामा कवि त्रिपाठीका अनेकन कविताहरू छापिएका छन् । यी सबै कृतिहरूको माध्यमबाट हेर्दा त्रिपाठीको कवि व्यक्तित्व पनि सशक्त रूपमा अघि बढेको देखिन्छ । कविका सन्दर्भमा कुरा गर्दा २०६० पछिको कवि व्यक्तित्व पहिलेको भन्दा भिन्न स्वरूपको समाजमुखी कवि व्यक्तित्वको रूपमा देखिएको छ । रोमान्टिक भावधारालाई अँगालेर कविता लेख्ने कवि त्रिपाठी विशेष रूपमा छन्दोबद्ध कविता लेख्ने कुशल कवि मानिन्छन् । समालोचना पछिको साहित्यिक व्यक्तित्व कवि व्यक्तित्व नै हो ।

### २.७.१.३ **निबन्धकार व्यक्तित्व**

२०१८ सालदेखि निबन्ध, लेखरचनाहरू लेख्न थालेका त्रिपाठीले सिंहनाद, गोरखापत्र, विद्यार्थी सन्देश, रत्नश्री, अरुणोदय, कान्तिपुर जस्ता पत्रपत्रिकामा आफ्ना निबन्धहरू प्रकाशित गरेका छन् । "उनले निजात्मक शैली अँगालेर लेखेका निबन्धहरू कवितात्मक र आकर्षक हुनुका

---

[८] नरेन्द्रराज प्रसाईं, 'नेपाली साहित्यका प्रमुख समालोचक', (काठमाडौं : एकता प्रकाशन, २०३४) पृ. १४७ ।

साथै अत्यन्त लोकप्रिय पनि छन्, तर कति ठाउँमा उनका निबन्धमा समीक्षात्मक, विश्लेषण र वस्तुपरक प्रवृत्ति पनि देखिन्छन् ।[ज्ञण]

त्रिपाठीका निबन्धमा कला, नववर्ष, श्रद्धाका पक्षमा, दाहिने र देब्रे, मेरो देश मेरो आकाश, सम्पादकको बिम्ब, राष्ट्रियताको प्रसंग, स्वर्ग र नरकको मानवीय चेतना, उत्तरायण, वसन्त सम्वत् शुभारम्भ र नव वर्षको शृंखला, श्रद्धाका पक्षमा जस्ता निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । यी निबन्धहरूबाट त्रिपाठीको शैली काव्यात्मक, ओजस्वी, भाषा स्तरीय प्रयोग भएको, बौद्धिक र गहन चिन्तनमा आबद्ध अभिव्यक्तिहरू प्रस्तुत भएको पाइन्छ । उनी सशक्त बौद्धिक चिन्तनशील निबन्धकार हुन् भन्ने कुरा उनका निबन्धहरूबाट प्रस्ट देखिन आउँछ । अझ निबन्ध क्षेत्रमा अध्ययनशील, चिन्तनशील विशिष्ट बौद्धिक व्यक्तित्वका रूपमा वासुदेव त्रिपाठीलाई लिन सकिन्छ ।

### २.७.१.४ गीतकार व्यक्तित्व

वासुदेव त्रिपाठी एक असल गीतकार पनि हुन् । उनका गीतका बारेमा त्यति चर्चा परिचर्चा नभए पनि गीत संग्रह 'नवपल्लव' भित्रका गीतहरूले उनी सफल गीतकार रहेको कुरा प्रस्ट देखाएको छ । उनी देश भक्तिका गीत लेख्ने गीतकार हुन् भन्ने कुरा उनका गीतहरूले छर्लंग पारेको देखिन्छ ।

### २.७.१.५ सम्पादक व्यक्तित्व

२०१७/१८ सालतिर हस्तलिखित 'हिमाल' पत्रिका र 'जयतु संस्कृतम्' पत्रिकाको सम्पादक प्रकाशक भएर सम्पादन कार्य थालेका त्रिपाठीले ठाकुरप्रसाद पराजीसँग २०२० मा हिमाली साहित्यको सम्पादन गरेका छन् । सिंहनाद, वाङ्मय, नेपाली बृहत् शब्दकोष (विशेष सम्पादक), कविशिरोमणि लेखनाथका प्रमुख कविताजस्ता कृतिहरूको आफैँले मात्र सम्पादन गरेका छन् । सहसम्पादनका रूपमा मैना, नेपाली कविता भाग १, २ र ४ सहलेखन सम्पादन निम्न माध्यमिक नेपाली व्याकरण र रचना, नेपाली साहित्य शृंखला भाग १ र २, कागजको ढुंगा, सन्तको छाता जस्ता कृतिहरूमा उनले सहयोगी साथीसहित भएर सम्पादन कार्य गरेको देखिन्छ । उनले साहित्य क्षेत्रमा प्रवेश र प्रतिष्ठा प्राप्त गरेको प्रमुख माध्यम सम्पादन क्षेत्रबाट पनि हो भन्ने कुरा पनि प्रस्ट भएको छ । यसैले त्रिपाठीको सम्पादक व्यक्तित्व विशेष महत्त्वपूर्ण रहेको छ भन्न सकिन्छ ।

### २.७.१.६ अनुवादक व्यक्तित्व

आर्नोल्ड टोयानबी र दाइसाकु इकेदाबीचको वार्तालाप "चुज लाइफ" नामक किताबको अंग्रेजीबाट नेपाली भाषामा "जीवन रोज्नुहोस्" शीर्षकमा अनुवाद गर्ने काम वासुदेव त्रिपाठीले

[ज्ञण] गोपीकृष्ण शर्मा, रामप्रसाद दाहाल, 'एक भाषा अनेक साहित्य', (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५०) पृ. ८९ ।

गरेका हुन् । यसका अतिरिक्त संस्कृतबाट नेपालीमा र अंग्रेजीबाट नेपालीमा विभिन्न कृतिहरूको अनुवाद त्रिपाठीले गरेको पाइन्छ । स्तरीय भाषाको प्रयोग गरेर नेपाली भाषाको मौलिकतालाई कायम राख्दै नेपालीमा अनुवाद गर्न सक्नु महत्त्वपूर्ण कुरा हो । अनुवादकला एउटा विशेष कला हो । यस्तो कला वासुदेवमा रहेको उनले अनुवाद गरेका कृतिहरूबाट प्रस्ट देखिन आउँछ । त्रिपाठी सफल अनुवादक हुन भन्ने कुरा "जीवन रोज्नुहोस्"ले प्रस्ट देखाएको छ ।

### २.७.२ **प्राध्यापक व्यक्तित्व**

वासुदेव त्रिपाठीले सबभन्दा बढी समय खर्च गरेको क्षेत्र प्राध्यापन क्षेत्र हो । यस क्षेत्रमा उनलाई अत्यन्त सफल प्राध्यापन कला बोकेका बौद्धिक व्यक्तित्वका रूपमा प्राध्यापक त्रिपाठीलाई लिन सकिन्छ । प्राध्यापन गरिने विषयवस्तुलाई अनेकतर्फबाट घुमाइफिराई तुलना र व्याख्या विश्लेषण समेत गरी विद्यार्थीहरूमा प्रस्ट पार्ने कला विशेष रूपमा त्रिपाठीमा रहेको छ । हाइस्कूलबाट शिक्षण सुरु गरेका त्रिपाठीले ०२४ सालबाट त्रिचन्द्र कलेजको संस्कृत विषयको लेक्चरर हुँदै यसै वर्षको अन्त्य देखि त्रिभुवन विश्वविद्यालयको लेक्चरर नियुक्त र २०३४ सालमा प्राध्यापकमा बढुवा भई २०६१ सालसम्म प्राध्यापन कार्य गरेको र उनले पद्मकन्या क्याम्पस, रत्नराज्य क्याम्पस, वानेश्वर क्याम्पसमा समेत आगन्तुक प्राध्यापकको हैसियतले प्राध्यापन गरेको पाइन्छ । वास्तवमा त्रिपाठी कुशल र बौद्धिक प्राध्यापक व्यक्तित्व बोकेका सशक्त व्यक्ति मानिन्छन् ।

### २.७.३ **समाज सेवी व्यक्तित्व**

वासुदेव त्रिपाठी सक्रिय समाजसेवी पनि हुन् । उनी आफ्नो क्षमताअनुसार आफ्नो समाजको उत्थान र प्रगतिका निम्ति तल्लीन रहने व्यक्तित्व पनि हुन् । त्रिपाठीले सामान्य सामाजिक कामदेखि लिएर विभिन्न संघसंस्थाका उच्च पदमा समेत रही सामाजिक सेवाको काम गरेको पाइन्छ ।

पञ्चकुमारी सामाजिक गुठी, गण्डकी सामाजिक गुठी र सामुदायिक विकास तथा सेवा समिति नयाँ वानेश्वर जस्ता संस्थाको सभापति भई सामाजिक सेवामा सक्रिय रहेको देखिन्छ भने मदन पुरस्कार गुठी, साझा प्रकाशन, छिन्नलता गीत गुठी, दीप समसेर स्मृति समिति, भानु जन्मस्थल विकास समिति, उत्तम पुरस्कार गुठी, सीताराम साहित्य प्रतिष्ठान आदि संस्थाहरूमा संलग्न रही संस्थाको विकसमा पुऱ्याएको योगदानबाट उनको सामाजिक व्यक्तित्व प्रस्ट झल्कन आउँछ । आफू अध्यक्ष भएको संस्थाको उन्नति र प्रगतिमा पाएको सफलताबाट सामाजिक कुशल नेतृत्व गर्ने क्षमता त्रिपाठीमा रहेको कुरा प्रस्ट छ । नेपाली भाषा र यसको स्तरवृद्धिका सन्दर्भमा निरन्तर लागि परेका त्रिपाठीका क्रियाकलापले भाषा साहित्य सुधारका प्रमुख स्तम्भका रूपमा पनि त्रिपाठी देखिन पुगेका छन् । नेपाली भाषा साहित्यलाई आधुनिक अरू भाषा साहित्यका दाँजोमा पुऱ्याउने क्रममा त्रिपाठीको योगदान अझ विशेष रूपमा सक्रिय रहेको देखिन्छ । नेपाली विषयको पाठ्यक्रम स्तरीकरण र पठनपाठनमा वैज्ञानिकता एवम् स्तरीयता कायम गर्नमा त्रिपाठीको योगदान नेपाली भाषा साहित्य जगत्मा अविस्मरणीय, अतुलनीय र अवर्णनीय छ । यसका लागि नेपाली समाज जहिले पनि त्रिपाठीप्रति आभारी रहेको छ ।

"वासुदेव त्रिपाठी जति मात्रामा साहित्यिक हुन् त्यतिकै मात्रामा उनी समाजसेवी पनि हुन् । उनको यस समाजसेवी व्यक्तित्वले उनी संलग्न रहेका क्षेत्रमा ठूलै लाभ भएको छ, त्यस क्षेत्रसँग संलग्न व्यक्तिहरूले पनि ठूलै योगदान भएको महसुस गरिरहेका छन् । नेपाल र नेपालीको हित चाहने त्रिपाठी समाजको लागि एक नमुना व्यक्ति हुन् ।"[ज्ञज्ञ] यसले पनि उक्त कुराको पुष्टि गरेको छ ।

### २.७.४ कोष तथा व्याकरणकार व्यक्तित्व

नेपाली बृहत् शब्दकोष तयार गर्ने क्रममा विशेष सम्पादकको भूमिका निर्वाह गरेका वासुदेव त्रिपाठी कोषसम्बन्धी सम्पादनका विशेषज्ञ मानिन्छन् । आठलाख शब्द राखेर विश्वकोशका ढाँचामा तयार गरिएको उनको शब्दकोश शीघ्र प्रकाशनोन्मुख रहेको कुरा समालोचक त्रिपाठीबाट जानकारी प्राप्त हुन आएको छ । शब्दकोश सम्पादनका लागि करिब दुई दशकभन्दा बढी सक्रिय रहेका त्रिपाठीको कोशकार व्यक्तित्व प्रबल रहेको देखिन्छ । त्यस्तै व्याकरणसम्बन्धी रचनामा फाटफुट लेख र कार्यपत्रहरू रचना गर्ने त्रिपाठीको सहलेखनमा निम्न माध्यमिक नेपाली व्याकरण र रचना प्रकाशित भएको छ । व्याकरणाचार्य त्रिपाठीको व्याकरणसम्बन्धी, भाषाका शुद्धाशुद्धीसम्बन्धी विशेष ज्ञान र चासो समेत रहेको कुरा तत्सम शब्दको वर्णविन्यास लिथो पुस्तिकबाट पनि प्रस्ट हुन्छ । यसर्थमा कोश र व्याकरण सम्बन्धी क्षेत्र पनि त्रिपाठीको साधना क्षेत्रभित्रको सशक्त विषय मानिन्छ ।

### २.७.५ सहलेखन व्यक्तित्व

आफ्ना समवर्ती र उत्तरवर्ती नवप्रतिभाहरू समेतलाई समेट्दै साहित्यका विविध पुस्तकहरू विशेष गरेर समालोचनासम्बन्धी पुस्तकहरूको सम्पादन तथा मूल्याङ्कन गर्ने वासुदेव त्रिपाठीको सहलेखन र सहसम्पादन व्यक्तित्व पनि प्रखर रहेको देखिन्छ । हिमाली साहित्य २०२० मैना खण्डकाव्य २०३९, नेपाली कविता भाग १, भाग २ र भाग ४ तथा निम्न माध्यमिक नेपाली व्याकरण र रचना, नेपाली साहित्य शृंखला भाग १ र भाग २ जस्ता कृतिहरूले तथा हिमाल सिंहनाद, वाङ्मय जस्ता पत्रिकाहरूको सहयोगीहरूका साथ सम्पादन गरेबाट सहकार्यमा बौद्धिक क्रियाकलाप सञ्चालन गर्न सक्ने सफल व्यक्तित्वका रूपमा वासुदेव त्रिपाठीको नाम अग्र पंक्तिमा रहेको देखिन्छ ।

### २.७.६ भूमिका लेखन व्यक्तित्व

वासुदेव त्रिपाठी भूमिका लेखक व्यक्तित्वका रूपमा पनि चर्चित प्रतिभा हुन् । समालोचनात्मक शैलीमा लामा लामा भूमिका लेख्ने बौद्धिक लेखकका रूपमा भूमिका लेखक त्रिपाठीको गणना हुन्छ । करिब २०२२ सालदेखि भूमिका लेखन क्षेत्रमा सक्रिय त्रिपाठीका हाल सम्ममा १३३ जति भूमिका लेखहरू प्रकाशित भएका देखिन्छन् । यी सबै भूमिका लेखहरूबाट त्रिपाठीको अध्ययनशीलता पनि प्रस्ट हुन्छ । कृतिलाई राम्ररी अध्ययन गरेर वस्तुवादी,

[ज्ञज्ञ] शेरबहादुर ए.सी., वासुदेव त्रिपाठी जीवनी, व्यक्तित्व र कृतित्व, (त्रि.वि. कीर्तिपुर, २०५८), टंकित अप्रकाशित शोधपत्र, पृष्ठ ३१ ।

विश्लेषणात्मक शैलीमा लेखिएका यी भूमिकाहरूले भूमिका लेखसम्बन्धी नयाँ प्रकारको समालोचक व्यक्तित्वलाई प्रस्ट देखाइएको छ । यसबाट त्रिपाठीप्रति अन्य लेखकहरूको आस्था र विश्वास बढी केन्द्रित रहेको कुरा पनि प्रस्ट हुन आएको देखिन्छ ।

### २.७.७ **अन्य व्यक्तित्व**

अन्य व्यक्तित्वमा बौद्धिक व्यक्तित्व, अध्ययनशील व्यक्तित्व, अभिप्रेरक व्यक्तित्व र नेतृत्वशील व्यक्तित्व जस्ता व्यक्तित्वहरू पर्छन् । देश र विदेशका विश्वविद्यालयहरूमा गठन गरिने प्राज्ञिक समितिहरूमा र बौद्धिक संघसंस्थाहरूमा त्रिपाठीको मनोनयन र संलग्नता प्राज्ञिक एवम् बौद्धिक व्यक्तित्वकै कारणबाट भएको हो भन्न सकिन्छ ।

पुस्तकालयमा बसेर घन्टौँघन्टौ सम्म एकाग्र भई अध्ययन गर्ने अथवा पुस्तकालयका सबै पुस्तक पढिसक्ने हिम्मत गर्ने त्रिपाठी साँच्चै अध्ययनशील व्यक्तित्व हुन् । अनेक विषयका पुस्तक पत्रिकाहरू पढ्न नै आफ्नो प्रमुख सौख सम्झने त्रिपाठी तीन रात तीन दिनसम्म समेत एकोहोरो पढ्न सक्ने व्यक्तित्वका रूपमा रहेको पनि जानकारी हुन आएको छ ।[ज्ञ६]

आफूसँग सम्बन्ध रहेका व्यक्तिहरूलाई पठनपाठनको लागि प्रोत्साहित गर्ने ठिकठिक मार्ग दर्शन एवम् उचित सल्लाह दिने त्रिपाठी आफ्ना विद्यार्थीका लागि सफल गुरु र प्रेरणाका स्रोत हुन् भने अन्य व्यक्तिहरूका लागि पनि समुचित सल्लाह दिने अभिप्रेरक व्यक्तिका रूपमा रहेका छन् ।[ज्ञघ]

विभिन्न संघसंस्थामा अध्यक्ष वा सभापति भई नेतृत्व गर्ने त्रिपाठीको व्यक्तित्व पनि महत्त्वपूर्ण व्यक्तित्व मानिन्छ । विद्यार्थी जीवनदेखि नै सभापति हुँदै आएका त्रिपाठी त्रि.वि. को केन्द्रीय विभागको प्रमुख नेपाली विषय समितिका अध्यक्ष मानविकी र सामाजिकशास्त्र संकायका डीन, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपति समेत रहेर प्रदान गरिएको नेतृत्वले सक्षम नेतृत्वकर्ताको रूपमा पनि त्रिपाठीलाई लिने गरिन्छ । राजनीतिक नेतृत्वभन्दा प्राज्ञिक नेतृत्व नै मनपराउने त्रिपाठी साँच्चै बौद्धिक नेतृत्वका प्रतिभा हुन् भन्न सकिन्छ ।

---

[ज्ञ६] शोधनायकबाट प्राप्त जानकारी ।

[ज्ञघ] शेर व. ए.सी., पूर्ववत्, पृ. ३०

# तेस्रो परिच्छेद
# समालोचनाको सैद्धान्तिक स्वरूप

## ३.१ समालोचनाको अर्थ र परिभाषा

समालोचना शब्दको अर्थ हेर्ने साधन वा हेराइ भन्ने हुन्छ । सम् + आ + लोच् + ल्यूट + आ बाट समालोचना शब्द बनेको हुन्छ । यो शब्द अंग्रेजी कृटिसिजम (Criticism) शब्दको पर्यायवाची शब्द हो । यस शब्दलाई क्राइटेस (Krites ) शब्दबाट बनाइएको भनिन्छ र यसको अर्थ बेग्ल्याउनु, भिन्न देखाउनु, निर्णय गर्नु, छिद्रान्वेषण गर्नु हो ।[ज्ञ]

नेपालीमा Criticism को रूपान्तर शब्दका रूपमा समालोचना शब्दको प्रयोग भएको छ र यसको अर्थ कृतिको गुण दोष केलाई त्यसको मूल्याङ्कन गर्नु भन्ने हुन्छ ।[ट]

समग्रमा भन्दा साहित्यिक कृतिको गुणदोषलाई वस्तुपरक दृष्टिले हेरी त्यसको मूल्याङ्कन गर्नु समालोचना हो भन्न सकिन्छ । कुनै साहित्यकारका विशेषता वा साहित्यिक कृतिका गुण दोषको विवेचना, व्यक्ति आदिका गुण दोषको विवेचना गरिएको लेख प्रबन्ध आलोचना, समीक्षा, मूल्याङ्कन आदि नै समालोचना हुन् । समालोचना र आलोचना शब्द सामान्य रूपमा एउटै अर्थबोधक भए पनि नेपाली परम्परामा दोषदर्शन र गुणदर्शन क्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने परम्परा रहेकाले आलोचना दोषदर्शनतर्फ बढी प्रयोग हुँदै आएकाले समीक्षा वा मूल्याङ्कनका लागि समालोचना शब्द नै नेपालीमा स्वीकार्य हुँदै आएको पाइन्छ । सामान्य रूपमा कृतिहरूलाई समग्र रूपमा वस्तुगत विवेचना गरी लेखिएका समालोचनात्मक लेखलाई समीक्षा भन्ने गरिएको पनि पाइन्छ ।

यस क्रममा "समालोचना विधा सृजनात्मक साहित्यका बारेमा लेखिएको साहित्य हो । त्यसैले यी दुईका बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । साहित्यकारको मर्मलाई पाठक माझ पुऱ्याउने काम समालोचनाले गरेको हुन्छ । साहित्य सिद्धान्त र त्यसमा समयसापेक्ष आएका परिवर्तनहरू समकालीन लेखनको दिशा र कलात्मक मूल्याङ्नको लेखाजोखा गर्ने क्षमता समालोचकमा हुनुपर्दछ ।"[ठ]

यस भनाइबाट समालोचनाको अर्थ र उपयोगिता प्रस्ट भएको देखिन्छ । यसैक्रममा पश्चिमी तथा पूर्वीय विद्वान्हरूले दिएका परिभाषाहरू हेर्नु उपयुक्त देखिन्छ ।

---

[ज्ञ] मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुईटेल, 'नेपाली गद्यभाषा साहित्य र इतिहास', (काठमाडौँ : नवीन प्रकाशन, २०६०) पृ. ३०७ ।

[ट] ऐजन

[ठ] राजु भुसाल, 'मोहनराज शर्माको समालोचना प्रवृत्ति', त्रि.वि. २०५८, अप्रकाशित शोधप्रबन्ध, पृ. २७ ।

## ३.२ पूर्वीय समालोचना यात्रा तथा परिभाषा

### ३.२.१ पूर्वीय समालोचना यात्रा

पूर्वीय साहित्यमा समालोचनाको सुरु करिब इ.पू. दोस्रो शताब्दीतिरका भरतले नाट्यशास्त्र नामक ग्रन्थ लेखेर आरम्भ गरेको पाइन्छ । छैटौँ शताब्दीका भामहले काव्यालंकार नामको पुस्तक लेखेर समालोचना क्षेत्रको सैद्धान्तिक पक्षलाई विशेष जोड दिएका छन् । सातौँ शताब्दीका दण्डीले काव्यादर्श, आठौँ शताब्दीका वामनले काव्यालंकार सूत्रवृत्ति, रुद्रटले काव्यालंकार, नवौँ शताब्दीका आनन्दवर्धनले ध्वन्यालोक, दसौँ शताब्दीका राजशेखरले काव्यमीमांसा, दसौँकै अभिनवगुप्तले ध्वन्यालोकको टीका, मम्मटले काव्यप्रकाश, चौधौँ शताब्दीका विश्वनाथले साहित्य दर्पण र सत्रौँ शताब्दीका जगन्नाथले रसगंगाधर जस्ता कृति लेखेर पूर्वीय साहित्य समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । अन्य थुप्रै काव्य समालोचक उद्भट, रुद्रट, धनञ्जय, कुन्तक, भोजराज, जयदेव जस्ता चिन्तकहरू पनि देखिएका छन् । यी चिन्तकहरूमा भावकेन्द्री र कलाकेन्द्री समालोचकका रूपमा अगाडि बढेका देखिन्छन् । भामह, दण्डी, वामन, कुन्तक, अलंकार, रीति र वक्रोक्तिलाई प्रमुख मान्ने हुँदा कलाकेन्द्री समालोचकमा पर्दछन् । भरत आनन्दवर्धन, मम्मट, विश्वनाथ र जगन्नाथ जस्ता व्यक्तिहरू रस र ध्वनिलाई प्रधानता दिने हुनाले भावकेन्द्री समालोचक मानिन्छन् । यी समालोचकहरू विशेष रूपमा सैद्धान्तिक समालोचकका रूपमा देखिन्छन् । नेपाली समालोचना उक्त पूर्वीय समालोचना परम्पराबाट धेरै प्रभावित देखिन्छ ।

### ३.२.२ पूर्वीय समालोचनाको परिभाषा

पूर्वीय सैद्धान्तिक समालोचना परम्पराको थालनी गर्ने भरतले रसरञ्जित गर्न सक्ने सामर्थ्य भएको अजटिल र सुकोमल पदावली नै काव्य हो भनेर परिभाषा गरेको पाइन्छ । यसले साहित्य कस्तो हुनुपर्छ भन्नेबारे संकेत गरेको छ ।[ढ]

छैटौँ शताब्दीका भामहले काव्यको परिभाषा "शब्दार्थौ सहितौ काव्यम्"[छ] भनेर साहित्यमा शब्द पक्ष भनेको अलंकार छन्द आदि र अर्थ भनेको रस भाव आदि दुवैको संयुक्त रूप नै काव्य हुन्छ भन्ने कुराको संकेत गरेर समालोचना गर्ने आधार प्रस्तुत गरेका छन् ।

आठौँ शताब्दीका वामनले

काव्य गुण र अलंकारले परिष्कृत शब्द र अर्थको संयुक्त रूप हो भन्ने कुरा

"काव्यशब्दोयं गुणालंकार संस्कृतयो शब्दार्थयोवर्तने"[ट]

---

[ढ] विष्णुप्रसाद पौडेल, 'संस्कृत काव्यशास्त्र', (काठमाडौँ : भुँडी प्रकाशन, २०५७) पृ. २६ ।

[छ] भामह, काव्यालंकार १।१६

[ट] वामन काव्यालंकार सूत्रवृत्ति ३।१।२

भनेर काव्यको समालोचना गर्ने आधार प्रस्तुत गरेका छन् ।

राजशेखरले – समालोचकले ब्रह्माजीले नदेखेको, नजानेको पनि देख्न र जान्न सक्दछ र बंह्माजीभन्दा पनि सूक्ष्मदर्शी हुन्छ[ठ] भनेका छन् ।

रुद्रटले "ननु शब्दार्थौ काव्यम्"[ड]

भनेर शब्द र अर्थको सहभाव नै काव्य हो भन्ने देखाएका छन् ।

नवौं शताब्दीका आनन्दवर्धनले

"काव्यस्यात्मा ध्वनि शब्दार्थ शरीरं तावत् काव्यम्"[ढ]

भनेर काव्यको आत्मा ध्वनि शब्द र अर्थ शरीर हो भनेर चर्चा गरेको पाइन्छ ।

वक्रोक्तिवादी कुन्तकले

"वक्रतापूर्ण भनाइ नै काव्यको आत्मा हो" भन्ने कुरा (बक्रोक्ति जीवितम् १।७) मा बताएको पाइन्छ ।

चौधौं शताब्दीका विश्वनाथले –

"वाक्यं रसारत्मकं काव्यम्"[ज्ञण]

भनेर रसात्मक वाक्य नै काव्य हो भन्दै रसलाई वा भावलाई जोड दिएको पाइन्छ ।

सत्रौं शताब्दीका जगन्नाथले –

"रमणीयार्थप्रतिपादक शब्दः काव्यम्"[ज्ञज्ञ]

---

[ठ] डिल्लीराम तिम्सिना, 'अनु काव्यभीमांसा', (काठ. ने.रा.प्र.प्र., २०३०) पृ. ४५ ।

[ड] रुद्रट, काव्यलंकार २।१

[ढ] आनन्दवर्धन, ध्वन्यालोक १।१

[ज्ञण] विश्वनाथ, साहित्य दर्पण १।३

[ज्ञज्ञ] जगन्नाथ, रस गंगाधर १।१

भनेर रमणीय अर्थ दिने शब्द नै काव्य हो भन्ने कुरा देखाएका छन् ।

साहित्यमा आवश्यक पर्ने काव्यका हेतु, प्रयोजन, छन्द, अलंकार, गुण, रीति, रस, ध्वनि, व्यञ्जना, लक्षणा, औचित्य समेतलाई पूर्वीय परम्पराका समालोचक प्रतिभाहरूले विस्तृत चर्चा गरेका छन् र काव्यका आवश्यक तत्त्वका रूपमा स्विकारेका छन् ।

## ३.३ पश्चिमी समालोचनाको यात्रा तथा परिभाषा

### ३.३.१ पश्चिमी समालोचना यात्रा

पश्चिमी समालोचना युरोप र अमेरिका क्षेत्रका विद्वान्हरूले चिन्तन गरेका काव्यसम्बन्धी या समालोचनासम्बन्धी चिन्तन हो । यसमा होमरदेखि नै समालोचनासम्बन्धी पनि केही चर्चा हुँदै आएर प्लेटोको समयमा साहित्यको समालोचना पूरै नैतिक दृष्टिबाट अथवा कलात्मक वा भावनात्मक सम्बन्धमा होइन, उपदेशात्मक रूपमा लिने प्रयास गरिएको पाइन्छ भने अरिस्टोटलले भने २६ परिच्छेदको काव्यशास्त्र ग्रन्थ नै लेखेर पश्चिमी परम्परामा समालोचनाशास्त्रको परम्परामा महत्त्वपूर्ण योगदान दिएका छन् । साहित्यका मूलभूत कुराको चर्चा गर्दै अनुकरण सिद्धान्त, दुःखान्त सङ्गठन, विरेचन सिद्धान्त जस्ता साहित्यका महत्त्वपूर्ण कुराहरूलाई चर्चा गर्दै नाटक र महाकाव्यका लागि दुखान्तको स्थितिको चर्चा गरेका छन् । मध्ययुगका होरेस क्वाटिलियन लंगिनस जस्ता व्यक्तिहरूले पनि समालोचनाको सैद्धान्तिक पक्षको चर्चा गरेका छन् ।

दाँते पछि मार्को, गिर्लामो विदाको “डे आर्ट पोइटिका” १५५७ ले समालोचना क्षेत्रमा विशेष काम गरेको पाइन्छ । बेनजोन्सन, व्वाइल्यु, डाइडेन, पोप, डा. जोन्सनजस्ता विद्वान्हरूको पश्चिमी समालोचनामा विशेष योगदान छ । कलरिज, क्रोचे, टि. एस्. इलियड, आइ.ए. रिचर्डस, हेनरी हडसन जस्ता व्यक्तिहरूको साहित्यिक समालोचना सिद्धान्तले पश्चिमी समालोचना प्रभावित भएको छ । पश्चिममा चलेका वाद र प्रणालीले पनि समालोचना परम्परामा महत्त्वपूर्ण भूमिका खेलेको छ । यसरी पश्चिमी समालोचना परम्परा निकै लामो र धेरै महत्त्वपूर्ण पनि रहेको देखिन्छ । यसबाट पनि नेपाली समालोचना केही न केही मात्रामा प्रभावित छ । नेपालीमा चलेका अनेकानेकवाद पश्चिमी परम्पराबाट नै प्रभावित हुन् र आधुनिक साहित्यका धेरै विधाहरू पश्चिमी समालोचना सिद्धान्तबाट सृजना हुँदै आएको कुरा पनि प्रस्ट छ ।

### ३.३.२ पश्चिमी समालोचनाको परिभाषा

पश्चिमका विद्वान्हरूले समालोचनाको व्यवस्थित परिभाषा दिने प्रयास गरेको देखिन्छ । केही पश्चिमी प्रमुख विद्वान्हरूका समालोचनासम्बन्धी परिभाषा यसप्रकार छन् :

(१) डाइडनले दिएको परिभाषा यसप्रकार छ ।

कुनै साहित्यिक कृतिको मूल्याङ्कन गर्ने कसीलाई समालोचना भनिन्छ ।[ञद्द]

(२) कार्लाइलले समालोचनाको परिभाषा यसरी दिएका छन् :

पुस्तक पढ्दा पर्ने प्रभावलाई समालोचना भनिन्छ ।[ञघ]

(३) मैथ्यू आर्नल्डका विचारमा समालोचनाको परिभाषा यस्तो देखिन्छ :

तटस्थ भएर वस्तु (कृति) को स्वरूप जान्ने प्रयासलाई समालोचना भनिन्छ ।[ञद्ध]

(४) टी. एस्. इलियटरले समालोचनाको परिभाषा यसरी दिएका छन् :

समालोचना लिखित शब्दका माध्यमद्वारा गरिने कलाकृतिको टीकाटिप्पणी र व्याख्या विवेचना हो ।[ञछ]

(५) विलियम हेनरी हडसनले समालोचनाको परिभाषा यसरी दिएका छन् :

सृजनात्मक साहित्य जीवनको व्याख्या हो भने समालोचना त्यस व्याख्याको पनि व्याख्या हो ।[ञट]

(६) इमर्सनले समालोचनालाई यसरी चिनाएका छन् :

आलोचकको कार्य शिक्षा दिनु होइन, अपितु स्रष्टालाई प्रेरित या उत्साहित गर्नु हो ।[ञठ]

(७) कलरिजले समालोचनाको परिभाषा यसरी दिएका छन् :

साहित्य रचनाका नियमहरूको निर्धारण एवम् निश्चितीकरणलाई समालोचना भनिन्छ ।[ञड]

---

[ञद्द] मोहनराज शर्मा र खगेन्द्र प्र. लुइटेल, 'नेपाली गद्य, भाषा साहित्य र इतिहास', (काठमाडौँ : नवीन प्रकाशन, २०६०) पृ. ३०७ ।

[ञघ] ऐ. पृ. १४

[ञद्ध] ऐ. पृ. १५

[ञछ] घनश्याम कँडेल, (सम्पा) 'नेपाली समालोचना', (काठमाडौँ : साझा प्रकाशन २०५५) पृ. ग ।

[ञट] ऐ. पृ. १७

[ञठ] राजेन्द्र सुवेदी, 'नेपाली समालोचना परम्परा र प्रवृत्ति', (वाराणसी : भूमिका प्रकाशन २०६१) पृ. २१ ।

[ञड] मोहनराज शर्मा र खगेन्द्र लुइटेल, 'नेपाली गद्यभाषा, साहित्य र इतिहास', पूर्ववत्, पृ. ३०७ ।

(८) आई. ए. रिचर्डसले दिएको समालोचनाको परिभाषा यस्तो रहेको छ ।

साहित्यिक अनुभूतिबारे विचार गरी तिनको सम्यक् विवेचना तथा मूल्य निर्धारणलाई समालोचना भनिन्छ ।[ज्ञढ]

(९) सी. टी. विन्चेस्टरका विचारमा समालोचनाको परिभाषा यस्तो रहेको छ :

साहित्यिक कृतिको बौद्धिक आस्वादन, मूल्याङ्कन, श्रेणी निर्धारणलाई समालोचना भनिन्छ ।[द्दण]

समग्रमा पश्चिमी समालोचकहरूको विचारलाई हेर्दा कसैले मूल्याङ्कन, कसैले व्याख्या विवेचना, कसैले व्याख्याको पनि व्याख्या, कसैले मूल्यनिर्धारण, कसैले श्रेणी निर्धारण, कसैले तर्कपूर्ण परीक्षण आदि विभिन्न सन्दर्भमा समालोचनालाई परिभाषित गरेको पाइन्छ । यसर्थ समालोचना एकीन गर्न सबैका राय र विचारहरूलाई मन्थन गरेर नयाँ सोच बनाउनु आवश्यक समेत देखिन्छ । यसैले आज बहुलवादी समालोचना बढी उपयोगी सिद्ध भएको देखिएको छ ।

## ३.४ नेपाली समालोचनाको परम्परा र परिभाषा

### ३.४.१ नेपाली समालोचनाको परम्परा

नेपाली समालोचना मोतीराम भट्टले लेखेको कवि भानुभक्त आचार्यको जीवन चरित्र ( १९४८) बाट सुरु भएको हो । यस अघि पनि शक्ति वल्लभले, विद्यापतिले, पतञ्जलिले र भानुभक्तले साहित्यका तत्त्वका बारेमा उल्लेख सम्म गरेको पाइए पनि यसलाई समालोचनाको पृष्ठभूमिका रूपमा मात्र लिने गरिएको छ । मोतीरामबाट थालिएको परम्परालाई कविता रीति लेख्ने राममणि आ. दी. ले अगाडि बढाएका छन् भने सूर्य विक्रम ज्ञवालीले समालोचनात्मक स्वरूपलाई स्विकार्दै गुण ग्राही समालोचना परम्पराको विकास गरेका छन् । यो चरणका प्रमुख प्रतिभा ज्ञवाली नै रहेका छन् भने दोस्रो चरणको समालोचना रामकृष्ण शर्माबाट थालिन्छ । उनी प्रथम आधुनिक समालोचक मानिन्छन् । अंग्रेजी साहित्यको प्रभाव (१९९९) बाट नेपाली समालोचनाले आधुनिक रूप पाएको हो । यसपछि बाबुराम आचार्य ऐतिहासिक समालोचना, यदुनाथ खनाल सैद्धान्तिक समालोचना, सोमनाथ सिग्देल सैद्धान्तिक समालोचना, यज्ञराज सत्याल, रत्नध्वज जोशी, डिल्लीराम तिम्सिना र माधव भण्डारी, ईश्वर बराल जस्ता प्रतिभाहरू ऐतिहासिक समालोचना तर्फ सक्रिय रहेका छन् भने हृदयचन्द्रसिंह प्रधान, कृष्णचन्द्रसिंह प्रधान, डि. पि. अधिकारीजस्ता विद्वान्हरू प्रगतिवादी समालोचनातर्फ अग्रसर देखिन्छन् । प्रयोगवादी र प्रभाववादी समालोचना गर्नेहरूमा रामकृष्ण शर्मा, इन्द्र बहादुर राई, तारानाथ शर्मा, वासुदेव

---

[ज्ञढ] ऐ. पृ. ३०७

[द्दण] ऐ. पृ. ३०७

त्रिपाठी, ठाकुरप्रसाद पराजुली, केशव प्रसाद उपाध्याय, मोहनराज शर्मा, घटराई भट्टराई, दयाराम श्रेष्ठजस्ता व्यक्तिहरूले समसामयिक नेपाली समालोचना क्षेत्रमा विविध समालोचनाका प्रकारहरूलाई अवलम्बन गर्दै नेपाली समालोचना परम्परालाई अगाडि बढाउँदै आएको पाइन्छ । यही ऐतिहासिक सन्दर्भभित्र देखापरेका त्रिपाठीका बारेमा महादेव अवस्थीको टिप्पणी निम्नानुसार छ :

"२०१८ सालपछिको समालोचना परम्परामा उक्त व्यक्तिहरूका साथसाथ उदाएका समालोचक वासुदेव त्रिपाठी जीवनीपरक, विधापरक, वस्तु तथ्यपरक, शोधपरक, व्याख्यापरक, तुलनापरक र मूल्याङ्कनपरक समालोचक हुन् ।"[द्ज्ञ]

कुनै एक सैद्धान्तिक आधारलाई मात्र अंगाल्नुभन्दा सबै थरी साहित्य सिद्धान्तको मिश्रणबाट बन्ने बहुलवादी समीक्षा ढाँचाको प्रयोग गर्ने त्रिपाठी सफल समालोचक मानिएका देखिन्छन् । प्रस्तुत शोध प्रबन्धमा निज त्रिपाठीका समालोचनात्मक कृतिहरूको अध्ययन प्रस्तुत गरिएको छ ।

### ३.४.२ नेपालीमा समालोचनाको परिभाषा

नेपाली विद्वान्हरूले साहित्यको समालोचना गर्ने क्रममा निम्नलिखित परिभाषाहरू प्रस्तुत गरेको पाइन्छ ।

(१) सूर्यविक्रम ज्ञवाली (१९५५–२०४३) ले आफ्नो नैवेध समालोचना (१९७९) मा समालोचनासम्बन्धी धारणा यसरी व्यक्त गरेका छन् :

"योग्यताको आदर गर्नु भनेको दोषपट्टि आखाँ चिम्लिदिनु भनेको हैन ।"[द्द]

(२) लक्ष्मीप्रसाद देवकोटा (१९६६–२०१६) ले आफ्नो शाकुन्तल महाकाव्य (२००२) को भूमिकामा समालोचनालाई यसरी चिनाएका छन् :

"हुन त समालोचनाको छेडले कतै कुतकुत्याउँछ, चिलाउने ठाउँमा कन्याइदिन्छ, कतै लिखा परेको ठाउँमा ढुङ मार्छ, घाउ चिरिदिन्छ, रालसिङ्गान पुछ्दछ । व्याकरणले तर्कुल्यावर्न्धन्याको दायाँबायाँ घुम्टो ठाउँ-ठाउँमा मिलेन भनेर नाक चेप्रयाउने अवकाश कहीं पाउला तर रसिक अर्कै चीजमा रमाउला ।"[द्घ]

---

[द्ज्ञ] अवस्थी महादेव, 'नेपाली साहित्यका प्रमुख समालोचक भूमिका', (काठमाडौँ : एकता प्रकाशन २०५४) पृ. २५

[द्द] सूर्यविक्रम ज्ञवाली, 'नैवेध समालोचना', कृष्णचन्द्रसिंह प्रधान, (सम्पा.), 'साझा समालोचना', (पाँचौं संस्कर), (काठमाडौँ : साझा प्रकाशन, २०५८) पृ. ४८ ।

[द्घ] लक्ष्मीप्रसाद देवकोटा, नेपाली शाकुन्तल (महाकाव्य), सातौं संस्करण, (काठमाडौँ : साझा प्रकाशन, २०६१), पृ. वक्तव्य ।

(३) यदुनाथ खनालले समालोचनाको सिद्धान्त (२००३) मा समालोचनाको परिभाषा यसरी दिएका छन् :

"पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीको बारेमा अरू विशेष कुरा जान्नु उसको मूल, मुख खोज्नु समालोचना हो ।"[द्द]

(४) रामकृष्ण शर्मा (१९७८–२०४३) ले समालोचनाको परिभाषा सप्तशारदीय (२०२४) मा यसरी दिएका छन् :

"सुखदुःख, राम्रो–नराम्रो, मनपर्दो–नपर्दो इत्यादि कुराको मष्तिष्कमा जब विवेचना हुन्छ, त्यसको परिणामस्वरूप समालोचनाको जन्म हुन्छ ।"[द्छ]

(५) ईश्वर बराल (१९८०–२०५४) ले समालोचनालाई छरिएको समीक्षा (२०५३) मा यसरी चिनाएका छन् :

"नेपाली समालोचनाको नाउँ उच्चारित गर्दा हामी रसग्राही समालोचना गर्न सक्दैनौं । अरू–अरू देशमा साहित्यसित यसले तँछाड मछाड कहिले गर्नु ?"[द्ट]

(६) कृष्णचन्द्रसिंह प्रधानले साझा समालोचना (२०२५) मा समालोचनाको परिभाषा यसरी दिएका छन् :

"सैद्धान्तिक निरूपण तथा मूल्यान्वेषण नै समालोचना भएकाले यस कार्यमा कल्पनाको भन्दा न्यायको, भावुकताको भन्दा तर्कको, हृदयको भन्दा मस्तिष्कको महत्त्व बढी हुन्छ ।"[द्ठ]

(७) केशवप्रसाद उपाध्याय (१९९०) ले समालोचनाको परिभाषा प्रज्ञा (२०५९) पत्रिकामा यसरी दिएका छन् :

"आलोचना, समालोचना, समीक्षण, समीक्षा जे भनिए पनि सैद्धान्तिक आधार लिएर कृतिको स्वरूप तथा संरचना अन्तर्वस्तुको अध्ययन र विश्लेषण गरी त्यसको मूल्याङ्कन गर्नु यस विधाको कार्य हो ।"[द्ड]

---

[द्द] यदुनाथ खनाल, 'समालोचना सिद्धान्त', (दोस्रो संस्करण), (काठमाडौं : साझा प्रकाशन, २०२३) पृ. ३ ।

[द्छ] रामकृष्ण, 'सप्त शारदीय', (काठमाडौं : जगदम्बा प्रकाशन, २०२४) पृ. ४१ ।

[द्ट] ईश्वर बराल, 'छरिएका समीक्षा', (काठमाडौं : साझा प्रकाशन, २०५३) पृ. ४९ ।

[द्ठ] कृष्णचन्द्रसिंह प्रधान, (सम्पा.), 'साझा समालोचना', (पाँचौं संस्क.) (काठमाडौं : साझा प्रकाशन, २०५८) पृ. १५८ ।

(८) मोहनराज शर्मा (१९९४) र दयाराम श्रेष्ठले समालोचनाको परिभाषा नेपाली साहित्यको संक्षिप्त इतिहासमा यसरी दिएको छ ।

“साहित्यिक कृतिको व्याख्या र मूल्याङ्कन समालोचना हो ।”[द्ढ]

(९) गोपीकृष्ण शर्मा (१९९६) ले वाङ्मय २०५६/५७ पत्रिकामा समालोचनाको परिभाषा यसरी दिएको छन् :

“समालोचना भनेको साहित्यिक कृतिको निष्पक्ष रूपले गरिने गुणदोष प्रदर्शन हो, उपलब्धि र कमीको लेखाजोखा गर्नु हो ।”[घण]

(१०) वासुदेव त्रिपाठी (१९९९)० ले समालोचनालाई साझा समालोचना (२०२५) मा यसरी चिनाएका छन् :

“टी. एस्. इलियटले भनेझैँ तुलना र विश्लेषणका हतियारहरूको प्रयोग गर्दै परम्परा र व्यक्तिगत प्रतिभाको मूल्याङ्कन नै समालोचना हो ।”[घज्ञ]

(११) दयाराम श्रेष्ठ ‘सम्भव’ (२०००) ले नेपाली साहित्यका केही पृष्ठ (२०३२) मा समालोचनालाई यसरी परिभाषित गरेका छन् :

“समालोचना तार्किक भाव विशिष्ट बौद्धिक प्रक्रिया हो ।”[घद्द]

(१२) घनश्याम कँडेल (२००२) ले नेपाली समालोचना (२०५५) मा समालोचनाको परिभाषा यसरी गरेका छन् :

---

[द्ङ] केशवप्रसाद उपाध्याय, ‘नेपाली समालोचना विधाको संक्षिप्त ऐतिहासिक सर्वेक्षण’, प्रज्ञा, (वर्ष ३३, पूर्णाङ्क ९७, ०५९ कार्तिक–चैत्र) पृ. १०० ।

[द्ढ] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, ‘नेपाली साहित्यको संक्षिप्त इतिहास’, (पाँचौँ संस्करण), (काठमाडौँ : साझा प्रकाशन, २०५६) पृ. १५७ ।

[घण] गोपीकृष्ण शर्मा, ‘आधुनिक नेपाली समालोचना शिक्षण’, वर्ष ९, पू. ९, २०५६/५७, पृ. १२

[घज्ञ] वासुदेव त्रिपाठी, ‘कवि माधव घिमिरेका काव्यप्रवृत्ति कालिगण्डकी कविताका केन्द्रीयतामा’, कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत् पृ. २३१ ।

[घद्द] दयाराम श्रेष्ठ ‘सम्भव’ ‘नेपाली साहित्यका केही पृष्ठ’, (द्वितीय संस्क.), (काठमाडौँ : साझा प्रकाशन, २०४१), पृ. १६४ ।

"वास्तवमा समालोचना एकातर्फ साहित्यकारका कृतिको सहृदयतापूर्वक गरिने व्याख्या र पूर्वाग्रह विहीन भएर त्यसबाट गरिने निर्णय हो भने अर्कातर्फ कृतिका जङ्गलभित्र प्रवेश गर्ने क्रममा पाठकको मार्गनिर्देशक पनि हो।"[घघ]

(१३) राजेन्द्र सुवेदी (२००२) ले समालोचनालाई नेपाली समालोचना : परम्परा र प्रवृत्ति (२०६१) मा यसरी परिभाषित गरेका छन् :

"सृजित वस्तुको अन्तर्तहमा कलागत सौन्दर्यको गम्भीरतापूर्वक विवेचना गरेर सकारात्मक वा नकारात्मक परिणति समेतको उद्घोष गरिदिनु समालोचना हो।"[घद्ध]

(१४) खगेन्द्रप्रसाद लुइटेल (२०१७) ले समालोचनाको परिभाषा आधुनिक नेपाली समालोचना (२०५७) मा यसरी दिएका छन् :

"समालोचना भनेको कृतिको व्याख्या, विश्लेषण, वर्गीकरण र मूल्याङ्कन गर्ने प्रक्रिया हो।"[घछ]

माथिका परिभाषाहरूलाई हेर्दा समालोचनाले मूल्यनिर्धारण गर्ने, व्याख्या विवेचना गर्ने, मनोवैज्ञानिक अध्ययन गर्ने, सिद्धान्त निर्माण, गुणदोष प्रदर्शन, वस्तुनिष्ठ सृजनात्मक मूल्याङ्कन गर्ने कामलाई समालोचना भनिएको पाइन्छ । समग्रमा भन्दा कृतिको अध्ययन, विश्लेषण, रसास्वादन एवम् वस्तुनिष्ठ मूल्याङ्कन नै समालोचना हो भन्न सकिन्छ।

सारांशमा माथिका परिभाषाहरूको अध्ययन गरेर समालोचनाको परिचय गराउँदा साहित्यिक सृजनाको अध्ययन आस्वादन र त्यस भित्रको कलात्मक सौन्दर्यको निरूपण र कृतिको मूल्याङ्कन नै समालोचना हो भन्न सकिन्छ।

## ३.५ समालोचनाको प्रकार

"विश्वसाहित्यमा प्रयोग भएका आधारलाई हेरेर पूर्वीपश्चिमी विद्वान्हरूले साहित्यिक कृतिको मूल्याङ्कन गर्न सृजना गरेको प्रमुख आधारमा समालोचनाका प्रकारहरू निम्नलिखित छन् :"[घट]

---

[घघ] घनश्याम कँडेल, पूववर्त् पृ. ग।

[घद्ध] राजेन्द्र सुवेदी, पूर्ववत् पृ. ९।

[घछ] खगेन्द्रप्रसाद लुइटेल, 'आधुनिक नेपाली समालोचना', पृ. २०९–२१०।

[घट] खगेन्द्र लुइटेल, 'आधुनिक नेपाली समालोचना', (काठमाडौं : ने.रा.प्र.प्र., २०५७) पृ. २०८/२०९।

(१) प्रभाववादी समालोचना, (२) सैद्धान्तिक समालोचना, (३) ऐतिहासिक, (४) प्रगतिवादी, (५) प्रयोगात्मक, (६) निर्णयात्मक, (७) तुलनात्मक, (८) वर्णनात्मक, (९) रूप-परक (१०) मनोवैज्ञानिक, (११) शैलीवैज्ञानिक, (१२) समकालीन (१३) संरचनावादी, (१२) नारीवादी आदि प्रमुख देखिएका छन् :

(१) **प्रभाववादी समालोचना** : कुनै कृति पढेर त्यसका बारेमा आफ्ना मनमा परेका प्रभावका आधारमा गरिने समालोचना प्रभाववादी समालोचना हो । यस्ता समालोचनामा वैयक्तिक प्रभाव प्रमुख रहेको हुन्छ । यसता समालोचनालाई व्यक्तिप्रधान समालोचना पनि भनिन्छ ।

यस प्रकारका समालोचनामा पनि वस्तु र सिद्धान्तलाई केही रूपमा ग्रहण गरिए पनि आफ्नो धारणा बढी प्रभावशाली रहेको हुन्छ । नेपाली साहित्यमा यस प्रकारको समालोचना बढी प्रयोग भएको पाइन्छ । सुरुदेखि हालसम्म पनि यस प्रकारको समालोचना नेपाली साहित्यमा बढी चर्चित रहेको छ । यस पक्षमा रहेर समालोचना गर्ने समालोचकहरूमा मोतीराम भट्ट, सूर्यविक्रम ज्ञवाली, रामकृष्ण शर्मा, तारानाथ शर्मा, इन्द्रबहादुर राई, रामलाल अधिकारी, केशवप्रसाद उपाध्याय, वासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ, चूडामणि बन्धु, कृष्ण गौतम, ठाकुरप्रसाद पराजुली, भानुभक्त पोखेल, राजेन्द्र सुवेदी, नरेन्द्रनाथ चापागाईजस्ता प्रतिभाहरू देखिन्छन् ।

यी व्यक्तिहरूले सैद्धान्तिक, तुलनात्मक व्याख्या विश्लेषणात्मक पद्धतिहरूलाई समेत आत्मसात् गरेको देखिन्छ । तथापि प्रधानता भने प्रभावपरकतामै रहेको कुरा देखिन आउँछ ।

(२) **सैद्धान्तिक समालोचना** : परम्परागत रूपमा स्थापित पूर्वी वा पश्चिमी साहित्य समालोचना सिद्धान्तलाई आधार मानेर गरिने समालोचना सैद्धान्तिक समालोचना हो । यसता समालोचना साहित्यका सिद्धान्त पक्षसँग बढी सम्बन्धित हुन्छन् । कुनै कृतिलाई विश्लेषण गर्नुभन्दा सिद्धान्तलाई अगाडि सारेर त्यसैलाई पुष्टि हुने गरी उदाहरणका रूपमा साहित्यिक कृतिहरूका अंशहरू उदाहरणमा प्रस्तुत गर्ने गरिन्छ । भरतको नाट्यशास्त्र, अरस्तुको काव्यशास्त्र, **भामहको** काव्यालंकार, सोमनाथको साहित्य प्रदीप यस्तै सैद्धान्तिक समालोचनाका कृति हुन् । कुलचन्द्र गौतम, यदुनाथ खनाल, सोमनाथ सिग्देल, डिल्लीराम तिम्सिना र माधव भण्डारी, वासुदेव त्रिपाठी, हेमाङ्गराज अधिकारी, केशवप्रसाद उपाध्याय, मोहन हिमांशु थापा, कृष्ण गौतम, भरतराज पन्त, खगेन्द्रप्रसाद लुइटेलजस्ता प्रतिभाहरू नेपाली साहित्यमा सैद्धान्तिक समालोचना ग्रन्थ लेख्ने व्यक्तिहरू हुन् ।

(३) **ऐतिहासिक समालोचना** : साहित्यको इतिहासलाई लिएर साहित्यको समालोचना गर्ने इतिहासका सन्दर्भमा कृति र कृतिकारको स्थान निर्धारण गर्ने, मूल्याङ्कन गर्ने समालोचनालाई ऐतिहासिक समालोचना भनिन्छ । बाबुराम आचार्य, ईश्वर बराल, बालचन्द्र शर्मा, वासुदेव त्रिपाठी, कमलमणि दीक्षित, यज्ञराज सत्याल, डिल्लीराम तिम्सिना र माधव भण्डारी, कृष्णप्रसाद उपाध्याय, दयाराम श्रेष्ठ र मोहनराज शर्मा, घनश्याम नेपाल, राजेन्द्र सुवेदी, खगेन्द्र लुइटेल जस्ता प्रतिभाहरू ऐतिहासिक समालोचना गर्ने नेपाली समालोचक हुन् ।

(४) **प्रगतिवादी समालोचना** : द्वन्द्वात्मक भौतिकवादलाई स्विकार्दै वर्ग सङ्घर्षको परिप्रेक्ष्यमा आर्थिक स्थितिलाई आधार बनाउँदै साहित्यिक कृतिको मूल्याङ्कन गरिने समालोचना प्रगतिवादी समालोचना हो । मार्क्सवादी, समाजवादी, समालोचना भनेर पनि यस प्रकारका समालोचनालाई विवेचना गर्ने गरिन्छ ।

नेपाली साहित्यमा हृदयचन्द्रसिंह प्रधान, श्यामप्रसाद शर्मा, कृष्णचन्द्रसिंह प्रधान, डि.पी. अधिकारी, आनन्ददेव भट्ट, गोविन्द भट्ट, सरिता ढकाल, ऋषिराज बराल, हिरामणि शर्मा, रविलाल अधिकारी, देवीप्रसाद गौतम, जगदीश्चन्द्र भण्डारी, कुसुम शर्मा जस्ता प्रतिभाहरू प्रगतिवादी समालोचक मानिन्छन् ।

(५) **मनोवैज्ञानिक समालोचना** : पात्रको मानसिक अवस्थाको चित्रण अथवा साहित्यकारको मनोविज्ञानको विश्लेषण गरेर गरिने समालोचना मनोवैज्ञानिक समालोचना हो । फ्रायडले मनोविज्ञानसम्बन्धी सिद्धान्तलाई विश्व सामु प्रस्तुत गरेपछि साहित्यमा पनि यसको प्रभाव पर्न गयो । मान्छेका मनका प्रेम, ईर्ष्या, द्वेष कुराहरूलाई परम्परागत साहित्यमा पनि प्रयोग हुँदै आएको भए पनि सचेत रूपमा मानसिक ग्रन्थीहरूको विश्लेषण गर्ने काम बिसौँ शताब्दीमा मात्र सुरु भएको हो । यसलाई एडल, युङ जस्ता व्यक्तिहरूका प्रयासबाट झन् अघि बढेको छ । यो प्रवृत्ति संसार भरी कै साहित्य क्षेत्रमा व्यापक रूपमा प्रयोग हुन पुग्यो र समालोचना क्षेत्रमा पनि यसको व्यापक प्रयोग हुन गयो ।

नेपाली साहित्यमा भने मनोवैज्ञानिक समालोचना त्यति धेरै फष्टाएको छैन । यसका सैद्धान्तिक पक्षहरूको र व्यवहारिक पक्षहरूको प्रयोग भरखर भरखर मात्र हुन थालेको हो । समालोचक मुरारीप्रसाद रेग्मी मनोवैज्ञानिक नेपाली समालोचकका प्रमुख प्रतिभा मानिन्छन् । यस क्षेत्रमा काम गर्ने अरु प्रतिभाहरू पनि देखिन थालेका छन् । यो एउटा पद्धति नयाँ स्वरूपमा विकसित हुँदै गरेको पद्धतिका रूपमा मानिन्छ ।

(६) **शैलीवैज्ञानिक समालोचना** : भाषा विज्ञानको व्यापक अध्ययन र विश्लेषण पछि साहित्य क्षेत्रमा भाषा विज्ञान कै प्रभावमा साहित्यको शैलीलाई आधार मानेर साहित्यको समालोचना गर्न थालिएको पाइन्छ । यस्तो शैलीलाई आधार मानेर गरिने समालोचना शैली वैज्ञानिक समालोचना हो । नेपाली साहित्यमा पनि यस प्रकारको शैली वैज्ञानिक समालोचना सुरु भएको देखिन्छ । अभि सुवेदी, घनश्याम नेपाली मोहनराज शर्मा यसप्रकारको समालोचना गर्ने समालोचक मानिन्छन् । यो भरखर भरखर विकसित हुँदै आएको छ ।

(७) **समकालीन समालोचना** : उत्तर आधुनिकतावाद र उत्तर संरचनावाद पछिको समालोचना समकालीन समालोचना हो । यस परम्परालाई नेपाली साहित्यमा “समकालीन समालोचना : सिद्धान्त र प्रयोग” (२०५५) लेखेर मोहनराज शर्माले यस परम्पराको नेपाली साहित्यमा सुरुआत गरेको पाइन्छ । यसमा अरू समालोचकहरूको पनि ध्यान जानेक्रम देखिएको छ ।

(८) **नारीवादी समालोचना** : नारीका हकहितको पक्षमा आवाज उठाउँदै नारीको अवस्था स्थिति र उनीहरूका उत्थानका सन्दर्भलाई प्रमुख आधार बनाएर साहित्यिक कृतिहरूको समालोचना गर्ने पद्धतिलाई नारीवादी समालोचना भनिन्छ । पत्रपत्रिकामा यस प्रकारका

रचनाहरू फाटफुट आएको देखिन्छ भने गोमा उपाध्याय, देवी शर्मा, गार्गी शर्मा, लीला लुइटेल, सुधा त्रिपाठी जस्ता महिला समालोचकहरूले यस प्रकारको समालोचना पद्धतिलाई अगाडि बढाएका छन् । पुरानो नारी नखशिख वर्णन र रतिरागात्मक चित्रणका विरुद्ध नारी जागरणसँग सम्बन्धित रहेर नारीवादी समालोचना अगाडि बढ्ने प्रयासमा रहेको देखिन्छ ।

(९) **संरचनावादी समालोचना** : साहित्यिक कृतिको संरचना पक्षलाई आधार मानेर गरिने समालोचना संरचनावदी समालोचना हो । यस क्षेत्रमा खगेन्द्रप्रसाद लुइटेलको विशेष सक्रियता देखिएको छ । अरू नवप्रतिभाहरू पनि यस तर्फ जागरुक हुन थालेको देखिन्छ ।

समग्रमा हेर्दा नेपाली समालोचना, सैद्धान्तिक, विश्लेषणात्मक, तुलनात्मक पद्धतिहरूलाई अँगाल्दै सैद्धान्तिक मूल्य र मान्यतालाई समेत समाविष्ट गर्दै वस्तुवादी भएर अगाडि बढ्ने तर्फ अग्रसर रहेको देखिन्छ । यसमा रामकृष्ण शर्मा, वासुदेव त्रिपाठी, केशवप्रसाद उपाध्याय, तारानाथ शर्मा जस्ता प्रतिभाहरूको विशेष भूमिका रहेको देखिन्छ । ऐतिहासिक र सैद्धान्तिक समालोचना पनि नेपाली साहित्यमा फस्टाएको नै देखिन्छ ।

# चौथो परिच्छेद
# वासुदेव त्रिपाठीको समालोचना यात्रा

## ४.१ विषय प्रवेश

२०१७ सालपछि उत्तररामचरितको समालोचनात्मक लेख लेखेर समालोचना क्षेत्रमा प्रवेश गरेका डा. वासुदेव त्रिपाठीका हालसम्म आउँदा १० वटाभन्दा बढी समालोचनात्मक पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । सयौँ समालोचनात्मक भूमिका र सयौँ समालोचनात्मक लेख, रचनाहरू र अन्य पत्रपत्रिका तथा पुस्तकहरूमा छरिएर रहेका छन् । मूर्धन्य समालोचकका रूपमा लामो समयदेखि बौद्धिक र सशक्त साहित्यिक प्रतिभाका रूपमा स्थापित त्रिपाठीका समालोचना यात्रालाई विभिन्न चरणमा बाँडेर हेर्नु आवश्यक हुन्छ । यसरी आउँदा समालोचक त्रिपाठीका समालोचना यात्रामा समालोचकीय प्रवृत्ति र शिल्प सज्जामा समेत क्रमशः परिवर्तन हुँदै आएको देखिन्छ । यसैले समालोचनाका पद्धति र शैलीलाई आधार मानेर त्रिपाठीको समालोचना यात्रालाई चार चरणमा बाँडेर अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

**पहिलो चरण**

सुरुदेखि २०२२ सालसम्मको अवधिका समालोचनाहरू

**दोस्रो चरण**

२०२३ देखि २०२९ सम्म का समालोचनाहरू

**तेस्रो चरण**

२०३० देखि २०४५ सम्मका समालोचनाहरू

**चौथो चरण**

२०४६ देखि हालसम्मका समालोचनाहरू

## ४.२ पहिलो चरण

सुरुदेखि २०२२ सम्मका अवधिका समालोचनात्मक रचनाहरू यस चरणमा पर्दछन् । २०१९ सालमा उत्तररामचरितको समीक्षात्मक टिपोट सिंहनाद पत्रिकामा छापियो र त्यसलाई गोरखापत्रले साभार गरेर प्रकाशित गऱ्यो । अनि रेडियो नेपालले त्यसलाई प्रसारण गऱ्यो । यसै रचनाबाट त्रिपाठीको समालोचना यात्रा सुरु भएको देखिन्छ ।[ज्ञ]

---

[ज्ञ] भागवात आचार्य, 'मिर्मिरे', वर्ष २६, अंक ७ (काठमाडौँ : ने.रा.बै.) २०३४ ।

२०१८ सालमा भएको नेपाल बृहत् साहित्य सम्मेलनमा प्रस्तुत भएका रचनाहरूमध्ये ६९ रचनाहरूको समालोचनात्मक छोटो टिप्पणीसहित २०२० सालमा छापिएको 'हिमाली साहित्य' नामक संकलन कृतिहरूमा गरिएका ६९ वटा छोटा टिप्पणीमूलक समालोचना नै त्रिपाठीका प्रथम चरणका समालोचनात्मक रचना हुन् । यसमा बद्रीनाथ भट्टराई शैलीका छोटा-छोटा समालोचनात्मक टिप्पणीहरू प्रस्तुत गरिएका छन् । साहित्यकारको जन्मस्थान, उनको कार्यक्षेत्र र उनका कृतिका बारेमा छोटो गरिएको टिप्पणीले समालोचना यात्राको प्रथम चरणलाई देखाएको छ । त्यहाँ कविताका २५ वटा कथाका १० वटा रचना र निबन्धका १६ वटा टिप्पणीहरू प्रस्तुत छन् । यस चरणका त्रिपाठी टिप्पणीकार, सिकारु समालोचकका रूपमा देखिएका छन् । यसमा सम्पादक ठाकुरप्रसाद पराजुली समेत रहेको पाइए पनि टिप्पणी समालोचना लेखनको कार्य भने वासुदेव त्रिपाठीबाट नै भएको हो ।[६]

यस बेलाको त्रिपाठीका समालोचनामा कृतिकारलाई प्रधानता दिने र कृतिका बारेमा अति संक्षिप्त टिप्पणी गर्ने प्रवृत्ति रहेको देखिन्छ । भावलाई टपक्क टिप्ने क्षमता भने यस बेलाको अभिव्यक्तिमा पनि प्रस्ट देखिएको छ ।

## ४.३ दोस्रो चरण

यो चरणको सुरु 'कालीगण्डकी र घिमिरेका काव्य प्रवृत्ति' नामक समालोचना कविता पत्रिकामा २०२३ सालमा छापिएपछि सुरु हुन्छ । त्यसपछि किट्सका आनन्द र विषाद, कविशिरोमणि लेखनाथको दर्शन यात्रा, गोरखापत्र तथा भानु जस्ता पत्रिकामा लेख्दै अगाडि बढेका त्रिपाठीका व्यावहारिक समालोचनाका दुई संग्रहहरू यस अवधिमा प्रकाशित भएका छन् । ती संग्रहमा पहिलो संग्रह हो **सिंहावलोकन** (२०२७) । यसमा जम्मा २५ वटा रचनाहरू छन् । यसमध्ये कवि र कविप्रवृत्ति प्रधान १८ वटा समालोचना छन् भने कृतिपरक ७ वटा समालोचना रहेका छन् । यी रचनाहरूमा मूलरूपमा प्रभावपरक समालोचना पद्धति अपनाइए पनि वस्तुतथ्यपरक, व्याख्यापरक र तुलनापरक पद्धतिलाई सघनरूपमा अपनाइएको पाइन्छ ।

अर्को **विचरण** नामको समालोचना संग्रह २०२८ सालमा प्रकाशित भएको छ । यसमा तीनवटा कथासँग सम्बन्धित समालोचना, एउटा निबन्धसँग सम्बन्धित समालोचना र तीनवटा उपन्याससँग सम्बन्धित समालोचना एवम् नाटकसँग सम्बन्धित चारवटा समालोचना गरी जम्मा १२ वटा गद्यसाहित्यतर्फका समालोचनात्मक लेख प्रस्तुत गरिएका छन् । तुलनात्मक वस्तुतथ्यपरक र व्याख्यापरक पद्धतिलाई अँगाली यी समालोचनाहरू प्रस्तुत गरिएका छन् ।

यी दुई संग्रहका रचनाहरू केही पत्रपत्रिकाहरूमा समेत प्रकाशित भइसकेका रचनाहरू हुन् र यस अवधिमा समालोचक त्रिपाठी इन्द्रबहादुर राई, तारानाथ शर्माजस्ता समकालिक

---

[६] शोधनायकबाट प्राप्त जानकारी

समालोचकहरूमाझ प्रतिस्पर्धी र रत्नध्वज, रामकृष्ण, ईश्वर बराल र कृष्णचन्द्रसिंह प्रधान जस्ता समालोचकहरूमाझ समेत क्रमशः स्थापित र प्रतिष्ठित हुँदै गएको देखिन्छ ।

यस अवधिमा समालोचक त्रिपाठी व्याख्यापरक, वस्तुतथ्यपरक र तुलनापरक भएर आफू वस्तुवादी समालोचकका रूपमा स्थापित हुने प्रयासमा देखिन्छन् । यसमा सफल पनि छन् । समालोचनाको लेखनशैली भने काव्यात्मक छ, आलङ्कारिक छ र बौद्धिक र केही जटिल रहेको पनि देखिन्छ ।

## ४.४ तेस्रो चरण

यस चरणको अवधि २०३० देखि २०४५ साल सम्म हो । यस अवधिमा त्रिपाठीले आफ्नो समालोचना यात्रामा नयाँ मोड लिएका छन् । सैद्धान्तिक समालोचनातर्फ उन्मुख हुनु र अनुसन्धानात्मक प्रवृत्तिलाई अँगाल्नु एवम् ग्रन्थमुखी समालोचक बन्नु यस चरणका प्रवृत्तिगत विशेषता हुन् । शैलीमा पनि अभिधामूलकता र सरलता आएको देखिन्छ । समालोचनाको विशेष शैली निर्माणमा तल्लीन रहनु अर्को विशेषता हो । वस्तुनिष्ठतामा अझ विशेष परिष्कार आएको छ । यस चरणमा लेखिएका समालोचनात्मक कृतिमा पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा २०३०, कवि गुणराजको भरत मिलन महाकाव्यको मूल्याङ्कन २०३१, साहित्यकार पहलमानसिंह स्वाँरको पुनर्मूल्याङ्कन २०३२, लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन २०३४, झपटबहादुर राणाको जीवनीको एक झलक २०४५ प्रमुख रकेका छन् । यस अवधिमा फुटकर समालोचना रचना, समालोचनात्मक भूमिका र समालोचनात्मक मन्तव्यहरू विभिन्न पत्रपत्रिका र पुस्तकहरूमा छापिएका छन् । यी सबै समालोचकहरूलाई हेर्दा यस अवधिका सामलोचक त्रिपाठी प्रौढ व्यावहारिक समालोचकका रूपमा र अनुसन्धानपरक समालोचनालाई अवलम्बन गर्ने समालोचकका रूपमा देखिन्छन् । यसमा वस्तुवादी र विश्लेषक समालोचकका रूपमा स्थापित एवम् सम्मानित भएको पनि देखिन्छ । यस बेलाका त्रिपाठीले समालोचनाको इतिहासमा आफ्नो छुट्टै विशिष्ट स्थान ओगटी सकेको देखिन्छ । यस अवधिमा समालोचनासम्बन्धी मान्यता र शैली समेतमा आफूले विशिष्टता हासिल गरिसकेको पाइन्छ ।

## ४.५ चौथो चरण

२०४६ सालपछि वासुदेव त्रिपाठीको समालोचना यात्राको चौथो चरण सुरु हुन्छ । यस चरणमा समालोचक त्रिपाठी अरू समालोचक मित्रहरूसँग संयुक्त भएर समालोचना क्षेत्रमा अगाडि बढ्न थालेको देखिन्छ । आफ्नो नेतृत्वमा अरू समालोचक व्यक्तित्वहरूलाई समेत संलग्न गराउँदै अगाडि बढ्न थालेको कुरा नेपाली कविता भाग १ र भाग ४ को सम्पादन र त्यसका समालोचना २०४६ ले देखाउँदछ । यस्तै २०४८ सालको नेपाली कविता भाग २ र २०५२ को नेपाली साहित्य शृङ्खला भाग १ र भाग २ ले अझ त्यस कुरालाई प्रस्ट पारेको छ । यस अवधिमा समालोचक त्रिपाठी माध्यमिक तहदेखि विशिष्ट स्नातकोत्तर तहसम्मका विद्यार्थीहरूका

शैक्षिक समालोचना प्रस्तुत गर्नेतर्फ अग्रसर रहेका देखिन्छन् । विधागत सैद्धान्तिक र प्रायोगिक अध्ययन प्रस्तुत गर्दै विधागत सिद्धान्त निर्माणतर्फ पनि त्रिपाठी संलग्न रहेका देखिन्छन् । सम्पादनमा सहभागी दैवज्ञराज न्यौपाने, केशव सुवेदी, महादेव अवस्थी, ठाकुरप्रसाद पराजुली, पारसमणि भण्डारी एवम् जीवेन्द्रदेव गिरी समेत संलग्न रहेको समूहसँग विधागत सिद्धान्तको स्थापना र विश्लेषण गरेर नयाँ विद्यागत स्वरूपको स्थापना गर्नु यस चरणका प्रवृत्तिगत विशेषता देखिन्छन् । सरल र सहज वस्तुपरक शैली प्रस्तुत गर्दै समालोचना बौद्धिक कसरत मात्र होइन शिक्षा हासिल गर्न चाहने विद्यार्थीवर्गका लागि ज्ञान र शिल्पको पथनिर्देशक पनि समालोचना हुनुपर्छ भन्ने धारणा त्रिपाठीका यस चरणमा बढी फस्टाएको देखिन्छ । समालोचनात्मक सैद्धान्तिक ज्ञान र कृतिको अध्ययन गर्ने पद्धति एवम् अभिव्यक्ति शैली शिक्षणतर्फ उन्मुख भएको कुरा यस चरणका त्रिपाठीका समालोचनात्मक कृतिहरूले प्रस्तुत गरेका छन् । समालोचनाको ढाँचा र स्वरूपको शिक्षण पनि यस बेलाका समालोचनाले सिकाएका छन् । यसमा उत्तरोत्तर गतिशीलता आउला भन्ने आशा गरिएको छ । तर २०५२ पछि समालोचक त्रिपाठी भूमिका लेखन वा मन्तव्य लेखनतर्फ मात्र बढी संलग्न गरेको देखिएको छ । करिब साढे चार दशक लामो समालोचना यात्रामा संलग्न परिष्कृत, परिमार्जित र स्थापित बौद्धिक विशिष्ट समालोचक त्रिपाठीको ध्यान अब झन् शैक्षिक तथा कृतिगत समालोचनाको रचनातर्फ आकृष्ट होस् भन्ने हाम्रो कामना रहेको छ ।

# पाँचौं परिच्छेद
# समालोचक वासुदेव त्रिपाठीका प्रमुख पुस्तकाकार समालोचनात्मक कृतिहरूको अध्ययन

## ५.१ पृष्ठभूमि

नौ–दस वर्षको उमेरमा कविता लेख्न थाली २०१७ सालमा **यो दुनियाँ तिम्रै हो** भन्ने कविता हस्तलिखित हिमाल पत्रिकामा पहिलो पटक सार्वजनिक गरी साहित्य क्षेत्रमा प्रवेश गरेका वासुदेव त्रिपाठी नेपाली साहित्यका तथा नेपाली बौद्धिक समाजका विशिष्ट प्रतिभा हुन् । उनले साहित्यमा कविता र समालोचना क्षेत्रमा विशेष विशिष्टता हासिल गरेको पाइन्छ भने निबन्ध र भूमिका लेखन क्षेत्रमा साहित्यिक सन्दर्भ प्रस्तुत गरेर विशेष योगदान दिएको देखिन्छ । कथा क्षेत्रमा पनि छिटपुट कलम चलाउने त्रिपाठी साहित्य क्षेत्रका बहुमुखी प्रतिभा हुन् । उनी विशेष गरेर स्रष्टाभन्दा द्रष्टा व्यक्तित्व हुन् र नेपाली समालोचना क्षेत्रका उत्कृष्ट समालोचक हुन् ।

हिमाल नामक हस्तलिखित पत्रिकाको सम्पादकका हैसियतले २०२० सालको हिमाली साहित्य (राष्ट्रव्यापी नेपाल बृहत् साहित्य सम्मेलन २०१८) मा आएका रचनाहरूको टिप्पणीमूलक समालोचनाबाट समालोचना क्षेत्रमा कलम चलाउन थालेका त्रिपाठी कालिदास पराजुलीको “उत्तररामचरित” को समीक्षात्मक टिपोट सिंहनादमा पहिलो पटक प्रस्तुत गरेर त्यो रचना साभार गोरखापत्रमा पनि प्रकाशित भयो । फेरि त्यो कृति रेडियो नेपालबाट समेत प्रसारित भएपछि उत्साही बनेर समालोचना क्षेत्रमा लागेका त्रिपाठीका समालोचनात्मक कृतिहरू आजसम्म आउँदा अत्यन्त धेरै र स्तरीयतामा समेत अग्रपंक्तिका कृतिका रूपमा स्थापित भएका छन् । त्रिपाठीका यस्ता समालोचनात्मक कृतिहरूलाई चरण-चरणमा विभाजन गरेर अध्ययन र विश्लेषण गर्नु सान्दर्भिक हुन्छ ।

त्रिपाठीका समालोचनात्मक रचनाहरूमा देखिएका सोच, शैली र प्रवृत्तिका आधारमा उनका चार दशकभन्दा लामो समालोचना लेखनको यात्रालाई चार चरणमा विभाजन गरेर हेर्नु उपयुक्त ठहर्छ ।

पहिलो चरण - २०१७ देखि २०२२ सम्म
दोस्रो चरण - २०२३ देखि २०२९ सम्म
तेस्रो चरण - २०३० देखि २०४५
चौथो चरण - २०४६ देखि हालसम्म

### ५.१.१ पहिलो चरण

**हिमाली साहित्यका समालोचनात्मक टिप्पणीको अध्ययन**

वासुदेव त्रिपाठी उत्तररामचरितको समीक्षात्मक टिपोट २०१९ सालमा सिंहनादमा प्रस्तुत गरेर समालोचना क्षेत्रमा प्रवेश गरेका हुन् । हिमाली साहित्य नामक प्रतिनिधि सङ्कलनमा

सम्पादकको हैसियतले २०१८ सालमा संस्कृत छात्र सङ्घको आयोजनामा सम्पन्न भएको राष्ट्रव्यापी साहित्य सम्मलेनमा आएका रचनाहरूको प्रकाशन गर्ने क्रममा ती रचनाहरूको छोटो परिचयात्मक टिप्पणीमूलक समालोचना त्रिपाठीबाट भएको हो । यो नै त्रिपाठीको समालोचनाको आभ्यासिक क्रम हो । यो क्रमले त्रिपाठीलाई समीक्षा क्षेत्रमा अगाडि बढाउन मार्ग प्रशस्त भएको छ । यस चरणमा त्रिपाठीको प्रमुख कृति हिमाली साहित्य (२०२०) को भूमिका रहेको छ ।

यस सङ्ग्रहमा पद्य कविता खण्डमा १८, (अठार) कथा खण्डमा १०, निबन्ध खण्डमा १६, गद्यकविता खण्डमा २५ गरी जम्मा ६९ रचनाहरू सङ्कलित छन् । यिनमा गरिएको टिप्पणीमूलक समालोचना नै यस चरणको त्रिपाठीको उपलब्धि मानिन्छ ।

यसका सम्पादक वासुदेव त्रिपाठी र ठाकुरप्रसाद पराजुली रहेका छन् । सम्पादकको हैसियतले प्रस्तुत सङ्ग्रहमा सङ्कलित कृतिहरूका बारेमा र सम्बन्धित कवि लेखकहरूका बारेमा छोटो समीक्षात्मक टिप्पणी गर्ने काम वासुदेव त्रिपाठीबाट (शोधनायकसँगको मौखिक जानकारीअनुसार) भएको हो । यसमा प्रस्तुत भएका ६९ साहित्यकारहरूका बारेमा यसमा छोटो परिचय र कृतिको भाव र शैलीका बारेमा टिप्पणीमूलक अतिसङ्क्षिप्त समालोचना गरिएको पाइन्छ । लेखनाथ पौड्यालदेखि उपेन्द्र श्रेष्ठसम्मका बारेमा समालोचनात्मक टिप्पणी प्रस्तुत गरिएको हिमाली साहित्यको यो अंशले वासुदेव त्रिपाठीको समालोचना क्षेत्रको प्रथम चरणलाई देखाएको छ ।

नेपाली साहित्यका कविशिरोमणि पौड्याल जन्मस्थानको परिचय दिँदै उनको शैलीशिल्प र उनका रचनाहरूले पाठकहरूमा पार्ने प्रभावका बारेमा टिप्पणी गरेका छन् । जस्तै :

“कविशिरोमणि लेखनाथ पौड्यालज्यूको जन्मभूमि कास्की पोखरा हो । आधुनिक साहित्यिक युगका अधिष्ठाताको रूपमा वहाँबाट नेपाली समाजले ठूलो साहित्यसम्पत्ति पाएको छ । परिष्कृत ललित भावात्मक शैलीमा नेपाली पद्य साहित्यका पथ प्रदर्शकको रूपमा वहाँ नेपाली साहित्य जगतकै प्रेरणाप्रद नक्षत्र सिद्ध हुनुभएको छ । वयोवृद्ध महर्षि श्री पौड्यालज्यूका कृतिहरूले बालकदेखि दार्शनिकहरूसम्मलाई चीर प्रभावित पारेका छन् ।”[ज्ञ]

यस्तै माधव घिमिरेको कल्पना, भावना, कलामाधुर्य र जीवनदर्शनको सङ्गमस्वरूप कालीगण्डकी कविता हो भन्ने कुरा टिप्पणीमा प्रस्तुत छ । त्यस्तै बालकृष्ण समका बारेका टिप्पणीमा वैदिक साहित्यको वैज्ञानिक परिशीलन र पाश्चात्य चिन्तनसम्मको गहिरो जानकारीलाई आफ्नो मौलिकताले नेपाली साहित्यमा प्रस्तुत गर्ने सफल साहित्यकारका रूपमा चिनाइएको पाइन्छ भनिएको छ भने अन्य नीरविक्रम ‘प्यासी’, भैरव अर्याल, वासुदेव त्रिपाठी, कृष्णचन्द्र देवकोटा, भरतराज पन्त, डमरु वल्लभ पौड्याल, भानुमती आत्रेयी, तोयानाथ पाण्डे, भानुभक्त पोखेल, पशुपति भट्टराई, जगदीश लामिछाने, देवीप्रसाद सुवेदी, विन्दुनाथ प्याकुऱ्याल, रामेश्वर शर्मा, कुमारी गायत्रीजस्ता १८ पद्य कवि-कवयत्रीका बारेमा जन्मस्थान र साहित्यिक

---

[ज्ञ] हिमाली साहित्यः संस्कृत छात्र सङ्घ, नेपाल, काठमाडौं : २०२० पृ (ढ) सम्पादक - वासुदेव त्रिपाठी र ठाकुरप्रसाद पराजुली ।

योगदानका बारेमा टिप्पणी गरिएको पाइन्छ । कथा क्षेत्रमा कथाकारहरूको टिप्पणी गर्ने क्रममा रमेश विकलको टिप्पणी गर्दा जनजीवनका मामुली विषयलाई अँगालेर पनि विकलज्यू पाठकको हृदयमा पत्तै नपाइने गरी पसेर त्यहाँ हात्तीले झैँ गम्भीर उथलपुथल ल्याउँदै निस्कनुहुन्छ भन्ने टिप्पणी प्रस्तुत गरिएको छ भने कृष्णप्रसाद सर्वहारा, धनु गुरुङ, गोपाल गुरुङ, पुरुषोत्तमध्वज बस्नेत, मधुसूदन सापकोटा, पुण्यप्रसाद सुवेदी, भीमचरण थापा, गोवर्द्धन कृष्ण ("रेखा") एस. पी. मुडभरीजस्ता कथाकारका बारेमा समालोचनात्मक छोटो टिप्पणी प्रस्तुत गरिएको पाइन्छ ।

निबन्ध क्षेत्रमा पूर्णप्रसाद ब्राह्मण, चूडानाथ भट्टराय, धर्मराज, थापा, नयराज पन्त, राजेश्वर देवकोटा, योगी नरहरि नाथ, ठाकुरप्रसाद पराजुली, टीकाप्रसाद शास्त्री, परशुराम प्रधान हरिशरण शर्मा, धर्मरत्न यमी, एम् प्रकाश सुब्बा, ज्ञानेश्वर शास्त्री, हेमराज सापकोटा, मोहन विरही, रुक्माङगद ज्ञवालीजस्ता निबन्धकारहरूको बारेमा चर्चा गर्दा उनीहरूको जन्मस्थान र निबन्धात्मक भाव एवम् शैलीका बारेमा छोटो तथा सटीक टिप्पणी गरिएको पाइन्छ ।

गद्यकविता क्षेत्रतर्फका कविहरूको टिप्पणी गर्ने क्रममा भवानी भिक्षु, भीमनिधि तिवारी, जगतबहादुर जोशी, कुलमणि देवकोटा, शैलेशचन्द्र प्रधान, तुलसी दिवस, पुष्कर लोहनी, सुशीला कोइराला, बालकृष्ण नेभ, प्रेम विनोद 'नन्दन' दामोदर लोहनी, पुरु रिसाल, शङ्कर श्रेष्ठ, देवेन्द्र मिश्र, तीर्थराज कोइराला, नील प्रकाश सिंह, तीर्थराज वंत, कुमारी विन्दु जोशी, नरसिंह भक्त, माधव ओम् श्रेष्ठ, ऋषि केशव, सुशीला शर्मा, दमन ढुङ्गाना, बी.के. नेनो, उपेन्द्र श्रेष्ठजस्ता कविहरूका बारेमा पनि उनीहरूको जन्मस्थान, साहित्यिक योगदान र कृतिका भाव तथा शैली पक्षमा अति सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको पाइन्छ ।

उत्तररामचरित नाटकको समीक्षा समेत प्रस्तुत गरेर समालोचना क्षेत्रमा देखिन पुगेका त्रिपाठी प्रथम चरण २०१८ सालदेखि सुरु भएर २०२२ मा अर्को फड्कोतर्फ उन्मुख छन् । यस अवधिमा देखिएका समालोचनासम्बन्धी कृतिहरूमा टिप्पणीमूलक समालोचना हिमाली साहित्यको सम्पादनका सन्दर्भमा गरिएको साहित्यकारहरूको सङ्क्षिप्त परिचय नामक १९ पृष्ठ लामो पद्य कविता, कथा, निबन्ध र गद्य कविताका साहित्यकार तथा उनीहरूका कृतिहरू बारेको टिप्पणीबाट प्रस्ट हुन्छ । यसमा प्रस्तुत मूल्याङ्कनलाई हेर्दा यस चरणमा नै समालोचक त्रिपाठी वस्तुवादी भएर साहित्यिक कृतिहरूको सही मूल्याङ्कन गर्ने समालोचकीय व्यक्तित्वका रूपमा देखिन थालेको कुरा प्रस्तुत समालोचनाबाट देखिन आएको छ । बदरीनाथको टिप्पणी समालोचना शैलीबाट थालिएको यो समालोचना क्रम क्रमशः विकसित हुँदै गएको, वस्तुवादी, तुलनात्मक र व्याख्यात्मक समालोचनातर्फ लागेको देखिन्छ । हिमालीसाहित्य बाहेकका यसचरणका रचनाहरूमा आजका साहित्यकारहरूको कर्तव्य (हालखबर २०१९), संस्कृत साहित्यिकहरू र राजसत्ता (सिंहनाद २०२०), प्रतीकवादको नाममा (सिंहनाद २०२०), मेघदूत संक्षिप्त चर्चा (सिंहनाद २०२१) जस्ता समालोचनात्मक रचना तथा नयाँ सभ्यता (गो.प. २०२२), साहित्य र राष्ट्रियता (गो.प. २०२२), नैतिकताको संक्रमणकाल (गो.प. २०२२), अर्थतन्त्र र राजनीति (गो.प. २०२२), नारी एक विश्लेषण (महिला बोल्छिन् २०२२), औँसीको रात (युवक २०२२), जीवनको अनुहार (हिमानी २०२२), समन्वय (समन्वय २०२२), राष्ट्र विकास, शिक्षा र जागरणोन्मुख वर्तमान (गो.प. २०२२) जस्ता रचनाहरू मार्फत् अगाडि बढेका त्रिपाठी त्यसपछि भने विशेषरूपमा साहित्य समालोचनातर्फ अग्रसर रहेको पाइन्छ ।

## ५.२ **दोस्रो चरण** (२०२३–२०२९)

२०२३ सालमा 'कवि माधव घिमिरे र उनको कालीगण्डकी' शीर्षकको समीक्षा छापिएपछि वासुदेव त्रिपाठीको दोस्रो चरण सुरु हुन्छ । यो क्रम फुटकर समालोचनाका लेखहरूका साथसाथै सिंहावलोकन (२०२७) र विचरण (२०२८) नामका दुई महत्त्वपूर्ण समालोचना सङ्ग्रहको प्रकाशनसम्म रहन्छ । यस अवधिमा समालोचक त्रिपाठी आफ्ना समकालीन र पूर्ववर्ती समालोचक तारानाथ शर्मा, इन्द्रबहादुर राई, ठाकुरप्रसाद पराजुली, अग्रज बालकृष्ण पोखेल, कृष्णचन्द्र सिंह प्रधान, रत्नध्वज जोशी र रामकृष्ण शर्माजस्ता समालोचकहरूका बीचमा समेत प्रतिष्ठित र स्थापित समालोचकका रूपमा गनिन पुगेका छन् । यसबेलाको उनको समालोचनामा पूर्वीय र पश्चिमी साहित्य सिद्धान्तलाई अपनाई वस्तुवादी, व्याख्यात्मक, तुलनात्मकजस्ता पद्धति अपनाउँदै भावमय काव्यात्मक शैलीमा आफ्ना रचनाहरू प्रस्तुत गरेको पाइन्छ ।

यसबेला बहुलवादी सैद्धान्तिक आधारहरूलाई अपनाउँदै प्रयोगवादी समालोचना क्षेत्रमा त्रिपाठी विशेष सक्रिय रहेको देखिन्छ । यस चरणका त्रिपाठीका कृतिहरूमा निम्न पुस्तककार कृति र फुटकर समालोचनात्मक कृति रहेका छन् । यो चरण अरू समकालीन समालोचकहरूसँगको प्रतिस्पर्धी चरणका रूपमा रहेको देखिन्छ ।

(१) पुस्तकाकार कृति :

- (क) सिंहावलोकन - २०२७
- (ख) विचरण - २०२८

(२) फुटकर समालोचनात्मक कृति :

- (क) कालीगण्डकी र घिमिरेका काव्य प्रवृत्ति (कविता प. २०२३) ने.रा.प्र.प्र.
- (ख) कीट्सका आनन्द र विषाद (गोरखा पत्र - २०२३)
- (ग) कविशिरोमणि लेखनाथको दर्शन यात्रा (भानु प. २०२३)
- (घ) २०२३ सालको नेपाली काव्य जगत र २०२३ सालका पद्य कविता र गीति कविता (गो. प. २०२४ वैशाख)
- (ङ) कविशिरोमणिको दर्शन यात्रा : पहिलो वास सत्यकलिसम्वाद (ने.रा.वि.प. २०२४)
- (च) कविशिरोमणिको दर्शन यात्रा : दोस्रो वास बुद्धिविनोद- विहान प. २०२४
- (छ) साहित्यमा दार्शनिकता र सुलोचना महाकाव्य - गो.प. २०२४
- (ज) स्वागत छ प्रत्येक घातप्रति घातलाई ब्राउनीङ - गो.प. २०२४
- (झ) कवि भूपीको काव्य यात्रा रचना २०२४
- (ञ) समालोचनाका सात घुम्तीमा केही संस्मरण केही प्रतिक्रिया -रूपरेखा प. - २०२४
- (ट) बसिबियालोमा गरिएका समालोचनासम्बन्धी केही टिप्पणीहरू - रचना प. २०२४
- (ठ) कवि माधव घिमिरे - कालीगण्डकी कविताका केन्द्रीयतामा - साझा समालोचना पुस्तक - २०२५
- (ड) कवि रोवर्ट ब्राउनीङ - गो.प. - २०२५

(ढ) महाकवि कालीदासको राज्यदर्शन - गो.प. २०२५

(ण) महाकाव्य : बूढोपुरानो साहित्यिक विधा प्रज्ञा १-१-२०२७

(त) प्रकृति प्रयोगका सन्दर्भमा ऋतु विचारमाथि २-४ टिप्पणी - रचना प. वर्ष ५ अङ्क १ - २०२७

(थ) पिन्जराका सुगाका विविध अर्थ, रत्न श्री प. वर्ष ८ अङ्क ३, २०२७

(द) ऋतु विचार खण्डकाव्यको सामाजिक चित्राङ्कन - मधुपर्क - ३, २, २०२७

(ध) भानुभक्त लेखनाथलाई सँगसँगै सम्झँदा - सुस्केरा प. भानुभक्त विशेषाङ्क २०२७

(न) नेपाली कविताको यात्रा

(प) इतिश्रीका सम्बन्धमा भूमिका - इतिश्री पुस्तक २०२८

(फ) कवि माधव घिमिरेको काव्य यात्रा र राजेश्वरी खण्डकाव्य - रूपरेखा प. पू. १३१ २०२८ चैत्र

(ब) नेपाली साहित्यको आधुनिकीकरणमा रुसी साहित्यबाट प्राप्त प्रेरणा - भानु प. वर्ष ९ किरण १७, २०२९

(भ) शाकुन्तल महाकाव्यको किनारैकिनार डुल्दा, गो.प. २०२९ आषाढ मसान्त र श्रावण ७ गते

(म) मन्तव्य (समालोचनात्मक कृति) घटराज भट्टराइको अमरज्योति २०३९

(य) मन्तव्य समालोचनात्मक कृति - अच्युत दत्तको भुङ्ग्रोभित्र कथा सङ्ग्रह २०२९

(र) महाकवि देवकोटाका सम्बन्धमा दुइचार कुरा - गुनकेशरी वर्ष १ अङ्क १-२०२९

(ल) बालकृष्ण समको व्यक्तित्व : सानो टिप्पणी - नौलो नेपाली पत्रिका पू. १० - २०२९

(व) श्री ५ महेन्द्र वैयक्तिक र राजकीय जीवनको प्रतिबिम्ब - महेन्द्रस्मृति ग्रन्थ - २०२९ वर्ष

(श) कवि माधव घिमिरे सङ्क्षिप्त रेखाङ्कन - शक्ति १-१-२०२९

(ष) बालकृष्ण समको कवित्व सानो टिप्पणी - नौलो नेपाली पूर्णाङ्क १०-२०२९

(स) नाटककार लेखनाथ पौड्याल - ने.रा.वि. २०२९ आदि पर्दछन् ।

दोस्रो चरणका कृतिहरूमध्ये प्रतिनिधि कृतिहरूको रूपमा सिंहावलोकन र विचरण दुई पद्य र गद्य क्षेत्रका साहित्यिक कृति र व्यक्तित्वहरूका बारेमा लेखिएका प्रायोगिक समालोचना सङ्ग्रह हुन् । यस बेलाका फुटकर कृतिहरू सम्बन्धमा भने महाकाव्य बूढो पुरानो साहित्यिक विधा कवि माधव घिमिरेको काव्ययात्रा र राजेश्वरी खण्डकाव्य र शाकुन्तल महाकाव्यको किनारैकिनार डुल्दाजस्ता रचना उत्कृष्ट फुटकर रचनाको रूपमा लिन सकिन्छ ।

वासुदेव त्रिपाठीको दोस्रो चरणको थालनी कवि माधव घिमिरेका काव्य प्रवृत्ति 'कालीगण्डकी' कविताका केन्द्रीयतामा भन्ने समालोचनात्मक लेखबाट सुरु भएको हो । यस लेखमा त्रिपाठीले माधव घिमिरेका गौरी, पापिनी आमा, राष्ट्रनिर्माता खण्डकाव्य र कविता गीतहरूका बारेमा चर्चा गर्दै घिमिरे रोमान्टिक काव्य धाराका सशक्त कवि हुन् र यो प्रवृत्ति कालीगण्डकी कवितामा पनि देख्न सकिन्छ भन्दै घिमिरेका काव्य मान्यतामा परिष्कार र

परिमार्जन एवम् थोरैमा धेरै भन्न सक्नु हो भन्ने कुरालाई कालीगण्डकी कवितामा पाइन्छ भनेका छन् । यहाँ कालीगण्डकी मानवजीवनको अभिव्यक्तिको प्रतीक हो भन्ने कुरा पनि देखाएका छन् । घिमिरेलाई कवि कीट्ससँग दाँज्दै घिमिरेका थुप्रै अभिव्यक्तिले कीट्सलाई सम्झाएको छ र दुईमा धेरै समानता रहेको छ भन्ने देखाएका छन् । घिमिरेलाई प्रकृति कविका रूपमा हेर्दै सिद्धिचरणसँग तुलना गरी नकारात्मक क्षमताका कवि समेत भनेका छन् । पूर्वीय काव्यशास्त्रका कसीमा हेर्दै शृङ्गार, वीर र करुण रसका कवि भन्दै शान्त रसमा राष्ट्रियताको वर्णन गर्ने र वीर रसमा राष्ट्रियताको शङ्खनाद फुक्ने कविका रूपमा पनि हेरेका छन् ।

तुलना गरेर हेर्ने क्रममा समसँग तुलना गर्दै समको जस्तो बौद्धिकता भने घिमिरेले प्राप्त गर्न नसकेको र देवकोटासँगको तुलनामा घिमिरेले देवकोटाको जस्तै विशाल जीवन पीडा र जीवनज्वालाको अनुभव गर्न नसकेको समेत यहाँ उल्लेख छ । कला कलाको वा जीवनको लागि जस्ता प्रश्नमा घिमिरे नबाँधिई दुवै पक्षलाई समान महत्त्व दिने कविका रूपमा रहेको पनि यसमा उल्लेख गरिएको छ ।

समग्रमा भन्दा प्रस्तुत समालोचना पहिलो खुड्किलो भए पनि ज्यादै स्तरीय र उत्कृष्ट छ । विविध उद्धरणका साथै तर्क र व्याख्याले पूर्ण छ तथापि घुमाउरो भावनात्मक शैलीका कारणले भने यो कृति केही जटिल देखिएको छ । यसै रचनाबाट त्रिपाठीको समालोचना यात्राको दोस्रो चरण सुरु भएको मान्न सकिन्छ ।

## ५.२.१ दोस्रो चरणका प्रमुख कृतिहरूको अध्ययन

यस चरणको प्रतिनिधित्व गर्ने कृतिहरूमा सिंहावलोकन र विचरण प्रमुख मानिन्छन् । यी कृतिहरूको निम्नानुसार अध्ययन गरिएको छ :

### ५.२.१.१ सिंहावलोकनको अध्ययन

सिंहावलोकन, २०२७ सालमा २५ ओटा समालोचनात्मक रचनाहरूको सङ्कलनका रूपमा साझा प्रकाशनबाट छापिएको यो कृति वासुदेव त्रिपाठीको पहिलो प्रकाशित समालोचनाको सँगालो हो । प्रस्तुत सङ्ग्रहभित्र सङ्कलित समालोचनाहरूलाई लेखक केन्द्रित र कृति केन्द्रित गरेर दुई वर्गमा विभाजन गरी अध्ययन गरिएको छ । लेखक केन्द्रित लेखहरूमा लेखकको व्यक्तित्व कृतिका र लेखकका प्रवृत्तिसँग सम्बन्धित लेखहरू रहेका छन् भने कृति केन्द्रित वर्गमा निश्चित कृतिहरूका बारेमा प्रस्तुत गरिएका लेख रचनाहरूलाई राखिएको छ । सिंहावलोकनका लोकसाहित्यका सन्दर्भको लेख र कविताको नवीनतम धारा सम्बन्धित लेख भने कृतिका नजिक रहेको झैँ देखिए पनि प्रधानता भने प्रवृत्तिको रेहेको हुनाले यी दुवै समालोचनालाई लेखक केन्द्रित वर्गभित्र राखी अध्ययन गर्ने काम भएको छ । यसअन्तर्गत निम्न कवि केन्द्रित समालोचनाहरू परेका छन् । (१) नेपाली कविताका सन्दर्भमा लोकसाहित्यको सङ्क्षिप्त परिचर्चा, (२) भानुभक्तका आदिकवित्व : केही गौँडा गल्छैँडा, (३) केही बुँदाभित्र सिङ्गै लेखनाथलाई समेट्न खोज्दा, (४) मोतीराम भट्ट : शृङ्गार युगका केन्द्रित कविका रूपमा, (५) नेपाली साहित्यका महान् शिल्पी सोमनाथ सिग्देल, (६) सिंहावलोकन : समको कविता सिर्जनाको, (७) देवकोटाको काव्य सिर्जना : उनैका आत्म-स्वीकृति, (८) महाकवि देवकोटा र नेपाली कविताका प्राप्ति, (९) कवि गोपालप्रसाद रिमाल : मनमा टिपिएका केही टिप्पणी, (१०) कवि

माधव घिमिरेका काव्य प्रवृत्ति, (११) सन्दर्भ जीवनको : दृष्टि कवि माधव घिमिरेको (१२) 'सङ्गम'मा प्रतिबिम्बित कवि केदारमान व्यथित, (१३) भिक्षुको कवित्वको क्रमिक परिष्कार, (१४) कविका रूपमा भीमनिधि तिवारी, (१५) कवि विजय : केही समालोचनात्मक रेखाङ्कन, (१६) कवि भूपीको काव्य यात्रा र यसका तीन चरण, (१७) सन्दर्भ कवि म.बी.वि. शाहको : सिंहावलोकन कविता यात्राको र (१८) नेपाली कविताको नवीनतम धारा : परम्पराको सापेक्षतामा रहेका छन् ।

### ५.२.१.१(अ) कवि केन्द्रित समालोचना

#### (क) नेपाली कविताका सन्दर्भमा लोकसाहित्यको सङ्क्षिप्त परिचर्चा

प्रस्तुत ग्रन्थको पहिलो लेखका रूपमा "नेपाली कविताका सन्दर्भमा लोकसाहित्यको सङ्क्षिप्त परिचर्चा" रहेको छ । यस कृतिमा नेपालीको लिखित साहित्यको इतिहास २०० वर्षभन्दा लामो देखिएको छैन । तर यो लिखित इतिहास सुरु हुनका लागि हजारौँ वर्षको लोकसाहित्यको इतिहास पृष्ठभूमिमा रहेको छ । वेदजस्ता कृतिहरू लोकसाहित्यका पृष्ठभूमि पनि हुन्, हाम्रो परम्परा पनि यही वैदिक लोकसाहित्यको बाटोबाट अगाडि बढेको छ । यही लोकसाहित्य परम्परा नेपाली साहित्यको पूर्व पिढीँ हो । यसलाई आधार विन्दु मानेर वा पूर्व पिँढीका रूपमा मानेर यसका बारेमा खोज अनुसन्धान संरक्षण र सम्बर्द्धन गर्दै अगाडि बढ्नु नेपाली साहित्यप्रतिको दायित्व हुन जान्छ । हाल हाम्रा लोक कथा, लोक नाच, लोक गीत आदिमा हाम्रो अभिरुचि बढ्दै गएको छ । यसले लोकसाहित्यको संरक्षण र सम्बर्द्धन हुने छ भन्ने आशा गर्न सकिन्छ । यसका कारणबाट नेपाली साहित्यको समृद्धि हुन्छ । लोकसाहित्यबाट नेपाली साहित्यको थालनी हुनमा ठूलो टेवा र भूमिका रहेको छ भन्ने कुरा यसमा प्रस्तुत गरिएको छ ।

#### (ख) भानुभक्तको आदिकवित्व : केही गौँडा गल्छेंडा

प्रस्तुत कृतिमा भानुभक्तभन्दा पूर्वका पुराना कविहरू फेला परेपछि भानुभक्तको आदि कवित्वका सम्बन्धमा उठेका प्रश्नहरूको समाधानका लागि समालोचक त्रिपाठीबाट लेखिएको समाधानात्मक लेखका रूपमा यो कृति रहेको छ । यसमा कवि भानुभक्त आचार्यका कृति र प्रवृत्तिहरूको चर्चा र विश्लेषण गर्दै पूर्ववर्ती कविहरूका कृतिहरूको समेत मूल्याङ्कन गरेर प्राथमिक कालका कविहरूमध्ये भानुभक्तभन्दा पूर्वका कुनै पनि कवि कृतिका आधारमा, शिल्पका आधारमा, साहित्यिक मूल्य र मान्यताका आधारमा भानुभक्तसरह वा सोभन्दा स्तरीय नरहेको हुनाले र आदिकविका नामबाट भानुभक्त सबै जाति जनजातिहरू समग्र नेपाली जनमानसमा स्थापित भैसकेको हुनाले भानुभक्तलाई प्रथम कविका आधारमा होइन प्रथम स्तरीय कविका आधारमा लाक्षणिक अर्थमा आदि शब्द प्रयोग हुने गरी भानुभक्तलाई नै आदिकवि भन्न सकिन्छ भन्ने कुरा त्यस लेखमा प्रस्तुत छ । यस प्रकारको समाधानात्मक बाटाबाट नेपाली साहित्यमा आदिकविको विवाद समाप्त हुने कुरा त्यहाँ व्यक्त गरिएको छ । अझ आदिकवि नभनेर महान् पहिला कवि भन्नु उपयुक्त हुने तर्क पनि यसमा प्रस्तुत छ ।

आदिकवि भानुभक्तलाई भन्न मिल्दैन भन्ने हृदयचन्द्रसिंह, गुमानसिंह चाम्लिङ, तारानाथ शर्माका सोचहरूलाई समेत समाधानतर्फ डोऱ्याउन त्रिपाठीज्यूले यहाँ प्रयास गरेको देखिन्छ ।

## (ग) मोतीराम भट्ट : शृङ्गार युगका केन्द्रीय कविका रूपमा

वातावरण र युग प्रवर्तनका सन्दर्भमा यस रचनामा मोतीरामको जीवनी र परम्पराको सम्बन्ध एवम् मोतीरामका कृतित्वको मूल्याङ्कन गरिएको छ । यी सबै सन्दर्भमा विश्लेषण गरेर मोतीराम भट्ट : शृङ्गारिक धाराका प्रवर्तक र यस युगका केन्द्रीय कविका रूपमा चर्चा गर्दै उनलाई युग कविका रूपमा स्थापित गरिएको छ ।

यस क्रममा "मोतीरामको महत्ता औँल्याउन उनको अल्पायु, गद्य रचना, नाट्य रचना, स्वतन्त्र सौन्दर्य चेत, गीत-गजल, भानुभक्तका कृतिको प्रकाशन, वातावरणको निर्माण आदि धेरै स्विकार्य बुँदाहरू भएपनि मोतीरामलाई महान् बनाउने मूल बुँदाहरू दुइटै छन्, उनको शृङ्गारिक भावधारा र उनको स्वतन्त्र सौन्दर्य चेतना नै मोतीरामका मूलभूत योगदान हुन् ।

माध्यमिककाल विविधतामय भए पनि त्यसका मूल प्राप्तिहरू यिनै हुन् र मोतीराम यस युगका प्रथम पृष्ठ हुन् र केन्द्रीय व्यक्तित्व हुन् ।"[६] भन्ने कुरा यहाँ व्यक्त गरिएको छ ।

## (घ) केही बुँदाभित्र सिङ्गै लेखनाथलाई समेट्न खोज्दा

प्रस्तुत रचना लेखनाथको सिङ्गो काव्य प्रवृत्तिलाई देखाउने कृति हो । यसमा लेखनाथका प्रथम चरणका कृतिहरूको चर्चा गर्दै पहिलो दशकभित्र नै लेखनाथ पुरानो शृङ्गारिक प्रवृत्तिलाई त्याग्दै नयाँ आधुनिक कविताको युगका प्रवर्तक बन्न पुगे भन्ने कुरा प्रमुख रहेको छ । यस क्रममा ऋतु विचार, बुद्धिविनोद, सत्यकलिसम्वाद यस चरणका प्रथम काव्य कृति हुन् । यिनै कृतिले मध्यकाल र आधुनिक कालको युग विभाजन गरेका छन् भनेको छ ।

ऋतु विचारको सेरोफेरोमा रहेका लेखनाथ हलन्त विरोधी, प्रकृतिप्रेमी, परिष्कार र परिमार्जनमा संलग्न मानवीय व्यक्तित्वलाई प्रकृतिभित्र समावेश गर्ने, प्रकृतिको माध्यमबाट र समाजका माध्यमबाट उदाहरण दिँदै आफ्ना धारणाहरू व्यक्त गर्ने, प्राकृतिक सौन्दर्यविधानमा महत्त्व दिने, अलङ्कार प्रिय कविका रूपमा रहेका छन् भन्ने कुरा देखाइएको छ । सत्यकलिसम्वाद र बुद्धि विनोदमा भन्दा लेखनाथको कवि व्यक्तित्व परिष्कृत र परिमार्जित हुँदै ऋतुविचारमा प्रष्फुरित भएको छ । तरुणतपसीको सेरोफेरो उपशीर्षकअन्तर्गत लेखनाथलाई विशेष दार्शनिक ओतप्रोतका कवि, परिष्कार र परिमार्जनका विशेष प्रतिभा, शिल्पसन्धानका विशिष्ट व्यक्तित्व, आध्यात्मिक दर्शनका सशक्त कवि देखिए पनि लेखनाथ भाव गाम्भीर्यका सशक्त प्रतिभा भएको देखाएका छन् । उनका अन्य फुटकर तथा प्रबन्धात्मक कृतिहरूमा पनि आध्यात्मिक भावदर्शन र परिष्कृत परिमार्जन गरिएको शैली समुचित अलङ्कार योजना र प्रौढ अभिव्यक्तिको प्रयोग भएको पाइने हुँदा उक्त कुराहरू लेखनाथका प्रवृत्तिगत विशेषता रहेका हुन् भन्न सकिन्छ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ ।

---

[६] वासुदेव त्रिपाठी, 'सिंहावलोकन', (द्वितीय संस्करण), (काठमाडौँ : साझा प्रकाशन २०२७), पृ. २७ ।

## (ङ) नेपाली साहित्यका महान् शिल्पी सोमनाथ सिग्देल

आदर्श राघवको केन्द्र वरिपरि परिक्रमा गर्दै सोमनाथको शिल्पसम्बन्धी महत्ताको चर्चा गरिएको प्रस्तुत रचना आदर्श राघवको मूल्याङ्कलनसँग सम्बन्धित कृति हो ।

यसमा सोमनाथलाई पूर्वीय संस्कृत साहित्यको प्रकाण्ड विद्वान्का रूपमा र संस्कृत परम्पराको भारवि पछिको विचित्रमार्गी महाकाव्य परम्पराका कलाशिल्पी कविका रूपमा रहेको देखाइएको छ र यिनलाई भारवि पन्थी कविको रूपमा स्विकारिएको छ । नेपाली साहित्यमा विचित्रमार्गी काव्य परम्पराको नमुनाका रूपमा यस कृतिलाई लिइएको छ । यहाँ महाकाव्यका नियमहरू अक्षरशः पालना भएका छन् । रस परिणतिमा भने केही कमजोरी देखिन्छ भन्दै "सम्पूर्ण 'आदर्श राघव' लक्षणा, व्यन्जना र शब्दार्थलङ्कारका साथै गुणरीतिका विविधता प्रदान गर्नमा उनले देखाएको पूर्वीय शास्त्रीय प्रक्रियाको पराकाण्ठा विशेष स्मरणीय छ ।"[घ]

त्यस्तै पूवीय शास्त्रीय प्रक्रिया तथा परिपाटीका दृष्टिले "सोमनाथ नेपाली साहित्यका एकाकी शिल्पकार हुन्, महान् शिल्पी हुन् ।"[ङ] भनी सोमनाथलाई महान् शिल्पी महाकाव्यकार हुन् भनी चिनाएको पाइन्छ ।

## (च) सिंहावलोकन समको कविता-सिर्जनाको

करिब चार दशकसम्म कविताको आराधना गर्ने समका कविता यात्राका चार स्तर देखिन्छन् ।

(क) नाटकीय कविता सम (ख) फुटकर कविता सम (ग) आगो र पानी खण्डकाव्यका सम र (घ) चिसो चुल्होका सम - भनेर चार तहमा समको कविता यात्राको विश्लेषण गरिएको छ । समको विशेषताको चर्चा गर्दै मानववाद, मानवतावाद विकासवाद ऐतिहासिक सन्दर्भ र विज्ञान एवम् यसका शाखाहरूको सम्बन्धजस्ता कुराहरू समका काव्यगत प्रवृत्ति बनेका छन् । नाटकमाभन्दा फुटकर कवितामा, फुटकर कवितामा भन्दा आगो र पानी खण्डकाव्यमा र त्योभन्दा पनि कवितात्मक उच्चस्तर समको चिसो चुल्हो महाकाव्यमा प्रस्तुत भएको छ । सामाजिक र बौद्धिक महत्त्वका दृष्टिले चिसो चुल्हो नवीन प्रयोग भएको छ, अतीतलाई हेर्दै भावी समाजको स्वरूप औंल्याउने काम चिसो चुल्होमा भएको छ । महाकाव्यात्मक शिल्पका सन्दर्भमा भारवि र माघ एवम् श्री हर्षका महाकाव्य धाराबाट पनि सम प्रभावित देखिन्छन् । वाल्मीकि र होमरका महाकाव्यका चारित्रिक विशेषताबाट पनि सम प्रभावित देखिन्छन् । यी सबै काव्यात्मक विशेषताका साथसाथै बौद्धिकता र वैचारिक सम्बन्ध उनका महाकाव्यमा प्रमुख रहेको छ । परिमार्जित शिल्प र बौद्धिक रापको प्रयोगकर्ताका रूपमा पनि सम व्यक्त भएका छन् । चिसो चुल्हो समको काव्य साधनाको चरमोत्कर्ष हो भन्ने कुरा समालोचनात्मक त्रिपाठीले यहाँ प्रस्तुत गरेका छन् ।

---

[घ] ऐ. पृ. ८८

[ङ] ऐ. पृ. ८८

## (छ) देवकोटाको काव्य सिर्जना : उनैका आत्मस्वीकृति

प्रतिभाबाट छहरा छुटे हृदय नछोला ? भन्ने कवि लक्ष्मीप्रसाद देवकोटाले आफ्ना काव्य सिर्जनाका लागि प्रमुख कुरा प्रतिभालाई नै मानेको देखिन्छ । तर पनि उनका सुलोचना महाकाव्यको भूमिका, लक्ष्मी निबन्ध सङ्ग्रहको भूमिका र श्री गणेशाय नमःजस्ता कृतिहरूमा आफ्ना साहित्य सिर्जनाका लागि आफूले स्विकारेका धारणाहरू प्रस्ट पारेका छन् । त्यस्तै लेख्ने बानी, नेपाली साहित्यको सर्वश्रेष्ठ पुरुष, आषाढको १५ जस्ता कृतिमा सहज सरल र प्राकृतिक रूपमा बहनु नै वा अभिव्यक्त हुनु नै आफ्नो प्रमुख धेय रहेको कुरा व्यक्त गरेको पाइन्छ भन्दै “मानवीय अन्तरआत्माको सच्चा र निकटतम अङ्कन गर्ने सामर्थ्य भएकी प्रतिभा कल्पनामयी जादुगर्नी नै देवकोटाको काव्य सिर्जनाकी मूल अधिष्ठात्री हो ।”[छ] भनेर यहाँ त्रिपाठीले भनेका छन् ।

त्यस्तै प्रकृतिलाई आत्मसात् गर्ने परिष्कार र परिमार्जनलाई ध्यान नदिने विचार र भावनामा एवम् कल्पनामा प्रवाहित हुने कुरा उनका विभिन्न कृतिहरूबाट प्रस्ट हुन्छ । शाकुन्तल महाकाव्यको प्रथम सर्गले पनि देवकोटाका काव्यगत आत्मस्वीकृतिहरूलाई प्रस्ट पारेको छ भन्ने कुरा प्रस्तुत लेखमा प्रस्ट पारिएको छ ।

## (ज) महाकवि देवकोटा र नेपाली कविताका प्राप्ति

आधुनिककालको आगमन सँगसँगै नयाँ रोमान्टिक युगको आमन्त्रण गर्ने कवि लक्ष्मीप्रसाद देवकोटा हुन् । उनी रोमान्टिक युगका केन्द्रीय व्यक्तित्व हुन् र उनी यस धाराका प्रवर्तक एवम् विशिष्ट काव्य प्रतिभा हुन् भन्ने कुरा प्रस्तुत लेखमा प्रस्तुत छ । नेपाली कविताको रोमान्टिक धाराको प्रवर्तक वेगमय छन्द प्रयोग, खण्डकाव्य महाकाव्य रचना गर्ने, देवकोटा प्रकृति कविका रूपमा छन् । भावमयता हृयदस्पर्शका सन्दर्भमा महाकवि देवकोटाको काव्य सिर्जना रहस्यवादी वा अध्यात्मवादी छ । अङ्ग्रेजी, बङ्गाली, हिन्दी हुँदै नेपाल प्रवेश गरेको रोमान्टिक धारालाई सोभ्कै अङ्ग्रेजी साहित्यसँग समेत संलग्न गराउँदै नेपाली साहित्यमा गरिमामय रूपमा देवकोटाले स्थापित गरिदिएका छन् । यो नेपाली कविताका लागि उच्चतम प्राप्ति हो ।

त्यस्तै वेगमय छन्दोविधान र विविध छन्द प्रयोग गरेर देवकोटाले नेपाली साहित्यमा छन्दोमय विविधता प्रदान गरेका छन् । यो अर्को उपलब्धि हो । अनेकन फुटकर कविता र विशेष रूपमा खण्डकाव्यको सिर्जना गरेर अर्को भावप्रवाह कल्पनाको एवम् भाषाको सुकुमार मोहकताजस्ता गहन्तम साहित्यिक अभिव्यक्ति नेपाली कवितामा देवकोटाबाट प्राप्त भएका छन् । त्यस्तै आइस्ल्याण्डको सर्प जस्तो भएको नेपाली महाकाव्य परम्परामा तीन महिने शाकुन्तल महाकाव्य र १० दिने सुलोचना महाकाव्यले महाकाव्यको इतिहासमा ठूलो र गरिमामय महत्ता थपेको छ । त्यस्तै अन्य महाकाव्यहरूले पनि उक्त विशेष उपलब्धि प्राप्त गरेका छन् । प्रकृतिको सहज प्रयोग मानविकीकरण, दैवीककरण एवम् भावमयता, हृदयस्पर्शता, सामाजिक र मानवीय

[छ] ऐ. पृ. २२

चेतनाको प्रस्तुति, रहस्यवादी र अध्यात्मवादी चिन्तन तथा प्राकृत शैलीभित्रको असाधारण सौन्दर्य विधान देवकोटाका कवितात्मक प्राप्तिहरू हुन् । विशाल व्यक्तित्वका धनी देवकोटाको महत्ता र गरिमाले नेपाली कविता विधा विश्व साहित्यका सामु समेत प्रशंसनीय बन्न पुगेको छ । देवकोटामा परिष्कार र परिमार्जन भइदिएको भए अन्तर्राष्ट्रिय स्तरका कैयौँ कविहरूका हाराहारीमा अझ उच्चस्तरमा समेत देवकोटाको प्राप्ति हुन सक्थ्यो भन्ने कुरा समेत प्रस्तुत लेखमा उल्लेख गरिएको छ ।

त्रिपाठीकै शब्दमा भन्दा "देवकोटाको भावावेगको तीब्रताले गर्दा उनी नादमय (मिठो) ध्वनिमय र सङ्गीतमय बन्न पुग्दछन् । तर त्यतिले पनि नपुगेर नव-नव शब्दहरूको नव-विधान गर्दै उनी लम्कन्छन् । त्यसैले देवकोटा-शब्दावलीको सङ्कलन गरेमा उनका नवीनतम भाषिक योगदानहरू देखापर्ने छन् र महाकवि भाव-सम्प्रेषणका निम्ति शब्द नपाएर कति विचलित बन्दा रहेछन् भन्ने अनुभव हुन्छ । सायद यसैले उनी मानेदार शब्दको सीमा नाघेर चरा झैँ चिर्बिराउने रहर राख्छन् र भाषालाई आफ्नो युद्ध क्षेत्रमा सम्झन्छन् । तर भाषाको अधिकार नभएर यो कठिनाई उनलाई परेको छैन बरु भाषाले उनको भावलाई टपटप टिप्न नसकेकोले उनी छट्पटाएका हुन् । यसमा उनको प्रतिभा पनि देखिन्छ । कमजोरी पनि झल्किन्छ ।"[ट]

## (झ) कवि गोपालप्रसाद रिमाल : मनमा टिपिएका केही टिप्पणी

मनमा टिपिएका केही टिप्पणीमा हाम्रा हृदयलाई तुरून्तै प्रभावित पार्ने सरल र सहज स्वरलहरीलाई लिएर नेपाली साहित्यमा देखापर्ने कवि रिमाल क्रान्तिकारी स्वलहरीका कवि हुन् । गद्य कविताका सफल प्रयोगकर्ताका रूपमा रिमाल नेपाली साहित्यमा प्रतिष्ठित छन् । गद्यकविता भए पनि लयदार वा लयात्मकता यिनका कवितामा विद्यमान छ । क्रान्तिकारी भावना, रोमान्टिक भाव धाराभित्र रहनु र गद्य कविताको प्रयोक्ता रहनु उनको अर्को विशेषता हो । नारीलाई वासना र प्रीतिको पात्रका रूपमा मात्र नहेरेर सृष्टिको प्रमुख स्रोतको रूपमा हेर्नु उनको अर्को विशेषता हो । नारी बूढा ब्रह्माको सर्वोत्तम सृष्टि हो भन्ने रिमालले नारीलाई सृष्टिकी उत्तराधिकारीणी भन्दै वन्दना गरेका छन् भन्ने कुरा पनि त्रिपाठीले यहाँ उदाहरणसहित प्रस्ट पारेका छन् । त्यस्तै शैलीका सन्दर्भमा सुकुमार, कोमलभन्दा पनि कोमल, अत्यन्त ललित शैलीका कवि हुन् रिमाल भनेर उनले रिमालको शैलीको विशेषतासमेत प्रकट गरेका छन् । प्रस्तुत सन्दर्भमा "वास्तवमा सुकुमारता, कोमलाति-कोमलता र अत्यन्त ललितता रिमालका शैलीका विशेषता हुन् । उनको शिल्प प्रभाती किरण जस्तै छ । यद्यपि स्वरगत भिन्नताहरू टट्कारो छन् । रिमाल आफ्ना प्रमुख कविताहरूमा स्वरसन्धान वा शिल्पका दृष्टिले कवि माधव घिमिरेको धेरै नजिक पुगेका छन् । सहजता र सरलताभित्रको परिमार्जन र तीव्रता नै यी दुई कविका बीच मिल्दाजुल्दा तत्त्व हुन् ।"[ठ] भनेर रिमालको काव्य शैलीको चित्रण गरेको पाइन्छ । ओज र माधुर्य गुणका यी कवि क्रान्तिकारी कविका रूपमा स्थापित कवि हुन् भन्ने कुरा पनि यसमा त्रिपाठीले व्यक्त गरेका छन् ।

---

[ट] ऐ. पृ. १४८

[ठ] ऐ. पृ. १७५

## (ञ) कवि माधव घिमिरेका काव्यप्रवृत्ति 'कालीगण्डकी' कविताका केन्द्रीयतामा

प्रस्तुत रचना दोस्रो चरणको प्रवेशका लागि आधारशीला बनेको रचना हो । यसले समालोचनाका महत्त्वपूर्ण आधार स्थापित गरेको छ । यो कृति माधव घिमिरेका कविता हुन् वा होइन भन्ने बहसका सन्दर्भबाट उत्प्रेरित भई वास्तवमा माधव घिमिरे सशक्त एवम् प्रकृतिवादी राष्ट्रिय कवि हुन् भन्ने कुरा उनको कालीगण्डकी कवितालाई आधार मानेर घिमिरेका काव्य यात्राको सेरोफेरोमा अन्य नेपाली कवि र विश्व साहित्यका प्रसिद्ध कविहरूसँगको सन्दर्भसहित विस्तृत विश्लेषण र व्याख्या गर्दै यो लामो समालोचना २०२३ सालमा तयार गरिएको हो । यो नेपाल रा.प्र.प्र. को **कविता** पत्रिकामा प्रकाशित भएको छ र यही कृति २०२५ सालमा प्रकाशित भएको साझा समालोचनामा पनि सङ्कलित छ । यसमा त्रिपाठीले आफ्नो विशेष ज्ञान र सीपको प्रदर्शन गर्न विशेष ध्यान दिएको देखिन्छ । यस लेखमा प्राक्कथन: विवेचना क्षेत्रको दिग्दर्शन, कवि माधव घिमिरेको काव्य मान्यता, कविका रूपमा घिमिरे र किट्स, कवि घिमिरे : पूर्वीय काव्यशास्त्रका कसीमा, कवि घिमिरेको राष्ट्रवादी स्वर, घिमिरेका काव्य प्रवृत्तिका अभाव पक्ष र उपसंहार : कवि घिमिरेको वैशिष्ट्यको मूल्याङ्कनजस्ता ९ ओटा उपशीर्षकमा विविध पक्षलाई आधार सिद्धान्तलाई अपनाउँदै घिमिरेका समग्र पक्षको मूल्याङ्कन गरिएको छ । यो व्याख्या र विश्लेषणले घिमिरेप्रति उठेको कवि हुन् या होइन भन्ने बहसलाई स्वत: स्तरीय कवि हुन् भन्नेमा टुङ्ग्याई दिएको छ । समग्रमा उनले घिमिरेको यसरी मूल्याङ्कन गरेका छन् - "उनले युगयुग व्यापीरूपमा जीवन मूल्यको परिपोषण गरेका छन् । आजको शिक्षित युवा मनका जुन विद्रोह, एकाकीपना र कुण्ठाहरू जीवन परिधि, समाजको ढाँचा र विश्व तरङ्गले गर्दा आएका छन् । तिनीहरूप्रति सचेष्ट नहुन्, तर कर्मवादी दर्शनको प्रकाशस्तम्भ हातमा लिएर पथभ्रान्त युवापिढीँलाई उनले पथ निर्देश गरेका छन् । नेपाली किसान मजदुरको जीवन चित्रको अङ्कन घिमिरेले कम नै गरेका होलान् तर राष्ट्रियताको मूल मन्त्रलाई उनको काव्य धाराले अद्वितीय रूपमा ध्वनित गरको छ ।"[ड]

"घिमिरेको आफ्नै आस्था र आफ्नै शैली छ । ध्वंसका शक्तिहरूको विरुद्ध जीवन मूल्यका पक्षमा लड्नु यही घिमिरेको आस्था हो । जीवनका सुखदु:खलाई सालिग्राम शिलामा अभिव्यक्ति दिनु यही घिमिरेको काव्य शैली हो । अतएव उनका कविताहरूमा राष्ट्रिय धड्कन छ, विश्व जनीनता छ, चिरन्तनता छ । नेपाली काव्य क्षेत्रमा सशक्त रूपमा बगेको यही उनको काव्य धारा हो ।"[ढ] भनेर माधव घिमिरेलाई जीवनवादी कर्मवादी प्राकृतिक शैलीका उत्कृष्ट राष्ट्रवादी कविका रूपमा स्थापित गरेका छन् । यो कृति समालोचनाको गहन र बौद्धिक समालोचनात्मक अभिव्यक्ति देखिएको छ ।

## (ट) सन्दर्भ जीवनको : दृष्टि कवि माधव घिमिरेका

प्रस्तुत कृतिमा कवि माधव घिमिरेको जीवन दृष्टिका बारेमा चर्चा परिचर्चा गरिएको छ । साहित्य साधनाको क्रममा लेखक वा कविले जीवनजगत्का बारेमा आफ्नै दृष्टिकोण बनाएको

---

[ड] ऐ. पृ. २०९

[ढ] ऐ. पृ. २०९

हुन्छ भन्दै माधव घिमिरेको जीवन दर्शन खोज्ने प्रयास यसमा गरिएको छ । घिमिरे बाँचेको क्षण सत्य हो । यसमा कुनै शङ्का छैन । अरू कुरा के-कसो हो हुन पनि सक्छ, नहुन पनि सक्छ भनेर जीवनको अस्तित्वलाई स्विकार्छन् । यस क्रममा मान्छे माटो र ज्योति दुवै हो भन्ने धारणा राख्दछन् । जीवन एउटा परिपूर्ण स्वभाव हो र यो जीवन परिवर्तनशील छ भन्ने जीवनदृष्टि राख्छन् । जीवन अत्यन्त प्यारो वस्तु हो भन्ने कुरा कविले देखाएको त्रिपाठीले प्रस्तुत रचनामा प्रस्ट गरेका छन् । "इन्द्रेणीको एउटै कणप्रति पनि कवि माधव घिमिरेको अगाध महत्त्व देखिन्छ । उनका दृष्टिमा बाँचेको क्षण सत्य हो । अरू कुरा के-कसो हो । जीवन ? जे हो त्यही हो परिपूर्ण शोभा ।"[ज्ञण] भनेर घिमिरेको जीवनदृष्टिलाई जीवनवादी रूपमा हेरेको कुरा उद्घाटन गरिएको पाइन्छ ।

### (ठ) 'सङ्गम'मा प्रतिबिम्बित कवि केदारनाथ व्यथित

'सङ्गम' कवि व्यथितको पहिलो प्रतिनिधि कविता सङ्कलन हो । 'नारी रस माधुर्य आलोक' तथा सप्तपर्णभन्दा पहिलेको कृति हो, यो क्रान्तिकारी भावनाले ओतप्रोत कृति हो । राजनीतिक व्यथित जीवनयात्राको अभिन्न अङ्ग हो भन्ने कुरा प्रस्ट गर्दै सङ्गमका कवि व्यथितको स्वरूपलाई यहाँ त्रिपाठीले प्रस्ट पारेका छन् । गतिशील तर अझै पथभ्रान्त अन्तर्द्वन्द्वहरूले भरिएको विरह र व्याकुलताले भरिएको जीवनगाथा सङ्गम कवितामा पाइन्छ । कवि व्यथित अन्तरमनका र युग मनको नाविकलाई बाधाको तुफान आए पनि नाउ नफर्काउने आह्वान गर्छन् । हिँडेको यात्रीले सागर तरेरै छोडनु पर्छ भन्छन् भन्ने कुरा यहाँ प्रस्तुत छ ।

क्रान्तिकारी भावनाका साथै प्रकृतिलाई मानवीय व्यक्तित्व दिने, प्रकृतिको जीवन्ततालाई मूर्तरूप दिने कविका रूपमा व्यथित देखिएका छन् । सत्य, शिव र सुन्दरताको गान व्यथितले यत्रतत्र गाएका छन् । व्यथितमा कल्पनाशीलता प्रशस्त पाइन्छ । धरती र आकाश डुल्ने कल्पना पङ्खी देवकोटामा छ भने व्यथितमा त्यस्तो उडान भने पाइन्न । कल्पनाशीलतामा केही हदसम्म हिन्दी छायावादी कविताको सम्झना गराएको छ भन्ने कुरा यहाँ उल्लेख छ । श्रीहर्षको कल्पना प्रखरताले व्यथितलाई प्रभावित पारेको छ भन्ने कुरा पनि यसमा उल्लेख गरिएको छ । मात्रिक छन्दका कवि व्यथित भन्दै उनको भाषिक संसार र शब्दशैय्या संस्कृतमय भएको उल्लेख गरिएको छ । विम्वविधान, अलंकार योजना आदिमा व्यथित प्रकृतिलाई उपमान बनाउँछन् । रूपक, उत्प्रेक्षा जस्ता अलंकारको प्रयोगमा कवि सङ्गमभित्र जुटेका छन् भन्दै कवि व्यथितको सङ्गम कविता सङ्ग्रहको यसमा विवेचना गरिएको छ ।

त्रिपाठीकै शब्दमा भन्दा "सङ्गमका उत्तरवर्ती व्यथित पनि "रूपक" को भारले अत्यन्तै थिचिएका छन् । उनका सतत प्रयुक्त रूपकहरूले कविको संवेदना पक्षलाई केही खजमजाइ दिन्छन् अथवा रूपकको अतिभार कहीँ विघ्नविधायक पनि बनेको छ । व्यथितको प्रारम्भिक कवित्व ज्यादा रूपकाक्रान्त भए पनि उत्तरवर्ती व्यथित उपमा, उत्प्रेक्षा र समासोक्तितिर बढी अग्रसर हुँदै छन् भन्ने कुरा चाहिँ साँचो हो । जे होस् अन्त्यमा म के उल्लेख गर्न चाहन्छु भने

---

[ज्ञण] ऐ. पृ. २१७

कवि व्यथितको प्रतीक विधानको विशिष्ट भूमिका रहेको पाइन्छ र उनको काव्य सृजनाका मर्महरूका दृष्टिले उनको प्रतीक शक्ति महत्त्वपूर्ण छ”[ञञ] भन्दै व्यथितको सङ्गमको विविध पक्षलाई त्रिपाठीले देखाएका छन् ।

## (ड) भिक्षुको कवित्वको क्रमिक परिष्कार

कवि भवानी भिक्षुका छायाँ, प्रकाश र परिष्कार तीन कविता सङ्ग्रहलाई आधार मानेर समालोचना प्रस्तुत भएको छ । यसमा समालोचक त्रिपाठीले छायाँ कविता सङ्ग्रहभित्रका कवि अस्पष्ट छन् । अन्तर मनको संसारमा खेलेका छन् । हिन्दी बिम्बविधान पनि नेपाली भाषामा अनौठा लाग्ने खालका छन्, तथापि काव्यमा मानव मनको अन्तर मन पर्याप्त छ । वेदना र उल्लासको द्वन्द्व आवेग र भावनाहरूको संश्लिष्टता छ । अन्तरमनका घर्षणहरू छन् । जीवनमा प्रणय वसन्तहरू रहस्यमयका चेतनाहरूसँग प्रकट भएका छन् भन्ने कुरा यहाँ प्रस्तुत छ । यहाँ भएका कविताहरूले साँच्चै नै भाव प्रस्ट गर्न नसकेर भावनाहरूलाई छायाँको रूपमा प्रस्तुत गरेको कुरा प्रस्ट पारिएको छ । कवितामा भाषिक कठिनता छ तैपनि गीतात्मक प्रखरता बढी छ । यसैले पाठकलाई बढी छुन सकेको छ भन्ने कुरा छायाँका सन्दर्भका त्रिपाठीले देखाएका छन् । प्रकाशका सन्दर्भमा टिप्पणी गर्दा यस चरणमा कवि यथार्थवादी बन्ने प्रयास गरेका छन् । राजनीति, सामाजिकता र अर्थतन्त्रको पक्षमा समेत कवि यस चरणमा बोलिरहेका छन् । यस चरणको अभिव्यक्तिमा आशावादी स्वर छ, यथार्थको स्वीकृति छ, सामाजिकताको अवलम्बन छ र शैलीमा प्रस्टता समेत आएको छ । त्यसैले प्रकाशका भिक्षु भाव, भाषा र शिल्पका दृष्टिले पहिलो चरणको भन्दा धेरै परिष्कृत छन्, प्रस्ट छन्, सबैले बुझ्ने र पढ्न सक्ने अवस्थाका छन् भन्ने कुरा त्रिपाठीले प्रकाशका सन्दर्भमा यहाँ व्यक्त गरेका छन् । अझै प्रकाशमा पनि पूर्णता भने आएको छैन भन्दै परिष्कार कविता सङ्ग्रहको चर्चा गरिएको छ । परिष्कारमा आउँदा कवि भिक्षु फेरि समाजको यथार्थ पक्षलाई छायाकै स्वरूपमा चित्रण गर्छन् अथवा अन्तर मनको चित्रणतर्फ नै संलग्न छन् । अन्तरमनका इच्छा वासनाहरूलाई र आवेग सोचाइहरूलाई केवल छायात्मकतामा मात्र नराखी प्रस्ट प्रखर अभिव्यञ्जना दिन्छन्, यसैले छायाको परिष्कारका रूपमा यो तेस्रो कविता सङ्कलन देखापरेको छ । भाव, भाषा र शैलीमा भिक्षु तेस्रो चरणमा निकै परिष्कृत र परिमार्जित भई सकेका छन् । यसैले परिष्कारको साँच्चै काव्यात्मक परिष्कार समेत रहेको कुरा देखिन्छ भन्ने कुरा समेत यहाँ समालोचक त्रिपाठीले प्रस्ट पारेका छन् ।

त्रिपाठीकै शब्दमा भन्दा “निश्चय नै लेखनाथ देवकोटा अथवा सम झैँ अथवा घिमिरे, अथवा व्यथित वा रिमाल झैँ कुनै अर्को कवि पनि हुनुपर्छ भन्नु अज्ञान हो । पिकासोले प्रत्येक अलंकारलाई आ-आफ्नो कला संसार रच्ने हक छ भने झैँ कविलाई पनि त्यो हक छ । परिपूर्ण वा सर्वांगीण छितिज हामी कवि भिक्षुमा अवश्य नै पाउँदैनौ तर “परिष्कारसम्म आएर विकसित भएको भिक्षुको शृङ्गारधारा नेपाली कविताको विशिष्ट उपलब्धि हो ।”[ञट]

---

[ञञ] ऐ. पृ. २३२

[ञट] ऐ. पृ. २४०

## (ढ) कविका रूपमा भीमनिधि तिवारी

भक्ति र शृङ्गारका कवि हुन भीमनिधि भन्दै तिवारीलाई व्यंग्य र करूणाका पनि कवि हुन् भन्ने कुराको चर्चा गर्दै व्यङ्ग्यलाई अन्तिम सम्म तिवारीले प्रस्तुत गरेका छन् । यशस्वी शवका तिवारी करुण रसका कवि मानिन्छन् र विष्फोट सिंहदरबारका व्यङ्ग्य कविका रूपमा देखिएका छन् । पहिलो चरणको कविता यात्राले शैलीगत परिष्कार दोस्रो चरणका लागि पनि प्रदान गरेको छ तर उनी दोस्रो चरणमा व्यङ्ग्य कै चरम उपासक बनेका छन् । तर उनको व्यङ्ग्य विशिष्ट स्थानमा पुग्न भने बाँकी छ । तिवारी सामाजिक विश्लेषण र जनजीवनको आर्तनाद व्यक्त गर्ने कविका रूपमा देखिएका छन् ।

भक्ति शृङ्गार र करुणाबाट अगाडि बढ्दै हास्य व्यङ्ग्य क्षेत्रतिर लम्केका तिवारी गजल वाणीका, मात्रा छन्दका र गद्य लयका कवि हुन् । उनका कृतिहरूमा विशिष्ट अन्तरभाव सम्वेग प्रस्तुत हुन पूर्ण रूपमा सकेको छैन र त्यो अभाव उत्तरोत्तर पूर्ण हुँदै जाने आशा पनि तिवारीबाट त्रिपाठीले यहाँ देखाएको पाइन्छ ।

समग्रमा भन्दा “एउटै गीत गाउने पनि भिन्न भिन्न भाखा छ’ सायद अरू कविहरूको भन्दा भिन्नै भाखामा कवि तिवारीले आफ्ना व्यङ्ग्य गीतहरू गाएका छन् । यस दृष्टिले उनी नेपाली कविता परम्पराका महत्त्वपूर्ण शृङ्खला हुन् र कवि हुन् । कविका रूपमा भीमनिधि सदास्मरणीय रहनेछन् ।”[ज्ञघ] भन्दै तिवारीका बारेमा आफ्ना विचारहरू व्यक्त गरेको पाइन्छ ।

## (ण) कवि विजय : केही समालोचनात्मक रेखाङ्कन

कवि विजयलाई पुरानो रोमान्टिक परम्पराका र नयाँ अस्तित्ववादीविसंगतिवादी परम्पराका बीचका कविका रूपमा प्रस्तुत लेखमा राखिएको छ । यिनी युग सन्धिका कविका रूपमा चिनाइएको पाइन्छ । नवीनशिल्प र अन्तर्राष्ट्रिय चेतना जागेको यो बेला युग सन्धिको बेला हो । यस बेलाका कवि विजयले रिमालको क्रान्तिकारीपनलाई पनि अस्तित्ववादी स्वरहरूलाई पनि स्थापित गर्ने काम गरेका छन् । यी दुई धारामध्ये पछिल्लो धारा विजय मल्लका कवितामा बढी मुखरित भएको छ । पुरानो स्वरको बिदाइ र नयाँ स्वरको आमन्त्रण विजयका कविताको मूल भाव बिन्दु रहेको छ । विश्वबोध र अस्तित्वबोध, मानव अस्तित्वप्रतिको आशङ्का कवि विजयका कवितामा पाइन्छ । अन्तर्राष्ट्रियवाद र मानवतावाद उनका कविताका प्रमुख स्वर हुन् । व्यङ्ग्यात्मक रूपमा बम खसाल ए बम खसाल भन्ने कवि राष्ट्रियताको साँघुरो घेरामा संकुचित भावनाले रक्तरंजित भएको मानवतालाई विशाल राष्ट्रिय भावनामा फुलाउन फलाउन चाहन्छन् । अन्तराष्ट्रियता बोध यिनका कवितामा ताजा र जोडदार भएर आएको छ । प्रतीक योजनामा बढी विश्वास गर्ने यी कवि नवसोचाइ र नव नव भाव बन्धनमा रम्ने कविका रूपमा देखिएका छन् । गद्यमय कविता लेखनमा लागेका यिनका कवितामा लयात्मकताको रूप भने कम रहेको छ । बौद्धिकता र रोमान्टिकताको संगम विजय मल्लको कवितात्मक प्रवृत्तिको हो भन्दै विजय मल्ललाई “प्रकृतिबाट पर हटेर जीवनका कतिपय क्षेत्रबाट आफ्ना सहज अलंकारहरू बटुल्ने

---

[ज्ञघ] ऐ. पृ. २४८

प्रवृत्ति लिँदै कवि विजयले सौन्दर्य सृष्टिमा फराकिलो र नयाँ परिवेश अङ्गालेका छन् ।"[ञद्ध] भन्दै कवि विजयको समालोचना गरेको पाइन्छ ।

## (त) कवि भूपीको काव्य यात्रा र यसका तीन चरण

समालोचनक त्रिपाठीले भूपीको काव्य रचनाको मूल्याङ्कन गर्ने क्रममा भूपीको काव्य यात्रालाई कालीगण्डकीसँग तुलना गर्दै मूल्याङ्कन गरेर यो समालोचना लेखेका बेलामा रिडीसम्म आइपुगेकी कालीगण्डकीका रूपमा भूपीको काव्य यात्रालाई हेरेका छन् । यसको समय २०२३ चैत्र मसान्त सम्म हो भन्ने पनि देखाइएको छ । अथवा २०२३ सालसम्मका भूपीका कवितालाई तीन चरणमा बाँडेर प्रस्तुत लेखमा विश्लेषण गरिएको छ भन्ने यसमा उल्लेख गरिएको छ ।

यात्राको प्रथम चरण : आवेग र उत्तेजनाको प्रहर, यात्राको दोस्रो चरण : स्वस्थ रमणीय हुँदै गएको प्रवाह, तेस्रो चरण : जीवनको मर्म बोकेका सुसेलीहरू, भनेर ३ उपशीर्षकमा बाँडेर भूपीको काव्य यात्राको चिरफार गरेको छ । पहिलो उपशीर्षकअन्तर्गत काव्य यात्राको सुरु र २०२३ सम्मको कविता यात्रालाई विभिन्न चरणमा बाँड्ने आवश्यकता र औचित्य एवम् कविताको अवस्थाको वर्णन गरिएको छ । यात्राको प्रथम चरणमा भूपीको नयाँ झ्याउरे कविता सङ्ग्रह २०१० सालमा प्रकाशित भएको हो । यो सङ्ग्रहमा कवि ज्यादै आवेगमय, उत्तेजनामय रहेर राजनीतिक पर्चाबाजीलाई कविताको रूप दिन पुगेको देखिन्छ भन्ने कुरा प्रस्ट पारिएको छ । यसका साथसाथै कविको कवित्व भने यहाँ त्यति खारिन नसकी त्यसै सलबलाएको र उद्बोधित भएको भने अवश्य छ भन्ने कुराको सङ्केत गरिएको छ ।

यात्राको दोस्रो चरण २०१५ सालसम्म हो । यस बेलासम्मका कविताहरूको सँगालो 'निर्भर' कविता सङ्ग्रहका नामले प्रकाशित छ । यस बेलाका कवि भूपी परिष्कारपरिमार्जित हुँदै प्रथम चरणका पर्चाकारभन्दा माथि उठिसकेका छन् । कवितात्मक मर्म र सिर्जनात्मक उष्कर्षमा उठिसकेका छन् । साँच्चै भन्ने हो भने यस बेलमा मात्र भूपीको कवित्व सुरु भएको छ भन्न सकिन्छ । यस बेलाका कवि प्रकृति र मानवमनको विभिन्न पक्षलाई उद्घाटन गरिरहेका छन् । भनाइमा वा अभिव्यक्तिमा सरलता, कोमलता आइसकेको छ । गीतिचेतनामा तीव्रता आएको छ । भावुक र प्रतिभावान् कविको रूपमा यहाँ देखिएका छन् भनेर विभिन्न कविताको विश्लेषण गर्दै प्रस्ट पारिएको छ ।

तेस्रो चरण २०१५ देखि पछिको काव्य यात्राको चरण हो । यस बेलासम्ममा भूपीको तेस्रो सङ्कलन "घुम्ने मेचमाथिको अन्धो मान्छे" (२०३६) कविता सङ्ग्रह प्रकाशित भइसकेको थिएन । तर यसका धेरै कविताहरू विभिन्न पत्रपत्रिकामा छापिसकेका थिए । तिनै कविताहरूलाई तेस्रो चरणका सुसेलीका रूपमा राखिएको छ । यस बेलाका भूपी जीवनभर बोकेका स्तरीय कविका रूपमा देखिएका छन् । उनी जीवन र जगत्लाई यथार्थ रूपमा हेर्दै जीवनको वास्तविकतालाई उत्कृष्ट शैलीमा व्यक्त गरिरहेका छन् । यहाँ कहीँ व्यङ्ग्य र कहीँ लाक्षणिक रूपमा समाजका अस्तव्यस्ततालाई प्रस्तुत गरिरहेका छन् । प्रकृतिलाई मानवीकरण गर्दै प्राकृतिक सौन्दर्यको प्रस्तुति गरिरहेका छन् । राष्ट्रप्रेमको र राष्ट्रिय प्रकृतिको चित्रण गर्दै शृङ्गारिक चेतना

---

[ञद्ध] ऐ. पृ. २५९

प्रष्फुटनसमेत भएको पाइन्छ भन्दै तेस्रो चरणका भूपी भाव र शिल्पका दृष्टिले उत्कर्ष र उत्कृष्ट बन्न पुगेका छन् भन्ने कुरा देखाएका छन् । तेस्रो चरणमा आधार बनाइएका कवितामा सूर्य, मैनबत्तीको शिखा, लाहुरे, पहिरो जाने पहाड मुनितिर, घुम्ने मेचमाथि अन्धो मान्छे जस्ता कवितालाई लिएको छ र यस्ता कविता बौद्धिक र समवेदनात्मक दृष्टिले र सौन्दर्य साधनाका दृष्टिले उत्कृष्ट रहेका छन् भन्ने कुरा पनि उल्लेख गरिएको छ ।

त्रिपाठीकै शब्दमा "कवि भूपीको सौन्दर्य चेतना अब अत्यधिक प्रस्फुटित भइरहेछ । इतिहास, पुराण, प्रकृति र जीवनजगत्को विश्वव्यापी परिवेश अँगाल्दै कवि भूपी सौन्दर्यको आराधनामा तल्लीन देखिन्छन् । सौन्दर्यका नयाँ-नयाँ देशान्तरलाई कवि भूपीले बोलाएर ल्याएका छन् । उनको काव्यवंशीले नयाँ-नयाँ समयान्तरलाई बोलाएको छ । भूपीका प्रतीक, बिम्ब, उपमा, रूपक, उत्पप्रेक्षा र अनुप्रासहरू अब नवीनतम मौलिक र रमणीय छटामा मुक्कुराउँछन् । ज्ञात-अज्ञात सौन्दर्यमाधुर्यको दीप्तिमा कवि भूपीको काव्य - श्री मुस्कुराएकी छ । 'सूर्य', मैनबत्तीको शिखा, 'लाहुरे', पहिरो जाने पहाड मुनितिर र 'घुम्ने मेचमाथि अन्धो मान्छे' आदि भूपीका सौन्दर्य-साधनाका अपूर्व प्राप्ति हुन् । बौद्धिक र सम्वेदनात्मक दुवै दृष्टिले भूपीको सौन्दर्य साधना अत्यन्त सशक्त भएको छ ।"[ज्ञछ]

## (थ) सन्दर्भ कवि म.वी.वि. शाहको : सिंहावलोकन कविता-यात्राको

उसैका लागि कविता सङ्कलनमा तारानाथ शर्माको उग्र आक्रमणको प्रतिवादमा अनेकौं समालोचकहरू उभिएको र प्रशासनिक व्यक्तित्वका कारणसमेत सबै लेखकहरूको आस्थाकेन्द्र बनेका कवि शाह बहुचर्चित कवि हुन पुगेका छन् । वास्तविक व्यक्तिलाई कृतिका सन्दर्भमा र अन्य प्रशासनिक या राजनीतिक सन्दर्भमा एकै ठाउँ समावेश गरेर हेर्नु हुन्न, यसरी एकै ठाउँ राखेर हेर्दा सही समालोचना हुन सक्दैन । यस अर्थ अलग-अलग व्यक्तित्वलाई अलग -अलग राखेर हेर्नु जरुरी हुन्छ । यहाँ शाहको कवि व्यक्तित्वलाई मात्र हेर्ने काम गरिएको छ भनेर थालिएको यस लेखमा मोतीराम, महानन्द, महाकवि देवकोटा र माधव घिमिरेले अवलम्बन गर्दै आएको गीत गजल परम्पराका कवि हुन् म.वी.वि.शाह भनिएको छ ।

शाहका कविता यात्राका तीन चरण छन् - पहिलो चरण उसैको लागि हो । यसमा गजल र गीतहरू छन्, लोकछन्द र मात्रा छन्दहरूमा गेयात्मकता आलङ्कारिता, चमत्कार र बौद्धिकताको कमी छ । वियोग शृङ्गार, करुण र भक्ति रसका भावहरू यहाँ पाइन्छन् । सामाजिक चेतना पनि यहाँ देखिएको छ ।

दोस्रो चरण - फेरि उसैका लागि कविता सङ्ग्रहबाट सुरु हुन्छ । यस चरणमा कविको काव्य सिर्जनामा केही स्तरीयता आएको छ । कविको शब्दशैय्यामा नेपालीपन छ । कोमलकान्त पदावलि छ । गजल र मात्रा छन्दमा लेखिएका यी कवितामा गेयात्मकता छ । प्रथम चरणका तुलनामा दोस्रो चरणका कविता केही स्तरीय छन् । रोमान्टिक प्रवृत्ति र प्रकृतिचित्रण यस चरणका कवितामा पाइन्छ ।

---

[ज्ञछ] ऐ. पृ. २७३-२७४

तेस्रो चरण - फेरि उसैका लागि पछिका कविताबाट देखिन्छ । यसमा कवि केही चिन्तनशील र प्रौढ भएको जस्तो देखिन्छ, जीवन के हो ? जवानी के हो ? जीवनयात्रा कस्तो छ ? जस्ता चिन्तनशील कुराहरू कविमा यस चरणमा उठेका छन् । 'छाडेको बास, एउटा मेसिन'जस्ता कविताले यो देखाएको छ भन्दै समालोचक त्रिपाठीले म.वी.वि.को तीन चरणमा क्रमशः परिष्कार हुँदै आएको कवित्व यात्राको विश्लेषण गरेका छन् ।

## (द) नेपाली कविताको नवीनतम धारा : परम्पराको सापेक्षतामा

प्रस्तुत रचना यस सङ्ग्रहको उत्कृष्ट र बौद्धिक तथा विश्लेषणात्मक गहनतम रचनाका रूपमा छ । यो रचना २०२५ सालको त्रि.वि.को दीक्षान्त समारोहका सम्बन्धमा विश्वविद्यालयका नेपाली संस्कृत, अङ्ग्रेजी र हिन्दी विभागद्वारा आयोजित संयुक्त गोष्ठीमा प्रस्तुत गरेका लेखका आधारमा तयार गरिएको रचना हो । यसमा जम्मा ८ उपशीर्षकमा नेपाली कविता धाराका सन्दर्भमा नवीनतम धारालाई प्रस्ट पारिएको छ । पहिलो उपशीर्षक नेपाली कविताको परम्पराअन्तर्गत पृथ्वी नारायणदेखि सुरु भएको कविता परम्पराले २०० वर्ष पूरा गरिसकेको छ । भक्तिधारा, शृङ्गारधारा, शास्त्रीयतावादी धारा, रोमान्टिक धारा, प्रगतिवादी धारा हुँदै नेपाली कविता परम्परा २०१६ सालसम्म आइपुग्छ । त्यसपछि यी पूर्ववर्ती धाराका साथसाथै छुट्टै मूल प्रवाहलाई अँगाल्दै नयाँ परम्पराको सुरु भएको छ । त्यो हो नवीनतम धारा । यो धारा काठमाडौँबाट छुट्टै र दार्जिलिङ क्षेत्रबाट आयमेली परम्पराअन्तर्गतको तेस्रो आयाममार्फत अगाडि बढेको छ भन्ने कुरा देखाइएको छ ।

दोस्रो उपशीर्षक नवीनतम धाराका समानन्तर कविहरू यसअन्तर्गत पुराना परम्परालाई थाम्दै आएका गुणराज, भरतराज पन्त, किरण खरेल, कृष्णप्रसाद पराजुली, आनन्ददेव भट्ट, गोविन्द भट्ट, यादव खरेल, वासु शशी, पोषण पाण्डे, दैवज्ञराज न्यौपाने, भैरव अर्याल, नीर विक्रम प्यासी, मोदनाथ प्रश्रित, कुलमणि देवकोटा, बानिरा गिरी, प्रेमा शाह आदि कविहरू २०१७ सालपछि पुरानै परम्परामा सक्रिय रहेका कविहरू देखिएका छन् । यसका साथै 'भोको पिढीँ', 'राल्फा मण्डली', 'मन्त्र मण्डली'हरू पनि यस समयमा उदाइरहेका छन् भन्ने कुरा यसअन्तर्गत प्रस्तुत गरिएको छ । यसमा स्वर र स्वर-सन्धानमा अथवा भाव र शैलीमा आएको भिन्नता नै आधुनिकता हो । भावमा जीवनमुखी अभिव्यक्ति देखिन्छ र शैलीमा नवीनपन आएको छ भनिएको छ र यसका अतिरिक्त अस्तित्व र विसंगतिवादी नर्या स्वर मोहन कोइरालाको नेतृत्वमा सुरु भएको छ भनिएको छ ।

ईश्वरको अस्तित्व नरहेको जीवन जो विसङ्गतिपूर्ण छ, बाध्यता निरर्थकता र विसङ्गतिको केन्द्रको रूपमा जीवन रहेको छ । यो विवश जीवन अस्तित्वविहीन भएर बाँचेको छ, लास जस्तै भएर बाँचेको छ भन्दै जीवन अस्तित्व खोज्न लागेको छ, जीवनलाई विरूप, तुच्छ शास्त्रीय र विकृतिग्रस्त चिन्तनले ओतप्रोत भएका बिम्बहरू प्रयोग भएका छन् । विकृत, बीभत्स, छुद्र कुत्सी, शुष्क र अति सामान्य ठानिएको जीवनजगत्का वस्तु र अवस्थाबाट शिल्पविधानलाई रेखाङ्कित र साङ्केतिक ढाँचामा प्रस्तुत गर्ने नवीनतम शिल्प पक्ष सिर्जित हुन पुगेको छ । यस्ता भावलाई व्यक्त गर्न ध्वनिमय प्रवाह पनि प्रस्तुत गरिएको छ । यस्ता शिल्पहरू वैयक्तिक भएर प्रयोग भएका छन् । शब्दहरू पनि भाँचिएका रूपमा स्विकारिएको छ । भाषाविन्यास र शब्दयोजनाका परिपाटी पनि बदलिएका छन् । यसले गर्दा परम्परागत रूपमा पाठकहरूका लागि यस बेलाका रचनाहरू स्वर र सौन्दर्य दुवैमा परिवर्तन आएकाले दुवैमा बोधगम्य हुन सकेको

छैन । यसमा त्रिपाठीले विस्तृत चर्चा गरेर प्रस्ट पार्ने प्रयास गरेको पाइन्छ । **चौथो उपशीर्षक कवि मोहन कोइराला र उनको मण्डली**को चर्चा गरिसकेको छ । मोहन कोइराला र उनको मण्डलीमा कुमार नेपाल, कृष्णभक्त श्रेष्ठ, पोषण पाण्डे, द्वारिकाभक्त श्रेष्ठ, ध्रुवचन्द्र गौतम, जगदीशमशेर, तुलसी दिवस, पुष्कर लोहनी, परशु प्रधान जस्ता कविहरू पर्दछन् । यीमध्ये नवीनतम धाराका सशक्त कविमा मोहन कोइराला आउँछन् । 'घाइते युग', 'फर्सीको जरा', 'लेक, सूर्यदान' जस्ता कविताको माध्यमबाट उनी पद्यमा नवीन स्वरूप दिइरहेका छन्, एवम् शैली पक्षमा पनि नवीनता प्रस्तुत गरिएको छन् । यो धारा नेपालबाट विकसित भएको नवीनतम धारा हो भनेर यस धाराका प्रतिनिधि कवि मोहन कोइरालाका कविताको उद्धरणसहितको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

त्यस्तै पाँचौं उपशीर्षकमा **आमयिक आन्दोलक के हो** भन्ने रहेको छ । यस आन्दोलनका प्रवर्तक इन्द्र बहादुर राई वैरागी काँइला र ईश्वर बल्लभ रहेका छन् । तेस्रो आयाम भन्ने पत्रिका निकालेर त्यसमा सम्पादकीय लेख्दै तेस्रो आयामका सिद्धान्तहरूलाई राई र वैरागीले प्रस्ट पारेको कुरा पनि यहाँ राम्ररी विश्लेषण गरेर देखाइएको छ ।

छैटौं उपशीर्षकमा कवि वैरागी काइँला राखिएको छ र उनको मातेको मान्छेको भाषणको राम्ररी चर्चा र विश्लेषण गरिएको छ ।

सातौं उपशीर्षक स्वर र स्वरसन्धान : मेरा धारणा रहेको छ । यसभित्र नवीनतम कविताको भाव र शैली पक्षमा समालोचक त्रिपाठीले आफ्ना धारणाहरू समेत प्रस्तुत गरेका छन् ।

यस भित्र नवीनतम कविताको भाव र शैली पक्षमा समालोचक त्रिपाठीले आफ्ना धारणाहरू विश्लेषणात्मक रूपमा प्रस्तुत गरेका छन् । यी धारणाहरू सातओटा बुँदामा प्रस्तुत गरिएको छ ।

त्यस्तै आठौं उपशीर्षकमा नेपालको मोहन कोइरालाको मण्डली र दार्जिलिङको आयामिकता सम्बन्धमा तुलना गरिएको छ । यसमा मोहन कोइरालाको मण्डलीको योगदान बढी महत्त्वपूर्ण स्विकारिएको छ । तथापि आयामिक कविता बढी सम्प्रेष्य रहेको भन्ने कुरा पनि उल्लेख छ ।

वासुदेव त्रिपाठीकै शब्दमा सारांशमा "अन्तर्राष्ट्रिय र समसामयिक चिन्तन सन्दर्भ दिनु र जीर्णशीर्ण भावुकताबाट मुक्त नवीन कलात्मकताको आह्वान गर्नु नयाँ कविताको अत्यन्त महत्त्वपूर्ण घटना हो । यसैले मोहन कोइराला, वैरागी काइँला, पारिजात, मदन रेग्मी, ईश्वर वल्लभ र उपर्युक्त एक दर्जनभन्दा बढी नवीनतम कविहरूको साहसिलो सञ्चेतनाप्रति नेपाली कविता परम्परा कृतकृत्य रहनेछ तर वैरागी काइँला बाहेक अन्य कविहरूमा प्रशस्त टीका-टिप्पणी गर्नुपर्ने कारणहरू छन् । हामी पर्खौं उनीहरूको भावी प्रौढतालाई ।"[ज्ञट]

---

[ज्ञट] ऐ. पृ. ३१८

## ५.२.१.१ (आ) **कृतिकेन्द्रित समालोचना**

समालोचक त्रिपाठीले काव्यकविताका कृतिहरूलाई आधार मानेर समीक्षा गरेका समालोचनासम्बन्धी कृतिहरू यसअन्तर्गत छुट्टयाइएका छन् । हुन त प्रवृत्ति केन्द्रित समालोचनामा पनि कृतिसम्बन्धी कुरा आउँछ, तथापि अध्ययन सुविधाका लागि समालोचनाको प्राथमिकतालाई हेर्दै गरिएको यो विभाजनलाई सामान्य रूपमा मात्र हेर्नुपर्ने हुन्छ भन्ने धारणा समेत यहाँ अगाडि सारिएको छ ।

कृति केन्द्रित सिंहावलोकनका समालोचनाहरूमा (१) 'सत्यकलिसम्वाद'लाई विभिन्न कोणबाट हेर्दा, (२) लेखनाथको बौद्धिकताको पूर्वरूप : बुद्धि विनोद, (३) गीतिकाव्य 'मुनामदन' र देवकोटाको प्रकृति-विचरण, (४) साहित्यमा दार्शनिकताका प्रसङ्गमा देवकोटाको 'सुलोचना' महाकाव्य, (५) कवि सिद्धिचरणको 'उर्वशी' खण्डकाव्य : अन्तर्द्वन्द्वका सन्दर्भमा, (६) कवि शाहका कविता गङ्गाका भक्तिलहरी र (७) 'लेक', प्रणयकाव्य र कवि मोहन कोइराला रहेका छन् ।

### (क) **'सत्यकलिसम्वाद'लाई विभिन्न कोणबाट हेर्दा**

(१) त्रिपाठीको प्रस्तुत समालोचनामा बाह्र (१२) उपशीर्षक छन् । पहिलो प्राक्कथन उपशीर्षकअन्तर्गत भानुभक्त र लेखनाथको चर्चा गर्दै लेखनाथका कृतिभित्र रहेको दार्शनिक पक्षको चर्चा गर्ने कुरा उठाइएको छ ।

दोस्रोमा दर्शन यात्रा : 'सत्यकलिसम्वाद' देखि 'गङ्गा गौरीसम्म' दिइएको छ । यसमा सत्यकलिसम्वादमा लेखनाथको समाज सचेत दर्शन यात्राको आरम्भ विन्दु हो र त्यसबाट सुरु भएको दार्शनिक यात्रा लालित्य, मेरो राम, तरुणतपसी हुँदै गङ्गा गौरीमा गएर समाप्त भएको छ । यसमध्येको निकटतम दार्शनिक यात्राको महत्त्वपूर्ण समाधिको निकटतम केन्द्रस्थल हो 'तरुणतपसी' भन्ने उल्लेख भएको छ ।

तेस्रो उपशीर्षक लेखनाथको आध्यात्मिकताको स्वरूप राखिएको छ । आध्यात्मिकताको परिभाषा गर्ने क्रममा "यस जीवनका भौतिक सफलताको मदिरामा नलठ्ठिएर नैतिक मूल्यमान र आदर्श चरित्रमानमा विश्वास राख्दै त्यस परममय ज्योतिको सायुज्यको निम्ति अनवरत सचेष्ट रहने जीवनपथ आध्यामिक दर्शनले दिएको छ ।"[ज्ञठ] भनेर चिनाएको पाइन्छ । यसै क्रममा लेखनाथको सत्यकलिसम्वादमा लेखनाथले हिन्दू धर्म र अध्यात्म दर्शनको स्वरूपलाई प्रस्तुत गरेका छन् भन्ने देखाइएको छ ।

चौथौ उपशीर्षक 'हिन्दू जागृति र लेखनाथ' रहेको छ । यसमा राजनीतिक, आर्थिक, समामाजिक, मानसिक, सांस्कृतिक र धार्मिक दृष्टिले चिरसुसुक्त हिन्दू जातिलाई घच्घच्याउने काम लेखनाथले गरेका छन् । यो हिन्दू जातिको उत्थान र आफ्नो गौरवको स्थापना लेखनाथको प्रमुख पक्ष हो । सत्यकलिसम्वादमा यो प्रस्ट रूपमा रहेको कुरा यहाँ उल्लेख छ ।

---

[ज्ञठ] ऐ. पृ. ३०

पाँचौं उपशीर्षक 'लेखनाथको दार्शनिकतामा व्यङ्ग्य दृष्टि' रहेको छ । व्यङ्ग्यात्मक रूपमा लेखनाथले हिन्दूहरूलाई हरेक दृष्टिबाट उठ्दै आफ्नो आध्यात्मिक दर्शन र नैतिकतामा अग्रसर भई समाजमा रहेका जातपात छुवाछुतजस्ता कुराहरूलाई त्याग्नुपर्छ भनेको कुरा यहाँ उल्लेख गरिएको छ ।

छैटौँको उपशीर्षक 'लेखनाथ : जनजीवनका यथार्थवादी चित्रकार' राखिएको छ । यसअन्तर्गत त्यसबेलाका जनजीवनमा रहेका विकृति घुस, तमाखु, गरीबी रोग, जुवातास, झगडा, रक्सी आदि र पैत्रिक अंशमा हुने गरेको नेपालीहरूको झै-झगडालाई एवम् बालविवाहलाई र गरीबको स्थितिलाई अत्यन्त राम्रो रूपमा चित्रण गर्दै यसलाई हटाउनेतर्फ कविको सङ्केत रहेको छ भन्ने यहाँ उल्लेख छ । यस क्षेत्रमा सामाजिक विकृतिहरूतर्फ बढी कविको ध्यान गएको पनि देखिएको छ ।

सातौँ उपशीर्षक 'सत्यकलिसम्वादको आध्यात्मिकता' रहेको छ । यसअन्तर्गत त्रिपाठीले निष्काम कर्मवादलाई लेखनाथले आधार बनाएको कुरा उल्लेख छ । जीवन क्षणिक छ । सम्पत्ति भोगको निम्ति जति हिरिक्कै भए पनि एक दिन यस संसारबाट रित्तो हात लिएर जानैपर्छ यो कुरा प्रत्येक मान्छेले बुझ्नुपर्ने हो किन बुझ्नेनन् भन्ने कुरामा कविको चिन्ता रहेको कुरा अध्यात्म दर्शनसँग आबद्ध गरेर यहाँ प्रस्तुत गरिएको छ । गरीब झन् गरिब भइरहेछ भने के चाहियो अब शिलाहरू पुज्नाले ? भनेर कविले यहाँ आर्य चिन्तनको अमूल्य रागी अध्यात्मबादलाई बिर्सिएकाले त्यो स्थिति आएको कुरा समेत उल्लेख गरेका छन् भन्ने कुरा देखाइएको छ ।

आठौँ उपशीर्षकमा 'अन्तर्विरोध : वेदान्त र विज्ञानमा' भनिएको छ । प्रस्तुत उपशीर्षकअन्तर्गत सत्य र कलि दुवैको मुखबाट विज्ञानको स्तोत्र गाउन लगाएको कुरालाई अन्तरविरोधको रूपमा यहाँ समालोचकले उठाएका छन् । पछिल्लो समयमा लेखनाथ विज्ञानको विरोधी देखिएका छन्, तर सत्यकलिमा विज्ञान र अध्यात्म दुवैका उपासक रहेको देखिएको हुनाले अन्तर्विरोध रहेको हो भन्नेकुरा त्रिपाठीले यहाँ उल्लेख गरेको पाइन्छ ।

नौँ उपशीर्षकमा 'यथार्थवाद र आध्यामिकताको अन्तर्द्वन्द्व' रहेको छ । यस शीर्षकमा चारवाकको अतिभौतिकवाद लेखनाथ मन पराउँदैनन्, चाहिने सामान्य मानवजीवनका लागि आवश्यक खाने, लगाउनेलाई मात्र भौतिवादको समर्थन गर्दै यसबाट अध्यात्मवादतर्फ उन्मुख हुनुपर्छ भन्ने कुरा लेखनाथले व्यक्त गरेको कुरा समालोचकज्यूले यहाँ उल्लेख गरेका छन् ।

दसौँ उपशीर्षक 'यथार्थवाद र राणा अङ्ग्रेज स्तुति' रहेको छ । यहाँ लेखनाथले राणा अङ्ग्रेजको वीरताको प्रशंसा-गीत गाएको पाइन्छ । यसबाट हिन्दू दर्शनलाई त्यस बेला लेखनाथले बिर्सेको जस्तो देखिन आउँछ भन्ने कुरा देखाइएको छ ।

एघारौँ उपशीर्षक 'अन्तर्विरोधका सम्बन्धमा' रहेको छ । यस क्रममा लेखनाथ एकातर्फ राणा अङ्ग्रेजहरूको प्रशंसा गरिहेका छन् भने अर्कोतर्फ हिन्दू दर्शनको मूल आध्यामिक चुरोलाई यहाँ छोडेको देखिन्छ भन्ने कुरा सङ्केत गरिएको छ ।

बाह्रौँ उपशीर्षक 'उपसंहार' हो । यसमा सत्यकलिको मूल उद्देश्यबारे आत्ममूढ नेपाली समाजमा पुनर्जागरणका लागि शङ्खघोष गरेका छन् । यो पुनर्जागरण हिन्दूहरूको दार्शनिक

चेतनाका आधारमा अघि बढ्नुपर्छ भन्ने ध्येय पनि यसमा देखिएको छ भन्ने कुरा समालोचक त्रिपाठीले उल्लेख गरेको पाइन्छ ।

## (ख) लेखनाथको बौद्धिकताको पूर्वरूप : बुद्धिविनोद

प्रस्तुत लेखमा त्रिपाठीले लेखनाथलाई भाग्यवान् साहित्यकारको रूपमा हेरेका छन् । हाम्रो साहित्यमा कलापक्ष र भावपक्षको सन्तुलन ल्याउने आध्यात्मिक बौद्धिकताको प्रवेश गराउने श्रेय लेखनाथलाई जान्छ भन्ने कुरा यहाँ उल्लेख छ । लेखनाथको पहिलो पुस्तकाकार मौलिक कृति सत्यकलिसम्वाद हो भन्दै यसमा समाज सचेत सुधारवादी स्वर प्रस्तुत भएको छ भने लेखनका हिसाबले दोस्रो कृति बुद्धिविनोदमा दार्शनिक चेतनाको प्रस्फुटन भएको छ भन्ने यहाँ प्रस्तुत गरिएको छ ।

वास्तवमा सृष्टिको सुरुवातदेखि नै प्रबुद्ध प्रतिभाहरू जीवन र जगत्का रहस्यहरूलाई कोटयाउँदै आएका छन् । यस्तै क्रममा लेखनाथले पनि जीवन र जगतबारेका रहस्यतर्फ बुद्धिविनोदमा प्रश्न उठाएका छन् । छलफल गरेका छन् र आखिरमा लेखनाथले ईश्वर वा परमात्माको एक अंशका रूपमा मानव जीवन हो । यसैले मानव जीवनले कहिल्यै पनि आफू ईश्वरको अंशबाट विमुख भएर भोग विलासमा रम्ने होइन, ईश्वरको चिन्तन गर्दै जीवनलाई आध्यात्मिकता र विज्ञान दुवैको परिपोषण बुद्धिवाद र तर्कको आधारमा स्थापित गर्नुपर्छ भन्ने र यसैको आधारमा जीवनको सार्थकता रहेको छ भन्ने कुरा यस लेखमा समालोचक त्रिपाठीले प्रस्तुत गरेको पाइन्छ ।

त्यस्तै लेखनाथका आध्यात्मिक बौद्धिकताको चेतना सगरमाथा जतिकै अग्लो प्रतिस्पर्धा विहिन उचाइमा रहेको छ र यही गहन दर्शन समाजका लागि अत्यन्त उपयोगी छ भन्ने कुरा सुन्दर काव्यकलाको माध्यमबाट लेखनाथले प्रस्तुत गरेका छन् । यो स्वरूप बुद्धिविनोदमा देखिएको छ पछि गएर यही बीज रूप लेखनाथको बौद्धिकताको वटवृक्ष तरुणतपसी र गंगागौरीमा हुन पुगेको कुरा यसमा सङ्केत गरिएको छ ।

## (ग) गीतिकाव्य 'मुनामदन' र देवकोटाको प्रकृति विचरण

देवकोटाको अत्यन्त लोकप्रिय काव्य मुनामदन हो र यो काव्यभित्र नेपाली प्रकृति मूर्त रूपमा देखिएको छ भन्ने कुराबाट थालिएको प्रस्तुत लेख ५९ औं देवकोटा जयन्तीको अवसरमा त्रि. वि. वि. नेपाली परिषद्द्वारा आयोजित समारोहमा प्रस्तुत गरिएको लेख हो ।

प्रस्तुत लेखमा प्रकृतिलाई व्यक्तित्व प्रदान गरेर किट्सले झैँ अथवा ऋतु विचारका लेखनाथले झैँ मुनामदनका देवकोटाले नेपाली प्रकृतिलाई मूर्त रूप दिएका छन् । हिमालको वर्णनमा कठोर प्रकृति, पहाडी प्रदेशको वर्णनमा कोमल र झरझराउँदो भावनामय प्रकृतिको चित्रण देवकोटाले जस्ताको तस्तै प्रयोग गरेको पाइन्छ । प्रकृतिको चित्रण गर्दा देवकोटाको कल्पना अझ रङ्गीबिरङ्गी हुन पुगेको छ । वास्तवमा पुस्तक पत्रिकाको आधारमा प्राप्त गरेको प्रकृतिभन्दा यथार्थमा अनुभव गरेको प्रकृति विशिष्ट हुन्छ, यस्तै देवकोटाले आफूले अनुभव गरेको प्रकृतिलाई व्यक्त गर्ने कार्य गरेका छन् ।

विविध - देवकोटाको कृतिहरूमा यो यथार्थ प्रकृतिको स्वरूप प्रस्ट झल्किएको छ । मुनामदनमा झन प्रकृतिलाई अवलम्वन गरेर, केही उद्दीपनका रूपमा समेत प्रस्तुत गरेको भावनालाई देवकोटाले विवेकशील सहज र सरलवाक्यमा व्यक्त गरेको पाइन्छ भन्दै उदाहरणको रूपमा गुलाब मीठो जरामा बन्छ, कीराको आहार जस्ता अंश प्रस्तुत गरेको पाइन्छ ।

## (घ) साहित्यमा दार्शनिकताका प्रसंगमा देवकोटाको 'सुलोचना' महाकाव्य

प्रस्तुत समालोचनामा साहित्य र दर्शन, उपर्युक्त परिवेशमा देवकाटोको जीवन दर्शन र सुलोचनाका देवकोटाको जीवन दृष्टि गरेर तीन उपशीर्षकमा केन्द्रित रही सुलोचनाको दार्शनिक पक्षमा चर्चा गरिएको पाइन्छ । पहिलो शीर्षक अन्तर्गत मानिस के हो र जीवन के हो ? का रहस्यात्मक कुराहरू प्रतीको दृष्टि दर्शन हो र साहित्यमा प्रत्येक साहित्यकारले कुनै न कुनै जीवन दर्शन बोकेको हुन्छ यो क्रम पूर्व र पश्चिमका साहित्यकारहरूलाई हेर्दा अझ प्रस्ट हुन्छ । पश्चिमका दाँते, मिल्टन, वर्डवर्स्थ ब्राउनीग, टाल्सटाय, गोर्की आदिका साहित्यमा पनि कुनै न कुनै दर्शन रहेकै देखिएको छ भने अश्वघोष, कालिदास, जस्ता पूर्वीय कविहरू र लेखनाथ, सम, घिमिरे जस्ता नेपाली कविहरूले पनि दर्शनलाई अँगाले झैं देखिएको छ । यसैक्रममा महाकवि देवकोटाको सुलोचनामा पनि जीवन दर्शन प्रस्ट रहेको छ । यसैको बारेमा प्रस्तुत लेखमा छलफल गरिएको छ भन्ने कुरा उल्लेख गरिएको छ ।

दोस्रो उपशीर्षकमा देवकोटाको जीवन दर्शन बारे चर्चा गरिएको छ । यसमा देवकोटाले रमरम बौद्धिकता आफ्ना कृतिमा रहेको कुरा आफैं स्विकारेका छन् । रमरम बौद्धिकता पनि कस्तो दर्शनसँग सम्बन्धित भन्ने कुरामा दाँते, लेखनाथ, टाल्सटायजस्ता प्रस्ट दर्शन बोकेका कविहरू भन्दा सेलिको जस्तो दर्शनसँग देवकोटा नजिक रहेका देखिन्छन्, जो मानव जीवनसँग यथार्थ नजिक सम्बन्ध राख्दछ भन्ने कुरालाई उल्लेख गरिएको छ ।

तेस्रो उपशीर्षक अन्तर्गत 'सुलोचना काव्य देवकोटाको जीवन दृष्टि' भनेर यस काव्यमा देवकोटाले प्रस्तुत गरेको जीवन दर्शनलाई प्रस्तुत गर्ने कार्य गरिएको छ । देवकोटा नअध्यात्मवादी, नभौतिकवादी भएर यहाँ देखिएका छन् । उनको विचारमा "जिन्दगी न त मासु हो न आत्मा हो । दुवै कुरा" भनेर भौतिक शरीरलाई पनि स्विकारेका छन् भने आत्मालाई पनि स्विकारेका छन् । अध्यात्मवादी हुँदाहुँदै पनि यस महाकाव्यमा शरीर र आत्माको सामञ्जस्य अथवा मेल नै जीवन हो । यी दुई पक्षमा मेल हुन सकेन भने जीवन विध्वंस भएर जान्छ भन्ने कुरा सुलोचना महाकाव्यमा कविले प्रस्तुत गरेको मूल जीवन दर्शन हो । अनङ्ग र सुलोचनाको जीवन विध्वंस हुनु यी नायक नायिकाको शरीर र आत्माको सामञ्जस्य अथवा मेलमिलाप हुन नसक्नु नै हो भन्ने निचोड देवकोटाले यहाँ प्रस्तुत गरेका छन् । यस रूपमा शरीर वा भौतिक पक्ष आत्मा वा आध्यात्मिक पक्षमा सितिमिति यो धर्तीमा समुचित सामञ्जस्य हुन गाह्रो कुरा हो र यो हुन सक्यो भने मात्रै जीवन जीवन बन्छ भन्ने मूलभूत कुरा यहाँ आफ्नो दर्शनका रूपमा देवकोटाले व्यक्त गरेका छन् भन्ने उल्लेख गरिएको छ ।

## (ङ) कवि सिद्धिचरणको 'उर्वशी' खण्डकाव्य : अन्तर्द्वन्द्व सम्बन्धमा

क्रान्तिकारी प्रगतिवादी एवम् मानवीय मनका सूक्ष्म अनुभूतिका विश्लेषक जस्ता अनेकन प्रवृत्तिहरूसँग सम्बन्धित कवि सिद्धिचरण रोमान्टिक छायावादी कवि हुन् र उक्त कुरा कोपिला,

मेरो प्रतिबिम्ब, उर्वशी, जस्ता कविताकाव्य कृतिले प्रस्ट पारेको छ । यसै सन्दर्भमा उर्वशी खण्डकाव्य उर्वशी र अर्जुनको अन्तर्मनका सूक्ष्म र सबल अनुभूतिहरूलाई अन्तर्मुखी चिन्तकका रूपमा प्रस्तुत गर्ने कविका रूपमा यहाँ चर्चा गरिएको छ भन्ने कुरा समालोचक त्रिपाठीले विभिन्न उदाहरणहरू प्रस्तुत गरेर प्रस्ट गरेका छन् । यहाँ हृदय पक्ष र विचार पक्षको द्वन्द्व देखाइएको छ । उर्वशीमा हृदय पक्षको प्रधानता रहेको छ भने अर्जुनमा विचार पक्षको प्रधानता रहेको छ । यही विचार पक्ष कर्मठ हुन पर्छ, कर्तव्यनिष्ठ हुनुपर्छ, समाजलाई केही गर्न र केही दिनका लागि जीवन हो, भावनामा मोजमजा र ऐस आराममा डुबेर जीवनलाई बिताउनु हुँदैन भन्ने विचार अर्जुनको हो । जीवन भनेको जीवन हो प्रणय र वासनाले जीवनलाई पूर्ण प्रभाव पारेको हुन्छ । जीवन नै यही हो । शरीर र इन्द्रियहरू नै जीवनका प्रमुख पक्षहरू हुन् । यो सोच उर्वशीको हो । उर्वशी भित्र पनि आफ्नै मन र बुद्धि पक्षका अन्तर्द्वन्द्व छन् ।

अर्जुनभित्र पनि बुद्धि र मनका अन्तर्द्वन्द्वहरू छन् । दुवै पात्र आ-आफ्ना अन्तर्द्वन्द्वमा पहिले पिसिएका छन् र भावना प्रधान उर्वशी र विचार प्रधान अर्जुनमा केन्द्रित भए पछि उर्वशी र अर्जुनका बीच अन्तर्द्वन्द्व प्रस्तुत भएको छ । यही अन्तर्द्वन्द्व नै उर्वशी खण्डकाव्यको प्रमुख पक्ष हो ।

पहिलो चरणमा मन पक्षको हार र विचार पक्षको जितका रूपमा कविले यसलाई प्रस्तुत गरेका छन् भने पछि उपसंहार अंशमा आएर विचार पक्षको हार र मन पक्षको जित स्विकार्दै आखिरमा मान्छे मनवादी भएर नै टुङ्गिन्छ । पहिलो पक्षमा जेजस्ता उच्च विचार, त्याग, तपस्या र बलीदानी भएर हिँड्न चाहे पनि आखिरमा मान्छे मन पक्षबाट नै सञ्चालित हुन पुग्छ भन्ने कुरा समेत अन्तर्द्वन्द्वका सन्दर्भमा समालोचक त्रिपाठीले प्रस्तुत गरेको पाइन्छ । यस खण्डकाव्यमा प्रस्तुत भएको अन्तर्द्वन्द्व स्वयम् लेखकको जीवनको अन्तर्द्वन्द्व पनि हो भन्ने कुरा पनि यहाँ उल्लेख छ ।

### (च) कवि शाहका कविता : गङ्गाका भक्ति लहरी

प्रस्तुत समालोचना म. वी. वि. शाहका ईश्वरभक्तिसम्बन्धी कविताको समालोचना गरिएको रचना हो । प्रस्तुत रचनामा मान्छे ईश्वरवादी पनि हुन सक्छ । यहाँ कवि म. वी. वि. शाह ईश्वरवादी कविका रूपमा पनि देखिएका छन् भन्ने कुरा शाहका ईश्वरप्रार्थना र पुकारासम्बन्धी कविताहरूको विश्लेषण गरेर यो लेख तयार गरिएको छ । यहाँ भौतिक पूजा भन्दा मानसिक पूजाको समेत उल्लेख गरिएको छ । शरणागतको पुकार कविको सर्वोकृष्ट भक्ति कविता हो भन्ने कुरा यहाँ लेखकले प्रस्तुत गरेको पाइन्छ ।

### (छ) लेक प्रणयकाव्य र कवि मोहन कोइराला

प्रस्तुत रचना नेपाली कविताको नवीनतम धारा र परम्पराको सापेक्षतामा शीर्षकको पूरकको रूपमा देखिएको छ । यस लेखमा मोहन कोइरालाको लेक कविताको विवेचना गरिएको छ । यो प्रणय काव्य हो । यो मेघदूत जस्तै कृति गनिन पुग्छ । मेघदूतको मेघ र लेकको म पात्र

उस्तै छन् । प्राकृतिक चित्रणको स्वरूप पनि उस्तै भैँ छ । शैली सन्धान भाषा अथवा वाक्य विधान भने आफ्नै प्रकारको पाइन्छ भन्दै कविले पिकदूतदेखिका प्रणय काव्य र खण्डकाव्यका सन्दर्भमा सूर्यदान, लेक र पलङ नं. २१ लामा कविताको सन्दर्भ प्रस्तुत गरेका छन् । विभिन्न कविहरूले नारीलाई सम्बोधित गर्ने प्रेम पात्रको रूपमा रहेको प्रसङ्ग उल्लेख गर्दै यस लेक काव्यमा पनि त्यस्ता प्रसङ्ग रहेको कुरा पनि उल्लेख गरिएको छ ।

यहाँ देखिएको लेक ईश्वरको अस्तित्वबाट मुक्त छ । जीव विज्ञानका प्रभावमा रहेको वैयक्तिक मान्छेका आफ्नै अहम्, इच्छा र कल्पनाहरू छन् । नियतिको विडम्बनामा यो सचेतमा पनि पर्छ, त्यस्तै नारी पात्र पनि वैयक्तिक चरित्रमा देखापर्छ । लेककाव्य स्मृतिका विशृङ्खल भित्री तत्त्वहरूमा आधारित छ । भावहरू परस्पर छरिएको प्रस्टअप्रस्ट र शृङ्खला विहिन छन् । भाषा खजमज छ तर पनि यो कवितात्मक छ, सम्वादमय जस्तो देखिन्छ । अर्थीनुलाई यसले प्रधानता दिएको छैन । अन्तरतम अभिव्यञ्जनात्मक भावनाहरू यसमा प्रस्फुटित छन् । यस्तै विशेषताहरू प्रस्तुत लेक कविताले बोकेको छ भन्ने कुरा विभिन्न अन्य कविहरूको प्रसंग समेतलाई उल्लेख गर्दै कविताका अनेकन अंगको उद्धरण सहित व्याख्या र विश्लेषण गरेर लेक कविताको जीवन मूल्यका सन्दर्भमा प्रस्ट पार्ने काम भएको छ । विभिन्न विम्व र प्रतीकहरूको प्रयोगले सूक्ष्म, तीव्रं र वासनात्मक आरोपणहरूलाई प्रस्ट पारेको छ । नव प्रयोगका शिल्प विधानले परम्परागत प्रयोगलाई हाँक दिएको छ भन्ने कुरा सामलोचकले यहाँ प्रस्ट पारेका छन् ।

"स्ट्रिम अफ कन्सस्नेस शैलीमा लेक काव्य लेखिएको छ, अस्पष्टता र अबोधता पाठकहरूमा प्रसस्त छन् । सम्प्रेषणको समस्या छ, तैपनि यो काव्य नवीनतम प्रयोगको सन्दर्भमा स्वागत योग्य कृतिका रूपमा लिन सकिन्छ भन्ने कुरा यहाँ त्रिपाठीले प्रस्ट शब्दमा व्यक्त गरेका छन् ।

## ५.२.१.२ **विचरण** (२०२८) **को अध्ययन**

वासुदेव त्रिपाठीको गद्य र नाटक क्षेत्रका समालोचनात्मक लेखहरूको सँगालो विचरण हो । यो समालोचक त्रिपाठीको दोस्रो पुस्तककार कृति हो । यो कृति २०२८ सालमा भानु प्रकाशनबाट प्रकाशित भएको छ । यसमा गद्य र नाटक क्षेत्रका दियालो, ने.रा.वि., भानु, मधुपर्क, रत्नश्री, रूपरेखा, हाम्रो संस्कृतिजस्ता पत्रिकामा ०२३ सालदेखि प्रकाशित हुँदै आएका बाह्र (१२) ओटा समालोचनात्मक लेखहरूलाई समावेश गरिएको छ । यो कृति गद्य र नाटक क्षेत्रको विचरण हो र नेपाली स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूका लागि तयार गरिएको पाठ्यसन्दर्भ सामग्रीका रूपमा यस कृतिलाई लेखकले लिएको पाइन्छ । यसमा प्रायोगिक समालोचनाका रचनाहरू मात्र सङ्कलित छन् ।

तुलनात्मक, व्याख्यात्मक एवम् विश्लेषणात्मक पद्धतिलाई अङ्गालेर विस्तृत रूपमा समालोचना गरिएका प्रस्तुत सङ्ग्रहका लेखहरू गद्य र नाटक क्षेत्रका उत्कृष्ट समालोचना मानिन्छन् । यी रचनामा कृतिलाई समग्र पक्षमा हेर्ने काम भएको छ । तर समालोचनात्मक शैली भने वर्णनात्मक नभएर काव्यात्मक छ । अभिधामूलक प्रस्तुति नभएर लाक्षणिक र व्यञ्जनात्मक हुन पुगेको छ । सरल भाषाभन्दा आलङ्कारिक भाषाको अभिव्यक्ति देखिन पुगेको छ । यस सङ्ग्रहमा रहेका कृतिहरूलाई यस प्रकार अध्ययन गरिएको छ ।

### (१) **लोक कथाका मूल्यहरूलाई औँल्याउन खोज्दा**

प्रस्तुत समालोचना यस सङ्ग्रहको पहिलो रचना हो । लोक कथाका बारेमा विश्लेषण गरिएको यस लेखमा साहित्यिक मूल्य-मूल्यान्तरहरू गरेर दुई उपशीर्षकमा लोक कथाबारे चर्चा गरिएको छ । कथा साहित्यको पूर्व रूप लोककथा नै हो । आधुनिक कथा अमेरिका र रूसबाट १९ औं शताब्दीमा थालिएको भए पनि प्राचीन कृति ऋग्वेद, बाइबलजस्ता ग्रन्थहरूमा पनि कथाको चर्चा भएको हुनाले मानव सभ्यताको सुरुवात सँगसँगै मानवका सोचाई, मान्यता र मूल्यलाई लोक कथाले जोगाउँदै ल्याएको छ । अविकसित मानवजातिका लोककथाहरू आज पनि उनीहरूको सभ्यता र संस्कृति लोककथाकै माध्यममा जीवित राखेका छन् । प्राचीनताको वा आदिममताको यथार्थ रूप लोक कथामा पाउन सकिन्छ । समाज वा जाति इतिहासको अन्वेषणका लागि लोककथा विशिष्ट स्रोत बन्न सक्छ । लोककथा आदिम जीवनको अन्तसाक्ष पनि बनेको छ । रमणीयता, नैतिकता, मनोरञ्जन, शृङ्गारिक भावना एवम् धार्मिक भावनाहरूको परिपोषकका रूपमा लोककथाहरू रहेका छन् र यिनै लोककथाको पृष्ठ भूमिमा आधुनिक कथा पनि समाजमा स्थापित हुन सकेका छन् जस्ता कुराहरू यसभित्र सङ्केत गरिएका छन् ।

### (२) **आधुनिक नेपाली कथाको परम्परा र कथाकार भिक्षु**

प्रस्तुत समालोचना लेखक केन्द्रित समालोचना हो । यो २०२६ सालमा लेखिएको रचना हो । यसमा भिक्षुको कथाको लामो विवेचना छ । भिक्षु पूर्व, उत्तरवर्ती र समकालीन कथाकारहरूको चर्चा गरेर भिक्षुको स्थान निर्धारण गर्ने काम गरिएको छ । यसका साथै भिक्षुका कथाहरूको चिरफार गर्ने काम गरिएको छ ।

यस लामो रचनामा भिक्षुका पूर्ववर्ती कथाकारहरू एवम् भिक्षुका समवर्ती कथाकारहरू, कथाकार भिक्षु र गोठाले तथा गुनकेशरीका भिक्षु, प्राथमिक कथाकार, मैयाँसाहेबका, आवर्तका र कथाकार भिक्षुका उत्तरवर्ती कथाकारका रूपमा प्रस्तुत छ । समाहारमा भिक्षुको कथाकारिता ९ उपशीर्षकमा बाँडिएको छ ।

पहिलो उपशीर्षकअन्तर्गत गुनकेशरी मैयाँसाहेब र आवर्त तीन कथा सङ्ग्रहहरूको उल्लेख गरेर भिक्षुले १९९५ सालदेखि कथा लेखन थालेका हुन् भने भिक्षुभन्दा पहिले गुरूप्रसाद मैनाली पुष्करशमशेर, बालकृष्ण सम, विश्वेश्वरप्रसाद कोइरालाजस्ता आधुनिक कथाकारहरूले नेपाली आधुनिक कथाको प्रथम चरण स्थापित गरिसकेका थिए भनिएको छ ।

दोस्रो चरणमा मात्र भिक्षु कथा साहित्यमा प्रवेश गरेका हुन् । भिक्षु विश्वेश्वरप्रसादको उत्तराधिकारी मनोविज्ञान प्रधान कथा लेख्ने कथाकारका रूपमा देखिएका छन् भनी यसमा भनिएको छ ।

दोस्रो उपशीर्षकमा भिक्षुका समवर्ती कथाकारहरूमा शिवकुमार राई, रूपनारायण सिंह, प्रधान, देवकोटा, गोविन्दबहादुर गोठाले, पूर्णप्रसाद ब्राह्मण, तारिणीप्रसाद कोइरालाजस्ता कथाकारहरू देखिन्छन् । यीमध्ये गोविन्द बहादुर गोठाले र भिक्षु उत्कृष्ट प्रतिनिधि कथाकार मानिन्छन् भन्ने कुरा देखाएको छ ।

तेस्रो उपशीर्षकअन्तर्गत गोविन्द बहादुर गोठाले र भिक्षुका कथागत प्रवृत्ति र विशेषताहरूलाई केलाउँदै ती दुईका भिन्नता र समानताको चर्चा गरेर गोठाले मूलतः काठमाडौँ उपत्यकाको जनजीवन प्रधान कथाकार र भिक्षु अन्तरमनका विश्लेषक कथाकार, गोठाले सरल गद्यात्मक शैलीका र भिक्षु कृत्रिम शैलीका काथाकार हुन् भन्दै दुईमध्ये भिक्षुलाई रतिरागात्मक अन्तरमूखी प्रवृत्तिको कथाकारका रूपमा चर्चा गरिएको छ ।

चौथो उपशीर्षकअन्तर्गत गुनकेशरीका भिक्षुको चर्चा छ । यस सङ्ग्रहका कथाहरू भिक्षुका प्रथम चरणका कथा हुन् । यीमधये ९/१० कथा रतिरागमै केन्द्रित छन् । विवाहित, कुमारी अथवा विधवा नारीको अन्तरहृदयको प्रणय नै यस चरणका भिक्षुका कथाका विशेषता हुन् भन्ने कुरा यसमा प्रस्ट गरिएको छ ।

पाँचौँ उपशीर्षकअन्तर्गत मैयाँसाहेबका कथाकार भिक्षु राखिएको छ । यसमा सङ्कलित कथाहरूमा गुनकेशरी जस्तो गुडुल्किएर, अल्भिएको मानसिकतामा सुधार आएको छ । विश्लेषणात्मकतामा प्रौढता आएको छ । भावुकपनमा कमी आएको छ । सामाजिक परिवेशको प्रयोग गरिएको छ । २००७ सालपछिको राणाकालीन परिवेशलाई अङ्गीकार गरिएको छ । तैपनि यसभित्रका कथाहरू पनि रतिरागकै सेरोफेरोमा छन् कुमारी, विधवा र विवाहिता नारीमा र यस्तै पुरुषहरूका मनोव्यथा यस सङ्ग्रहका कथाहरूमा पाइन्छ । हारजीत, बाबुसाहेबको कोट, सैनिकजस्ता कथा भने रतिरागबाट केही टाढा छन् ।

सामान्य रूपमा भन्दा भिक्षु मानसिक दुर्घटनाका कथा शिल्पी हुन् र कृत्रिम भाषा शैलीका कथाकार हुन् भन्न सकिन्छ भन्ने कुरा यसमा विश्लेषण साथ प्रस्तुत गरिएको छ ।

छैटौँ उपशीर्षक “आवर्तका कथाकार भिक्षु” हो । यसमा जीवनजगतका विविधतालाई पनि भिक्षुले समेटेका छन् । यसमा सामाजिक परिवेश पनि ह्रासोन्मुख उच्चवर्ग र नव-उत्थानशील उच्च मध्यमवर्गको सामाजिकता प्रस्तुत गरेका छन् । मानवीय मनस्थितिको चित्रणमा नै यहाँ पनि कथाकार रमाएका छन् । अरू कथा सङ्ग्रहको तुलनामा आवर्त बहिर्मुखी छ । यहाँ कथा शिल्प निकै परिष्कृत भएको देखिन्छ तैपनि करुण कथाकार यहाँ पनि छन् । छोटो सम्वाद प्रयोग गर्ने प्रयासमा भिक्षुको भाषा शुद्ध बन्दै गएको छ तर अझै परिष्कार लिन भने सकेको छैन । यस्ले भिक्षु यहाँ पनि केही भिन्न कथाकारका रूपमा नै देखिएका छन् । तर मधिशे नेपालीले नेपाली साहित्यप्रति गरेको उनको योगदानको विशेष महत्त्वको छ समेत भनिएको छ ।

सातौँ उपशीर्षक भिक्षुका उत्तरवर्ती कथाकारहरूसँग सम्बन्धित छ । दोस्रो चरणका कथाकार हुन् भिक्षु । भिक्षुपछि आयामिक अकथा जस्ता नयाँ-नयाँ प्रयोगसँग सम्बन्धित कथाहरू लेख्ने र प्रगतिशील, यौवनवादी चिन्तन प्रधान कथाहरूको शृङ्खला अगाडि बढेको छ । यसमा पोषण पाण्डे, पारिजात, इन्द्रबहादुर राई, कुमार नेपाल, पुष्कर लोहनी, प्रेमा शाह, रमेश विकल, ध्रुवचन्द्र गौतम आदि कथाकारहरू पर्छन् । यी कथाकारहरूमा भिक्षुको अप्रत्यक्ष प्रभाव रहे पनि प्रत्यक्ष प्रभाव भने उत्तरवर्ती कथाकारहरूमा पर्न सकेको छैन भन्ने कुरा यस उपशीर्षकअन्तर्गत विश्लेषण गरिएको छ ।

आठौँ उपशीर्षक “समाहारमा भिक्षुको कथाकारिता” हो । भिक्षु कवि सुलभ भाव प्रवणताका रतिरागका कथाकार हुन् । शिष्ट रतिराग उनका कथामा पाइन्छ । यिनी सम्वेदनशील छन् । शैली क्लिष्ट भए पनि जटिलतालाई स्विकारदैनन् । नारी हृदयको पिडालाई व्यक्त गर्ने कथाकारका रूपमा भिक्षुलाई लिन सकिन्छ भन्ने कुरा यस उपशीर्षकअन्तर्गत समावेश गरिएको पाइन्छ ।

### (३) सन्दर्भ आधुनिक नेपाली कथाको : चर्चा कथाकार मैनाली र विश्वेश्वरको

प्रस्तुत लेख २०२६ सालमा लेखिएको लेख हो र यसमा आधुनिक कथाको पृष्ठभूमि प्रस्तुत गर्दै उक्त पृष्ठ भूमिमा देखापरेका प्रथम चरणका प्रमुख चार कथाहरूमध्ये पनि प्रमुख रहेका मैनाली र विश्वेश्वरका कथाको विश्लेषण र मूल्याङ्कन गरिएको छ । यो उक्त दुई कथाकारको योगदानको मूल्याङ्कन समेत गरिएको लामो रचना हो ।

यसमा (१) आधुनिक नेपाली कथाको सन्दर्भ -

(२) आधुनिक नेपाली कथाको प्रथम प्रहर,

(३) कथाकार मैनालीको मूल्याङ्कन,

(४) कथाकार विश्वेश्वरप्रसाद कोइरालाको मूल्याङ्कन र

(५) उपसंहार, उपशीर्षक दिएका छन्

पहिलो उपशीर्षकअन्तर्गत नेपाली कथाको स्वरूप १८३३ देखि सुरु भएको हो । यो १९४६/४८ हुँदै गोरखापत्रको माध्यमबाट विकसित हुँदै आएर शारदा पत्रिका प्रकाशनको पूर्वअवस्था सम्ममा प्राचीन कथाका धार्मिक, नैतिक, शृङ्गारिक, अरबी, फारसी प्रभावका जासुसी कथाको समाप्त भई आधुनिक कथाको सुरुवात शारदा पत्रिकाबाट भएको हो । शारदासँग आधुनिक नेपाली कथाको युग सुरु भएको छ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

उपशीर्षक २ अन्तर्गत आधुनिक नेपाली कथाको प्रथम प्रहर १९९१/९५ हो । यस बेला शारदा र अन्य पत्रिकाको माध्यमबाट थुप्रै कथाकार देखापरे तैपनि त्यस बेलाका प्रतिनिधि कथाकारका रूपमा मैनाली, पुष्करशमशेर, सम र विश्वेश्वसर ४ जना कथाकार प्रतिनिधि कथाकारको रूपमा लिई सूर्य विक्रम ज्ञवालीले १९९५ मा कथा कुसुम नामको यी चार कथाकारका १० ओटा कथा प्रकाशित गरे, यही प्रथम प्रहरको प्रतिनिधि सँगालो हो । यसमा सामाजिक कथाका क्षेत्रमा मैनाली, तार्किक कथामा पुष्कर, चारित्रिक कथामा सम, रतिरागात्मक मानसिकताको यौनमनोविज्ञानमा कोइराला गरेर चार जनाले चारओटा विशेषता बोकेको देखिएको छ । यीमध्ये मैनाली सामाजिक कथाकार देखिएका छन् भन्ने कुरा यहाँ समालोचक त्रिपाठीले प्रस्तुत गरेका छन् ।

उपशीर्षक तीन 'कथाकार मैनालीको मूल्याङ्कन' रहेको छ । यसमा पूर्ववर्ती अति रञ्ननात्मक र उपदेशात्मक धारालाई तोड्दै सामाजिक यर्थाथवादी आर्दशपरक कथापरम्पराको थालनी मैनालीले गरेका छन् । २००७ पूर्व र २००७ सालको आसपासको गाउँले पारिवारिक र जनजीवनलाई मैनालीले जस्ताको तस्तै रूपमा आफ्ना कथामा उतारेका छन् त्यतिखेरको समाजका धारणाहरू र व्यवहारहरू जस्ताको तस्तै रूपमा प्रस्तुत गरेका छन् र सत्पक्षको विजय र असत् पक्षको हार आफ्ना कथामा देखाएका छन् । पात्रहरू सोभ्का, सरल र शान्त प्रकृतिका समेत देखिन्छन् । सरल पात्रहरू अन्यायमा परे पनि तत्कालका प्रतिक्रियाका भन्दा सत्यको एक दिन विजय हुन्छ भनेर पर्खने अवस्थाका छन् । बोलचालको भाषाभन्दा परिष्कृत भाषा यिनका पात्रले बोल्ने गरेका छन् । भाषाशैली ज्यादै चोखो र मिठो छ, कवितात्मक भाषासमेत यसमा देखिन्छ । समाजको यथार्थ चित्रण गर्दै समाज सुधारको सन्देश दिनु उनका कथाको उद्देश्य देखिन्छ । पहिलो चरणका कथाहरूमध्ये मैनाली जेठो र प्रभावकारी कथाकार मानिन्छन् भन्दै मैनालीका ११ कथाको चर्चा गरेर मैनालीको समग्र मूल्याङ्कन गरिएको देखिन्छ ।

उपशीर्षक चारमा "कथाकार विश्वेश्वरप्रसाद कोइरालाको मूल्याङ्कन" रहेको छ । यसमा मैनाली र विश्वेश्वर सँगसँगै कथा क्षेत्रमा आएका कथाकार भए पनि विश्वेश्वर निकै नयाँ र नयाँ पुस्ताका भ्कैं देखिन्छन् । कथा सङ्गठन र भावमा नयाँपन विश्वेश्वर दिन थाल्छन् । छिण कथानक र रतिरागात्मक मनोविज्ञानको सुरुवात विश्वेश्वरबाटै थालिएको छ । जो पछिका लागि प्रेरणास्रोत बनेको छ । फ्रेन्च, अङ्ग्रेजी र रुसी कथाबाट प्रभावित विश्वेश्वरका कथा नवीन, यथार्थवादी कथाकारका रूपमा देखिन्छन् । समाजसँग सम्बन्धित मनोविज्ञानपरक प्रस्तुति उनका कथाको आर्कषण छ । विश्वेश्वरको भाषा भने मैनालीको भ्कैं शुद्ध र प्रभावमय छैन । वाक्यगठन, शब्दयोजना आदिमा खुकुलोपन पाइन्छ । उनका कथामा पत्रकारिता शैलीको भाषा प्रयोग भएको छ भन्दै विश्वेश्वरको कथाकारिताको मूल्याङ्कन गरिएको पाइन्छ ।

पाँचौं उपशीर्षक उपसंहार हो । यसमा प्रथम प्रहरका मैनाली, सम, पुष्कर र विश्वेश्वरका बारेमा छोटो सारांश मूलक टिप्पणी गरेर यी कथाकारहरूमध्ये मैनाली र विश्वेश्वर पछिसम्म पनि सक्रिय कथाकार रहे । यिनीहरूले यस नेपाली कथा यात्राको युगानुयुगका लागि एउटा बाटो स्थापित गरिदिए भनेर यो अंश समाप्त गरिएको पाइन्छ ।

## (४) “निबन्धकार देवकोटा र नेपाली निबन्धको अभ्युदय”

निबन्धका विषयका सम्बन्धमा एउटा मात्र समालोचनात्मक लेख यहाँ सङ्कलन गरिएको छ । अरू विधामा भन्दा निबन्ध विधामा समालोचकको अभिरुचि कम भएको यसले देखाउँछ ।

प्रस्तुत लेखमा चार उपशीर्षक रहेका छन् ।

पहिलो उपशीर्षकमा- “नेपाली निबन्धको प्रारम्भिककाल
दोस्रो उपशीर्षकमा - ‘निबन्धकार देवकोटा’
तेस्रो उपशीर्षकमा - ‘लक्ष्मी निबन्ध सङ्ग्रहको जीवन जगत्’
चौथो उपशीर्षकमा - ‘निबन्धकारका रूपमा देवकोटाको मूल्याङ्कन, रहेका छन्

पहिलो उपशीर्षकअन्तर्गत निबन्धका बारेमा “निबन्ध स्फुट रचना हो । विचार, वर्णन वा भावनालाई स्फुट रूपमा ल्याउने प्रयासबिना निबन्ध रचना थालिन्न ।”[ञड] भनेर निबन्धको बारेमा टिप्पणी थालिएको छ । नेपाली भाषामा निबन्धको पृष्ठ भूमिका रूपमा रहेको कृति १८३१ वि.सं. को दिव्योपदेश हो । मोतीराम, गोरखापत्र, सुन्दरी माधवीका लेख रचना हुँदै निबन्ध शैली परिष्कार हुन थाल्छ र १९७५ वि.सं. को चन्द्रिका पत्रिकाबाट भने निबन्ध भन्न सुहाउने खालका नेपाली निबन्धहरू देखिए पनि आधुनिक नेपाली निबन्धको सुरुवात १९९२ को शारदा पत्रिकाबाट मात्र भएको छ भन्न सकिन्छ । हुनत वेदविधि शर्मा, विद्यावर्ती नाहान, पारसमणि, सूर्यविक्रमका प्रयासहरू यसपूर्व पनि कम प्रशंसनीय छन् भन्न सकिन्छ भन्ने कुरा यसमा उल्लेख गर्दै देवकोटा पूर्वको निबन्धको अवस्थालाई सङ्क्षिप्त चर्चा गरिएको पाइन्छ ।

दोस्रो उपशीर्षकमा ‘निबन्धकार देवकोटा’ भनिएको छ । यसमा देवकोटा पहाडी जीवन निबन्ध लिएर १९९२ को शारदा पत्रिकामा देखा परे । यसपछि उनले आत्मपरक मान्टेगको निबन्धात्मक शैलीसँग नजिक रहेको शैलीमा रोमान्टिक भाव धारालाई प्रस्तुत गर्दै थुप्रै निबन्धहरू लेखेका छन् । देवकोटाका निबन्धहरूको सँगालो लक्ष्मी निबन्ध सङ्ग्रह २००२ मा प्रकाशित भएपछि देवकोटा नेपाली निबन्ध क्षेत्रका विशिष्ट निबन्धकारका रूपमा स्थापित भएका छन् र देवकोटाले नै नेपाली निबन्धलाई सशक्त र स्तरीय बनाएका छन् । गद्य महाकाव्य जस्तो लाग्ने देवकोटाको निबन्धको शैली कवितात्मक छ । सहज र हृदयस्पर्शी छ । ईश्वर, प्रकृति र मानवलाई एकाकार रूपमा देवकोटाले प्रस्तुत गरेका छन् । रोमान्टिक सोच उनको यहाँ व्यक्त भएको छ । बौद्धिक कसरत यहाँ छैन । बनावटी कलाभन्दा प्राकृतिक कला रोचक हुन्छ भन्ने देवकोटा वास्तवमा कृत्रिमपनदेखि टाढा रहेका छन् भन्ने कुरा यसमा प्रस्तुत गरिएको छ ।

तेस्रो उपशीर्षक ‘लक्ष्मी निबन्ध सङ्ग्रहको जीवनजगत्’ रहेको छ । यसमा देवकोटाले देखेको संसारलाई आध्यात्मिक प्रभावमा हेरेका छन् । अनिश्वरवादीभन्दा ईश्वरवादी बनेका छन् । तर उनको ईश्वर एक्लो छैन, प्रकृतिसँग गाँसिएको छ । ईश्वर, प्रकृति र मानवताको त्रिकोणात्मक बिन्दुमा जीवन र जगतलाई हेर्ने काम देवकोटाले लक्ष्मी निबन्धमा गरेका छन् । प्राचीन हिन्दू सभ्यताको जीवनलाई आदर्श मान्दै आधुनिक जीवनको व्याख्याता झैँ उनी

---

[ञड] वासुदेव त्रिपाठी, ‘विचरण’, (पहिलो संस्करण), (काठमाडौँ : भानु प्रकाशन, २०२८) पृ. ६२ ।

देखिन्छन् । प्राचीनताका पुजारी हुँदै आधुनिकताका सन्देशबाहक बनेका छन् । प्रकृतिका सरल, सहज ग्रामीण जीवन र बनउपवन एवम् सरल सहज ग्रामीण समाज देवकाटा मन पराउँछन् । सहरी जीवन औपचारिक जीवन, यान्त्रिकजीवन देवकोटा मन पराउँदैनन् । यी देवकोटाका धारणाहरू लक्ष्मी निबन्ध सङ्ग्रहको श्रीगणेशाय: नम, लेख्ने बानी, कला र जीवनजस्ता निबन्धहरूमा प्रस्ट पारिएको छ भन्ने कुरा यस अंशमा प्रस्तुत गरिएको छ । रमरम, बौद्धिकता र भाव सत्यकै आधारमा जीवन र जगतलाई हेर्ने काम देवकोटाले लक्ष्मी निबन्ध सङ्ग्रहमा गरेका छन् भनी यहाँ प्रस्ट गरिएको छ ।

चौथो उपशीर्षकमा 'निबन्धकारका रूपमा देवकोटाको मूल्याङ्कन' रहेको छ । यसमा सम वस्तुपरक परिमार्जित शैलीको निबन्धकार हुन् भने देवकोटा सरल शैलीका आत्मपरक निबन्धकार हुन् । यी दुई निबन्धकारहरू प्रथम चरणका विशिष्ट निबन्ध प्रतिभा हुन् । बदरीनाथ, भीमनिधि, पूर्णप्रसाद ब्राह्मण, रामकृष्ण शर्मा, हृदयचन्द्रसिंह प्रधान, इन्द्रबहादुर राई, केशवराज पिडालीजस्ता निबन्धकारहरू निबन्ध क्षेत्रमा देखिए पनि देवकोटा सबैभन्दा विशिष्ट र स्तरीय निबन्धकार देखिएका छन् । देवकोटाको उत्तराधिकारीका रूपमा पछिल्ला चरणमा शंकर लामिछाने देखिए पनि आफ्नो जीवनकालभरि निबन्ध क्षेत्रका वरवृक्ष झैं भएर देवकोटा आफू निबन्ध क्षेत्रमा उभिएका छन् र अरूलाई छाहारी दिइरहेका छन् भनिएको छ ।

नेपाली निबन्धको परम्परामा सर्वोच्चताका दृष्टिले देवकोटालाई हाँक दिन सक्ने कुनै प्रतिभा अद्यावधि देखापरेको छैन । नेपाली निबन्ध संसारमा उनी अझै सर्वोच्च प्रतिभा रहेका छन् । यत्तिमात्र होइन, देवकोटाको "लक्ष्मी निबन्ध सङ्ग्रह" लिएर हामी अन्तर्राष्ट्रिय निबन्धको हाराहारीमा उभिन सक्छौं भनेर देवकोटाको मूल्याङ्कन गरिएको छ ।

## (५) आधुनिक नेपाली उपन्यासको पृष्ठभूमि र प्रथम प्रहर

उपन्यास विधासँग सम्बन्धित प्रस्तुत सङ्ग्रहका तीनओटा लेखहरूमध्ये यो पहिलो हो । यसमा नेपाली उपन्यासको विचरण गर्ने क्रममा १९९३ सम्मलाई प्रथम प्रहर भनेर त्यस बेला सम्मका उपन्यासहरूको चर्चा गरिएको छ । यसमा जम्मा चार उपशीर्षक छन् । पहिलो उपशीर्षक प्राक्कथन हो । यसमा १६ औं १७औं शताब्दीमा पश्चिमी साहित्यमा थालिएको उपन्यास साहित्य हाम्रो लागि पनि पश्चिमी देनका रूपमा आएको छ भनिएको छ । करिब-करिब २० औं शताब्दीमा मात्र एसियाई मुलुकहरूमा स्थापित भएको उपन्यास परम्परा नेपालीमा विक्रमको २० औं शताब्दकिो अन्तसम्ममा मात्र आइपुग्छ । अङ्ग्रेजी, हिन्दी, बङ्गाली हुँदै नेपालीमा पनि आधुनिक उपन्यास शिल्प पश्चिमबाट नै प्रवेश भएको हो र १९९१/९२ र ९३ मा क्रमश: सुमति, रूपमती र भ्रमरको प्रकाशनपछि नेपाली उपन्यासले आधुनिक रूप स्थापित गरेको हो भन्ने कुरा यसमा देखाइएको छ ।

दोस्रो उपशीर्षक 'आधुनिक नेपाली उपन्यासको पृष्ठभूमि' रहेको छ । यसमा नेपाली भाषामा लेखिएका गद्य कृतिहरू सुन्दरानन्द वाणाको अध्यात्म रामायण (१८९६), स्वस्थानी व्रत कथा (१९४४), वीरसिक्का (१९४६), सुखार्णव (१९५०) लाई गद्य, आख्यानको पृष्ठभूमिका रूपमा रहेको कुरा चर्चा गरिएको छ । यी कृतिहरूले उपन्यासको स्वरूपलाई नदेखाए पनि शैलीगत परिष्कार भने अवश्य उपन्यासलाई लिएका छन् भन्ने कुरा देखाइएको पाइन्छ । १९५६ को वीर चरित्र, १९५८ को महेन्द्र प्रभा, उपन्यासका सन्दर्भका प्रथम नेपाली उपन्यास हुन । सुन्दरी भूषण,

उपन्यास तरगीणी, महारानी प्रियमवदा र डाक्टर सूर्यप्रसाद उपन्यास परम्पराका महत्त्वपूर्ण कृति हुन्, दयाकी भावी र राजपूत रमणी पनि नेपाली उपन्यास परम्पराका अरू महत्त्वपूर्ण कृतिहरू हुन् । यी कृतिहरू पश्चिमी उपन्यासको सिको गर्दै रचना गरिएका र अनुवाद गरिएका कृतिहरू भए पनि नेपाली उपन्यासको स्वरूप निर्माण गर्नमा महत्त्वपूर्ण भूमिका खेल्ने कृतिका रूपमा आएका छन् । यिनै कृतिहरूको पृष्ठभूमिमा आधुनिक उपन्यासको सिर्जना भएको हो भन्ने कुरा देखाइएको छ ।

तेस्रो उपशीर्षकमा 'आधुनिक नेपाली उपन्यासः प्रथम कृति सुमति' राखिएको छ । यसमा सुमति आधुनिक सन्दर्भको प्रथम पाइलाको रूपमा रहेको खरदार विष्णुचरण श्रेष्ठको कृति हो । यो पुरानो प्रवृत्तिलाई छोड्दै नयाँ प्रवृत्तितिर आएको देखिन्छ । यहाँ अतिरञ्जना को मात्रा कम छ । तथापि औपदेशिक भारले भने यो कृति निकै थिचिएको छ । समग्रमा भन्दा यो कृति आधुनिक नेपाली उपन्यासको पहिलो पाइलो हो । स्तरीय नभए पनि लर्खराउँदो आधुनिक प्रथम उपन्यास हो भन्ने कुरा यसमा देखाएका छन् ।

चौथो उपशीर्षकमा 'आधुनिक उपन्यास : दोस्रो कृति रूपमती' भनिएको छ । यसमा १९९२ मा छापिएको रूद्रराज पाण्डेको रूपमती उपन्यास आधुनिकताको स्वरूपलाई देखाउने महत्त्वपूर्ण उपन्यास हो । बोलचालको भाषामा सामाजिक कथावस्तुलाई प्रस्तुत गरिएको यो कृति सुमतिभन्दा निकै शिल्पविधानमा प्रौढ छ, परिष्कृत छ । औपदेशिक प्रवृत्तिमा पनि सुधार आएको छ । आधुनिक उपन्यासको विकासको क्रममा यसले स्तरीयता कायम गर्न निकै प्रयास गरेको छ । झट्ट हेर्दा यसले आधुनिकतामा पूर्णता ल्याएको जस्तो देखिन्छ । तैपनि प्रौढता भने प्राप्त भइनसकेको र यस क्रममा भ्रमरले भने पूर्णता लिन सकेको देखिन्छ भन्ने कुरा देखाइएको छ ।

पाँचौं उपशीर्षक 'आधुनिक उपन्यासको पूर्ण प्रतिष्ठा : भ्रमर' भन्ने रहेको छ यसमा १९९३ मा प्रकाशित दार्जिलिङका साहित्यकार रूपनारायण सिंहको उपन्यासको चर्चा गरिएको छ र यो भ्रमर कृति नै पूर्ण आधुनिक नेपाली उपन्यास हो भन्ने कुरा देखाइएको छ । यसको वस्तुगठन, पात्र विधान, वातावरण, भाषाशैली आदि सवै पक्षमा यो कृति स्तरीय देखिन्छ भनेर सुमति रूपमती र भ्रमर हुँदै यी तीन कृतिको माध्यमबाट नेपाली उपन्यासले आधुनिक रूप लिएको हो । प्रथम प्रहरका यी तीन कृति नेपाली साहित्यका महत्त्वपूर्ण आधुनिक उपन्यास कृति हुन् भन्ने कुरा देखाइएको छ ।

## (६) बाङ्देलका औपन्यासिक प्रवृत्तिहरू

प्रस्तुत शीर्षकमा नेपाली उपन्यासको दोस्रो प्रहर यथार्थवादी धारासँग सम्बन्धित उपन्यासकार लैनसिंह वाङ्देलका उपन्यास र उनको उपन्यासकारिताबारे विश्लेषण गरिएको छ ।

रूपनारायण सिंहको भ्रमरपछि देखिएको लैनसिंह वाङ्देलको मुलुकबाहिर उपन्यास पहिलो यर्थाथवादी नेपाली उपन्यास हो ।

प्रस्तुत उपन्यास निम्नवर्गीय जीवनचरित्रको उपन्यास हो । यसमा समाजका निम्नवर्गीय परिवार, गाउँघर, छरछिमेक र पात्रहरूको आन्तरिक पक्षसमेतको यथार्थ चित्र प्रस्तुत गरिएको छ । अझ वाङ्देलको २००४ मा प्रकाशित लङ्गडाको साथी यथार्थवादभन्दा पनि अति

यथार्थवादको प्रयोगात्मक उपन्यास हो । यसमा उपन्यासकार मानवतावादी बनेका छन् । मानव, आत्मा र मानवीय चेतनालाई सामाजिक सन्दर्भमा त्यसको खोजीको सङ्केत पनि दिन्छन् । मानवीय मूल्यको सम्मान गर्छन् । यहाँ चित्रकार वाङ्देलको चित्रकारिता शैलीको छाप पनि देखिन्छ । वाङ्देल रूपनारायण झैँ सुखान्त उपन्यासकार होइनन् त्रासदी र दुःखान्त नै उनको अभिष्ट रहेको छ । करुण बनेर पग्लनु उनको विशेषता छ । माइतीघर उपन्यासमा यो प्रवृत्ति अझ बढी छ । मानसिकस्तरमा मानवीय मनोभूमिको अभिव्यञ्जना गर्छन् । वाङ्देलले आन्तरिक गतिशीलता र अभिव्यञ्जना सामाजिक चापमा प्रस्तुत गरेको पाइन्छ । समाजपरक हुँदाहुँदै पनि मानसिक वृद्धिका करुणामय दुःखान्त जीवनका चित्रकारका रूपमा यहाँ वाङ्देल देखिएका छन् । यथार्थपरक सम्वादकला सामान्यस्तरको भाषा, विधान पाइन्छ र कवितात्मकता वाङ्देलका भाषामा कमै पाइन्छ । वस्तु सङ्गठनमा पनि छिण कथावस्तु सङ्गठन छ । एउटै शीर्षकमा एउटा आख्यान प्रमुख रहनुपर्नेमा यहाँ रनेको जीवनपछि फेरि माइला भुर्जेलको जीवनगाथा सुरु भएको छ । यो वस्तु सङ्गठनमा नयाँ कुरा हो । कथा सङ्गठनमा रेखाङ्कन मात्र छ । चरित्रमा बढी अन्तरर्मुखी र दृश्यात्मक अभिव्यञ्जनात्मक प्रविधि अपनाएको छ ।

वास्तवमा वाङ्देल नयाँ यथार्थवादी मोड दिने सशक्त उपन्यासकार हुन् भन्ने कुरा यहाँ उनका मुलुकबाहिर, लङ्गडाको साथी र माइतघर उपन्यासको विश्लेषण गरेर उनका प्रवृत्तिहरूलाई प्रस्ट पार्ने काम गरिएको छ ।

## (७) **विजय मल्ल उपन्यासकारका रूपमा**

उपन्यास विधासँग सम्बन्धित अन्तिम रचना यही रचना हो । यसलाई विजय मल्लको अनुराधा उपन्यासलाई आधार मानेर प्रस्तुत गरिएको छ । यो उपन्यास मनोविश्लेषण नयाँ चिन्तन र शिल्पको, औपन्यासिक प्रयोगले नयाँ प्रकारको बनेको छ भन्ने कुरा यसमा देखाइएको छ ।

वाङ्देल र हृदयचन्द्रका उत्तराधिकारी विजय मल्ल सामाजिक विद्रोह प्रस्तुत गर्ने, मानसिक चरित्रलाई प्रस्तुत गर्ने, बौद्धिकतालाई आधारशीला बनाउने उपन्यासकारका रूपमा देखिएका छन् । यिनी वाङ्देल र हृदयचन्द्रको सक्षम उत्तराधिकारी हुन् । तर पनि उनले नयाँ प्रवृत्तिको आह्वान गर्दै मनोविश्लेषणात्मक उपन्यासको सुरुआत गरेका छन् । वैयक्तिक अन्तरमुखी, बौद्धिक र विद्रोही क्रान्तिकारी प्रतिष्शोधात्मक पात्रको स्थापनाबाट व्यक्तिवादी चरित्रको परम्परा यिनले नै स्थापना गरेको पाइन्छ । अनुराधा र कोमलमानको सामाजिक, पारिवारिक सन्दर्भलाई प्रस्तुत गरेर अहम् बोधको अभिव्यक्ति दिने उपन्यासकारले जुन नयाँ प्रयोग गरेका छन् । यसले नयाँ सोचको थालनी गरेको सङ्केत गर्छ । जीवन चरित्रलाई सामाजिक, मानसिक र बौद्धिक तीन स्तरमा हेर्नु यिनको अर्को विशेषता हो । जीवनका विशृङ्खलताहरूको विद्रोह जुन अनुराधाबाट प्रस्तुत भएको छ । यो पनि नयाँ प्रवृत्ति हो । यो उपन्यास नयाँ जीवनपद्धतिको खोज हो भन्ने कुरा पनि यहाँ देखाइएको छ । प्रस्तुत उपन्यासको कथा संस्मरणात्मक स्वरूपको छ । चरित्रमा अन्तर्मुखी र विद्रोहात्मकता छ । भाषिक सुष्कता पाइन्छ । यो आत्मा अभिव्यक्तिको पद्धतिमा लेखिएको उपन्यास हो । वाक्य गठनमा भने त्यति शुद्धता छैन भनिएको पाइन्छ ।

समग्रमा भन्दा उपन्यासका रचना पक्षहरूमा केही कमी देखिए पनि केन्द्रीय प्रभावका आधारमा यो एक प्रभावकारी उपन्यास बनेको छ भन्न सकिन्छ भन्ने कुरा यहाँ देखाइएको छ ।

## (८) 'मुटुको व्यथा' परम्परा र समकै नाटकहरूका सन्दर्भमा

प्रस्तुत संग्रहमा समेटिएका नाटकसँग सम्बन्धित चारवटा समालोचनात्मक लेखहरूमध्ये यो पहिलो हो । यसमा समलाई परम्परागत सन्दर्भबाट उनका कृतिगत आधारमा समेत विश्लेषण गरेर प्रस्ट पार्ने काम गरिएको छ ।

यसमा (१) उपशीर्षक 'समपूर्वका नेपाली नाटकहरू र मुटुको व्यथाको आगमन'
(२) उपशीर्षक 'मुटुको व्यथा पूर्वीय परम्परासँग अलग्गिएका नाट्य शैली'
(३) 'सम कविता नाटकका प्रयोगकर्ता र चरमोत्कर्ष'
(४) 'द्वन्द्वात्मकका दृष्टिमा समको नाट्य कला'
(५) 'त्रासदीय प्रभावका दृष्टिले समको नाट्यकला' गरी पाँच उपशीर्षक रहेका छन् ।

पहिलो उपशीर्षक अन्तर्गत मुटुको व्यथाको प्रकाशन १९८६ पूर्वको नाट्य परम्पराको चर्चा गरिएको छ । संस्कृत नाट्य प्रभावमा नै नेपाली नाटक जन्मने र हुर्कने कार्य भएको छ भन्ने कुरा यसमा उल्लेख छ । हास्यकदम्ब, मुद्रा राक्षसहरू नेपाली नाटकका प्रारूप हुन् भने मोतीरामका शाकुन्तला, प्रिय दर्शिकाले नाट्य स्वरूपलाई निर्धारण गरेको छ । स्वारको अटल बहादुर पश्चिमी प्रभावलाई देखाउने नाटक हो । वीर ध्रुवचरित्र, भर्तृहरिनिर्वेद र अखी फारसी आख्यानका अब्दुल हसन, शाह वहसन जस्ता नाटकहरूको पृष्ठभूमिमा आधुनिक पश्चिमी नाट्यपरम्पराको शैलीलाई अपनाउँदै आधुनिक नाटकको रूपमा मौलिक 'मुटुको व्यथा' नामको नाटक १९८६ सालमा प्रस्तुत गरेर पुरानो परम्परालाई समाप्त गर्दै आधुनिक नाटक परम्पराको जग समले बसाएका हुन् भन्ने कुरा लेखिएको छ र नाटक क्षेत्रमा सम विशिष्ट र एक छत्र प्रतिभा हुन् भन्ने कुरा पनि उल्लेख गरिएको छ ।

उपशीर्षक दुईमा मुटुको व्यथा : पूर्वीय परम्परासँग अलग्गिएको नाट्य शैली भन्ने शीर्षकअन्तर्गत मुटुको व्यथालाई चर्चा गर्दै कथावस्तु, पात्रविधान, रचनाशिल्प जस्ता कुराहरूमा पूर्वीय परम्पराका कालिदास, अश्वघोष भास, भवभूति जस्ता नाटककारहरू भन्दा भिन्न खालका नाटकहरू समले रचना गरेका छन् । र उनका नाटकहरू ग्रीक र अङ्ग्रेजी नाटक परम्परातिर लम्केका छन् भन्ने कुरा देखाइएको छ । कविता नाटक देखिए पनि कवितात्मक शैली सेक्सपियरको शैलीको नजिक छ । पात्रविधानमा पनि र सम्वाद कलामा पनि शेक्सपियरको पद्धति प्रयोग भएको देखिन्छ । छन्द विधानमा पनि एउटै छन्द व्याङकभरसको प्रयोग गरिनाले पश्चिमी परम्परा नै देखिएको छ । दुःखान्त प्रवृत्तिले पनि पश्चिमलाई नै सम्झाउँछ । अंक विधान र दृष्यविधानमा पनि अरस्तुको सिद्धान्त अपनाइएको छ । यसैले मुटुको व्यथा संस्कृत नाटकको प्रभावबाट अलग भई पश्चिमी नाटक परम्परामा समाहित भएको नाटक हो र यस परम्परालाई समले अपनाएका छन् भन्ने कुरा देखाइएको छ ।

तेस्रो उपशीर्षकमा 'सम कविता नाटकका प्रयोग्ता र चरमोत्कर्ष' रहेको छ । यस सन्दर्भमा मुटुको व्यथाको मूल्य बहुर्मुखी छ भन्दै कविता परम्पराका नाटकहरूको सफल प्रयोग सर्वप्रथम समबाट नै भएको छ । मुटुको व्यथा, प्रह्लाद, ध्रुव, मुकुन्द इन्दिरा, अमरसिंह, अन्धवेग जस्ता नाटकहरू पद्यमा लेखेर पद्यनाटक परम्परालाई उत्कृष्ट दर्जामा पुऱ्याएका छन् । समले सुरु गरेको प्रक्रियालाई उनैले चर्मोत्कर्षमा पुऱ्याएका हुन् । सम पछिका नाटककारहरूले पद्यलाई नअपनाइ गद्यलाई नै अपनाएका छन् । देवकोटाको सावित्री सत्यवान् पद्य नाटक नै भए पनि नाटकको गुण

गरिमा भन्दा कविता कै गुण गरिमा यस कृतिमा देखिने हुनाले नाटकका सन्दर्भमा कविताको प्रयोग समकै विशेषता हो र उनले नै यस प्रवृत्तिलाई उत्कर्षमा पुऱ्याएका हुन भनिएको छ ।

चौथो उपशीर्षक द्वन्द्वात्मकताका दृष्टिले समको नाट्य कला राखिएको छ । नाटकलाई जीवन्त बनाउन द्वन्द्वको प्रमुख भूमिका रहन्छ । द्वन्द्व विधानमा सम कुशल नाटककार भनिन्छन् । समका सबै जसो नाटकमा द्वन्द्वको टड्कारो रूप देखिन्छ । अन्तरङ्ग र बहिरङ्ग दुवै प्रकारको द्वन्द्व समले प्रयोग गरेका छन् । सनद र कपिलाको द्वन्द्व प्रमुख द्वन्द्व रहेको छ भने प्रह्लाद र हिरण्यकस्यपुमा पनि द्वन्द्व छ तर यसको द्वन्द्व बाह्य प्रमुख छ । अन्धवेग, मुकुन्द इन्दिरा जस्ता नाटकमा पनि द्वन्द्वको सशक्त प्रयोग छ । अन्धवेग, मुटुको व्यथा र प्रेमपिण्ड द्वन्द्व विधानका दृष्टिले अझ सफल देखिन्छन् ।

पाँचौँ उपशीर्षकमा त्रासदीय प्रभावका दृष्टिले समको नाट्य कला राखिएको छ । यसमा समालोचक त्रिपाठीले समले पश्चिमी नाटक परम्परालाई अपनाउँदै त्रासदी र कमेडी भावका नाटक लेखेका छन् तर मूल समको नाट्य विशेषता त्रासदीमा नै रहेको छ । त्रासदीको मूल स्वरूप विरेचनामा निर्भर गर्छ भन्ने अरस्तुको कुरालाई उल्लेख गर्दै करुणाद्वारा मानव मनको विरेचन नै त्रासदी हो भन्ने कुरा देखाउँदै समले आफ्ना नाटकहरूमा करुणाको अनुभूति गराउने खालका विषयवस्तुको छनोट गरेका छन् । त्रासदीका हिसाबले प्रह्लाद, अमरसिंह भन्दा मुटुको व्यथा, अन्धवेग र प्रेमपिण्ड तीन कृति त्रासदीय हिसाबमा उत्कृष्ट छन् । मुटुको व्यथा त्रासदीको प्रथम रेखाङ्कन हो । यसबाट प्रेमपिण्ड हुँदै त्रासदी विकसित भएको छ । वास्तवमा समका नाटक त्रासदीका आधारशिला हुन् । यसैमा पछिका नाटककारहरूले पनि केही प्रभाव ग्रहण गरेका छन् भन्दै मुटुको व्यथा त्रासदीय प्रभावका दृष्टिले पनि उच्च रहेको कुरा उल्लेख गरिएको पाइन्छ ।

### (९) प्रह्लादको दार्शनिकता केही तर्कवितर्क

समको प्रह्लाद नाटक पद्य नाटक हो । यसमा काव्यात्मक स्वरूपभन्दा वैचारिक वा दार्शनिक स्वरूप तीव्र रहेको छ । यो बौद्धिक नाटकका रूपमा नेपाली नाटकमा अथवा नेपाली साहित्यमै बौद्धिक वैचारिक द्वन्द्वको प्रथम प्रयोग प्रह्लाद नाटकमा देखापर्छ । अध्यात्मवाद र भौतिकवाद, ज्ञान र विज्ञान, वस्तु र भावना, आस्तिक र नास्तिक जस्ता दुई विपरीत भावनाहरूको युद्धभूमिका रूपमा प्रह्लाद नाटक रहेको छ । संसारमा देखिएका आस्तिक र नास्तिक दर्शनहरूको द्वन्द्व यहाँ प्रकारान्तरले प्रस्तुत भएको छ । भौतिकवाद र ईश्वरवादका भाव भूमिमा हिरण्यकश्यपु भौतिकवादमा र प्रह्लाद ईश्वरवादमा विश्वास गर्छन । यिनैको यो सोच आस्तिक र नास्तिक दर्शनका रूपमा यहाँ वैचारिक द्वन्द्व बोकेर आएको छ । दुई वर्गमा यहाँका पात्रहरू बाँडिएका छन् । प्रह्वाद वर्ग आस्तिक दर्शनमा र हिरण्यकश्यपु वर्ग भौतिक दर्शनमा केन्द्रित छन् । यी दुवै आ–आफ्ना सिद्धान्तमा अडिग भए पनि अन्तिममा गएर भौतिकवाद हारेको छ र अध्यात्मवादले यहाँ जितेको छ । यो आस्तिकताप्रतिको समर्पण सहज नभएर बाध्यात्मक झैं देखिएको छ । तथापि यो नास्तिक दर्शनको क्रीडास्थल हुँदै अध्यात्म दर्शनमा गएर टुंगिएको छ भन्न सकिन्छ । तर "ज्ञान विज्ञानको हात जोड्नु पर्दछ कर्ममा" भनेर बालकृष्ण समले यहाँ समन्वयवादी धारणा व्यक्त गरेका छन् । आगो र पानीमा पनि यही समन्वयवादी धारणा प्रस्तुत भएको छ । यसैले प्रह्लाद नाटक समको समन्वयवादी धारणाको प्रथम चरण हो भन्न सकिन्छ भन्ने कुरा यहाँ देखाएका छन् ।

## (१०) विजय मल्ल : नाटककारका रूपमा

२०२६ सालमा गरिएको यो समालोचना विजय मल्लको त्यसबेला सम्मको नाटकीय स्थितिलाई देखाउने समालोचना हो । विजय मल्ल आधुनिक नाटकका क्रममा सम, तिवारी, रिमाल, गोठाले हुँदै आएको नाटक परम्परामा आएका नाटकका हुन । नाटक दृश्यविधा भएकाले रङ्गमञ्चसहितको नाटक स्वरूपलाई हेर्नुपर्ने हुन्छ । विजय मल्ललाई अध्ययन गर्ने क्रममा सम, रिमाल, हृदयचन्द्र आदि नाटककारहरूसँग विजय मल्लको निकटता र फरकलाई विश्लेषण गर्दै विजय मल्लको नाटककारिताको निक्यौल गर्ने काम यस रचनामा गरिएको पाइन्छ ।

विजय मल्ल सामाजिक, मानसिक र चिन्तनात्मक स्तरमा जीवनको प्रस्तुति गर्ने प्रौढ नाटककार हुन् । उनका नाटकहरूबाट धेरै कुरा प्रस्ट हुन्छ । विशेषत जिउँदो लास यसको प्रमुख उदाहरण हो । यो उच्च मध्यवर्गीय समाजको चित्र हो, मानव मनका विविध ग्रन्थीहरूको विश्लेषण हो । जीवन र जगतलाई हेर्ने गहिराइ पनि हो भन्दै यो त्रासदीपूर्ण नाटक हो । विजय मल्ल त्रासदीहरूमा प्रौढ नाटककार देखिन्छन् भनिएको पाइन्छ ।

मुटुको व्यथा पछिको नयाँ नाट्य प्रयोगका दृष्टिले हेर्दै जाँदा पनि विजयलाई ठम्याउन सकिन्छ । नाट्य मञ्चका सन्दर्भमा सजिलो गद्यात्मक अभिव्यक्ति अन्तरमुखी पात्र, अन्तर द्वन्द्व र सरल संवाद, बौद्धिक गहिराइ एवम् सहज रङ्गमञ्च विधान विजय मल्लका विशेषता हुन भन्दै "विजय मल्ल नै नेपाली नाटकका आजसम्मका अन्तिम विशेष प्रतिभा हुन्"[ञढ] भनेर विजय मल्लका बारेमा समालोचना गरेको पाइन्छ ।

## (११) रिमालका नाटकहरूको भावभूमि

प्रस्तुत समालोचना नाटककार रिमालका विविध पक्षलाई उद्‌घाटन गरिएको कृतिका रूपमा लिन सकिन्छ । मसान र यो प्रेम नाटकका नाटककार रिमालका नाटकको भावभूमिका बारेमा यो लेख विशेष सम्बन्धित छ । मसान नाटकको भावभूमि यौन आस्वाद र मातृत्वका रहरहरूको द्वन्द्व नै हो भन्ने कुरा त्रिपाठीले देखाएका छन् भने यो प्रेममा भावुक प्रेम र मातृत्वको अन्तरद्वन्द्व मै भाव घुमिरहेको छ । रिमाल प्रेमका निम्ति परिमार्जन आवश्यक ठान्छन् । प्रेमको प्रयोजन हुनुपर्छ मानव भविष्यको अविच्छिन्न धाराको सन्दर्भमा प्रेमलाई लिनुपर्छ भन्ने रिमालको प्रमुख धारणा हो । यही कुरा यसमा प्रस्तुत गरिएको छ । प्रेमको पूर्णता मातृत्व प्राप्ति हो । मातृत्वका आधारमा मानव जीवनचक्र प्रवाहित हुन्छ र युगलाई नयाँ रूपमा परिवर्तन गर्ने क्रममा प्रेमको संलग्नता हुनुपर्छ । मातृत्वको विरुवा नै निमोठी दिने प्रेम प्रेम होइन । यसै भावभूमिमा नाटककार रिमालका नाटकहरूको रचना भएको छ भन्ने कुरा यहाँ समालोचक त्रिपाठीले प्रस्तुत गरेको पाइन्छ ।

---

[ञढ] ऐ. पृ. १७१ ।

## (१२) मेरा स्मृतिमा टिपिएका साहित्यकार हृदयचन्द्र

हृदयचन्द्र कवि, कथाकार, एकाङ्कीकार, उपत्यासकार र निबन्धकार मात्र होइनन् उनी त समालोचक र व्याकरणकार पनि हुन् भन्दै भाषा साहित्यका विविध क्षेत्रमा योगदान पुऱ्याउने हृदयचन्द्रमा बहुमुखी व्यक्तित्व रहेको कुरा प्रस्तुत लेखमा उल्लेख गरेको पाइन्छ ।

साहित्यकार हृदयचन्द्रको साहित्यकारिताको चर्चा गर्दा यिनी सामाजिक अध्ययनको तीव्रता भएका साहित्यकार भन्दा विचार प्रवाहलाई प्रखर रूप दिने साहित्यकारको रूपमा देखिन्छन् भनिएको छ ।

हृदयचन्द्रको बारेमा चर्चा गर्दा “हृदयका रचना र समालोचना पढ्दा उनी सम र देवकोटा वा रामकृष्ण शर्माको कोटिको अध्येता नरहेको अनुभव हुन्छ । जीवन र जगतलाई हेर्न, त्यसलाई व्यक्त गर्न र व्यक्तिएको जीवन जगतको मूल्याङ्कन गर्न जुन उज्यालो पुस्तकीय विस्तृत सफल अध्ययनले प्रदान गर्छ, त्यसको विशिष्ट आभास हृदयचन्द्रलाई प्राप्त भएको प्रमाण उनका पाठकहरू कमै पाउँछन् भनिएको पाइन्छ ।[द्दण]

हृदयचन्द्रलाई हेर्दा उनी सामान्य प्रतिभा, सामान्य अध्ययन र विशिष्ट अभ्यासका साहित्यकारका रूपमा देखिन्छन् । सतत साधना र सतत अभ्यासबाट हृदयचन्द्रले साहित्यिक योगदान पुऱ्याउन सकेको कुरा प्रस्ट छ भन्ने समालोचक त्रिपाठीले यहाँ प्रस्तुत गरेका छन् । प्रगतिवादी साहित्यका प्रयोगकर्ताका रूपमा रहेका हृदयचन्द्र मार्क्सवादको शास्त्रीय अध्ययनभन्दा समाजको मोटामोटी ज्ञानबाट बढी सक्रिय छन् । स्वास्नी मान्छे, एक चिहान, उपन्यास छेउ लागेर, गंगालालको चिता जस्ता एकांकी र उसको आँसु, हृदयचन्द्रका केही कथाहरू एवम् भूस्वर्ग जुगा तीस रुपिया नोटजस्ता निबन्धहरू साहित्य एक दृष्टिको केही नेपाली नाटक भानुभक्त एक समीक्षा नेपाली काव्य र उसका प्रतिनिधि कवि जस्ता समालोचनाहरू हृदयचन्द्रसिंह प्रधान देखिएका छन् । तापनि हृदयचन्द्र निबन्धमा बढी सफल देखिन्छन् । निबन्धमा पनि देवकोटाको झैँ भाव वा समको बौद्धिकता हृदयचन्द्रमा छैन । उनी सामाजिक सचेतताले भरिएको अन्तरमुखी रक्तिममा भिजेका सरल सहज निबन्धकारका रूपमा रहेका छन् ।

समालोचकमा पनि हृदयचन्द्र सामाजिक यथार्थ आदर्शका रूपमा कृतिको विवेचना गर्ने समालोचकका रूपमा देखिन्छन् भनिएको छ । उपन्यास, कथा, निबन्ध, एकांकी, समालोचना जस्ता विविध विधामा कलम चलाउने हृदयका कृतिहरूले विभिन्न समसामयिक साहित्यकारहरूसँग तुलना गर्दै हृदयचन्द्र आभ्यासिक साहित्यकारका रूपमा नेपाली साहित्यमा स्थापित भएको कुरा यहाँ समालोचक त्रिपाठीले विवेचनाबाट प्रस्ट गर्नु भएको छ ।

---

[द्दण] ऐ. पृ. १८२

## ५.३ तेस्रो चरण (२०३०–२०४५) को परिचय

समालोचक वासुदेव त्रिपाठीको तेस्रो चरण पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा २०३० बाट सुरु हुन्छ । यसको समय झपट बहादुर राणाको जीवनीको एक झलक २०४५ सम्म रहन्छ । यस अवधिमा समालोचक त्रिपाठीले सैद्धान्तिक समालोचना तर्फ सक्रियता देखाएको देखिन्छ । त्यस्तै अनुसन्धान र विश्लेषण तर्फ पनि विशेष जोड दिएको देखिन्छ । मन्तव्यसमालोचना लेखनतर्फ यस अवधिमा समालोचक त्रिपाठी बढी सक्रिय रहेको पनि पाइन्छ । आफ्नो शैलीमा परिष्कार र परिमार्जन गर्दै वस्तुपरकतामा जोड दिँदै अभिधामूलक अभिव्यक्ति प्रस्तुत गरेर वर्णनात्मक र तुलनात्मक अभिव्यक्ति दिने प्रयास समालोक त्रिपाठीको यस अवधिमा रहेको देखिन्छ अथवा आफ्नो भावमूलक शैलीप्रति आफैँ असन्तुष्टि जनाउँदै वस्तुपरक शैली तर्फ आफू उन्मुख रहेको देखिन्छ । वस्तुतथ्य वर्णन, पादटिप्पणी आदिले शोध शैलीतर्फ उनको लेखाइ उन्मुख रहेको पाइन्छ । यस अवधिमा फुटकर समालोचनात्मक रचनाहरू पनि प्रशस्त लेखिएका छन् । ती कृतिमा पनि पुरानो शैलीमा भन्दा धेरै भिन्नता आएको छ । यो चरण समालोचक त्रिपाठीको उत्कर्षकाल हो । यस चरणमा समालोचक त्रिपाठीले थुप्रै पुस्तकाकार कृतिको रचना गरेको पाइन्छ र थुप्रै फुटकर रचनाहरू पनि यत्रतत्रबाट प्रकाशित भएको पाइएको छ ।

यस अवधिमा समालोचक त्रिपाठीका स्तरीय समालोचनात्मक पुस्तकाकार कृतिहरू निम्नानुसार छन् :

(१) पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (२०३०)

(२) कवि गुणराजको भरतमिलन महाकाव्यको मूल्याङ्कन (२०३१)

(३) साहित्यकार पहलमान सिंह स्वाँरको पुनर्मूल्याङ्कन (२०३३)

(४) लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन (२०३४)

(५) साहित्यकार झपट बहादुर राणाको जीवनीको एक झलक २०४५ प्रमुख रहेका छन् ।

यस अवधिमा समालोचनासँग सम्बन्धित फुटकर रचनाहरू पनि थुप्रै देखिएका छन् । यी कृतिहरू समालोचना र मन्तव्य शीर्षकमा लेखिएको पाइन्छ । ती कृतिहरूको विवरण तल प्रस्तुत छ :

क. फुटकर समालोचनाहरू :

(१) महाकवि देवकोटा र उनका महाकाव्य –
कुमार ब. जोशीको महाकवि देवकोटा र उनका महाकाव्य २०३१ (विस्तृत भूमिका)

(२) बोधशीलता सरस शैली र समालोचनात्मक संकेत –
कमलमणि दीक्षितको - 'भन्ने कुरा' २०३१ (भूमिका)

(३) कवि गोपालप्रसाद रिमालको कवित्वको विकासक्रम –
'नौलो नेपाली' पत्रिका रिमाल विशेषांक २०३२

(४) नेपाली साहित्य र आलोचनाको सन्दर्भमा
डि.पि. अधिकारीको – स्कुल अफ जर्नालिज्म भूमिका (२०३२)

(५) नेपाली भाषा र साहित्यप्रति पारसमणि प्रधानको योगदान –
त्रि.वि. विशेष दीक्षान्त समारोहमा प्रस्तुत गोष्ठीपत्र २०३२

(६) साहित्यका मूलभूत विधाका सापेक्षतामा अन्य विधाको रेखांकन –
अरुणोदय पत्रिका – ११ – २ (२०३२)

(७) नेपाली साहित्य र आलोचनाका सन्दर्भमा –
नेपाली साहित्य र आलोचना (भूमिका) २०३२

(८) पाश्चात्य समालोचनाका सन्दर्भमा –
ने.रा.प्र.प्र. द्वारा आयोजित लोकसंस्कृति गोष्ठीमा प्रस्तुत २०३२

(९) नाटककार पहलमान सिंह स्वाँरको सम्बन्धमा –
पहलमान सिंह स्वाँरको "विमलादेवी" को भूमिका २०३२

(१०) पाश्चात्य समालोचना प्रणालीका सन्दर्भमा आदिम मनोविम्वतिर –
नेपाली लोक संस्कृति सङ्गोष्ठी २०३२

(११) कवि गुणराजको भरतमिलन महाकाव्यको मूल्याङ्कन –
कवि गुणराज स्मारक व्याख्यानमाला २ – व्याख्यान २०३२

(१२) कवि रिमालको कविता यात्रा –
नौलो नेपाली वर्ष ८ अंक २, २०३२

(१३) कवि पहलमान सिंह स्वाँरका सम्बन्धमा –
पहलमान सिंह स्वाँरको किष्किन्धा काण्ड (भूमिका) २०३३

(१४) पहलमान सिंह स्वाँरको पुनर्मूल्याङ्कन –
नेपाली पत्रिका, पूर्णाङ्क ६७ – २०३३

(१५) नेपाली भाषामा काव्यात्मक प्रवृत्तिको विकास –
ने.रा.प्र.प्र. आयोजित नेपाली भाषा अधिगोष्ठीमा प्रस्तुत गोष्ठी पत्र २०३३ (लघुपत्र)

(१६) प्रस्तुत कविता संग्रहका सम्बन्धमा –
कवि हरिहर शास्त्रीको 'म मरी सकेको हुँला' कविता संग्रहको (भूमिका समालोचना) २०३३

(१७) शंकरका स्मृतिमा कोरिएका हरपहरू –
रूपरेखा अंक १८९, २०३३

(१८) नेपाली भाषा र साहित्यको समुन्नतिमा कवि धरणीधर कोइरालाको योगदान –
त्रि.वि. विशेष दीक्षान्त समारोहमा प्रस्तुत गोष्ठीपत्र २०३४ (बेनामी)

(१९) गोरखाका कवि पण्डित गायत्री गणेश अर्याल –
'शक्ति' (गोरखाबाट प्रकाशित पत्रिका) २०३४

(२०) पहलमान सिंह स्वाँरद्वारा अनूदित रत्नावली नाटिकाका सम्बन्धमा –
पहलमान सिंह स्वाँरको 'रत्नावली' नाटिकाको भूमिका समालोचना २०३४

(२१) नेपाली साहित्य र राष्ट्रवाद परिप्रेक्ष्य : एक विहंगम सर्वेक्षण –
'नेपाल' पत्रिका वर्ष ८ अंक ३; २०३४

(२२) हास्य व्यङ्ग्य परिचर्चा –
'रचना' पत्रिका वर्ष १५ अंक ४, २०३४

(२३) बुकीसुन : एक अवलोकन –
कनकमणि दीक्षितको 'बुकीसुन' २०३६

(२४) सडक क्रान्ति : मेरो दृष्टिमा
'भानु' सडक कविता क्रान्ति विशेषांक वर्ष १६, किरण २९ २०३६

(२५) कवि म. वी. वि. शाहको कविता यात्रा –
'दीपज्योति' (कवि म. वी. वि. शाह विशेषांक) वर्ष ३ अंक ६ २०३७

(२६) धरणीधर कोइरालाका स्मृतिमा –
'पूजा' पत्रिका २०३७

(२७) साहित्यकार झपड बहादुर राणा : एक चर्चा –
'साहित्यकार झपड बहादुर राणा' २०३७ (भूमिका)

(२८) साहित्यमा आख्यान तत्त्वको भूमिका र आख्यान साहित्य –
'रैबारे' साहित्य प्रधान त्रैमासिक वर्ष १ अंक २ – २०३७

(२९) प्रभाकर शोककाव्य र यसको भाव भूमि –
ठाकुरनाथ शर्माको 'प्रभाकर' शोककाव्य (भूमिका) २०३७

(३०) भरत जंगमको 'कालो सूर्य' सर्सती हेर्दा –
'अभिव्यक्ति' पत्रिका पूर्णाङ्क २७ – २०३७

(३१) मन्तव्य समालोचना –
पूर्ण प्रकाश नेपाल 'यात्री' को बदलिँदो घामछायाँ (भूमिका) २०३७

(३२) मन्तव्य समालोचना –
हेमचन्द्र पोखेलको 'गंगातरङ्ग' काव्य २०३७

(३३) एक अँजुली सम्झना –
'असीम संस्मरण ग्रन्थ' २०३७

(३४) दुई नेपाली उपन्यास, कारागार र घामका पाइलाहरू –
'नेपाली' पत्रिका पूर्णाङ्क ८७, समालोचना २०३८

(३५) मैनालीको कथा यात्रा र त्यसका पूर्वार्द्ध र उत्तरार्द्धको सामाजिक सन्दर्भ –
'पूजा' पत्रिका, समालोचना (२०३८)

(३६) भैरव अर्थालको साहित्यिक व्यक्तित्वको अन्तर विकास र अन्तर विरोधको प्रक्रिया –
रचना वर्ष १६ अंक २ – २०३८

(३७) मन्तव्य –
टंकप्रसाद न्यौपानेको 'साहित्यको रूपरेखा' भूमिका – २०३८

(३८) राजा जयपृथ्वी : हाम्रा राष्ट्रिय र अन्तर्राष्ट्रिय चेतनाका अग्रणी -
'वाणी साधना' पत्रिका वर्ष १, अङ्क १ समालोचना, (२०३८)

(३९) संस्कृत व्याकरण र भाषा चिन्तन -
अनिवार्य नेपाली शिक्षा अभिमुखीकरण गोष्ठी पोखरामा प्रस्तुत - गोष्ठीपत्र, (२०३९)

(४०) नाटककार पहलमानसिंह स्वाँर : एक टिप्पणी -
'पहलमानसिंह स्मृति ग्रन्थ' समालोचना (२०३९)

(४१) खेमराज केशवशरणको 'दैवी सम्पत्ति एक परिशीलन' -
खेमराज केशवशरण'को 'दैवी सम्पत्ति एक परिशीलन' निबन्ध-सङ्ग्रह - भूमिका (२०३९)

(४२) दृष्टि : विन्दुविन्दु -
कृष्णप्रसाद पराजुलीको नेपाली उखान र गाउँखाने कथा - मन्तव्य, (२०३९)

(४३) यास्कको निर्वचन सिद्धान्त र त्यसको उपादेयता -
पच्चीस वर्षका भाषिक चर्चा, प्रबन्ध लेख, (२०३९)

(४४) श्रद्धाका पक्षमा -

नेपाली निबन्धका पच्चीस वर्ष ने.रा.प्र.प्र., निबन्ध (२०३९)

(४५) नरेन्द्रराज पौडेलको 'घरभित्रको गाईजात्रा हेर्दा -

नरेन्द्रराज पौडेलको 'घरभित्रको गाईजात्रा' समालोचना, (२०४०)

(४६) कविशिरोमणि लेखनाथ स्मृति र सम्मान -

'सुरुचि' पत्रिका (समालोचना), (२०४१)

(४७) डुवर्स : आ-आफ्नो दृष्टि (डुवर्समा जातीय जागरण) -

'भानु' डुवर्स विशेषाङ्क वर्ष २१ किरण ३३ समालोचना (२०४१)

(४८) पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्य साधना -

नरहरि आचार्यको पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्य 'साधना' समालोचना (२०४१)

(४९) कलाकार रत्नदास प्रकाश : नेपाली कलाका एक अग्रणी तपसी -

(एक व्यक्ति अनेक अभिव्यक्ति), २०४१

(५०) कवि भरतराज पन्तको कविता साधना र उनको 'दोभान' महाकाव्य

(कवि भरतराज पन्तको 'दोभान' महाकाव्य), २०४१

(५१) सार्थक रचनात्मक प्रयास -

झपट बहादुर राणाका 'स्मृतिका केही पृष्ठहरू', २०४१

(५२) मदनदेव भट्टराई र उनको कथाकारिता -

'मदनदेव भट्टराईका केही कथाहरू' कथासङ्ग्रह, २०४१

(५३) कवि युद्धप्रसाद मिश्रको कविता साधना : एक चर्चा -

'शृङ्खला' पत्रिका कवि मिश्र विशेषाङ्क, पृ. १३, २०४१

(५४) नाटककार भीमनिधि तिवारी -

भीमनिधि तिवारी स्मृति ग्रन्थ - १, २०४२

(५५) एक पुण्य अनुष्ठान -

झपट निबन्धावली, २०४२

(५६) नेपाली भाषा र साहित्यको पच्चीस वर्ष -

नेपाली भाषा, साहित्यको पच्चीस वर्ष, २०४२

(५७) गीतकार चाँदनी शाहको गीतिजगत् : एक चर्चा -

चाँदनी शाह आफ्नै आकाश, आफ्नै परिवेश, २०४३

(५८) नेपाली निबन्धमा एक नयाँ हस्ताक्षर -

मोहन निरौलाको गोठालाहरू, निबन्धसङ्ग्रह, २०४३

(५९) माधवप्रसाद देवकोटा र लेखनाथ -

श्री माधवप्रसाद देवकोटा स्मृतिग्रन्थ, २०४४

(६०) कवि रामबाबु सुवेदीको काव्य, गङ्गा -

कवि रामबाबु सुवेदीको गङ्गा कविता सङ्ग्रह, २०४४

(६१) विप्रलम्भ महाकाव्यका सम्बन्धमा -

वसन्त शर्माको विप्रलम्भ महाकाव्य, २०४४

(६२) सिद्धिचरण श्रेष्ठको कविता यात्रा -

प्रतिनिधि कविता सङ्ग्रह, २०४५

(६३) महाकाव्य बूढो पुरानो साहित्यिक विधा -

बृहत् समालोचना, सिक्किम, २०४५

(६४) नेपाली क्रियाका काल, पक्ष र भाव -

नेपाली व्याकरणका केही पक्ष, २०४५

जस्ता रचनाहरू प्रमुख रहेका छन् ।

'ख' समालोचनात्मक मन्तव्य :-

१. मन्तव्य किरण खरेल गीत सङ्ग्रह प्रियतम, २०३६

२. " नेपाली लोकगीत सङ्ग्रह, (थारू, मैथिली र भोजपुरी गीत), २०३७

३. " पूर्ण प्रकाश यात्रीको 'बदलिँदो घामछायाँ', २०३७

४. " हेमचन्द्र पोखरेलको 'गङ्गातरङ्ग' काव्य, २०३७

५. " टङ्कप्रसाद न्यौपानेको 'साहित्यको रूपरेखा', २०३८

६.  " पूर्ण प्रकाश यात्रीको 'गगनीराजको यात्रा', २०३८

७.  " कवि ऋषिराज न्यौपाने र उनको सपनाको सुसेली कविता सङ्ग्रह, २०४०

८.  " स्व. पद्मनाथ पन्तको 'पद्मपत्र', २०४०

९.  " टीकाराम अधिकारीको 'महाकवि कालिदास', २०४०

१०.  " डा. ऋषिकेश वराज रेग्मी र उनको बिलाउँदै गएको छाया, कथासङ्ग्रह, २०४१

११.  " नेपाली साहित्यको विकासमा गोरखापत्रको योगदान, २०४१

१२.  " श्री हरिफुयालको 'आत्मज्वाला' खण्डकाव्य, २०४१

१३.  " हीरामणि शर्माको 'समालोचनाको बाटोमा, २०४१

१४.  " मदनकुमार श्रेष्ठको 'पराजित जीवन' उपन्यास, २०४२

१५.  " सूवसेनको 'देश दर्शन' भाग २, २०४२

१६.  " जनार्दन शर्मा पौडेलको 'आमाको सम्झना', २०४२

१७.  " कुलचन्द्र कोइरालाको 'नेपाली मेधदूत अनुवाद, २०४२

१८.  " कवि शम्भुकुमार मिलनको 'यात्रा' कविता सङ्ग्रह, २०४३

१९.  " श्याम ओझाको 'विपरीत' कविता सङ्ग्रह, २०४३

२०.  " गीतकार छिन्नलताको 'तेस्रो अन्त : स्पन्दन' गीत सङ्गालो, २०४३

२१.  " शैलेन्द्र प्रकाश नेपालको 'दिग्बोध' खण्डकाव्य, २०४३

२२.  मन्तव्य : कृष्णप्रसाद बस्यालको 'परिणति' शोक काव्य, २०४३

२३.  " मदन कु. श्रेष्ठ र उनको 'पराजित जीवन' उपन्यास, २०४३

२४.  " फणीन्द्रराज खेतालाको 'मूर्ति बोल्छ' नाटक सङ्ग्रह, २०४३

२५.	"	पीताम्बर अधिकारीको 'सिङ्गो नेपाली व्याकरण', २०४४

२६.	"	कवि प्रयागराज वसिष्ठको 'गजुर, हजुर-हजुर', २०४४

२७.	"	शिवभक्त शर्माको 'आदेश उपदेश र वास्तविकता', २०४४

२८.	"	बाबुराम पौडेलको 'नेपाली भाषा एवम् साहित्यको विकासक्रम, २०४४

२९.	"	पुण्य निरौलाको पार्वती उपन्यास, २०४४

३०.	"	केशव प्र. उपाध्यायको 'समको दुखान्त नाटय चेतना', २०४५

३१.	"	टीरी बज्राचार्यको 'नपोखिएका व्यथाहरू' २०४५

३२.	"	झपट बहादुर राणाको 'सम्झनाका छालहरू', २०४५

३३.	"	बम बहादुर थापा - 'बसुन्धरा' कविता सङ्ग्रह, २०४५

३४.	"	हेमचन्द्र पोखरेलको 'शाकुन्तल शब्दार्थ सञ्चय', २०४५

३५.	"	वृहत् समालोचना सिक्किम, २०४५

३६.	"	चन्द्रमणि प्रसाईंको 'विभो', २०४५

३७.	"	तुलसी बहादुर क्षेत्रीको 'कर्ण कुन्ती', २०४५

३८.	"	कवि कुलचन्द्र कोइरालाको 'भृकुटी' काव्य कृति, २०४५ आदि ।

### ५.३.१. समालोचक वासुदेव त्रिपाठीका तेस्रो चरणका प्रमुख पुस्तकाकार कृतिको अध्ययन

#### (क) पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा

तेस्रो चरणको थालनीका रूपमा सर्वप्रथम देखिएको कृति पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा २०३० हो । यसले समालोचक त्रिपाठीको समालोचनाको स्तर बृद्धिको पनि सङ्केत गरेको छ । यो कृति विषयशैली दुवै दृष्टिले द्वितीय चरणभन्दा केही भिन्न छ । यो कृति नेपाली समालोचना क्षेत्रको महत्त्वपूर्ण सैद्धान्तिक ग्रन्थका रूपमा आएको छ । स्नातकोत्तर तहका विद्यार्थीहरूका लागि पाठ्य सामग्रीका रूपमा तयार गरिएको यो कृति लेखककै शब्दमा भन्दा

"यो पुस्तक सामान्य पाठकलाई भन्दा नेपाली स्नातकोत्तर अध्ययनमा प्रयुक्त अङ्ग्रेजीका अनेक मूल पुस्तकहरूको सहायक एक नेपाली पुस्तक हुन सकोस् भन्ने दृष्टिले लेखिएको हुँदा सो प्रवृत्ति अनुरूप गम्भीरतातिर यथासम्भव लेखाइ ढल्किएको छ । साफी संस्करण प्रस्तुत गर्ने समयमा सामान्य पाठकहरूका निम्ति पनि पुस्तकलाई सुवोध गराउने विशेष प्रयत्न आवश्यक छ भन्ने म स्वयम् ठान्दछु ।"[६ज्ञ] भनेको बाट यो विशिष्ट अध्येताहरूलाई लक्ष्य गरी लेखिएको कृति हो भन्ने प्रस्ट हुन्छ ।

यो मौलिक र सृजनात्मक प्रयास भन्दा अन्य कृतिको अध्ययन र टिपोटका आधारमा तयार पारिएको ग्रन्थ हो भन्ने कुरा पनि लेखकले आफैं प्रस्तुत गरेका छन् । विभिन्न सामग्रीबाट प्राप्त जानकारीलाई एकत्रित गरेर त्यसलाई नेपालीकरण गरी प्रस्तुत गरिएको यो कृति अंग्रेजी हिन्दी काठमाडौंका पुस्तकालयहरूमा प्राप्त पश्चिमी साहित्यसम्बन्धी पुस्तक-पत्रिकाहरूको अध्ययनबाट तयार पारिएको कुरा पनि लेखकले यो यस्तै भयो शीर्षकको भूमिकामा प्रस्तुत गरेका छन् । प्रशस्त परिष्कार र परिमार्जन गरी विशेष स्तरीय पुस्तक बनाउने लेखकको मनसाय यहाँ देखिएको छ । त्यो पूरा हुन नसकेको कुरा लेखकले नै प्रस्तुत गरेका छन् । यो लेखकको यहाँ देखिएको विनम्रतालाई यसका प्रकाशकले आफू अति परिश्रमी हुनाले यसमा कमीकमजोरी र दोष लगाउनु भएको भन्दै "हामीले चाहिँ यसमा त्रिपाठीज्यूको श्रम र सीप दुवै जडिएको देखेका छौं । यो अवश्य पनि यस्तै मात्र भएको छैन ।"[६६] भनेर आफ्नु प्रकाशकीय राय व्यक्त गरेको देखिन्छ ।

वासुदेव त्रिपाठी पूर्वीय तथा पश्चिमी साहित्य क्षेत्रका विशिष्ट विद्वान् हुन् । उनको यो कृति पश्चिमी साहित्य शास्त्रीय अध्ययनका लागि महत्त्वपूर्ण हो । त्रिपाठीले खेस्रा मात्र भनिए पनि नेपालीमा यस प्रकारका कुनै पुस्तकै नभएका बेला प्रकाशित यो कृति नेपाली साहित्य जगत्का लागि ज्यादै उपयोगी र महत्त्वपूर्ण कृतिका रूपमा रहेको छ ।

---

[६ज्ञ] वासुदेव त्रिपाठी, 'पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा', (प्रथम संस्करण), (काठमाडौं : साझा प्रकाशन, २०३०), पृ. २ ।

[६६] ऐ. पृ. २

यस कृतिमा जम्मा छ खण्ड गरेर पश्चिमी समालोचना परम्पराको विवेचना गरिएको छ ।

**पहिलो खण्ड**

यस खण्डमा जम्मा ४ परिच्छेद रहेका छन् ।

**खण्ड १ : परिच्छेद १**

पहिलो परिच्छेदको शीर्षक "पाश्चात्य समालोचनाको आदिभूमि" रहेको छ । यसमा पश्चिमी साहित्यको मूल थलो ग्रीस हो र यो रोम हुँदै अगाडि बढेको छ । यही ग्रीस ज्ञान-विज्ञान, साहित्य, कला, दर्शन आदिको जन्मभूमि हो । यहीँबाट विकसित हुँदै फैलिएको पश्चिमी ज्ञान र साहित्य भण्डार आज यूरोप र अमेरिकासम्मका विभिन्न क्षेत्रमा पश्चिमी साहित्यका नामले अगाडि बढीरहेको पाइन्छ । पूर्वमा भरत झैँ पश्चिममा अरिष्टोटल साहित्य सिद्धान्तका प्राचीन प्रमुख प्रतिभा देखिए पनि पश्चिमा साहित्यमा होमर र प्रथम व्यक्तित्व प्लेटो हुँदै उक्त साहित्यिक चर्चा अगाडि बढेको छ भन्ने कुरा यसमा प्रस्तुत गरिएको छ ।

"जे होस् पाश्चात्य समालोचनाको आदिभूमि ग्रीस हो अनि प्रथम प्रखर आचार्य अरिष्टोटल हुन् ।"[द्घ] भनेर पश्चिमी समालोचनाको सूत्रपात गर्ने अरिष्टोटल हुन भन्ने कुरा देखाइएको छ ।

**खण्ड १ : परिच्छेद २**

यस परिच्छेदको शीर्षक "प्लेटो पूर्वका संकेत : होमरदेखि अरिष्टोफेनसम्म" रहेको छ । यसअन्तर्गत होमर प्रथम साहित्यकार, कवि र साहित्य सिद्धान्तका पनि संकेतक प्रथम व्यक्ति हुन् भने दोस्रो व्यक्तिमा हेसिअड, तेस्रोमा सोलोन, चौथोमा क्लेनोर्फनेस, पाँचौँ पिण्डार, छैटौँमा सिनोनाइडेस सिप्लस गार्गियस, सातौँमा यूरिपाइडिस, आठौँ सेभिष्ट र नवौँमा अरिष्टोफेनजस्ता प्रतिभाहरूको देनबाट साहित्य समालोचनासम्बन्धी पूर्वाधार बनेका विषयहरूलाई चर्चा गरिएको छ । यी व्यक्तिहरू प्लेटो पूर्वका प्रतिभा हुन् । यिनीहरूको कृति होइन नाम उल्लेख मात्र पाइन्छ भन्ने कुरा यहाँ पनि उल्लेख गरिएको छ ।

**खण्ड १ : परिच्छेद ३**

यसको "प्लेटोका आक्षेप : प्लेटोका संकेत" शीर्षक दिइएको छ । यसअन्तर्गत प्लेटोका गुरु सोक्रेटससमेतको चर्चा गर्दै प्लेटोले आफ्ना अभिव्यक्तिमा आदर्श गणराज्यको स्थापना गर्ने क्रममा वर्णनात्मक आख्यान, अनुकरणात्मक अभिव्यक्ति आदिले आदर्श राज्य निर्माण गर्नमा बाधा पुऱ्याउने आक्षेप साहित्यलाई प्लेटोले लगाएको देखिन्छ भने अन्तिममा नैतिक साहित्य र कलाले विरेचन गराई दिने कुरा तर्फ भने प्लेटोले साहित्यलाई सकारात्मक रूपमा हेरेको देखिन्छ भन्ने उल्लेख छ ।

---

[द्घ] ऐ. पृ. २

**खण्ड १ : परिच्छेद ४**

यसको “अरिष्टोटल” शीर्षक दिइएको छ । यसमा आमुख भनेर उपशीर्षक दिई अरिष्टोटलको परिचय दिइएको छ । उनी प्लेटोका शिष्य थिए र उनले प्लेटोले गरेको साहित्यसम्बन्धी नकारात्मक धारणाको प्लेटोको नाम नदिई खण्डन गरेका छन् र सकारात्मक पक्षलाई लिँदै पश्चिमी समालोचनाको प्रमुख ग्रन्थ काव्य शास्त्रको रचना गरेका छन् भनिएको छ ।

यस्तै अरिष्टोटल बहुमुखी प्रतिभा भएका व्यक्तिको रूपमा रहेको पनि उल्लेख छ । यसमा काव्यशास्त्रको चर्चा गर्दै यो कृति २६ परिच्छेदमा विभक्त ४१ पृष्ठहरूमा लेखिएको केही खण्डित कृति जस्तै देखापरेको छ र यसमा महाकाव्य र सुखान्त दुःखान्त नाटकका बारेमा विशेष चर्चा गरिएको छ । यो कृति नै व्यवस्थित पाश्चात्य समालोचनाको सैद्धान्तिक प्रथम कृति हो भनिएको छ ।

परिच्छेद चारकै अर्को शीर्षक “(ख) अनुकरण सिद्धान्त” रहेको छ । अरिस्टोटलका महत्त्वपूर्ण सूत्रहरूमा अनुकरण सिद्धान्त एक हो । साहित्यको चर्चा गर्दा साहित्य भनेको प्रकृतिको अनुकृति हो भन्ने उल्लेख गरिएको यो लेख अरिस्टोटलको अनुकरण सिद्धान्तको व्याख्या हो । यसमा अनुकरण जस्ताको तस्तै नभएर पुनः सृजनाको स्वरूपमा आएको कुरा समेत प्रस्ट गरिएको छ । यसै क्रममा निम्न अभिव्यक्तिले पनि उक्त कुरालाई नै प्रस्ट पारेको छ ।

“अनुकरणको अर्थ कल्पनात्मक पुनःनिर्माण वा वस्तुपरक पुनःसृजना हुन जान्छ ।”[द्द]

चौथो परिच्छेदकै तेस्रो शीर्षकमा “दुःखान्त सङ्गठन” दिएको छ । यसअन्तर्गत उपशीर्षकहरूमा ‘एक’ दुःखान्त केन्द्रितता, यसमा अरस्तुले दुःखान्त कै विवेचनामा केन्द्रित भएर आफ्नो काव्यशास्त्रको रचना गरेका छन् । सुखान्तको केही चर्चा भए पनि उनी दुःखान्त नाटक वा महाकाव्यमा आधारित भएर उच्च जीवनको चरित्र प्रस्तुत गर्दै अनुकरणीय जीवनमा त्रासदीय स्वरूप देखाउँदै आफ्ना अभिव्यक्ति प्रस्तुत गरेमा काव्य उत्कृष्ट हुन्छ भन्ने अरस्तुको धारणा रहेको यहाँ व्यक्त गरिएको छ । काव्यशास्त्रको मूलभूत अंश दुःखान्त विवेचनामा नै खर्चिएको कुरा यहाँ उल्लेख गरिएको छ ।

उपशीर्षक २ मा ‘दुःखान्तको परिभाषा’ रहेको छ । यसमा दुःखान्त रचना आरम्भ, मध्य र अन्त्यको सूत्रमा प्रस्तुत छ । आरम्भको कारण र उपसंहारको कारण सहित सन्तोषकारी उपसंहार हुनुपर्छ । यसको सहज आंगिक विकास हुनुपर्छ । त्रास र करुणा जस्ता कटुमनोविकारको विरेचकका रूपमा दुःखान्त काव्य प्रस्तुत हुनुपर्छ भन्ने कुरा यसमा देखाइएको छ ।

---

[द्द] ऐ. पृ. ४४

तेस्रो उपशीर्षक अन्तर्गत 'दुःखान्त सङ्गठन' राखिएको छ । यसमा दुःखान्त सङ्गठनका अंशहरूमा कथानक, चरित्र चित्रण, पदावली, विचार, दृश्य विधान र गीत रहेका छन् भनिएको पाइन्छ ।

उपशीर्षक ४ मा दुःखान्तक सङ्गठनका छवटै अंगको अलगअलग शीर्षक दिएर चर्चा गरिएको छ । अरस्तु कथावस्तुमा जोड दिन्छन् भन्ने कुरा देखाइएको छ । कथावस्तु बारे विस्तृत चर्चा गर्दै उपकथानकलाई स्थान दिए पनि त्यति मन पराउँदैनन् भन्दै कथावस्तुको निश्चित आयाम हुनुपर्छ । दन्त्यकथा इतिहास र कल्पना कथावस्तुका स्रोत हुनुपर्छ जस्ता कुराहरूको विवेचना यस शीर्षकअन्तर्गत त्रिपाठीले प्रस्तुत गरेको पाइन्छ । चरित्रअन्तर्गत चरित्रचित्रणमा भद्रता, औचित्यतालाई अरस्तुले महत्त्वपूर्ण स्थान दिएका छन् । जीवन अनुरूपता, एकरूपता, सम्भाव्यता र अनुकृतिमूलक वैशिष्ट्य पनि चरित्रमा हुनुपर्छ भनेका छन् ।

"दुःखान्तक भव्यतर अनुकरण भएकाले र चरित्राङ्कनमा नैतिक बोध पनि समाविष्ट हुने भएकाले मूलपात्रमा भद्रता हुनुपर्छ अन्यथा त्रास र करुणाको विवेचनात्मक प्रभाव प्राप्त हुन कठिन छ ।"[६छ] भन्दै यहाँ चरित्रका विविध पक्षको विवेचना गरिएको छ ।

अर्को शीर्षकमा विचार तत्त्व राखेका छन् । विचार भन्नाले अरस्तु बुद्धि तत्त्व ठान्छन् तर त्यसभित्र करुणा, त्रास र क्रोधको उद्‌बोध जस्तो भाव उठेको हुन्छ । विचारमा विविधता हुनसक्छ । चिन्तन प्रधान भावयुक्त भन्दा समग्र त्रासदीले एउटा विचार तत्त्वलाई औँल्याएको हुन्छ भन्ने कुरा अरस्तुले यसमा प्रस्तुत गरेका छन् भनिएको छ ।

अर्को उपशीर्षकमा पदावली वा भाषा राखिएको छ । यसमा दुःखान्तको भाषा अलंकृत हुन्छ, लयदार हुन्छ । पद्यमय भाषा महत्त्वपूर्ण हुन्छ । समृद्ध र उदात्त पदावली हुनुपर्छ आलंकारिक र गरिमामय भाषा हुनुपर्छ र कृत्रिमता भन्दा स्वभाविकता तर्फ उन्मुख हुन्छ भन्ने कुरा यसमा देखाइएको छ ।

अर्को शीर्षक गीत राखिएको छ । यसमा गीत दुःखान्तको अभिन्न अंग हो भन्ने कुरा अरस्तुले विवेचनात्मक रूपमा प्रस्तुत गरेका छन् भन्ने कुरा देखाइएको छ भनिएको छ ।

अन्तिम शीर्षकमा दृश्यविधान राखिएको छ । यसमा नाटकको महत्त्व दृश्यविधानमा रहन्छ । रंगमञ्च विधान दृश्य विधानको एउटा अंग हो । यसलाई उच्चतामा राखेर दुःखान्तको संरचना भएको हुनुपर्छ भन्ने कुराको विवेचना भएपनि दृश्यविधान विना पनि नाटक उच्च हुन सक्छ भन्ने पनि चर्चा गरिएको छ भन्ने कुरा यहाँ त्रिपाठीले चर्चा गरेका छन् ।

खण्ड १ को परिच्छेद ४ मा शीर्षक "घ' विरेचन सिद्धान्त" रहेको छ । विरेचन सिद्धान्त अरस्तुको महत्त्वपूर्ण सिद्धान्त मानिन्छ । यसअन्तर्गत त्रिपाठीले दुःखान्तको प्रतिकूल स्थिति, दुःखान्तको अनुकूल स्थिति, नायकका सदासयता र उत्तरदायित्व एवम् विरेचन सिद्धान्त र यसको

---

[६छ] ऐ. पृ. ५६

धार्मिक अर्थ त्यस्तै अन्य विभिन्न अर्थको विवेचना जस्ता शीर्षक राखेर अरस्तुको विरेचन सिद्धान्तको विस्तृत व्याख्या र विवेचना गरेको पाइन्छ ।

अर्को खण्ड १ परिच्छेद ४ को "ङ" शीर्षकमा दुःखान्तक र महाकाव्यको तुनला रहेको छ । यसमा त्रासदी नाटक र महाकाव्यको चर्चा गरिएको छ । दुःखान्तक र महाकाव्यको आकारमा र गरिमामा एवम् शैलीमा समेत भिन्नता र समानता रहेको कुरा यहाँ विशेष विवेचना गरिएको पाइन्छ । यहाँ यही महाकाव्य र दुखान्तको मूलभूत कुराहरूलाई प्रस्तुत गरिएको छ ।

यसै परिच्छेदको अन्तिम अंशमा शीर्षक "अरस्तु : उपसंहार" राखिएको छ । यसमा "सबै कला जीवनको अनुकरण गर्छन् भन्दै अरस्तु कलामा एकत्वको दर्शन गर्छन ।"[६८] भन्छन् भने उनी अरस्तुका काव्यशास्त्रका विविध सबलता र दुर्बलताको पक्षको चर्चा गर्दै काव्यशास्त्रको मूल्याङ्कन समेत यहाँ प्रस्तुत गर्छन र इसाको अठारौँ शताब्दीसम्म अरस्तु नै काव्यशास्त्र क्षेत्रका सम्राट् हुन् भन्ने निष्कर्षमा त्रिपाठी पुगेको देखिन्छ । यो मूलतः पश्चिमी साहित्य क्षेत्रको र समग्रमा साहित्य क्षेत्रको नै महत्त्वपूर्ण ग्रन्थ अरस्तुको काव्यशास्त्र हो भन्ने कुरा निष्कर्षमा यहाँ त्रिपाठीले प्रस्तुत गरेको पाइन्छ ।

**खण्ड २**

यसमा पाँच परिच्छेद रहेका छन् । यसअन्तर्गत पुनर्जागरण पूर्वको सैद्धान्तिक समालोचना परम्पराको चर्चा गरिएको छ । यो युगलाई समालोचनाको मध्ययुग भनिन्छ । यस अवधिमा देखिएका प्रतिभा, कृति र परम्परालाई यसमा प्रस्तुत गरिएको छ ।

**खण्ड २ परिच्छेद एक**

यसको शीर्षक "(१) होरेस" रहेको छ । यसमा होरेस नवक्लासिकल युगका लागि प्रेरणादायी व्यक्तित्व बनेका छन् । उनको काव्यशास्त्रसम्बन्धी किताब 'आर्स पोइटिका' हो । यो अरस्तुको काव्यशास्त्र जस्तै देखिएको छ । यसको पहिलो खण्डमा विषयवस्तुको चर्चा छ । दोस्रोमा कविता शिल्पको नियम छ । तेस्रोमा कविताको योग्य र दायित्वको चर्चा गरिएको छ । यिनी एक ग्रिक परम्परालाई रोमन परम्परामा समाहित गर्ने प्रमुख व्यक्ति मानिन्छन् । कविताले मनोरञ्जन वा प्रशिक्षण वा दुवै कुरा गर्नुपर्छ भन्ने होरेस रोमन परम्पराका महत्त्वपूर्ण व्यक्ति हुन् र उनकै समालोचनाले मध्यकालीन समालोचना परम्पराको सुरुआत गरेको हो भन्ने कुरा यसमा देखाइएको छ ।

**खण्ड २ परिच्छेद २**

यसमा क्विण्टिलियनका बारेमा प्रस्तुत गरिएको छ । यिनी इ. को प्रथम शताब्दीका व्यक्ति हुन् । यिनको कृति 'वक्तालाई तालिम' भन्ने हो, यो बाह्र (१२) अध्यायमा छ । यसका ८, ९ र १० अध्यायहरू समालोचनाको दृष्टिले महत्त्वपूर्ण छन् । यिनी गद्यविधालाई स्विकार्ने प्रथम

---

[६८] ऐ. पे. ८२

समालोचक हुन् । यिनी गद्य पनि कविता जति कै महिमामय छ भन्ने कुरा व्यक्त गर्छन् साथै यिनी तुलनात्मक समालोचनाका जन्मदाता हुन भन्ने कुरा यस शीर्षकमा विवेचना गरिएको छ ।

**खण्ड २ परिच्छेद ३**

यसको लंगिनस (लंजाइनस) शीर्षक रहेको छ ।

यिनको कृति 'पेरि इप्सुस' हो । यिनी इस्वी को तेस्रो शताब्दीका व्यक्ति हुन् । यिनी समालोचना परम्परामा रोमान्टिक समालोचक हुन् भन्ने कुरा विशेष उदाहरण, टिप्पणी र विवेचनाबाट यहाँ स्थापित गरिएको पाइन्छ ।

**खण्ड २ परिच्छेद ४**

यसको शीर्षक 'सैद्धान्तिक समालोचनाको मरुभूमि मध्ययुग' भनिएको छ । यसमा पहिलेदेखि आएको समालोचना परम्परा लंजाइनसपछि अन्धकारतर्फ उन्मुख भयो । क्रिश्चियन धर्ममै सबै कुरा केन्द्रित भयो । पाँचौं शताब्दीदेखि बाह्रौं शताब्दीसम्म समालोचना अन्धकारभित्र नै रहयो । यसबेला छन्दका माध्यमले सबै विषयवस्तु प्रस्तुत गर्ने गरियो तर साहित्य र समालोचना भने हराएर नै गए भन्दै सेन्ट सोरीले प्रस्तुत गरेका विषयसँग सम्बन्धित भएर लेखकले यस अन्धकार युगको विशेष चर्चा गरेका छन् र यो समालोचनाको मरुभूमि काल हो भन्ने निष्कर्ष निकालिएको पाइन्छ ।

**खण्ड २ परिच्छेद ५**

यसमा 'दाँते : मध्ययुगको समालोचनाका प्रतीक' शीर्षक रहेको छ । दाँते १३ औं शताब्दीका व्यक्ति हुन् । उनी आधुनिक भाषाप्रति उन्मुख हुँदै त्यतिखेरको स्वीकृत प्राचीन ल्याटिन भाषा होइन, जनभाषामा साहित्य रचना गरिनुपर्छ भने व्यक्तिका रूपमा देखिन्छन् र डिभाइन कमेडिया भन्ने कृति लोकभाषामा प्रस्तुत गर्छन् । विषयवस्तुलाई विशेष महत्त्व दिने कुरा पनि यिनी प्रस्तुत गर्छन् । रूपक सिद्धान्तको यिनी पक्षपाती छन् । भर्नाकुलर भाषाको पक्ष लिनु, गरिमामय विषय चयन गर्नु र रूपात्मक विधान प्रस्तुत गर्नु यिनका महत्त्वपूर्ण उपलब्धि हुन् । अभिधात्मक, रूपकात्मक, नैतिक र सादृश्यगत गरी चार तात्पर्यहरू यिनका कृतिगत अध्ययनका वैशिष्ट्य हुन् । इटालीयन भाषाका प्रयोगकर्ता दाँते सैद्धान्तिक समालोचनाका मध्ययुगका एक झिल्का हुन्, जसले सैद्धान्तिक समालोचनाको अन्धकारमा पनि एउटा सानु उज्यालो ज्योति दिएको छ भन्ने कुरा यसमा त्रिपाठीले प्रस्तुत गरेको पाइन्छ ।

**खण्ड ३**

यसअन्तर्गत पुनर्जागरण र नव क्लासिकल युगमा भएका सैद्धान्तिक समालोचना र समालोचकहरूका बारेमा टिप्पणी गरिएको छ ।

**खण्ड ३ परिच्छेद १**

यसको परिच्छेद १ मा पुनर्जागरण रहेको छ । १३२१ इ.वी.बाट इटालीदेखि पुनर्जागरण थालिएको हो । यसमा भौगोकिल अन्वेषण (१) गणित विज्ञान जस्ताको आविष्कार (२) मुद्रणको

आविष्कार (३) टर्कीको विजयले कन्स्टान्टिनोपोलको पतन र ग्रीक विद्वानहरू प्राचीन पुस्तक लिँदै इटालितिर भाग्नु (४) मध्ययुगीन जीवन दास स्वरूप रहेको अनुभव गर्नु (५) धार्मिक दबदबाबाट मान्छे मुक्त हुन खोज्नु जस्ता कुराहरूले युरोपमा पुनर्जागरण ल्यायो । यसै क्रममा पुरानो अरस्तुको काव्यशास्त्रको खोज र व्याख्या हुन थाल्यो । दाँतेका कृतिहरूको चर्चा हुन थाल्यो । प्लेटो र होरेस आदिका कृतिहरूको चर्चा हुन लाग्यो । यसले चौधौँ शताब्दीदेखि विभिन्न विषयमा आएको प्राचीन खोज अन्वेषणका साथ साथमा साहित्यमा पनि र त्यसको समालोचना क्षेत्रमा पनि पुनर्जागरण भयो भन्ने कुरा यसमा प्रस्ट गरिएको छ ।

**खण्ड ३ परिच्छेद २**

यसको शीर्षक 'नव-क्लासिकल पुनर्जागरणका पृष्ठभूमिमा' भनेर यस सन्दर्भमा १० वटा ( क देखि ञ सम्म) उपशीर्षक दिएर पहिलोमा नव क्लासिकल मान्यताको उत्थान विकास र विच्छेद परिचय भन्ने शीर्षकमा प्लेटो, अरिस्टोटल, लंजाइनसजस्ता साहित्यकारहरूको मान्यतामा अगाडि बढ्नु नै नव क्लासिकल हो भन्ने कुरा देखाउँदै प्राचीन ग्रिस र रोमका उपलब्धिको स्थापनाको अनुसरण नै नवक्लासिकल हो भन्ने कुरा देखाइएको छ । दोस्रो उपशीर्षकमा विकास क्रम रहेको छ । यसमा मिण्टर्नो, टासो, व्वाइल्यूका जस्ता व्यक्तिहरू यसक्रमका महत्त्वपूर्ण व्यक्तिहरू हुन् र यो १८ औं शताब्दी सम्म रहेको छ भन्ने कुरा यसमा उल्लेख छ । यसपछि ३ मा विधाको बारेमा, ४ मा स्केलिगरको बारेमा, (५) काष्टेलमर्टोको बारेमा, (६) बेनजोनसोनको बारेमा, (७) व्वाइलको बारेमा, (८) ड्राइडेनको बारेमा, (९) पोप र एडीसनको बारेमा र (१०) मा डा. जोनसनको बारेमा विस्तृत विवेचना गरेर नव क्लासिकल परम्पराका यिनै महत्त्वपूर्ण व्यक्ति हुन् भन्ने कुरा उल्लेख गर्दै ११ मा उपसंहार प्रस्तुत गरिएको छ । यो नव क्लासिकल परम्परा १९ औँ शताब्दीमा आएर टुंगिएको छ भन्ने कुरा पनि यहाँ देखाइएको छ ।

**खण्ड ४**

यसमा १९ औँ शताब्दी देखि युरोपमा उर्लिएका नयाँनयाँ स्वर र वादहरूका बारेमा चर्चा गरिएको छ । यसमा विशेष गरेर रोमान्टिक स्वर र अभिव्यञ्जनावाद, कलावाद जस्ता वादका बारेमा यस खण्डअन्तर्गत चर्चा गरिएको छ ।

**खण्ड ४ परिच्छेद १**

यसको शीर्षक 'जर्मनीको रोमान्टिक स्वर' रहेको छ । यसमा निम्नलिखित व्यक्ति प्रतिभाका बारेमा चर्चा छ ।

**(क) लेसिव**

जर्मन समालोचना प्रणालीलाई नयाँ दिशा दिने व्यक्तित्व हुन लेसिव । यिनले रोमान्टिक परम्परालाई थाल्ने काम गरेका छन् । यिनको समय १७२९ देखि १७८१ हो । समालोचना क्षेत्रको कृति 'ल्याकुन' हो । यसमा रोमान्टिक चेतनाको समावेश भएको पाइन्छ । त्यसैले जर्मनीको रोमान्टिक स्वर लेसिवबाट थालिएको हो भनिएको छ ।

(ख) **हेर्डर**

रोमान्टिक स्वरलाई पूर्णता दिने व्यक्ति हेर्डर हुन् । हेर्डर "कविता आदिम अनुभूतिहरूको सहज उच्छलन हो" भन्छन् । यिनी कवितालाई आत्माको संगीत स्वीकार्छन् । प्रकृतिलाई समेत अनुभूतिजन्य स्वरूपमा स्वीकार्ने हेर्डर रोमाटिक समालोचक हुन् भन्ने यहाँ देखाइएको छ भनिएको छ ।

(ग) **जर्मन रोमान्टिक धाराको परिवेश**

दाँतेपछि सुरु भएको नयाँ चेतनाले युरोपमा रोमान्टिक धाराको सुरुआत गरेको छ । स्लेगेलले रोमिन्टक नाम दिएका छन् र कलरिजले १८११ ई. रोमान्टिक वादको स्थापना गरेका हुन् र रोमान्टिकवादको स्थापना हुनुमा गेटेको महत्त्वपूर्ण भूमिका रहेको समेत यसमा उल्लेख गरिएको छ ।

(घ) कान्टको दार्शनिक भूमिका शीर्षकमा रोमान्टिक परम्परालाई अगाडि ल्याउनमा इम्यानुयल कान्टको महत्त्वपूर्ण भूमिका रहेको र सौन्दर्य दर्शनको विश्लेषणात्मक समालोचनातर्फ कान्टले योगदान पुऱ्याएको कुरा यहाँ उल्लेख छ । वस्तु र प्रकृतिको अलगअलग संसार देख्ने कान्ट रोमान्टिक सौन्दर्य चेतनाका अधार हुन् समेत यहाँ भनिएको छ ।

(ङ) **उत्तरवर्ती स्वर**

यसअन्तर्गत सिलर, कान्ट, गेटे, स्केलिनको चर्चा गर्दै हावर आदि समालोचकहरू नयाँनयाँ परिपाटीलाई आत्मसात् गर्दै आत्मावादी दर्शन र सौन्दर्यस्थापनाको प्रयोग गर्दै अनेकौं आन्दोलनहरू युरोप भरी र अमेरिकासम्म पनि फैलिएको छ । यो स्वर वास्तवमा रोमान्टिक स्वरका रूपमा अगाडि बढेको छ ।

**खण्ड ४ परिच्छेद २**

यसको शीर्षक 'कलरिजको कल्पनासिद्धान्त' दिइएको छ । यसमा अंग्रेजी रोमान्टिक समालोचनाका महत्त्वपूर्ण व्यक्तित्व कलरिजको बारेमा चर्चा गर्दै उनले दिएका योगदान र रोमान्टिक समालोचनाका लागि तयार गरिएका बुँदाहरूलाई समेट्दै कलरिजका समालाचेनाका सिद्धान्तहरूलाई प्रस्तुत गरिएको छ । त्यसमध्ये क्लारिजको सबैभन्दा महत्त्वपूर्ण सिद्धान्त **कल्पनासिद्धान्त** हो । त्यसलाई यसमा प्रस्तुत गरिएको छ । यसको महत्ता र मूल्याङ्कन, कविता, कल्पना, कल्पनाका दुई भेदमूल र गौण, कल्पनासिद्धान्त वा दार्शनिक प्रभाव, कल्पना र प्रकल्पना, अनुकरण र कल्पना, लिरिकल ब्यालेड, वर्डस्वर्थ र कलरिज, कल्पनावादीहरू र कलरिज, कल्पनाका विभिन्न दृष्टिमा कल्पनावाद : परम्परा सीमा र विस्तार जस्ता ११ शीर्षक दिएर कलरिजको कल्पना सिद्धान्तका बारेमा प्रस्तुत गरेर प्रस्ट पार्ने काम गरिएको छ । कलरिजको मूलभूत समालोचना ग्रन्थ 'बायोग्राफिया लिटेरिया' हो भन्दै कलरिज अङ्ग्रेजी रोमान्टिक,

समालोचना परम्पराका आधार स्तम्भ एवम् सर्वोत्कृष्ट व्यक्तित्व हुन भन्ने कुरा यहाँ देखाइएको छ ।

**खण्ड ४ परिच्छेद ३**

यसको शीर्षक '१९ औं शताब्दीका विविधतामय आवाज' दिइएको छ । यसअन्तर्गत आदर्शवादी नीतिवाद : शेली उपशीर्षकमा शेलीले नैतिक मूल्य दार्शनिक गम्भीरता र आनन्दमय सन्दर्भमा साहित्यको उपयोग गरेको हुनाले सेली नीतिवादी हुन् भनिएको छ । (ख) उपशीर्षकमा मनोवैज्ञानिक प्रभाववाद : ह्याजलिट शीर्षक दिएको छ । यसमा मनोवैज्ञानिक व्याख्या गरेर ह्याजलिटले समालोचनामा नयाँ स्वरूप दिएका छन् भन्ने कुरा देखाइएको छ । (ग) उपशीर्षकमा जीवनीपरक समालोचना सेण्टव्यूभ शीर्षक दिएर सेण्ट व्यूभले जीवनीपरक समालोचनाको सुरुवात गरेका छन् भन्ने कुरा देखाइएको छ । (घ) उपशीर्षकमा टेन : समाजपरक समालोचना शीर्षक दिएर समाजपरक समालोचनाका प्रवक्ता र प्रयोगकर्ता टेन हुन् भन्ने कुरा देखाइएको छ । (ङ) उपशीर्षकअन्तर्गत नीतिवाद : विशिष्ट प्रवक्ता माथ्यू अर्नाल्ड शीर्षक दिएर मानवीय नीतिवादका प्रवक्ता अर्नाल्ड हुन् । यिनकै पक्षमा टल्सटाय पुस्किनजस्ता साहित्यकारहरू यसमा संलग्न छन् भन्ने कुराको चर्चा गर्दै प्लेटो, होरेस आदि व्यक्तिहरूले प्रयोग गरेको नीतिवाद यहाँ आएर फस्टाएको कुरा समेत यसमा उल्लेख गरिएको छ ।

**खण्ड ४ परिच्छेद ४**

यसको प्रमुख शीर्षक 'क्रोचेको अभिव्यञ्जनावाद' रहेको छ । यसका उपशीर्षकमा क्रोचेकलाका कोलम्बस शीर्षक दिएर क्रोचेले कलाको नयाँ संसार पत्ता लगाएको कुरा अभिव्यञ्जनावादलाई प्रस्तुत गर्दै यहाँ क्रोचेका बारेमा विस्तृत चर्चा गरिएको छ । दोस्रो उपशीर्षक 'क्रोचेका दृष्टिमा सहज ज्ञान र तार्किक ज्ञान' राखिएको छ । यहाँ क्रोचेलाई अध्यात्मवादी, दार्शनिक बताउँदै उनको सहज ज्ञान र तार्किक ज्ञानका बारेमा चर्चा गरिएको छ ।

तेस्रो उपशीर्षकमा 'क्रोचेको सहज ज्ञान, अभिव्यञ्जना र कलासम्बन्धी स्थापना' राखेर क्रोचेको अभिव्यञ्जनासम्बन्धी मान्यताको चर्चा गरिएको छ । क्रोचेले सौन्दर्यशास्त्रलाई "मनको विज्ञान" भनेको पाइन्छ । यसमा कला भनेको मान्छेको हृदयमा अभिव्यञ्जना हुने वस्तु हो । यो प्रायः सबैमा हुन्छ भन्ने मूल कुरा यहाँ देखाइएको छ । बाह्यकला भनेको त्यही आन्तरिक कलाको अभिव्यक्ति मात्र हो भनेका छन् । यो नै क्रोचेको नयाँ खोज हो भन्ने कुरा यहाँ देखाइएको छ ।

चौथो उपशीर्षकमा 'कलाको बाह्य प्रकाशनका सम्बन्धमा क्रोचेको धारणा' रहेको छ । यसमा बाह्य प्रकाशित कला अपूर्ण हो । भित्र आत्माको प्रतीक मात्र भएर बाहिर निस्कन्छ जस्ता कुराहरू यसमा प्रस्तुत गरिएका छन् । कलाको शैली र शिल्प भन्नु बेकार कुरा हो, कला वास्तवमा अन्तरआत्माको अभिव्यञ्जना मात्र हो भन्ने कुरा यहाँ उल्लेख छ । अन्तिम उपशीर्षक 'उपसंहार' राखिएको छ । यसअन्तर्गत क्रोचे अभिव्यञ्जनावादका नयाँ खोज कर्ता सफल व्यक्तित्व हुन् भन्ने कुरा देखाइएको छ ।

**खण्ड ४ परिच्छेद ५**

यसको शीर्षक ‘कलावाद’ राखिएको छ । यसअन्तर्गत क र ख दुई उपशीर्षक दिएर कला कला कलाको लागि र कला जीवनको लागि भन्ने युरोपमा चलेका महत्त्वपूर्ण अभियानका बारेमा चर्चा गरिएको छ । यसमा कला जीवनका लागि भन्ने प्लेटो, अर्नाल्ड, रस्किन, टाल्सटाय जस्ता व्यक्ति हुन् भने कला कलाको लागि भन्ने पेटर वाइल्ड, दिब्सलर र ब्राडले सशक्त कलावादी व्यक्ति हुन् । यिनीहरू सौन्दर्य तत्त्वलाई प्रमुख आधार मानेर अगाडि बढेका हुन्छन् भन्ने कुरा यहाँ दुई पक्षको विचारहरूलाई प्रस्तुत गरेर प्रस्ट पार्ने काम गरिएको छ भने (ख) मा ब्राडलेका बारेमा चर्चा गरिएको छ । काव्य काव्यका लागि भन्ने ब्राडलेका सिद्धान्तहरू र उनका समालोचनात्मक आधारहरूलाई यसमा प्रस्तुत गर्ने कार्य भएको छ । त्रिपाठीका शब्दमा “ब्राडले जुन बाह्य मूल्यलाई काव्य मूल्याङ्कनमा विशेष महत्त्व दिँदैनन्, रिचर्डसको समालोचना सिद्धान्त मनोवैज्ञानिक बल र समाज शास्त्रीय अनि नीतिशास्त्रीय तागती बोकेर त्यसलाई समर्थन गर्दछ र विज्ञान रिचर्डसको आधार हो, काव्य मर्मसँगैको घनिष्टता ब्राडलेको आधार हो ।”[६०] भन्दै कलावादको यहाँ व्याख्या गरिएको पाइन्छ ।

**खण्ड ५**

यो खण्ड बीसौं शताब्दीका समालोचकहरूका बारेमा लेखिएको खण्ड हो । यसमा टि.एस इलियट र आए रिचर्डसका समालोचनासम्बन्धी विषयमा विवेचना गरिएको छ । यसमा २ परिच्छेद छन् ।

**खण्ड ५ परिच्छेद १**

यसमा ‘इलियटका समालोचनात्मक धारणा’ शीर्षक दिइएको छ । उपशीर्षकमा “टमसर्स्टन इलियट : प्रेरणा र पृष्ठभूमि” राखिएको छ । यसमा बवीट र ह्याज एवम् मैथु अर्नालड इलियटका प्रेरणा स्रोत हुन् तर त्यसमा पनि उनले सन्तोष गरेनन् र नयाँ निर्वैयक्तिकता सिद्धान्तको निर्माण गरे । यही सिद्धान्तका आधारमा उनी समालोचनामा स्थापित भएका छन् । यसमा उनी नयाँ पुस्ताका लागि विशेष आकर्षक बनेका छन् । यिनी कविमा होइन कवितामा ध्यान दिनुपर्छ भन्ने कुरामा विश्वास गर्छन् भन्ने कुरा यस उपशीर्षकअन्तर्गत लामो विश्लेषण गरिएको छ ।

उपशीर्षक ख मा ‘इलियटका मूलभूत स्थापना’ भनिएको छ । यसमा (१) परम्परा र वैयक्तिक प्रतिभा (२) निर्वैयक्तिकीकरण (३) वस्तुगत समीकरण र समन्वित सम्वेदना रहेका छन् ।

उक्त चार इलियटका मुख्य सिद्धान्त हुन् । यसमा चार कुरामा अडिक भएर इलियटले नयाँ समालोचनाको मापदण्ड प्रस्तुत गरेको पाइन्छ । ‘छानिएको गद्य कृति’मा यस प्रकारको आफ्नो सैद्धान्तिक विवेचना प्रस्तुत गरेको पाइन्छ भन्दै यी इलियटका सिद्धान्तको यसमा विशेष विश्लेषण गरेको छ ।

**खण्ड ५ परिच्छेद २**

---

[६०] ऐ. पृ. २५६

यसमा “रिचर्डसको समालोचना सिद्धान्त” शीर्षक रहेको छ । यसको उपशीर्षक ‘(क) आमुख’ रहेको छ । यसभित्र आइमोर आर्मस्टङ्ग रिचर्डस आधुनिक समालोचनाका प्रबल स्तम्भ हुन् भन्दै उनले सौन्दर्यशास्त्रको आधारशीला, अर्थको अर्थ, साहित्यिक समालोचनाको सिद्धान्त, कविता र विज्ञान प्रयोगात्मक समालोचना अलङ्कारको दर्शनजस्ता कृतिहरू लेखेर आफ्नै स्वतन्त्र व्यापक काव्यशास्त्रको निर्माण गरी समालोचनाको इतिहासमा नयाँ प्रणालीको स्थापना गरेका छन् । समालोचना भनेको कलाकृतिकै अध्ययनमा केन्द्रित हुनुपर्छ भन्ने धारणा दिने र शब्द, बिम्ब, अलङ्कार आदिको उचित विश्लेषणको गम्भीर शिक्षा दिने काम पनि उनबाट भएको छ भन्दै रिचर्डस यो २० औं शताब्दीका प्रतिभाशाली समालोचक हुन् भनेर विवेचना गरिएको छ । मनको स्वरूप मानसिक घटनाको स्वरूप, ज्ञान, सिद्धान्त, आनन्द, सम्वेग, सामान्य सम्वेग, स्मृति,, अभिवृत्तिजस्ता विषयमा रहेको रिचर्डसको धारणा यहाँ प्रस्तुत गरिएको छ । उपसंहारमा पाठक कसरी काव्यानुभूति प्राप्त गर्छ जस्ता कुराहरूको चर्चा गर्दै मुलतः व्यवहारवादी मनोविज्ञानकै अनुयायी हुन् तैपनि विविध मनोवैज्ञानिक सम्प्रदायका स्थापनाको संश्लेषण, समन्वय अङ्गालेर “मध्यमार्गी मनोविज्ञानसँग उनले सामीप्य देखाएका छन् ।”[६ड] भन्दै रिचर्डसको समालोचना सिद्धान्तलाई प्रस्ट पार्ने काम गरेको छन् ।

**खण्ड ५ परिच्छेद २**

यसमा शीर्षक रिचर्डसका समालोचना सिद्धान्त दिएर ‘ख’ उपशीर्षक राखी त्यसको शीर्षक “टिप्पणी” भनिएको छ । यसमा निम्न कुराहरू प्रमुख रूपमा राखिएको पाइन्छ ।

(१) मा रिचर्डस : फ्रायडका सन्दर्भमा भनेर यसमा फ्रायडका सन्दर्भमा समानता र भिन्नताका कुराहरूको विश्लेषण राखिएको छ । यसमा प्रत्यक्ष-अप्रत्यक्ष थोरबहुत रूपमा फ्रायडको प्रभाव रिचर्डसमा परेको छ भन्ने देखाइएको छ ।

(२) मा रिचर्डसलाई अन्य मनोभावमूलक सौन्दर्यवादीहरूका सापेक्षतामा राखिएको छ । यसमा विभिन्न अन्य मनोविज्ञानहरूको चर्चा गर्दै रिचर्डसको स्थान निर्धारण गरिएको छ ।

(३) मा रिचर्डसको समालोचनाको आधारभूत प्रक्रिया : यस अन्तर्गत रिचर्डसको वास्तविक साहित्यिक समालोचनाका सिद्धान्तमा आधारित भएर रिचर्डसको मूल्याङ्कन गरिएको छ ।

(४) मा रिचर्डस र इलियटको सामीप्य : रान्सोमको रोष : यसअन्तर्गत रिचर्डस र इलियटको स्थापित मान्यताप्रति रान्सोभले गरेको टिप्पणी प्रस्तुत छ ।

(५) मा यसको शीर्षक ‘सौन्दर्यको विषयी निष्ठता’ रहेको छ । यसमा रिचर्डसका समग्र पक्षको चर्चा गरिएको छ ।

(६) मा रिचर्डसको समालोचना : विभेद विधानको ताँती शीर्षक रहेको छ । यसमा व्यवच्छेद शृङ्खलाको समेत विस्तृत चर्चा छ ।

---

[६ड] ऐ. पृ. ३०५

(७) मा यसको ‘रिचर्डसको समालोचना सिद्धान्तमा वैज्ञानिकता’ शीर्षक रहेको छ । यसमा त्रिपाठीले रिचर्डसका सिद्धान्तका बारेमा विस्तृत चर्चा गरेका छन् ।

(८) मा ‘रिचर्डसको स्थापना र रसवादसँग तुलना’ शीर्षक रहेको छ । यसमा तुलना गरेर पूर्वीय मान्यताको समेत पश्चिमी क्षेत्रमा समावेश गराउने काम दिइएको छ । र

(९) मा ‘रिचर्डसको प्रभाव र योगदान’ रहेको छ । यसमा “रिचर्डसको समालोचनाको मूलभूत सीमा मनोविज्ञानको सीमा हो । प्रायशः समाजशास्त्रीय दृष्टिकोणको उपेक्षा गर्दै रिचर्डस व्यक्तिमनोविज्ञानकै प्रभावमा देखा पर्छन् ।”[ङढ] भनेर रिचर्डसको मूल्याङ्कन गरेको पाइन्छ ।

**खण्ड ५ : परिच्छेद २**

यसको ‘(ग)’ मा “रिचर्डसको मूल्य सिद्धान्त” शीर्षक रहेको छ । यसअन्तर्गत मूल्य सिद्धान्तको स्वरूप र मूल्य सिद्धान्तका बारेमा विस्तृत छलफल गरिएको छ ।

**खण्ड ५ परिच्छेद २ (घ)** : यसको ‘घ’ उपशीर्षकमा “रिचर्डसको सम्प्रेषण सिद्धान्त र सम्बद्ध विविध पक्ष” शीर्षक रहेको छ । यसमा सम्प्रेषणसँग सम्बन्धित विविध पक्षको चर्चा छ । साहित्य सिद्धान्तका ६ अध्यायमा यसबारे रिचर्डसले विस्तृत विवेचना गरेको कुरामा यहाँ पनि विस्तारका साथ प्रस्तुत छ । टाल्सटायको सङ्क्रमण सिद्धान्तसँग समेत चर्चा गरिएको छ । विविध उदाहरण दिँदै यसलाई महत्त्वपूर्ण रूपमा प्रस्तुत गर्ने काम भएको छ । त्रिपाठीकै शब्दमा “यसरी रिचर्डस कलाकृतिको स्थायित्व र शाश्वतताको आधार रूप पक्षलाई मान्छन् र गत प्रयोग हुनुको हेतुका रूपमा मूल्य न्यूनता भन्दा सामाजिक नवीन अभिवृत्तिको प्रचलनलाई ठान्दछन् ।”[घण] भन्ने कुरा प्रस्ट पारिएको छ ।

**खण्ड ५ : परिच्छेद २ (ङ)** : यसको (ङ) शीर्षकमा कलावाद र सौन्दर्यवादको खण्डन रहेको छ । (१) मा सौन्दर्यवादको खण्डन शीर्षकमा सत्यम शिवम् सुन्दरम्को तीन कुरालाई कान्टको सौन्दर्यमा समाविष्ट भएकोमा यसलाई अस्विकार रिचर्डसले गरेका छन् भनिएको छ । (२) मा कलावादको खण्डन कलावादी ब्राडलेका धारणाको कला कलाको लागि भन्ने धारणाको खण्डन गरेको पाइन्छ भन्ने कुरा यसमा प्रस्तुत गरिएको छ ।

**खण्ड ५ : परिच्छेद २ (च)** : यसको (च) शीर्षकमा आनन्दवादको खण्डन रहेको छ । यसमा रिचर्डसले आनन्दवादलाई पूर्ण रूपमा खण्डन गरेको कुरा प्रस्तुत गरिएको छ ।” कला साहित्यमा आनन्द गौड कुरा मात्र हो र साध्य नभई प्रभाव सङ्केत मात्र हो भनी प्रस्ट गर्छन् ।”[घज्ञ] भन्दै यसमा रिचर्डसको खण्डनलाई प्रस्ट गरिएको छ ।

---

[ङढ] ऐ. पृ. ३४०

[घण] ऐ. पृ. ३८०

[घज्ञ] ऐ. पृ. ३९४

**खण्ड ५ : परिच्छेद** २ (**छ**) : यसको (छ) शीर्षकमा 'रिचर्डसका दृष्टिमा कला र नीतिवाद' रहेको छ । यसमा रिचर्डस सुखवादी नीतीवादी भन्दा आवेगको सन्तुष्टिमा बढी विश्वास गर्छन् यसैले मनोवैज्ञानिक मूल्यवादलाई बढी विश्वास गर्छन् यसैले मनोवैज्ञानिक मूल्यवादलाई स्विकारेर नीति तत्त्वलाई आफ्नै ढङ्गले अङ्गालेका छन् भन्ने कुरा देखाइएको छ ।

**खण्ड ५ : परिच्छेद** २ (**ज**) : यसको शीर्षक 'काव्यका विश्लेषण र परिभाषा' रहेको छ । यसमा समालोचनाका निम्ति तीन कुराको आवश्यकता छ एक (१) जुन कृतिको मूल्याङ्कन गरिँदैछ त्यस कृतिमा पाइने मनस्थितिको अनुभूति आफ्नो आत्मा केन्द्रित स्वभाव वा अहङ्कारबिना गर्न ऊ सक्षम हुनुपर्छ । (२) अनुभूतिहरूका महत्त्वपूर्ण पक्षहरूमा अन्तर गर्न सक्ने हुनुपर्छ । (३) मूल्यको प्रौढ परिपक्व निर्णायक हुन सक्ने हुनुपर्छ । यी तीन कुरा भयो भने मात्र ऊ समालोचक हुन्छ । यसका साथै काव्यका विविध घटकहरूको ज्ञान पनि समालोचकमा हुनुपर्छ भन्ने कुरा यसमा विस्तारका साथ प्रस्तुत गरिएको छ । काव्यानुभूतिगत मानसिक घटनाका ६ अवस्था दृश्य समवेदना, सम्बन्ध बिम्बहरू, मुक्त बिम्ब, अभ्युद्देशन, सम्वेग र अभिवृत्तिका बारेमा यहाँ चर्चा गरिएको छ । काव्यको परिभाषाको चर्चा गर्दै रिचर्डसले कुनै कृतिका बारेमा बोल्दा कलाकारका अनुभूति भूल नगर्ने सक्षम पाठकका अनुभूति, आर्दश र परिष्कृत पाठकका सम्भावित अनुभूति अथवा हाम्रा आफ्नै वास्तविक अनुभूति प्रकट गरिरहेको हुन्छ । यसलाई पूर्ण रूपमा सम्प्रेषण कवितामा हुन सक्दैन भन्ने कुरा देखाइएको पाइन्छ ।

**खण्ड ५ : परिच्छेद** २ (**झ**) : यसको शीर्षक 'भाषाका विविध प्रयोग र सत्य' रहेको छ । यसमा रिचर्डसले भाषाका दुई प्रयोग बताएका छन् । प्रतीकात्मक र भावात्मक भन्दै साहित्यले कुनै विश्वास दर्शन र सत्यको वहन गर्छ र प्रभावशाली रूपमा यसलाई प्रस्तुत गर्छ भन्ने धारणाको पनि यसमा चर्चा गरिएको छ । रिचर्डसका दृष्टिमा काव्यबाट प्राप्त हुने विश्वास वस्तुपरक सत्य नभई वस्तुहिन विश्वास हो भन्ने कुरा यसमा देखाइएको छ ।

**खण्ड ५ : परिच्छेद** २ (**ञ**) : यसको शीर्षक रिचर्डसको शब्दार्थ विवेचना रहेको छ । यसमा रिचर्डसले अर्थको अर्थ नामक पुस्तकमा र व्यवहारिक समालोचना नामका पुस्तकमा शब्दार्थ सम्बन्धमा गरेको विश्लेषणलाई प्रस्तुत गरिएको छ । यसभित्र लय र छन्दका बारेमा पनि चर्चा गरिएको छ । यस सन्दर्भमा रिचर्डसका शब्दार्थ विवेचनाको चर्चा गर्दै "अन्तर्निर्वेशीकाव्य आवेगको द्वन्द्वको समायोजन हुनुका साथै नानार्थक जटिल शब्दार्थ हो भने अपवर्जी काव्य आवेगको सरल आयोजनाका साथै सरल स्पष्ट शब्दार्थ हो भन्ने कुरा प्रकट हुन्छ ।"[घद्द] भन्ने कुरा देखाइएको छ ।

**खण्ड ५ : परिच्छेद** २ (**ट**) : यसमा 'लय र छन्द रिचर्डसका दृष्टिमा' भन्ने शीर्षक रहेको छ । लय र यसको विशिष्ट रूप छन्द हो भनेका छन् । मनको पूर्वगामी उत्तेजनाले कुनै खास स्वर आदिको साहारा दिएर भाव व्यक्त गरेको हुन्छ । त्यस्तै रिचर्डस कविताबाट छन्दलाई बहिष्कार गर्ने परम्पराको विरुद्धमा उत्रिएको देखिन्छ । रिचर्डस कवितामा छन्दको विविधतापूर्ण

[घद्द] ऐ. पृ. ४२२

भूमिका रहेको बताउँछन् । छन्दको प्रभाव बहुमुखी ठान्दछन्, अत्यधिक कठिन र अत्यधिक कोमल अभिव्यक्तिका निम्ति छन्द अपरिहार्य साधन हो भन्ने कुरा प्रस्ट पार्छन् भन्ने विषयलाई यहाँ प्रस्तुत गरिएको छ ।

"रिचर्डस वस्तु सौन्दर्यमा विश्वास नगरी विषयी सौन्दर्य वा हाम्रै मनस्थितिमा सौन्दर्यको सत्ता स्विकार्छन् । स्वभावतः छन्द पनि रिचर्डसका दृष्टिमा शब्दगत ध्वनि आयोजना नभई मानसिक अनुक्रियागत प्रभाव बन्न गएको छ । वस्तु उद्दीपन र मानसिक अनुक्रियाको भावद्वारा कलाको व्याख्या गर्ने रिचर्डस ध्वनि आयोजनालाई उद्दीपन वस्तु मान्दै त्यसको अनुक्रियागत प्रभाव मै छन्दको शक्ति र सामर्थ्य देख्दछन् ।"[घघ] भन्ने कुरा समालोचक त्रिपाठीले यहाँ प्रस्तुत गरेका छन् ।

**खण्ड ५ : परिच्छेद २ को** (ठ) : यसको शीर्षक 'कल्पना रिचर्डसका दृष्टिमा' भन्ने रहेको छ । कल्पनाको इतिहास हेर्दै साहित्यमा कलरिज, क्रोचे र रिचर्डसले कल्पनालाई साहित्यको उत्कृष्टतामा स्थापित गरेका हुन् भन्ने देखाइएको छ । उक्त सन्दर्भमा रिचर्डसले पूर्ववर्तीहरूका सापेक्षतामा कल्पनाको विशेष चर्चा गरेका छन् भनिएको छ ।

रिचर्डसले कल्पनाको छ ओटा अर्थ प्रस्तुत गरेका छन् । पाँचओटा अर्थ आफ्नो र छैटौँ अर्थ कलरिजबाट आभार प्रकट गर्दै लिएर प्रस्तुत गरेको पाइन्छ ।

कल्पनाको पहिलो अर्थ सजीव चाक्षुष बिम्बहरूको निर्माण । दोस्रो आलङ्कारिक प्रयोग । तेस्रो अन्य व्यक्तिहरूको भावात्मक मनस्थितिको सहानुभूतिपूर्ण पुनरुत्पादन । चौथो आविष्कार वा सामान्यत असम्बद्ध तत्त्वहरूलाई समन्वित पार्ने क्रिया र पाचौं भिन्न देखिने वस्तुहरूका बीचमा उचित सम्बन्धको स्थापना रहेका छन् र छैटौं अर्थ कलरिजको कल्पना सिद्धान्तलाई स्विकार्दै त्यसैका आधारमा मनोवैज्ञानिक सन्दर्भलाई समावेश गरेर रागपरक अभिव्यक्ति प्रस्तुत गरिएको हुन्छ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । त्रिपाठीकै शब्दमा भन्दा "कलरिजको कल्पना सिद्धान्तलाई विरेचन, दुःखान्तक, अन्तर्निवेशी, कविता र सन्तुलित विराभावस्था र सर्वातिशायी चरमोल्लादसम्म डुलाउँदै रिचर्डसले मनोवैज्ञानिक सन्दर्भमा सार्थक सशक्त देखाइदिएका छन् ।"[घङ] भनिएको पाइन्छ ।

**खण्ड ५ : परिच्छेद** २ (**ड**) : यसको शीर्षक "कलाक्रीडा र सभ्यताको सन्दर्भमा" रहेको छ । यसमा रिचर्डसले कलागत अनुभूतिको मूल्य र महत्ता विज्ञानको चरम विकासबाट पनि समाप्त हुँदैन । कलाहरूले हाम्रो अनुक्रियाको स्तर उठाउने र गिराउने अपूर्व सामर्थ्य प्राप्त गरेका छन् भनिएको छ । रिचर्डस कलालाई असल र खराब गरी दुई वर्गमा देखाउँछन् असल कलाले मानवीय अनुक्रियाको उत्थान गराउँदै जीवनको व्यापक अभिवृत्ति जगाउँछ भने खराब कलाकृतिले मानवीय अनुक्रियाको पतन गराउँदै जीवनका आवेगको सन्तुलन समायोजनलाई झन्-झन् छ्यतविछ्यत पारिदिन्छ भन्दै कला भनेको मानवीय मनको अवस्थालाई उत्कृष्ट पार्ने सभ्यताको लागि अत्यन्त आवश्यक वस्तु हो भन्ने कुरा देखाएका छन् । यसको विस्तृत चर्चा गर्दै

---

[घघ] ऐ. पृ. ४२९

[घङ] ऐ. पृ. ४३९

समालोचक त्रिपाठीले "त्यसैले रिचर्डसका दृष्टिमा कलाशिक्षण मनोरञ्जन वा केवल क्रीडा नभई मानवसभ्यताकै अपरिहार्य तथा अत्यन्त उपयोगी साधन देखा पर्छ।"[घछ] भनेको पाइन्छ।

**खण्ड ६**

यसमा साहित्यमा प्रचलित विविधवाद र प्रणालीलाई समावेश गरिएको छ। वादअन्तर्गत अठारओटा पश्चिमीसाहित्यमा प्रचलित वादहरूलाई परिच्छेद एक (१) अन्तर्गत राखिएको पाइन्छ भने खण्ड ६ कै परिच्छेद दुई (२) अन्तर्गत पश्चिमी साहित्यमा प्रचलित समालोचनाका प्रणालीहरूलाई राखिएको छ। पश्चिममा प्रचलित समालोचनाका सात ओटा प्रणालीलाई यहाँ प्रस्तुत गरिएको छ। यसैको परिच्छेद ३ मा नवअरिस्टोटलवाद र परिच्छेद चारमा वेलेक र वारेनका सम्बन्धमा चर्चा गरिएको छ।

**खण्ड ६ : परिच्छेद १**

**साहित्यमा प्रचलित विविधवाद**

(**क**) '**क्लासिकल**' यो शब्द पश्चिमी साहित्यमा साह्रै प्रचलित र साहित्यका वादहरूमा प्रमुख वादका रूपमा रहेको पाइन्छ। अभिजात अर्थ लिएर आएको क्लासिकल शब्द क्रमशः नयाँ-नयाँ सन्दर्भमा प्रचलित हुँदै साहित्यमा आज प्राविधिक शब्दका रूपमा स्थापित भएको छ भन्ने कुरा यहाँ चर्चा गरिएको छ। पश्चिमी साहित्यको पुनर्जागरणका बेला ग्रिस र रोमका प्राचीन उत्तम कृतिको लागि यो शब्द प्रचलित भएको थियो भने केही समयपछि उत्तम रचना गर्ने व्यक्ति र रचनालाई क्लासिकल भनियो। यसरी नै परिष्कार र परिमार्जनमा प्रस्तुत भएको प्रौढ कृति र लेख रचनालाई क्लासिकल भन्ने नाम स्थापित भएको देखिन्छ र साहित्यिक प्रवृत्तिका रूपमा यो शब्द आज सर्वत्र प्रचलनमा आएको छ। सामान्य रूपमा भन्दा क्लासिकल साहित्यको एउटा त्यस्तो वाद हो जसले प्राचीन आदर्शलाई स्विकार्दै निश्चित मान्यताका आधारमा विषय र शिल्पको सन्तुलन गर्दै साहित्यिक अभिव्यक्तिमा विश्वास गर्ने समूहले स्विकारेको साहित्यिक परम्परा हो जसलाई आदर्श साहित्य भन्न सकिन्छ। युरोपीय संस्कृति सभ्यता र साहित्यका आदर्श मापदण्डका रूपमा क्लासिकल शब्द प्रयोग भएको र साहित्यका रूपमा एउटा उत्कृष्ट साहित्यको सिर्जना गर्ने वादका रूपमा क्लासिकल वादलाई स्विकारिएको छ भनिएको पाइन्छ।

**खण्ड ६ : परिच्छेद १ रोमान्टिक** : यसको साहित्यमा प्रचलित विविधवादको 'ख' शीर्षकमा 'रोमान्टिक' शीर्षक रहेको छ। यो शब्द विभिन्न अर्थमा पहिलेदेखि नै चलेर आएको भए पनि साहित्यिक वादका रूपमा भने १८ औँ शताब्दीदेखि मात्र चल्न थालेको हो। क्लासिकल र नव क्लासिकल परम्पराका रुढिवादी कट्टर नियमहरूको विरोध गर्ने प्रवृत्तिका लागि यो रोमान्टिकवाद प्रयोग भएको छ। विवेकको सट्टा आवेग, यथार्थको सट्टा आदर्श, परिष्कारको सट्टा निर्झरता वा स्वतः प्रस्फुटन रोमान्टिक चेतनाका विशेषता हुन्। मान्छेको मनलाई प्रधानता दिएर नीतिनियमलाई गौड गर्नु प्रकृति र मानवतालाई विशेष मान्यता दिनु यसका विशेषता हुन् भन्ने कुरालाई नै यहाँ देखाइएको छ।

[घछ] ऐ. पृ. ४४३

रोमान्टिकवाद जर्मन **हेनरिक हाइन**बाट सुरु भएको मानिए पनि अङ्ग्रेजी कवि वर्डस्वर्थ, कलरिजको लिरिकल व्यालेडपछि मात्र उत्कर्षका रूपमा इङ्ल्यान्डमा स्थापित भएको हो । जर्मनी, फ्रान्स, इटली, पुर्तुगाल, स्पेन, रुस हुँदै १९ औं शताब्दीपछि अमेरिकासम्म पुगेको र २० औं शताब्दीमा हिन्दी, नेपाली साहित्यमा पनि यसले प्रवेश गरेको कुरा यहाँ चर्चा गरिएको छ । साहित्यमा अत्यन्त धेरै उर्वर साहित्य सिर्जना र विश्लेषण हुँदै समाजमा ठूलो हलचल मचाएको, विश्वकै चर्चित वादका रूपमा रोमान्टिकवाद रहेको छ । बुद्धिलाई भन्दा हृदयलाई प्रधानता दिनु यस वादको प्रमुख विशेषता र आत्मपरकता यसको प्रमुख आत्मा रहेको कुरासमेत यसमा उल्लेख छ । दृश्यजगत्भन्दा पर पुग्न खोज्नु सौन्दर्यपरक सत्यको चित्रण गर्नु, ग्राम्य, वन, एकान्त प्रेम, अति प्राकृत कुराहरूको र मानवताको चित्रण गर्नु, विशेषतः अन्तरमुखी भएर बग्नु यस वादका प्रमुख विशेषता रहेको कुरा उल्लेख छ ।

कलरिज, सेली, वर्डवर्स्थ यस वादका प्रमुख प्रतिभा हुन् भन्ने कुरा पनि यसमा प्रस्तुत गरिएको पाइन्छ ।

**खण्ड ६ : परिच्छेद १**

**(ग) यथार्थवाद/प्रकृतवाद** : यो वाद पश्चिमी साहित्यमा १९ औं शताब्दीपछि चर्चित भएको वाद हो । रोमान्टिकवादको अवास्तविक क्रियाकलापलाई परित्याग गर्दै त्यसको विरुद्धमा जीवनपरक, यथार्थपरक साहित्य हुनुपर्छ भनेर चलेको वाद यथार्थवाद हो । यो विशेष गरेर आदर्शवादको भिन्न चरित्रमा देखिन्छ । यो वाद साहित्यको उपन्यास क्षेत्रमा विशेष फस्टाएको छ । **हाइनारिख हाइना** जर्मन कविले १८३० तिर थालेको यो वाद रुस, बेलायतजस्ता क्षेत्रमा विशेष प्रचलित हुँदै सारा युरोप र अमेरिका आदि फैलिँदै एसियाइ मुलुकमा पनि आएको देखिन्छ ।

यथार्थवादी प्रवृत्तिहरूमा स्थानीय दृश्य र समय स्पन्दन प्रस्तुत गर्नु, समकालीन घटना र परिस्थितिलाई प्रस्तुत गर्नु कथावस्तुका सूक्ष्मातिसूक्ष्म पक्षलाई प्रस्तुत गर्नु, भाषिका आदिको प्रयोग गर्नु, विज्ञान र व्यावसायिक क्षेत्रहरूका शब्दहरूको प्रयोग गर्नु, यस क्षेत्रका प्रवृत्तिगत विशेषता हुन् । यो औद्योगिक युगका साथसाथै अगाडि बढेको छ । समाजवादी सिद्धान्तलाई यसले आत्मसात् गरेको छ । मार्क्सवादी सिद्धान्त यसको आधार दर्शन देखिन्छ । विशेष गरेर रुसका उपन्यासहरूले यसलाई विश्व प्रसिद्ध बनाएको छ । सन् १९३५ को प्रगतिशील लेखक सङ्घको स्थापनाले यो यथार्थवाद अझ विकासशील र सम्मानित भई अघि बढेको देखिन्छ । यथार्थवादकै विशेषता बोकेको प्रकृतवाद पनि हो । मोपासा र जोलाका कृतिहरू प्रकृतवादसँग सम्बन्धित देखिन्छन् । नवयथार्थवाद जीव विज्ञान र भौतिक विज्ञानसँग सम्बन्धित धारणा यसभित्र रहेका छन् । यथार्थवादले समाज सुधारात्मक स्तर समेत थपेपछि त्यो प्रकृतवादमा परिणत भएको छ भन्ने गरिन्छ । प्रकृतवाद पनि जर्मनमै विकसितवाद हो भन्ने कुरा यसमा प्रस्तुत भएको छ ।

**खण्ड ६ : परिच्छेद १**

**(घ) प्रतीकवाद** : १९ औं शताब्दीको आठौं दशकमा यसको सुरु हुन्छ । मलार्मे यसवादका गुरु जस्तै मानिन्छन् । वादलेयर पनि यसका सशक्त प्रतिभा हुन् । फ्रान्समा विकसित यो वाद

प्रतीकका माध्यमबाट विषयवस्तुमा भावलाई प्रस्तुत गर्न सकिन्छ भन्ने आधारमा स्थापित भएको वाद हो । एज्रा पाउन्ड, इलियट र इष्ट्स यस क्षेत्रका महत्त्वपूर्ण कवि मानिन्छन् । वैयक्तिक प्रतीक र परम्परागत प्रतीकका माध्यमले भाव व्यक्त गर्नु यस वादको प्रमुख लक्ष्य देखिन्छ । १८८६ मा व्यक्त 'फिगारो' पत्रिकामा प्रतीकवादी घोषणापत्र छापिएपछि, यसले वादको रूपमा विशेष चर्चा पाएको छ । यो वाद साहित्यको कविता क्षेत्रमा चर्चितवाद मानिन्छ । यस बारेमा अर्थ र साइमनको कवितामा प्रतीकवादी अभियान महत्त्वपूर्ण ग्रन्थको रूपमा रहेको भनिएको छ ।
**खण्ड ६ : परिच्छेद १**

(ङ) **भविष्यवाद** : यो वाद इटालीबाट १९०९ मा थालिएको हो । फिलिप्पो टयासो क्लयारिनेटि यस अभियानका अगुवा हुन् । यो फ्रान्स, जर्मनी, रुस हुँदै अमेरिकासम्म पुगेको देखिन्छ । यसमा मायकोक्सीजस्ता व्यक्तिहरूले यस वादलाई चित्रकला रङ्गमञ्च मूर्तिकला, वास्तुकलाजस्ता विविध क्षेत्रमा प्रयोग भएको पाइन्छ । यो वाद कवितामा पनि केही रूपमा प्रयोग भएको छ । भविष्यवादीहरू बुर्जुवा भावुकताको विरोध स्वरूपहरूलाई त्यागी दिन्छौं भन्छन् । आफ्ना रचनामा हवाईजहाजको स्वरूप देखाउँछन्, प्रशंसा गर्छन् । हवाइ हृदय हवाइवेग यिनको प्रमुख आकर्षण हो र हवाइ रङमञ्च पनि भविष्यवादकै प्रयोग हो भन्ने कुरा यहाँ देखाइएको छ ।

**खण्ड ६ : परिच्छेद १**

**(च) प्रभाववाद : सिर्जना र समालोचना**

बीसौँ शताब्दीमा रुसी कवि ब्लादिमिर मायोकोब्स्कीले प्रभाववादी साहित्यको सिर्जना गरेर यसको सुरु गरेका हुन् । कुनै साहित्यिक उत्तम कृतिमा वैयक्तिक आत्माको यात्रा गर्नु प्रभाववादी समालोचना हो भन्ने कुरा यहाँ देखाइएको छ । चेतना तथ्याङ्कलाई शब्द शास्त्रीय रूपमा हेर्ने प्रभाववादी प्रतीकवादी भन्दा भिन्न छन् । जर्मनीका लिल्यानक्रोन यस सम्प्रदायका नेता मानिन्छन् भन्ने कुरा यसमा समालोचक वासुदेव त्रिपाठीद्वारा सङ्क्षेपमा चर्चा गरिएको पाइन्छ ।

**खण्ड ६ : परिच्छेद १**

**(ट) बिम्बवाद**

बिसौँ शताब्दीमा चलेको साहित्यिकवादमा बिम्बवाद पनि एक हो । एज्रा पाउन्डले १९१४ सन् मा 'डेसइमाजिस्ट अन् एनथोलोजी' भन्ने सङ्कलन निकालेपछि बिम्बवाद चर्चित हुन गएको हो । एभीलोवेलले पनि यसमा सक्रियता देखाइएकी छन् । बिम्बवादीमा केही कविहरू नामक सङ्कलन प्रकाशित हुन्छ । एमोलोवेलले १९१७ तिर बिम्बवादी प्रभाव समाप्त भएको अनुभव गर्छिन् ।

बिम्बवादी प्लिन्टले कविताका निम्ति तीन नियमहरू तोकेका छन् । ती हुन् (१) आत्मपरक वा वस्तुपरक "वस्तु" को सीमा प्रतिपादन (२) प्रस्तुतिकरणमा असहायक कुनै पनि

अप्रयोग (३) मेटोनोभ साङ्गीतिक समय सूचकको क्रम ताल नभई सङ्गीतात्मक क्रममा ताल दिनु ।

बिम्बहरूको सन्दर्भमा एवर क्रोम्वे पनि बिम्बको निर्माणलाई स्विकार्छन् । इडस् पनि बिम्बलाई स्विकार्छन् भन्ने कुरासमेत यस बिम्बवादमा समालोचक त्रिपाठीले प्रस्तुत गरेको पाइन्छ ।

**खण्ड ६ : परिच्छेद १**

(ठ) **अतियथार्थवाद**

स्विट्जरल्यान्डमा स्थापित दादावादका समर्थकमध्ये आन्द्रेबैतोँले फ्रान्समा स्थापना गरेको वाद हो अतियथार्थवाद । अतियथार्थवाद १९२४ को प्रथम घोषणापत्र र १९३० को दोस्रो घोषणापत्रबाट स्थापित भएर अनेकन् प्रयोग हुँदै यो अगाडि बढेको वाद हो । यो अतियथार्थवाद यथार्थभन्दा पनि पर वा यथार्थभन्दाभित्र भन्ने अर्थमा अगाडि बढेको छ । युरोपेली संस्कृति र सभ्यताविरुद्ध तीव्र असन्तोष लिँदै नैतिकता, मान्यता र स्थापित धारणाको विरुद्धमा यो यथार्थवादी सोच अगाडि बढेको छ । यसमा दादावादको केही न केही प्रभाव आएको छ भनिएको छ ।

रोमान्टिक अभियान र यथार्थ, प्रकृतवादका विरुद्ध असन्तोषको विस्फोटकै रूपमा यो अतियथार्थवाद प्रारम्भ भएको हो । समाज र परम्परागत मान्यताप्रति विद्रोह गर्दै मानसिक विकृतिसँग सम्बन्धित भएर अति यथार्थवादअगाडि बढेको छ । स्वतः चालित लेखन अँगाल्नु र अर्कोतिर पूराकथा लोककथाको समावेशले गर्दा अतियथार्थवादी कला अव्यवस्थित र अराजकतामय देखापरेको छ । यो तीन चरणमा विकसित भएको ठानिन्छ । दोस्रो विश्वयुद्धपछि अमेरिकसम्म पुगेको यो वाद २० औँ शताब्दीको सर्वाधिक सशक्त आन्दोलन हो भन्ने कुरा पनि यहाँ देखाइएको छ । सन् १९४९ मा यस वादको अन्तर्राष्ट्रिय प्रदर्शनी भयो र यसमा २४ देशका प्रतिनिधिहरूले भाग लिएका थिए भन्ने कुरा पनि यहाँ प्रस्तुत गरिएको छ ।

**खण्ड ६ : परिच्छेद १**

(झ) **घनत्ववाद**

हेनरी मटिस्सेले सन् १९०८ मा क्युविज्म (घनत्ववाद) को स्थापना गरेका हुन् । यो प्रकृतिको नयाँ अनुहार पार्ने आन्तरिक तात्पर्यलाई अभिव्यक्ति गर्ने र मानव कल्पनाको सीमा फैलाउने सोचमा रहेको छ । यो भविष्यवादसँग पनि गाँसिएको छ । यो अमोलवादसँग सम्बन्धित रहेको छ भन्ने कुरा पनि यहाँ देखाइएको छ ।

**खण्ड ६ : परिच्छेद १**

(ञ) **नव – मानववाद**

अमेरिकाबाट सन् १९१५ पछि चर्चामा आएको वाद हो नवमानववाद । त्यसपछि इर्भिङ्ग बबिटले र मोरले यसवादलाई अगाडि बढाएका हुन् । पछि पी सेर्मन नर्भन र नर्भन फोइस्टरले यसलाई क्रियाशील बनाएका छन् । यिनीहरू आवेगको साटो विवेक प्रयोग गर्छन् । अनुशासनमुक्त सिर्जना शक्तिभन्दा शान्तता, व्यवस्थितता, स्वस्थतामा अनुराग - राख्दै विवरण विस्तारको छनोटमा विश्वास राख्दछन् । नीतिवादी समालोचना सम्प्रदायको प्रमुख स्तम्भका रूपमा यो नव मानववाद आएको छ भन्ने कुरा यसमा व्यक्त गरिएको पाइन्छ । मान्छे अविछिन्न रूपमा द्वन्द्ववादअन्तर्गत रहेको छ । मान्छेको प्रवृत्तिका कारण ऊ द्वन्द्वमा मुछिएको छ । मानवीय विकास मानिसको उच्चतम प्रवृत्तिको विजय हो । यही द्वन्द्वबाट प्राप्त गर्ने विजय नै नवमानववाद हो भन्ने आशय यस वादको रहेको देखिन्छ ।

**खण्ड ६ : परिच्छेद १**

**(ट) अस्तित्ववाद**

२० औं शताब्दीमा युरोपमा विकसित भएको चर्चित दर्शन अस्तित्ववादी दर्शन हो । यो जर्मनका हुसेल, हेडेकार, डेनर्माकका किर्केगार्ड हुँदै फ्रान्समा गएर यो वादको रूपमा संस्थापित भएको हो । यसलाई साहित्यिकको वादका रूपमा १९४३ मा जापालसात्रले स्थापित गरेका हुन् र यो मानवीय स्वतन्त्रताको प्रबल समर्थन यस वादले गरेको छ ।

प्रस्तुत समालोचना क, ख, ग गरेर तीन खण्डमा लेखिएको छ । पहिलो (क) खण्डमा अस्तित्ववादको परिचय गरेको छ भने (ख) खण्डमा अस्तित्ववादले साहित्यिक रूप प्रदान गरेको बारे विस्तृत चर्चा छ । यसका पक्षविपक्षमा उभिने व्यक्तिहरूको विस्तृत चर्चा छ । सात्रको ‘भविता र शून्यता’ र अल्बर्ट कामुको ‘ल होमे रिवन्ते प्रसिद्ध अस्तित्ववादी पुस्तकहरू हुन् भन्ने कुरा यहाँ वर्णन गरिएको छ । (ग) खण्डमा अस्तिवत्वादको प्रभाव र त्यसका निचोडका बारेमा चर्चा गरिएको पाइन्छ ।

“वस्तुजगत् र चैतन्यका बीचमा देखापर्ने शून्यता र विसङ्गतिको बोध हुनै पर्छ भनेर पनि कर्मण्य रहनैपर्छ अनि स्वतन्त्र निर्णय र अस्वतन्त्र उत्तरदायित्वमा आधारित क्रियाका वेदनादायी परिणति भोग्नै पर्छ ।”[घट] भन्ने कुरा यसमा निचोडमा प्रस्तुत गरेको पाइन्छ ।

**खण्ड ६ : परिच्छेद १**

(ठ) **विसङ्गतिवाद**

विसङ्गतिवादले आजको जीवनदृष्टि बनेको छ भन्ने कुरा यस वादले प्रस्तुत गर्छ । जीवन विसङ्गत रूपमा चलेको छ, यहाँ हरेक वस्तुमा विसङ्गति पाइन्छ भन्ने कुराबाट यो दर्शनका रूपमा आज साहित्यमा स्थापित भएको नयाँ वाद हो । यो आई ओलिभर सार्त्र, व्याकेट, जेनेट, निल उनामुनोजस्ता व्यक्तिहरूका विसङ्गतिपूर्ण अभिव्यक्ति र स्वरका सन्दर्भबाट यो चर्चितवाद हुन पुगेको छ ।

---

[घट] ऐ. पृ. ५४३

यो अति बौद्धिकवादका रूपमा देखा पर्दछ । चिन्तनशील र अमानवीय स्वरूपमा प्रस्तुत हुनुमा विश्वास राख्दछ । मैले सिर्जना गरेको जीवन हो भन्ने कुरा यिनीहरू देखाउँछन् मानव निर्मित जीवन हो भन्ने कुरामा विश्वास गर्छन् ।

यो विसङ्गतिवाद साहित्यको नाटकमा बढी प्रचलित भएको छ । यिनीहरू प्रतीक योजनामा विश्वास गर्दैनन् । सामाजिक धारणालाई बुझ्दै कलाकारले रुढी, भ्रान्ति र अन्धविश्वासको जीवनभन्दा विसङ्गतिको जीवन बढ्ता मूल्यवान् छ भन्ने कुरा देखाउन चाहन्छन् । विषय र शिल्प दुवैमा विसङ्गत देखाउनुबाट समग्र मानवीय जीवन पक्ष नै विसङ्गत छ भन्ने देखाउनु पनि हो भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ ।

**खण्ड ६ : परिच्छेद १**

(ङ) **प्रयोगवाद**

पाश्चात्य देशमा नवीनतम रूपमा चलेका अनेकन् नौला प्रयोगहरूलाई यहाँ प्रयोगवाद भन्ने गरिएको हो । यो साहित्यका स्वर र शिल्प एवम् भाषाशैलीसम्बन्धी अतिनवीन प्रयोगहरूलाई समेटेर वादको रूपमा चर्चा हुन पुगेको देखिन्छ । १९औं र २०औं शताब्दीका अनेक सोच र प्रयोग जीवनसम्बन्धी, ईश्वरसम्बन्धी सोच, प्रकृति र विज्ञानसम्बन्धी सोचका क्रिया-प्रतिक्रियाबाट निर्मित मानवीय मनस्थितिको बहिर केन्द्रित र अन्तरमुखी सोचबाट बनेका अनेक प्रयोगहरू यसभित्र आएका छन् । विसङ्गति र अस्तित्वका द्वन्द्वशील सूत्रहरूबाट नयाँ-नयाँ प्रयोगको स्थापना गरिएको छ । यही स्थापना नै प्रयोगवाद हो भन्ने कुराको यहाँ चर्चा गरिएको छ । त्रिपाठीकै शब्दमा भन्दा "प्रत्येक स्थापना अतिवादमा पुगेर टुङ्गिन्छ र फेरि नयाँ स्थापना हुन्छ । संयम-अनुशासन, नव क्लासिकल युगमा अतिवादमा पुग्यो भने रोमान्टिक विद्रोह र यथार्थवादी आग्रह त्यसैका प्रतिफल हुन् । तर प्रतीकवाद, अतियथार्थवाद, विसङ्गतिवाद र चरम प्रयोग पनि अतिवादमा पुग्दैछन् । सायद रोमान्टिक विद्रोह रेखाको अन्त्यपछि संयम-अनुशासनको नयाँ यात्रा थालिएला ।"[घठ] भनेर पश्चिमीवादहरूका बारेमा एकमुष्ट टिप्पणी गरेको पाइन्छ ।

**खण्ड ६ : परिच्छेद २**

यसमा पश्चिमी साहित्यमा चलेका समालोचनाका प्रणालीहरूलाई प्रस्तुत गरिएको छ । यसमा जम्मा ७ ओटा (सात) समालोचना प्रणालीहरूलाई यहाँ प्रस्तुत गरिएका छ । यी प्रणालीहरूको बारेको अध्ययन निम्नानुसार प्रस्तुत गरिएको छ ।

**(क) नीतिपरक समालोचना**

यो प्रणाली पश्चिमी साहित्यको सबभन्दा पुरानो प्रणाली हो । यो प्रणाली प्लेटोबाट नै सुरु हुन्छ र आजका नव मानववादी बबिट मोरजस्ता समालोचकहरूसम्म यो प्रणाली चलिआएको देखिन्छ र यो एक सशक्त प्रणालीका रूपमा रहेको छ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

---

[घठ] ऐ. पृ. ५५८

अनीतिवादी साहित्यप्रति आक्रोश व्यक्त गर्ने प्लेटो कविता उपयोगी हुनुपर्छ भन्ने धारणा राख्छन् । उनका विचारमा साहित्यले नैतिक मूल्यको स्थापना गर्नुपर्छ भन्ने हो । प्लेटो नै नीतिवादी समालोचनाका सुरु कर्ता हुन् । होरेस, सिडनी हुँदै अगाडि बढेको यो परम्परा डा. जोन्सन, माथ्यू अर्नोल्ड, बबिट र मोरजस्ता स्तरीय समालोचकहरूले नीतिवादी समालोचना प्रणालीलाई अपनाएर कृतिगत समालोचना गरेको पाइन्छ । वर्डवर्स्थ, सेली, टि.एस. इलियटजस्ता कविहरूमा पनि नीतिपरक धारणाको सुवास छरिएको छ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । कलावादी धारणासँग नीतिवादी धारणा सहमत राख्दैन परिष्कार र परिमार्जनलाई अँगाल्दै स्वच्छ जीवनमुखी भावनाको लागि जीवन सत्यको खोजीमा साहित्यको समालोचना गर्ने प्रणाली नै नीतिवादी समालोचना प्रणाली हो भन्ने कुरा यहाँ विस्तृत छलफल र विवेचनाद्वारा प्रस्ट पारिएको पाइन्छ ।

**(ख) समाजपरक समालोचना**

समाजलाई प्रमुख आधार मानेर साहित्य समाजको जागरणका लागि समाजमा चेतना सिर्जना गर्नका लागि हुनुपर्छ भनेर समाजपरक रूपमा साहित्यलाई हेर्ने प्रणालीलाई समाजपरक समालोचना प्रणाली भनिन्छ । यो १८ औं शताब्दीपछि सुरु भएको प्रणाली हो । १८ औं शताब्दीका भिसोले होमरका कृतिहरूको अध्ययन गरेर ग्रीक समाजको विवेचना गरेदेखि यो प्रणाली सुरु भएको हो । १९ औं शताब्दीका हेरडरले सेक्सपियरका नाटकको समाज र जातिपरक अध्ययन गरेपछि यो परम्परा अझ विकसित भएको छ र टेनले (हिपोलाइट टेन) जाति युग र क्षणको सूत्र प्रयोग गरेर यस समालोचना प्रणालीको स्थापना गरेको देखिन्छ । यिनी नै समाजपरक समालोचना प्रणालीका प्रथम सैद्धान्तिक प्रवक्ताका रूपमा देखिन्छन् । सेन्टव्यूभ पनि यस परम्पराका प्रतिभा मानिन्छन् ।

मार्क्सवादी सिद्धान्तलाई साहित्यमा समावेश गर्ने गरिएको यो पद्धति समाजपरक समालोचना पद्धति हो । यो १९०५ मा लेनिनले सङ्गठन र साहित्य भन्ने शीर्षकमा प्रस्तुत गरेको विचारबाट प्रयोगमा आएको छ । यसले समाजपरक समालोचनाको विशेष स्थान ओगटेको छ । लुना चार्स्की, क्रिष्टोफर कड्गेल, जार्ज लुकाज राल्फ फक्सजस्ता व्यक्तिहरूले समाजपरक समालोचना प्रणालीमा विशेष योगदान दिएका छन् भने थमसन क्याटिल ग्रैरो, ग्रानमिल, चुक्याङ चिइन, चाउयाङजस्ता व्यक्तिहरूको योगदान विशिष्ट रहेको छ ।“समाजपरक समालोचनाका यथार्थवादी, आर्दशवादी वा नीतिवादी प्रयोगहरू हुँदाहुँदै पनि मार्क्सवादी समालोचना नै समाजपरक समालोचनाको सबभन्दा व्यापक, सशक्त र सुष्मतम प्रणाली हो भन्ने कुरा स्वतः स्पष्ट छ ।”[घड] भन्दै त्रिपाठीले यस प्रणालीको चर्चा गरेको पाइन्छ ।

**(ग) मनोविज्ञानपरक समालोचना**

मनोविज्ञानको खोज र स्थापना बीसौं शताब्दीमा थालिए पनि मान्छेका मनको जानकारी लिने क्रम भने ज्यादै पुरानो छ भन्दै यो बीसौं शताब्दीमा आएर महत्त्वपूर्ण समालोचना प्रणाली बनेको छ र साहित्यमा मनोविज्ञानलाई हेर्ने समालोचना प्रणालीका रूपमा विकसित भएको छ भन्ने कुरा यहाँ प्रस्तुत छ ।

---

[घड] ऐ. पृ. ५६८

फ्रायड, एडलर र युङ्ग प्रसिद्ध मनोविज्ञान शास्त्रीहरूको प्रभाव डी. एच. लरेनस्, टमस मन, अर्डर सन, जेम्स ज्वाइस, टी. एस् इलियटजस्ता मूर्घन्य साहित्यकारहरूमा परेको कुरा हफम्यानले प्रस्तुत गरेका छन् । उनको फ्रायडवाद र साहित्यिक चेतनामा १९४५ मा उक्त कुरा प्रस्तुत भएपछि यस प्रकारको समालोचना प्रणालीले महत्त्व पाएको हो । आज साहित्यको समालोचना गर्दा धेरै समालोचकले मनोविज्ञानकै साहारा लिने गरेको पाइन्छ । आइ.ए. रिचर्डसले प्रयोग गरेको, एडमनले प्रयोग गरेको समालोचनाले यस क्षेत्रको समालोचना प्रणालीलाई देखाउँछ । स्वप्न विश्लेषणबाट रोगी मनसम्म पुगिए भैँ कला विश्लेषणबाट कलाकारको मनसम्म पुग्ने क्रम हो यो समालोचना प्रणाली । त्यस्तै जोनस्ले गरेको पात्रको बानीव्यहोराको व्याख्या यस प्रणालीका उदाहरणहरू हुन् । यो प्रणाली भविष्यमा अभ्र सशक्त र प्रभावकारी भएर जानुपर्छ भन्ने धारणासहित लेखकले मनोविज्ञानपरक समालोचना प्रणालीको व्याख्या गरेको पाइन्छ ।

(घ) **रूपपरक समालोचना**

यस शीर्षकमा अ र आ, इ, ई र उ गरी ५ उपशीर्षक दिइएको छ । पहिलो अ उपशीर्षकमा "पृष्ठ भूमि : रूप के हो ?" रहेको छ । यसमा रूपको पृष्ठ भूमि केलाउँदै श्लेगल, क्रोचे, ग्रेटे र हम्वोल्टजस्ता व्यक्तिहरूका रूपसम्बन्धी धारणाको चर्चा गरिएको छ ।

उपशीर्षक "अ मा रूपका विभिन्न अर्थ" राखिएको छ । यसअन्गार्तत छ खण्डमा रूपका विभिन्न अर्थको बारेमा चर्चा र विश्लेषण गरिएको छ । यसअन्तर्गत रुडोल्फ अन्हेम, रिड, रेजिर, (रोजर), वेल, वेरेनसन, हान स्लिक फेकनर, गिगरजस्ता व्यक्तिहरूका रूपसम्बन्धी धारणालाई प्रस्तुत गरिएको छ ।

(इ) **शिल्पवाद** – उपशीर्षकमा चेक र पोलिस साहित्यमा देखिएको शिल्पवादको चर्चा गर्दै महत्व पनि दर्शाइएको छ ।

(ई) **रूपपरक समालोचना (नयाा समालोचना)**

यो अनेक नयाँ तथ्याङ्क रेखाचित्र, रङ प्रयोग, ध्वनि प्रतीक, सुर विचार विषयवस्तु, संरचना, तालिका आदिको आधारमा समालोचना गर्ने पद्धतिको रूपमा विकसित भएको छ भन्ने कुरा प्रस्तुत गरिएको छ । रिक्रेटको "साहित्यको अध्ययनार्थ नयाँ पद्धति" १९२६ ले यस कुरालाई अभ्र प्रस्ट पारेको छ । टि.एस इलियटका र आई.ए. रिचर्डसका समालोचनाले यस तर्फको पूर्व सङ्केत अवश्य दिएको छ समेत यहाँ भनिएको छ ।

नयाँ समालोचना ब्रिटेन र अमेरिकामा प्रसिद्धि पाएको समालोचना हो । १९४१ मा रानसोमले नयाँ समालोचना भन्ने कृति प्रकाशित गरेपछि यो क्रम अगाडि बढेको छ । नयाँ समालोचनाका स्तम्भका रूपमा एलेन टेन्ट, आर. पी. ब्लेकमुर र केनेथ बर्क पनि आउँछन् । साहित्यिक कृतिको स्रोत सामाजिक पृष्ठभूमि, वैचारिक इतिहास, राजनीतिक, सामाजिक प्रभाव आदि भन्दा भिन्न रहेर समालोचना गरिने कृतिको सूक्ष्म र विस्तृत अध्ययन गर्नु यसको मूल

प्रवृत्ति हो । रूपवादी भएर यस समालोचना परम्पराका समालोचकहरू देखापरेका छन् । रूप र प्रविधिमा नै यिनीहरू केन्द्रित छन् भन्ने कुरा यहाँ विस्तृत विवेचनाका साथ प्रस्तुत गरिएको छ ।

(उ) **रूपात्मकतावाद**

अङ्ग्रेजी साहित्यमा रूपात्मकतावादी समालोचना सर्वाधिक प्रचलित छ । यसलाई पत्रकारिताले पनि स्विकारेको पाइन्छ । नव समालोचनावादीहरू र शिल्पवादीहरू यस रूपात्मकतावादका पक्षधर देखिन्छन् । यिनीहरू कलावादसँग पूरै सम्बन्धित नरहे पनि केही नजिक भने अवश्य रहेका छन् । शिकागो मञ्च पनि यसै भित्र पर्छ । त्यस्तै इम्पसन, क्लाक मुट, एलेन टेट, रान्सोभ, क्लेन्थ ब्रुकस रोर्वट पेन वारेनजस्ता समालोचनकहरू रूपपरक समालोचकहरू हुन् । यो वादकै रूपमा स्थापित भएको समालोचना प्रणाली हो भन्ने कुरा यहाँ देखाइएको छ ।

(ङ) **आदिमतापरक समालोचना (पुराकथापरक)**

यो समालोचना प्रणालीमा मान्छेका आदिम अभिव्यक्तिहरू भाषा र संस्कृतिहरूसँग सम्बन्धित पुराण र दन्त्य कथालाई पनि आधार स्रोत मान्नुपर्छ भन्ने धारणामा आधारित समालोचना हो । १८ औँ शताब्दीका विकोले पुराकथाका सम्बन्धमा नयाँ धारणा प्रस्तुत गरेपछि यो प्रणाली सुरु भएको हो । पुरा वा आदिम युगको भाषा काव्यात्मक छ भनिएको छ । यसमा हेर्डरको पनि भूमिका रहेको छ । विल्भर अरवनले पनि यस सम्बन्धमा चर्चा गरेका छन् । श्रीमती सुसान ह्यांगेरले 'दर्शन नयाँ साँचोमा' भन्ने कृति लेखेर कला सामान्यतः पुरा कथासँग सम्बन्धित छ भनेकी छन् । अभ्र नथेप फ्राइ आदिम प्रकारको आविष्कारबाट साहित्यिक समालोचनालाई साँचो विज्ञानको रूप दिन सकिने सम्भावना बताउँछन् । रिचर्ड चेज पुराकथाको खोजमा पुरा कथालाई मूल्यवान् ठान्छन् ।

बटुकिन प्राचीन नवीन दुवै कवितामा प्रयुक्त बिम्बहरू नै आदिम प्रकारीय पद्धति हुन् भन्ने कुरा देखाउँछन् । युङ्ग पनि पुराकथाबारे चर्चा गर्छन् । टेलरको आदिम संस्कृति र फ्रेजरको २२ खण्डमा लेखिएको 'सुनौलो हाँगा' यस क्षेत्रका महत्त्वपूर्ण कृति हुन् । गिल्वट मरेको अध्ययनले यसमा विशेष योगदान पुऱ्याएको छ । नथ्रोपइर्भले यसमा साहित्यिक समालोचनामा विज्ञानको सम्भावना देखाएका छन् ।

वासुदेव त्रिपाठी यस सम्बन्धमा भन्नुहुन्छ : "यस सम्प्रदायमा कविता बालक, कवि आमा र समालोचक धाईका रूपमा पनि मानिएका छन् । कवि आदिम आवेगहरूकै दबाबबाट लेख्छ र मुक्ति चाहन्छ । धात्री वा धाई समालोचना वा आदिमतावादी समालोचना कविले जन्माएको आदिम अभिव्यक्तिको बच्चालाई सुसार दिँदै गर्छ अनि कविले छाडेको ठाउँबाट आदिम आवेगको व्याख्यालाई अघि बढाउँछ । तर यस धारणालाई साहित्य समालोचनाको मुलुक माथि समाजशास्त्रीय र नृवंश वैज्ञानिक अतिक्रमण पनि भन्न सकिन्छ ।"[घढ]

---

[घढ] ऐ. पृ. ६२३

(**च**) **शब्दार्थतात्त्विक दृष्टिकोण**

रिचर्डसले अर्थको अर्थ लेखेपछि चर्चाको रूपमा आएको शब्दार्थ तात्त्विक दृष्टिकोण पछि आएर समालोचना प्रणालीकै रूपमा स्थापित भएको छ त्यस्तै रिचर्डसको प्रयोगात्मक समालोचना शब्दार्थ तात्त्विक साहित्य व्याख्याको रूपमा सर्वत्र प्रयुक्त भएको छ ।

रेल्यान्डको शब्द र कविता सर हर्बर्टको अङ्ग्रेजी गद्य शैली पनि यस क्षेत्रका समालोचनाका स्वरूपहरू हुन् । विलियम इम्पसनको १९३० को सात प्रकारका बहुअर्थकता र एफ डब्लु वेट्सनको अङ्ग्रेजी कविता र अङ्ग्रेजी भाषाजस्ता रचनाहरूले यस प्रणालीलाई बढी ऊर्जा र योगदान दिएको छ ।

डब्लू. बी. ष्टेनफोर्डले अलङ्कारको चर्चालाई उठाएर यस क्रमलाई सघाउ पुऱ्याएका छन् । आर. पी. वारेन शुद्ध र अशुद्ध कवितामा शब्दार्थकै पक्षमा उभिएर प्रस्तुत गरेको छ । यस क्रममा डब्लु के विम सेट र ब्रुकस वेथेन बर्क, ई.बी. ह्वाइट ट्र वारेनजस्ता समालोचकहरू शब्दार्थ तात्त्विक समालोचना प्रणालीका प्रतिभाहरू हुन् भन्ने कुरा यहाँ देखाइएको छ ।

(छ) **भाषाशास्त्रीय शैलीवाद :**

भाषाशास्त्रको स्थापना भएपछि साहित्य र भाषाको अध्ययनमा फरक आयो तथापि साहित्यको समालोचनामा भाषाशास्त्रसँग सम्बन्धित साहित्यका शैलीहरूलाई बिसौं शताब्दीमा आएर अनिवार्य नै मानिन थालियो । साहित्यमा भाषाको शैलीका बारेमा चर्चा-परिचर्चा हुँदै यो नयाँ प्रणाली भएर अमेरिकाबाट १९४२ पछि एउटा समालोचना प्रणालीको रूपमा विकसित भएको छ ।

यसमा इमाडो एलोनासोको साहित्यिक वृत्तिको शैलीगत व्याख्या, मोर्डन ल्याङ्ग्वेज नोट्स भन्ने पुस्तक प्रकाशित हुन्छ । हर्नष्टीनको बिम्ब विश्लेषण : साहित्य प्रणालीको समालोचना र जी.यु. युलको साहित्यिक शब्दावलीको तथ्याङ्कात्मक अध्ययन लिओ स्पिट्जरको भाषाशास्त्र र साहित्यिक इतिहास : शैलीवादसम्बन्धी निबन्धहरू प्रकाशमा आउँछन् ।

यी कृतिहरूले शैलीवादी समालोचनाको सूत्रपात गर्छ भन्दै विभिन्न शैलीवादी समालोचकहरूको यसमा चर्चा गरिएको छ र शैली विज्ञानका शैभा र शैव्याजस्ता रूपहरूको समेत व्याख्या गरिएको छ । जोन स्पेन्सर र ग्रेगोरीले गरेको शैलीसम्बन्धी अभिव्यक्तिको पनि यहाँ उल्लेख छ । शैली विवेचनामा देखापरेका भाषाशास्त्रीहरूका विभिन्न दृष्टिकोण पनि यहाँ प्रस्तुत गरिएका छन् । त्यसमध्ये जोन स्पेन्सर, माइकल ग्रेगोरी यस क्षेत्रका महत्त्वपूर्ण प्रतिभा हुन् भन्ने कुरा पनि यहाँ प्रस्तुत गरिएको छ । भाषाशैली विज्ञानबाट प्रभावित यो समालोचना प्रणाली साहित्य क्षेत्रको महत्त्वपूर्ण प्रणाली बन्ने आशा पनि गरिएको छ ।

**खण्ड ६ : परिच्छेद ३**

**नव अरिस्टोटलवाद**

नव अरिस्टोटलवाद शीर्षक दिएको यो परिच्छेदमा बीसौं शताब्दीमा अमेरिकाको सिकागो विश्वविद्यालयका ६ जना समालोचकहरूले सुरु गरेको समालोचनाको नयाँ प्रयासलाई नव अरिष्टोटलवाद नाम दिएको छ । यो नव अरिष्टोटलवादका प्रमुख हस्तिहरूमा आर एस. क्रेन, डब्लु आर् क्रेष्ट, रिचर्ड मेकीवन, नरमन, म्याक्लिन, एल्डर ओल्सन र बनार्ड वेइनवर्ग रहेका छन् । यिनीहरूका प्रयासबाट समालोचना परम्परामा नयाँ समन्वयवादी धारणाको स्थापना भएको छ । यही समन्वयवादी धारणालाई नव अरिष्टोटलवाद भनिएको छ र यसका प्रवर्तकहरू जो माथि उल्लेख गरिएका छन् तिनीहरूलाई सिकागो मन्डली वा सिकागो सम्प्रदाय पनि भनिएको पाइन्छ ।

उक्त सम्प्रदायले विशेष रूपमा ग्रीस र रोममा स्थापित भएका प्लेटो अरस्तुजस्ता प्रतिभाहरूका कृतिहरूको अध्ययन गरेर ती कृतिहरूका साहित्यसम्बन्धी सिद्धान्त र विशेष गुणहरूलाई स्विकारोको र ती सिद्धान्त र गुणहरूको प्रशंसा गरेको हुँदा यिनीहरूको नाम नव अरिष्टोटलवाद रहन गएको पनि भन्ने गरिन्छ भनिइको छ । वास्तवमा यी सिकागो मन्डली प्राचीन ग्रीक र रोमका स्थापित समालोचनाका सिद्धान्तहरू आदर्श हुँदाहुँदै पनि यसमा पनि केही कमीकमजोरीहरू छन् पछि विकसित भएका वाद र प्रणालीसँग सम्बन्धित समालोचनाहरू पनि पूर्ण र सर्वाङ्गीण छैनन् । त्यसैले एउटै समालोचना प्रणाली वा वाद सिद्धान्तभित्र मात्र बाँधिनु राम्रो होइन । समालोचकले सबै क्षेत्रका अभिव्यक्तिहरूबाट आवश्यक-आवश्यक कुराहरूलाई लिएर समालोचना गरिनुपर्छ भन्ने यिनीहरूको प्रमुख मान्यता देखिन्छ । आजसम्म चलेका काव्यशास्त्र अनावश्यक रुढी मात्र होइनन् । यी व्यावहारिक आवश्यकता हुन् भन्ने कुरा उक्त मण्डलीको धारणा रहेको पाइन्छ र काव्यशास्त्र स्थिर नभएर विकासशील विज्ञान हो भन्ने पनि यिनीहरूको धारणा रहेको छ ।

अरस्तुप्रति श्रद्धावान् हुँदाहुँदै पनि कलाको विषयवस्तु र कलाको माध्यमका बारेमा पनि यिनीहरू सचेत देखिन्छन् । वस्तु, साधन र प्रकार यी तीन अङ्ग कलाका आवश्यक अङ्ग छन् भन्दै सामान्य दार्शनिक सिद्धान्त, पद्धति र समालोचना सिद्धान्त कृतिको समालोचना गर्ने आधार बन्नुपर्छ भन्ने यस सिकागो मन्डलीको धारणा रहेको देखिन्छ । यस मन्डलीले समालोचना परम्परामा नयाँ आकाश खोलिदिएको अनुभव गर्न सकिन्छ भन्ने कुरा यसमा विस्तार साथ प्रस्तुत गरिएको छ ।

**खण्ड ६ : परिच्छेद ४**

**वेलेक र वारेन : साहित्य-सिद्धान्तको खोजीमा**

पश्चिमी समालोचनामा चलेका अनेकवाद र प्रणाली एवम् प्रयोगात्मक समालोचना आदिका सन्दर्भमा वेलेक र वारेनको साहित्य सिद्धान्त पनि एक हो । १९४८ मा प्रकाशित यिनीहरूको 'साहित्य सिद्धान्त' नामक पुस्तक युरोप र एसियाका विभिन्न भाषामा अनुवाद हुँदै लोकप्रियताका साथ प्रचारमा आएको देखिन्छ । १९६३ मा वेलेकले "समालोचनात्मक मान्यता" लेखेर आफ्ना साहित्य सिद्धान्तलाई अझ परिष्कार गर्न खोजेका छन् ।यो साहित्य सिद्धान्त शोधात्मकता र मौलिक चिन्तनको मध्यबिन्दुमा रहेको छ । शोधात्मकताका आधारमा मौलिक चिन्तन प्रस्तुत गर्नुपर्छ भन्ने यिनीहरूको मूल धारणा देखिन्छ । साढे पाँचसय पुस्तक-पुस्तिकाका टिप्पणीका रूपमा र सातसयभन्दा बढी पुस्तक सन्दर्भ सामाग्रीका रूपमा राखिएको साहित्य र सिद्धान्तका पुस्तकले शोधपरकतालाई स्वत सङ्केत गरेको छ । रुस र पूर्वी युरोपदेखि लिएर

संयुक्त राज्य अमेरिका एवम् ल्याटिन अमेरिकासम्मका सिर्जना र चिन्तनलाई आधार भूमि बनाएर सिर्जना प्रवृत्ति एवम् चिन्तनको खोजी गर्ने प्रयास साहित्य सिद्धान्तले गरेको छ । यो कृति चार खण्डमा बाँडिएको छ । प्रथम खण्डमा ५ अध्यायअन्तर्गत साहित्यको परिभाषा र पृथककरणमा साहित्य र साहित्यिकको अध्ययनको भिन्नता देखाउँदै साहित्य सिद्धान्त समालोचना र इतिहासका बारेमा चर्चा गरिएको कुरा प्रस्तुत गरिएको छ ।

दोस्रो खण्डमा एउटा अध्याय मात्र छ । यसमा साहित्यिक अध्ययनका लागि साक्ष्य (प्रमाण) को निरूपण गरिएको छ ।

तेस्रो खण्डमा ५ अध्याय छन् । जीवनी, मनोविज्ञान, समाज, विचार र कलासँग साहित्यको सम्बन्धको चर्चा यहाँ गरिएको छ ।

चौथो खण्डमा आठ (८) अध्याय छन् । यिनमा साहित्यिक कृति के हो भन्ने प्रश्नका साथमा साहित्यको अन्तरंग पक्षको चर्चा गरिएको छ साथै यसमा अलङ्कार, बिम्ब, भाषाशैली, विधा आदिको विस्तृत चर्चा गरिएको पाइन्छ ।

साहित्यलाई चिनाउने क्रममा साहित्यिक अध्यापन पूर्णतः विज्ञान नभए तापनि ज्ञान अथवा अध्ययनको एक श्रेणी हो भन्ने कुरा प्रस्तुत गरिएको छ । भाषा र यसको क्षेत्रको सङ्केत गर्दै साहित्य के हो र साहित्यको प्रयोजन के हो भन्ने कुरामा पनि यहाँ चर्चा गरिएको छ ।

सामाजिक अभिलेखनको इतिहास पनि साहित्यमा देखा पर्छ भन्दै साहित्यमा विचारको र साहित्यमा कलाको स्थानको पनि यसमा चर्चा गरिएको छ ।

वासुदेव त्रिपाठीको प्रस्तुत कृति २०३६ मा दोस्रो संस्करणका रूपमा प्रकाशित हुँदा उही विषयवस्तुलाई शीर्षक-उपशीर्षक, परिच्छेद, उपपरिच्छेद आदिमा बाँडेर सरल र सहज बनाउने काम भएको छ । अझ उपसम्हार, निचोड वा निस्कर्षका रूपमा मूलभूत बुँदाहरूलाई छोटकरीमा प्रस्तुत गरिदिएर विषयबोधमा सहज तुल्याइएको छ । सम्बन्धित विषयका मुख्य-मुख्य ग्रन्थ त्यसका सहायक ग्रन्थहरू पनि अन्त्यमा प्रस्तुत गरिएको छ । यस प्रकारको संशोधनबाट दोस्रो संस्करण अभिव्यक्तिका दृष्टिबाट पहिलेको भन्दा बढी सहज र सरल कृति बन्न पुगेको छ ।

यो कृति २०४८ सालमा तेस्रो संस्करणका रूपमा प्रकाशित भएको छ । यस बेला प्रकाशित हुँदा यस कृतिले पुरापुर रूप बदलिएको छ । विषयवस्तुमा बिसौं शताब्दीका उत्तरार्द्धमा प्रयोग भएका प्रणालीहरूलाई थप विषयवस्तुका रूपमा समावेश गरिएको छ ।

सिद्धान्तवाद र यसलाई पश्चिमी साहित्यको विस्तृत विवरणसहितको स्तरीय बौद्धिक समालोचना ग्रन्थका रूपमा यसलाई प्रस्तुत गरिएको छ ।

हालको पश्चिमी समालोचना सिद्धान्तका लागि नेपाली पाठकका निमित्त यो मूल आधार ग्रन्थका रूपमा रहेको देखिन्छ । प्रत्येक संस्करणमा परिष्कृत गर्दै लैजाने प्रवृत्तिले यस कृतिको महत्त्व र गरिमा एवम् लेखकले अनुभूत गरेको दायित्व बोधले यो ग्रन्थ अझ महत्त्वपूर्ण ग्रन्थ बन्न पुगेको देखिन्छ ।

प्रस्तुत ग्रन्थको प्रस्तुतीकरणमा सबैतिर संशोधन गर्दै विस्तृत व्यापक र प्रामाणिक बनाउने प्रयास पनि यसमा गरिएको छ । यसमा यसरी विस्तार गर्दा यसको आकार पनि पहिलेको भन्दा दोब्बर वृद्धि भएको छ । र यसलाई २ भागमा छापिएको छ । पहिलो भागमा पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा प्रस्तुत गरिएको छ भने दोस्रो भागमा पश्चिमी साहित्यमा प्रचलित प्रमुखवाद र प्रणालीलाई प्रस्तुत गरिएको छ । दुवै भागमा अन्त्यमा सन्दर्भ ग्रन्थहरू प्रस्तुत गरेर अझ अध्ययनलाई प्रामाणिक बनाइएको छ । शैली परिवर्तनबाट पुस्तक अझ सहज ग्राह्य हुन पुगेको छ । पश्चिमी साहित्यको सैद्धान्तिक पक्षको अध्ययनका लागि विद्यार्थीहरूलाई र स्वयम् अध्ययन गर्न चाहने व्यक्तिहरूका लागि नेपाली साहित्यमा यो पुस्तक अत्यन्त उपयोगी सिद्ध रहेको छ । हालसम्मको एक मात्र व्यवस्थित प्रमाणसंगत पश्चिमी साहित्य सिद्धान्तको पुस्तकका रूपमा अद्वितीय कृतिमा यो कृति रहेको छ ।

## (ख) कवि गुणराजको भरतमिलन महाकाव्यको मूल्याङ्कन (२०३१) को अध्ययन

प्रस्तुत कृति २०३१ सालमा प्रकाशित भएको समालोचनात्मक कृति हो । यो गुणराज स्मारक व्याख्यान माला–१–२०३१ का नामले छापिएको छ । यो एक प्रकारको व्याख्यान पुस्तिका हो । यसमा जम्मा तीन खण्डमा भरत मिलन महाकाव्यको विवेचना गरिएको छ ।

(१) **परिचय खण्ड :** यसमा गुणराज स्मारक व्याख्यान उपशीर्षक दिएर गुणराजप्रति भक्ति कविको रूपमा चर्चा गर्दै श्रद्धान्जलि व्यक्त गरिएको छ । दोस्रो उपशीर्षक कवि गुणराजको मौन एकान्त साधना उपशीर्षकमा वि.सं. १९६२ मा जन्मी २०३१ मा मृत्यु हुने गुणराजले १९८७ सालदेखि कविता साधना गरेका हुन् । लेखनाथ, सम र देवकोटासँगै कविता क्षेत्रमा लागेर थुप्रै ठेलीका ठेली कविता काव्यको रचना गरे पनि उनले आफ्नो कृतिको प्रकाश गर्न चाहेनन् । केवल एकान्त उपासनामा नै भक्तिकाव्यको सिर्जना गर्दैरहे भन्ने कुरा प्रस्ट पारिएको छ ।

उपशीर्षक ३ मा 'कवि गुणराजको रचना कर्म' राखिएको छ । गुणराजका संस्कृत रचना अनुदित रचना मौलिक रचना गरी ३ (तीन) प्रकारका रचनाहरू पाइन्छन् । यीमध्ये प्रस्तुत लेखमा मौलिक रचनाका बारेमा मात्र चर्चा गरिन्छ भन्दै कविता हरायो देखिका कविताहरूको चर्चा गर्दै गुणराज, लेखनाथ र देवकोटाका बीच-बीचमा रहेर काव्य रचना गर्ने कवित हुन् भन्दै गुणराजका १० ओटा कृतिको उल्लेख गरेका छन् । ती कृतिमा

| | रचना | रचना काल | - | प्रकाशन |
|---|---|---|---|---|
| १. | कृष्ण सन्देश महाकाव्य | २००१-२ | - | २०२९ साल |
| २. | विचार लहरी खण्डकाव्य | २००२ | - | २०३१ साल |
| ३. | गोविन्द गीत खण्डकाव्य | २००२ | - | × |
| ४. | शान्ति शतक खण्डकाव्य | २००२ | - | × |
| ५. | अश्रुपात खण्डकाव्य | २००२ | - | × |
| ६. | सुदामा चरित्र खण्डकाव्य | २०१५ | - | × |
| ७. | शाहवंश महाकाव्यांश खण्डकाव्य | २०२० | - | २०२१ साल |
| ८. | कलङ्कमोचन (गद्य पद्य नाटक) | २०२१ | - | २०२१ साल |
| ९. | भरतमिलन महाकाव्य | २००३-५ तथा २०१६-२० | - | २०२९ साल |
| १०. | अमोघ दर्शन (कविता सङ्ग्रह) | १९९७-२०३१ | - | २०३१ साल |

यी १० ओटै कृति भक्ति रसका कृति हुन् । देवकोटाको शाकुन्तला महाकाव्यसँगै लेखन थालिएका यी काव्य कृति प्राथमिक कालको कृष्ण भक्ति र राम भक्ति धाराको आधुनिक स्वरूपका रूपमा प्रस्तुत भएको कुरा उल्लेख छ ।

२. **सन्दर्भ खण्ड :** यसअन्तर्गत उपशीर्षक १ साहित्यमा भक्तिरस रहेको छ । यसमा रसको विवेचना गर्दै भक्तिरस, शान्तरसभित्रै रहेको एउटा रस हो । जसले निर्बेद पैदा गर्दै शान्ति

भावलाई रसमा पुऱ्याउँदछ । मातृशक्ति, पितृभक्ति, विश्वबन्धुत्व र मानववादसम्म शान्त रसमा अट्न सक्ने कुराको चर्चा गर्दै वात्सल्य र भक्ति शान्त रसका विस्तार स्वरूप हुन् भन्ने कुराको चर्चा गरिएको छ ।

२.२ 'नेपाली भक्ति साहित्यको एक झलक' उपशीर्षकमा प्राथमिककालदेखि हालसम्मका भक्तिकाव्यहरूको चर्चा गर्दै प्राथमिककालीन रामभक्ति र कृष्णभक्तिको सन्दर्भमा भानुभक्त माध्यमिककालीन र भक्तिको सन्दर्भमा मोतीराम भट्ट, चिरञ्जीवी पौड्याल, सुब्बा होमनाथ, केदारनाथ जस्ताका कविता र आधुनिक युगका लेखनाथका भक्ति केन्द्रित कविताको समेत चर्चा गर्दै गुणराज भानुभक्त झैं भक्ति कवि हुन् र यिनले भानुभक्तकै परम्परामा रहेर आधुनिक युगमा भक्ति काव्यको रचना गरेका छन् भन्ने कुरा प्रस्ट पारिएको छ ।

३. **विश्लेषण तथा मूल्याङ्कन खण्ड** : यस खण्डको प्रथम उपशीर्षक भरतमिलन महाकाव्यको स्वरूप र संरचना रहेको छ । यसमा भरतमिलनमा ३१ सर्ग छन् र २४ बेग्लाबेग्लै छन्दका १२ हजार श्लोक रहेका छन् र यो रामले रावणलाई मारेर अयोध्या फर्कने क्रममा भरतसँग भेट हुँदाको प्रसंग प्रमुख राखेर त्यसमा भरत हनुमान आदिको भक्तिगाथा नै यसको केन्द्रीय कथ्य रहेको छ । राम, हनुमान, भरत यसका प्रमुख पात्र र भक्तिरस यसको प्रमुख रस रहेको छ भन्ने कुरा यसमा विश्लेषण गरिएको छ ।

दोस्रो उपशीर्षक 'भरत मिलन महाकाव्यको भक्तिरस' राखिएको छ । यसमा महाकाव्यका करिब ४०-४२ श्लोकहरूको उदाहरण दिँदै भक्तिरसको सर्वाधिक विस्तृत अभिव्यक्तिको स्थल भरतमिलन महाकाव्य रहेको कुराको पुष्टि गरिएको छ ।

तेस्रो उपशीर्षकमा 'नेपाली भक्तिरस साहित्यमा कवि गुणराजको योगदान' उपशीर्षक रहेको छ । यसमा गुणराजका भक्तिरससँग सम्बन्धित कृतिहरूको विश्लेषण गर्दै भानुभक्त पछिका उत्कृष्ट भक्ति रसका कवि गुणराज हुन् र यस पछि अर्को यस प्रकारको कवि निक्लेला वा ननिक्लेला किटेर भन्न सकिन्न भन्दै यो अंश समाप्त गरिएको पाइन्छ । यसरी प्रस्तुत कृतिमा गुणराज भानुभक्त पछिका भक्तिरसका सर्वोत्कृष्ट कवि हुन् भन्ने कुरा यसमा पुष्टि गरिएको पाइन्छ ।

## (ग) साहित्यकार पहलमानसिंह स्वाँरको पुनर्मूल्याङ्कन (२०३३) को अध्ययन

प्रस्तुत कृति २०३२ सालमा समालोचक वासुदेव त्रिपाठीद्वारा लेखिएको कृति हो । यो पहिलो पटक 'नेपाली' पूर्णाङ्क ६७ मा प्रकाशित भएर पछि त्यसैलाई जगदम्बा प्रेस मदन पुरस्कार गुठीबाट पुस्तकाकार रूपमा २०३३ मा प्रकाशित भएका ८१ पृष्ठको पुस्तकाकार कृति हो । यसमा विशेष शोधखोजबाट प्राप्त प्रमाणका आधारमा पहलमानसिंह स्वाँरको पुनर्मूल्याङ्कन गरिएको छ । यस कृतिमा साहित्यकार पहलमानसिंह स्वाँरको पुर्नमूल्याङ्कन शीर्षकभित्र "(१) पुनर्मूल्याङ्कनको तात्पर्य र अपेक्षा" शीर्षक दिएर पहलमानसिंह स्वाँरका कृति र उनका योगदानका बारेमा पहिले मूल्याङ्कन हुँदै आएको भन्दा थप सामग्रीहरू उनका बारेमा प्राप्त भएको हुँदा स्वाँरको बारेमा पुनर्मूल्याङ्कन हुन जरुरी छ भन्ने देखाइएको छ । यसमा कृतिको अनुसन्धानात्मक ढाँचामा पुनर्मूल्याङ्कनको आवश्यकतालाई प्रस्तुत गरिएको छ ।

शीर्षक "(२) साहित्यकार पहलमानसिंह स्वाँरको मूल्याङ्कन परम्परा" शीर्षकमा पहलमानसिंह स्वाँरको (क) १९६५ तिर अटलबहादुर नाटक दार्जिलिङमा रंगमञ्चमा प्रस्तुत गरिएको थियो भन्ने कुरा देखाइएको छ । (ख) अन्तर्गत नेपाली दरबारमा खेलाइएका नाटकहरूको चर्चा गरिएको छ ।

(ग) शीर्षकमा स्वाँर पूर्वको नेपाली नाटक परम्परालाई चर्चा गरिएको छ भने (घ) शीर्षकमा स्वाँर र बालकृष्ण समका बीचको नाटक परम्पराको विस्तृत चर्चा गरिएको छ ।

शीर्षक '(२) (ङ) हृदयचन्द्र सिंहपूर्व नेपाली समालोचना र अटलबहादुर नाटक' शीर्षक दिएर अटलबहादुर नाटकका बारेमा हृदयचन्द्र सिंह प्रधानले "केही नेपाली नाटक २००२" भन्ने कृतिमा अटलबहादुर मौलिकताको छाप एकदमै नभएको कृतिभन्ने कुरा उल्लेख गरेका छन् । त्यस्तै यसको प्रकाशन समय पनि प्रस्ट छैन भन्ने कुरा उल्लेख गरेका छन् । कमल दीक्षितले पहिलो पटक यथार्थ जानकारी दिँदै यस्तो पनि २०१४ मा अटलबहादुर १९६२ मा छापिएको नाटक हो र यो हेम्लेटको आधारमा लेखिएको भए तापनि हुबहु नेपाली वातावरणमा ढालिएको नाटक हो भन्ने कुरा देखाएका छन् । अर्का समालोचक बाबुराम आचार्यले शाकुन्तल नाटकको भूमिका लेख्दै अटलबहादुरको पुर्खेउली टिप्पणी समेत गरेर उनका कृतिहरूको बारेमा चर्चा गरेका छन् । उनको उल्लेखअनुसार अङ्केन्दु शेखर, अटल बहादुर, प्रेमामृत वचन संग्रह, आनन्दराज नाटक, एकलाख रुपियाँको चोरी, विमला देवी, विष्णुमाया नाटक, के सन्तोष राख्न सकिन्छ ?, रत्नावली, लघुव्याकरण, लालुभागा नाटक, प्रेमरञ्जन शृंगार, खोररहस्य, पद्म कुमारी, बालोपदेश, किष्किन्धा काण्ड, योगदर्शन, अभिज्ञान शाकुन्तल, मेघदूत, रघुवंश, जगिजगिन्या, वयन विज्ञान, शिल्पकला योजना जस्ता कृतिहरू पहलमानसिंहले रचना गरेका/अनुवाद गरेका कृतिहरू हुन् भनेर देखाइ अटलबहादुर नेपाली राणा शासनको विरुद्ध घृणा उत्पन्न गराउन लेखिएको कृति हो भन्ने उल्लेख गरिएको छ ।

अर्का विद्वान् नयननाथ पौडेलले अटल बहादुर पूर्ण मौलिक नाटक भएको कुरा २०२७ मा प्रकाशित अटलबहादुरको सम्पादकीयमा बताएका छन् । त्यस्तै तारानाथ शर्माले विस्तृत तुलनात्मक अध्ययन प्रस्तुत गर्दै अटलबहादुर नेपाली साहित्यको पहिलो मौलिक वियोगान्त नाटक हो र यो पहिलो मौलिक नाटक हो समेत भनेको पाइन्छ भनिएको भन्ने कुरा देखाइएको छ ।

यसरी थरीथरीको मूल्याङ्कन हुँदै आएको र २०३१ सालमा स्वाँरका बारेमा भीमसेन राईले एम. ए. को शोध प्रबन्धका लागि पहलमानसिंह स्वाँरको जीवनी र व्यक्तित्वका बारेमा अनुसन्धानमूलक चर्चा गरेको पाइन्छ । यी सबै पृष्ठभूमिलाई हेरेर र उनका सबै कृतिहरूलाई विश्लेषण गरेर पहलमानसिंह स्वाँरको पुनर्मूल्याङ्कन गर्नु आवश्यक छ भन्ने कुरा यसमा प्रस्ट पारिएको छ ।

शीर्षक "३ साहित्यकार स्वाँर : नयाँ सामग्रीका आधारमा पुनर्मूल्याङ्कन" रहेको छ । यसअन्तर्गत नयाँ सामग्रीका सन्दर्भमा निम्नलिखित सामग्रीलाई प्रमुख आधार मानिएको पाइन्छ ।

"(क) नेपाली स्नातकोत्तर शोधपत्र" यसमा स्नातकोत्तर तहका विद्यार्थी भीमसेन राईले २०३१ सालमा नेपाली साहित्यका विकास प्रक्रियामा पहलमानसिंह स्वाँरको व्यक्तित्व, कृतित्व र योगदानको विश्लेषणलाई प्रमुख आधारको रूपमा लिइएको छ ।

"(ख) स्वाँरका पश्चिमी भाषिकाका रचना" शीर्षकमा यिनका डोट्याली भाषिकामा प्रेम प्रश्नोत्तर नामको ५ श्लोकको मालिनी छन्दको कविता पाइएको छ भने अछामी भाषिकामा प्रश्नोत्तर लालु भागा जस्ता नाटक र जगिजगिन्या पनि यसमा चर्चा गरिएको छ ।

"(ग) स्वाँरका साहित्येत्तर रचना" मा अङ्केन्दु शेखर, वयन विज्ञान, लघुव्याकरण, योगदर्शन स्वाँरको कुरा ऐनको महलका पञ्जिका औद्योगिक र आयकरसम्बन्धी योजना जस्ता कृतिहरू रहेका छन् ।

"(घ) स्वाँरका गद्य रचना" यसभित्र निबन्ध र उपन्यास रचनाहरू पर्दछन् । निबन्धमा "के सन्तोस राख्न सकिन्छ ?" (गुजरातीबाट अनुदित) भेटिएको छ भने उपन्यासमा "एक लाखको चोरी" प्राप्त भएको छ । बाबुराम आचार्यले पद्म कुमारी उपन्यास पनि थियो भनेका छन् तर प्राप्त भएको छैन ।

"(ङ) स्वाँरका काव्य कविता" यसअन्तर्गत श्लोक संग्रह, बालोपदेश, प्रेमामृत वचन संग्रह, वैराग्य पञ्च दशी, रामायणको किष्किन्धा र सुन्दर काण्डको रूपान्तर खोर रहस्य जस्ता कृति र आछामको चाडपर्व जस्ता कृति छन् । मेधदूत रघुवंशको अनुवाद पनि यिनले गरेका थिए भनिएको छ । यी सबै कृतिहरू मिलाउँदा उनका २५ कृति देखिएका छन् ।

"(च) नाटककार पहलमान सिंह स्वाँर" यस अन्तर्गत अटल बहादुर, अभिज्ञान, शाकुन्तल र रत्नावली पनि यिनकै नाटक देखिन्छन् । आनन्दराजको भने निर्क्यौल भएको छैन । यत्रा धेरै नाटकहरू लेख्ने पहलमान सिंह साँच्चै पहिला आधुनिक नाटककार देखिने कुरा पनि देखिएको छ ।

यसरी प्राप्त नयाँ सामग्रीका आधारमा पहलमान सिंह स्वाँरलाई हेर्दा सम पूर्वका सशक्त नेपाली नाटककार मानिन्छन् र विकसित र परिष्कृत हुन लागेको नेपाली नाटक परम्पराका पनि प्रबल पूर्वाधार बनेको समेत प्रतीत हुन्छ ।

आधुनिक काल र माध्यमिक कालबीचको संक्रमण अवस्थाका कवि उपन्यासकार तथा सशक्त नाटककार एवम् सचेत बौद्धिक प्रतिभाका रूपमा स्वाँर रहेको देखिन्छ । आफूले प्रयोग गरेका विधाहरूलाई आधुनिक रूप दिन उनको ठूलो प्रयास रहेको देखिन्छ । विचारगत आधुनिकता देखिए पनि शैलीगत स्वरूपले भने पूर्ण आधुनिकता दिन नसकेको अवस्था देखिन आउँछ । नाटक, उपन्यास र कविता विधालाई आधुनिक रूप दिन स्वाँरको योगदान थोरै भए पनि महत्त्वपूर्ण र प्रशंसनीय रहेको देखिन्छ भनिएको छ ।

४. शीर्षकमा 'नेपाली साहित्यका विकास प्रक्रियाका दृष्टिले स्वाँरको भूमिकाको पुनर्मूल्याङ्कन' रहेको छ । यसमा माध्यमिक कालतिरबाट आधुनिकतातिर आउने क्रममा स्वाँरको महत्त्वपूर्ण भूमिका देखिन्छ । १९६२ देखि १९९३ सम्मका करिब ३० वर्षमा नेपाली साहित्यलाई आधुनिकता तर्फ ल्याउनमा स्वाँरको विशेष प्रयास रहेको देखिन्छ । भलै उनी नेपालभित्र रहेर यो सेवा गर्न नसकेको होस्, बाहिरै बसेर भए पनि नेपाली साहित्यको माध्यमिककालको उत्तरार्ध र आधुनिककालका प्रथम प्रहरका सशक्त साहित्यिक प्रतिभाका रूपमा स्वाँर देखिएका छन् । स्वयम् त्रिपाठीकै शब्दमा "मूलतः नाटकका क्षेत्रमा र अंशत उपन्यासका क्षेत्रमा र अलिकति कविताका फाँटमा पनि स्वारको भूमिका र त्यसै आधारमा नेपाली साहित्यमा उनले प्राप्त गरेको स्थानको संकेत गरिसकिएको छ र छोटकरी रूपमा साहित्यकार स्वाँरको पुनर्मूल्याङ्कनको मोटामोटी रूपरेखा यही हो" भनी प्रस्तुत मूल्याङ्कन कृति समाप्त गरिएको देखिन्छ ।[द्धण]

---

[द्धण] वासुदेव त्रिपाठी, 'पहलमानसिंह स्वाँरको पुनर्मूल्याङ्कन', (काठमाडौँ : जगदम्बा प्रकाशन, २०३३) पृ. ८१ ।

## (घ) **'लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन'** (२०३४) **को अध्ययन**

प्रस्तुत कृति समालोचक वासुदेव त्रिपाठीको पी.एच.डी. उपाधिका लागि पाँच वर्ष लगाएर २०३० सालमा तयार गरिएको शोध प्रबन्धलाई डा. त्रिपाठीले यथोचित परिष्कार र परिमार्जन गरेर अझ स्तरीय बनाई २०३४ सालमा त्रि.वि. पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित गरिएको कृति हो । यो कृति समालोचक त्रिपाठीको स्तरीय गहन अनुसन्धानसँग सम्बन्धित प्रौढ बौद्धिकताले भरिएको तथा परिष्कार र परिमार्जनसहितको गहनतम उत्कृष्ट समालोचनात्मक कृतिका रूपमा देखिएको छ । यो कृति समालोचक त्रिपाठीका सम्पूर्ण समालोचनात्मक कृतिहरूमध्ये सबभन्दा ठूलो र सबभन्दा उत्कृष्ट कृति मानिन्छ ।

साहित्यकार लेखानाथ पौड्यालका समग्र पक्षको विवेचना सहित लेखनाथको समग्र व्यक्तित्वको मूल्याङ्कन गरिएको यो नेपाली कृति साहित्यकारहरू प्रतिको समालोचनाको छुट्टै एक स्तरीय विशिष्ट नमुनाको रूपमा रहेको कृति हो भन्न सकिन्छ ।

यस कृतिमा जम्मा ५ खण्ड परिशिष्ट एवम् सन्दर्भ विवरण गरेर जम्मा सात अंश छन् र यी सात अंशमा ७३५ पृष्ठ रहेको विशालकायको समालोचनात्मक ग्रन्थका रूपमा यो कृति रहेको छ ।

यस कृतिका प्रत्येक खण्डमा आ–आफ्नै महत्त्व र विशेषता रहे पनि सबै खण्डको मूल उद्देश्य खण्ड ५ को लेखनाथको कवित्वको मूल्याङ्कनमै सबै केन्द्रित हुन पुगेको देखिएको छ ।

प्रस्तुत कृतिको अध्ययन निम्नानुसार प्रस्तुत छ :

### प्रथम खण्ड :

यस खण्डको शीर्षक 'लेखनाथको कवि व्यक्तित्वको विश्लेषण' रहेको छ । यसभित्र तीन परिच्छेदहरू छन् ।

### खण्ड १, प्रथम परिच्छेद

यस परिच्छेदको शीर्षक 'लेखनाथको कवि व्यक्तित्व : जीवनीका आलोकमा' रहेको छ । यसभित्र जन्मस्थल र वंश परम्परा : कवित्वका पृष्ठभूमिका रूपमा (ख) किशोर काल र कविताको उद्‌बोधन (ग) काठमाडौँमा अध्ययन र कविता लेखनको प्रारम्भ (घ) जीवन संघर्ष र काव्य यात्रामा प्रारम्भिक पाइला (ङ) काठमाडौँ प्रवेश र काव्य साधनाको विस्तार (च) कवित्व र सम्पन्नताका अन्तर्विरोध पूर्ण मार्गमा (छ) जीवनमा स्थिरता सम्पन्नता र कवित्वको नयाँ अरूणोदय (ज) जीवनको अपरान्ह साहित्यिक सृजना र सम्मानको चरमोत्कर्ष उपशीर्षक रहेका छन् ।

यसभित्र कास्की जिल्लाको अर्घौ पौवा गाउँ पञ्चायत अर्चले समी डाँडा मा १९४१ पौष २६ गते पण्डित राधा कृष्णका नाती पण्डित दुर्गादत्त र वसुन्धराका जेष्ठ पुत्रका रूपमा लेखनाथ पौड्यालको जन्म भएको हो । उनको बाल्यकाल गाउँमै बित्यो र साधारण शिक्षा गाउँमै प्राप्त

गरे । काकाको हप्काइका घटनाबाट कवितासम्बन्धी सोच जागेका लेखनाथ १५ वर्षको उमेरमा रानीपोखरी संस्कृत छात्रावासमा आएपछि कविताको क्षेत्रमा संलग्न रहेका हुन् ।

पछि बनारसमा गएर मध्यमा परीक्षा दिई अनुत्तीर्ण भई फर्केका लेखनाथको बनारसका सुन्दरी र माधवी पत्रिकाका सम्पादक सोमनाथ, राममणि आदि साहित्यकारहरूसँग सम्पर्क भएको र जीविकाका लागि सप्तरी जिल्लाको छप्कीमा गई पोखेलका छोराहरूको पठनपाठनमा संलग्न हुँदा समेत कविता लेखी बनारसका सुन्दरी र माधवी पत्रिकामा छपाएको पाइन्छ । यहीँबाट लेखनाथको काव्य साधन सुरु हुन्छ । सप्तरी छोडी, भारतको आसाम क्षेत्रतिर विभिन्न ठक्कर र हण्डर खाँदै घुमेका लेखनाथ पुनः काठमाडौँतिर फर्किई अनेक दुःख सहँदै लैनचौरको चौतारामा भोकभोकै रात बिताएको र तत्कालीन भीम शमशेरको स्तुति र आत्म निवेदन मिसिएको कविता भीम शमशेरका बग्गीमा हुत्याई चढाएपछि सदाशिव दीक्षित मार्फत भीम शमशेर कहाँ शिक्षकको रूपमा पुगेका र यही बेला ऋतुविचार, बुद्धिविनोद, सत्यकलिसम्वाद र बालबोधिनीका कविताहरूको रचना गरेको एवम् राममणि र चक्रपाणिसँग सम्बन्ध विस्तार गरेको कुरा यसभित्र उल्लेख छ ।

त्यस्तै १९६१ मा पहिली पत्नीको मृत्यु भएको र १९७२ मा सत्यदेवीसँग दोस्रो विवाह भएको कुरा पनि यसमा उल्लेख छ । आर्थिक अभावका कारण धेरै दुःख पाएको भए पनि साहित्य रचनामा भने तल्लीन रहेको र तेज शमशेरका दरबारमा शिक्षक र पण्डितका रूपमा प्रवेश भएपछि लेखनाथको आर्थिक अवस्था सुधिन थालेको एवम् क्रमशः त्रिभुवनसँग समेत सम्पर्क भै पण्डित शिक्षक कवि र नाटक गुरूका रूपमा समेत प्रतिष्ठित हुँदै गएको कुरा यहाँ चर्चा गरिएको छ । १९८६ देखि १९९० सम्ममा भने त्यति धेरै कविताहरू प्रकाशित नभए पनि शारदा पत्रिकाको प्रकाशनका क्रममा कविका थुप्रै कविता यस अघि नै प्रकाशित भई स्थापित कविका रूपमा मान्यता पाइसकेको देखिन्छ ।

शारदा पत्रिका सँगसँगै लेखनाथ पौड्यालको साहित्य क्षेत्रमा विशिष्ट स्थान स्थापित हुँदै गएको र २००७ साल सम्ममा उनको स्थान नेपाली साहित्यका उच्च परिष्कारवादी कविको रूपमा निर्धारण भइसकेको पनि यहाँ उल्लेख गरिएको पाइन्छ । त्यस्तै २००८ सालदेखि पछि लेखनाथ पौड्याल विशिष्ट कविका रूपमा स्थापित भएको र २००८ सालमा त्रिभुवनबाट कविशिरोमणिको उपाधि र भत्ता समेत प्राप्त भएको, २०११ सालमा लेखनाथको रथयात्रा गरिएको, २०१४ सालमा राजकीय प्रज्ञा प्रतिष्ठानको सदस्य भएको र धेरै पुरस्कृत र सम्मानित हुँदै २०२२ साल फाल्गुण ८ गेत बिहान देवघाट चितवनमा कवि लेखनाथ पौड्यालको देहावसान भएको एवम् सो शोकपूर्ण घटनाको सबै क्षेत्रबाट चर्चा परिचर्चा र श्रद्धाञ्जली कार्यक्रम गरिएको कुरा यस परिच्छेदमा उल्लेख गरिएको छ ।

**खण्ड १, द्वितीय परिच्छेद**

यसको शीर्षक “कवि व्यक्तित्व : परिवेश र प्रभावका सन्दर्भमा” रहेको छ । यसभित्र लेखनाथको बाल्यकालमा भानुभक्त र मोतीरामका भाषा श्लोकहरूबाट लेखनाथको कविता वा भाषा श्लोकतर्फ आकर्षण भएको पाइन्छ भने संस्कृत छात्रावासमा आएपछि मोतीमण्डलीका रचनासँग प्रभावित भएको कविता कल्पद्रुमका कविताबाट प्रभावित भएको, सुन्दरी कालका

शिखरनाथ सुवेदी, शम्भु प्रसाद ढुंगेल, चक्रपाणि चालिसे, सोमनाथ सिग्देल आदि कविहरूबाट प्रभावित भएको र पछिसम्म उनीहरूसँगै प्रतिस्पर्धा गर्दै 'कवि कवितालाप' बाट उनीहरूका प्रवृत्तिलाई छोड्दै हलन्त बहिष्कारतर्फ हिन्दीबंगाली साहित्य मार्फत् सामाजिक पुनर्जागरणको लहर र सांस्कृतिक उद्घोष समेतबाट प्रभावित भएको कुरा १९६५–१९७० तिरै प्रस्ट हुन आउँदछ । त्यस्तै व्यासवाल्मीकि र कालिदास जस्ता कविहरूबाट प्रभावित र प्रेरित भएको पनि देखिन्छ । त्यस्तै संस्कृतका नीतिशास्त्रहरूबाट अझ धेरै प्रभावित भएको र कालिदासको प्रेरणा बढी ग्रहण गरेको देखिन्छ । यसै परिप्रेक्ष्यमा भारतका नवजागृत प्रतिभा रामकृष्ण, विवेकानन्द, रमण महर्सी, अरबिन्द र गान्धीका विचारहरूबाट आधुनिक सोचलाई अवलम्बन गरेको देखिन्छ । यिनै पृष्ठभूमिबाट लेखनाथले बुद्धिविनोद, सत्यकलिसम्वाद जस्ता कृतिहरूको रचना गरेको देखिन्छ । यिनै व्यक्तित्वहरूका वैचारिक प्रेरणाबाट जागरण, नवचेतना बाँकी थुप्रै फुटकर कृतिहरूको रचना गरेको देखिन्छ ।

यसैक्रममा शैलीलाई समेत परिष्कार र परिमार्जन गर्दै भाषा र शैलीमा विशेष परिष्कृत शैली प्रस्तुत गरेर परिष्कारवादी धाराको पथनिर्माण गरेको देखिन्छ र पछि आउने सम, देवकोटा, घिमिरे जस्ता कविहरूका लागि आदर्श साहित्यिक व्यक्तित्व बन्दै परिष्कारवादी धाराका सुरुकर्ता आधुनिक कविका रूपमा अगाडि बढेर आफ्नो जीवनकाल भरी नेपाली साहित्य क्षेत्रको नेतृत्व दिइएको पाइन्छ भन्ने कुरा यस परिच्छेदमा प्रस्तुत गरिएको पाइन्छ ।

**खण्ड १, तृतीय परिच्छेद**

प्रस्तुत परिच्छेदको शीर्षक "कवि व्यक्तित्वका प्रमुख मोड र काव्ययात्राको प्रहर विभाजन" रहेको छ । यसमा लेखनाथ पौड्यालको काव्य यात्राका जम्मा तीन चरण देखाइएको छ । यी चरणलाई प्रहरशब्दले संकेत गरिएको छ ।

प्रस्तुत लेखनक्रममा कवि लेखनाथको काव्य लेखन यात्रामा भिन्नभिन्न समयमा आफ्ना लेखन धर्मलाई केहीनकेही परिवर्तन गदै लागेको देखिन्छ र नेपाली समाजमा लेखनाथको स्थापनामा पनि समयसमयमा भिन्नता आउँदै गरेको देखिन्छ । यी दुई आधारबाट लेखनाथको व्यक्तित्वलाई बाँड्ने काम गरिएको देखिन्छ । यस आधारमा प्रस्तत् अंशमा लेखनाथको वि.सं. १९६१ देखि २०२२ सालसम्मको लगभग ६० वर्षको काव्य यात्रालाई निम्न प्रहरहरूमा बाँड्न सकिन्छ भनिएको छ ।

(१) **प्रारम्भिक प्रहर, १९६१ देखि १९९० सम्म**

(क) कविता कल्पद्रुम (१९६१), सुन्दरी (१९६३), माधवी (१९६५/६६), लालित्य (१९६९) का कविता

(ख) श्लोक प्रवाह खण्डकाव्य (१९७०)

(ग) गोरखा शिक्षाका कविता (१९७२-१९८१)

(घ) बुद्धिविनोद, ऋतुविचार (१९७३)

(ङ) सूक्तिसिन्धु (१९७४) का कविता

(च) भर्तृहरि निर्वेद (१९७४)

(छ) संक्षिप्त श्रीमद्भगवतगीतासार (१९७५)

(ज) सत्यकलिसम्वाद (१९७६)

(झ) स्तोत्रावलीका कविता (१९७८)

(ञ) गीताञ्जलि (१९८६)

(ट) गोर्खाली, चन्द्रिका, गोरखापत्रजस्ता पत्रिकामा प्रकाशित त्यस बेलाका कविता लेखनाथका प्रथम चरणका कृति हुन् । यस बेला पहिले शृङ्गारिक धारामा प्रवेश गरेर त्यसलाई त्याग्दै आधुनिक साहित्यको स्थापनातर्फ कवि संलग्न रहेको देखिन्छ ।

(२) मध्यवर्ती प्रहर (१९९१ - २००७) यस प्रहरमा कवि सामाजिक रूपमा स्थापित भइसकेको र आफ्नो काव्यशिल्प र सोचाइमा परिष्कृत हुँदै स्तरीयता कायम गरिसकेको अवस्था रहेको छ । यो कविको दोस्रो मोड हो । यसअन्तर्गत निम्न कृतिहरू पर्दछन् ।

(क) विकसित ऋतु विचार (१९९१)

(ख) शारदा, गोरखापत्र र उद्योग पत्रिकामा प्रकाशित कविता (१९९१-१९९४)

(ग) सप्त प्रश्नात्मक बुद्धिविनोदको प्रथम विनोद (१९९४)

(घ) लक्ष्मी पूजा नाटक (१९९४)

(ङ) १९९५ देखि २००२ सालका फुटकर कविता

(च) त्याग र उदयको युगल प्रकाश (२००२)

(छ) पञ्चतन्त्र अनुवाद (२००४) रहेका छन् । यस बेलाका कवि भाव र शिल्पको परिष्कार र परिमार्जनमा लागेको देखिन्छ । यस बेला नेपाली साहित्य जगतमा लेखनाथ प्रतिष्ठित कविका रूपमा सर्वस्वीकृत भैसकेको समेत अनुभव हुन्छ ।

(३) अन्तिम प्रहर (२००८ देखि २०२२)

यस अवधिमा
(क) अमरज्योतिको सत्यस्मृति (२००८)

(ख) गौरी गौरव (२००९) (अभिनीत नाटक)

(ग) २०१० साल सम्मका कविता लालित्य भाग १ समेत

(घ) तरुणतपसी (२०१०)

(ङ) मेरो राम (२०११)

(च) अभिज्ञान शाकुन्तल (अनुवाद २०१५)

(छ) नयाँ भर्तृहरिनिर्वेद (२०२०)

(ज) पार्वतीपरिणय (अपूर्ण)

(झ) गंगागौरी (अपूर्ण, २०२२ - २३)

(ञ) लालित्य दोस्रो भाग (२०२५)

(ट) विभिन्न पत्रिकामा प्रकाशित फुटकर कविता (२०१२ देखि २०३०) यस प्रहरका कृतिहरू हुन् ।

यस प्रहरका कृतिहरूले दार्शनिक गहिराई र शैलीगत उच्चता प्राप्त गरेको र यस अवधिमा लेखनाथ पौड्याल ज्यादै सम्मानित व्यक्तित्वका रूपमा रहेको कुरा उल्लेख गरेको पाइन्छ ।

## द्वितीय खण्ड

यस खण्डको मूल शीर्षक "लेखनाथको काव्ययात्राको प्रारम्भिक प्रहर" रहेको छ । यसमा दस (१०) परिच्छेद छन् । यी दस परिच्छेदबाट लेखनाथको प्रथम चरणका काव्य कृतिहरूको विस्तृत विश्लेषण गरिएको पाइन्छ ।

### प्रथम परिच्छेद

यसको शीर्षक "काव्य यात्राको प्रारम्भिक प्रहरका प्रारम्भिक पाइला" दिइएको छ । यसअन्तर्गत

(क) कविता कल्पद्रुमअन्तर्गतका कवितामा दधिराम मरासिनीको कविताको छाप लेखनाथका शृङ्गार पच्चीसी, मानसाकर्षिणीजस्ता कवितामा परेको र शृङ्गारिक कविताबाट काव्ययात्रा थालेको देखिन्छ, भनिएको छ ।

(ख) सुन्दरी कालका लेखनाथले समस्या पूर्ति कविता छपाएका छन् । यिनमा पनि शृङ्गारिक भाव देखिएको छ । तैपनि वैराग्यबल्ली कविताले भने नयाँ सोच देखाएको छ भन्ने कुरा प्रस्तुत छ ।

### द्वितीय परिच्छेद

यसको "काव्ययात्राको प्रारम्भिक प्रहरका नयाँ फड्का" शीर्षक रहेको छ । यसअन्तर्गत

(क) माधवी : वर्षा विचार

(ख) लालित्य (१९६९) : कवि कवितालाप

(ग) 'शोक प्रवाह' खण्डकाव्य

(घ) शिशुबोधिनी : दोस्रो भाग - उपशीर्षक रहेका छन् ।

यी चार उपशीर्षकका माध्यमबाट लेखनाथले काव्य यात्रामा नयाँ रूप दिएका हुन् भन्ने कुरा विवरणसहित प्रस्तुत गरिएको पाइन्छ ।

### तृतीय परिच्छेद

यसको "प्रकृतिकाव्य 'ऋतुविचार' (१९७३)" शीर्षक राखिएको छ । यसमा

(क) प्रकृति प्रयोगबाट प्राप्त प्रेरणा

(ख) संस्कृत साहित्यको प्रतिच्छाया

(ग) 'आफ्नो मूल्य र महत्ता' उपशीर्षक रहेका छन् । यी तीन उपशीर्षकअन्तर्गत १९७३ मा प्रकाशित ऋतु विचारको समग्र विश्लेषण गरिएको र यसको निजत्व एवम् महत्त्वसमेत प्रस्ट पारिएको पाइन्छ ।

**चतुर्थ परिच्छेद**

यसको शीर्षक बौद्धिक काव्य 'बुद्धि विनोद' (१९७३) रहेको छ । यसअन्तर्गत

(क) पृष्ठभूमि

(ख) 'बुद्धि विनोद'को अन्तरङ्ग विश्लेषण

(ग) 'बुद्धि विनोद'को सौन्दर्य प्राप्ति' उपशीर्षक रहेका छन् ।

यी तीन उपशीर्षकमा रहेर बुद्धि विनोदको दार्शनिक, शिल्पगत पक्षको विश्लेषण गर्दै साहित्यिक मूल्यसमेतको विवेचना गरिएको पाइन्छ ।

**पञ्चम परिच्छेद**

यसको '१९७४ सालका कविता' शीर्षक रहेको छ । यसका उपशीर्षकमा (क) "सूक्तिसिन्धु" भित्रको कवित्व (ख) 'गोरखा शिक्षा' को तेस्रो भागताकको कवित्व, गरेर दुई उपशीर्षक छन् । यसमा सूक्तिसिन्धुका शृङ्गारिक कविता, भर्तृहरिनिर्वेदका शान्त रसका कविता र गोरखा शिक्षाभित्रका नैतिक मूल्यका कविताका रूपमा यस अवधिका कविताको चर्चा गरिएको छ । पिँजडाको सुगा पनि यसै चरणको कविता हो । यसले विविध सामाजिक, राजनीतिक अर्थसमेत प्रस्ट गरेको छ । पिँजडाको प्यासा मैनामा भने आध्यात्मिक चेतना बढी फस्टाएको छ । प्रकृतिसम्बन्धी कविता पनि यस चरणमा रहेका छन् भन्ने कुरा यसमा विश्लेषणसहित प्रस्तुत गरेको पाइन्छ ।

**षष्ठ परिच्छेद**

यसको शीर्षक 'भर्तृहरिनिर्वेद (१९७४) को नाट्य-कवित्व' रहेको छ । यसअन्तर्गतका उपशीर्षकमा (क) नाटककार लेखनाथ पौड्याल र (ख) भर्तृहरिनिर्वेदभित्रको कवित्व, दुई उपशीर्षक रहेका छन् । यसमा लेखनाथको नाट्यकारिता र भर्तृहरिनिर्वेदभित्रका पद्यमा देखिएको कवित्वका बारेमा विश्लेषण प्रस्तुत छ । हाँडी प्रसङ्ग र हाँडीविलाप यसमा बढी प्रभाव दिने कविता हुन् भन्नेसमेत यहाँ विवरणसहित प्रस्तुत गरिएको पाइन्छ ।

**सप्तम परिच्छेद**

यसको शीर्षक '१९७४-७५ सालको कवित्व' रहेको छ । यसअन्तर्गतका उपशीर्षकमा (क) सङ्क्षिप्त श्रीमद्भगवातगीताको कवित्व र (ख) चन्द्रिका पत्रिकाको कवित्व रहेका छन् । गीताका पद्यहरूको विवरण र विश्लेषण पहिलो शीर्षकमा गरिएको छ भने दोस्रो शीर्षकमा चन्द्रिका पत्रिकामा प्रकाशित तीनओटा कविताका बारेमा चर्चा गरिएको पाइन्छ ।

**अष्टम परिच्छेद**

यसको शीर्षक 'सत्यकलिसम्वाद काव्य' रहेको छ । यसअन्तर्गतका उपशीर्षकमा (क) सत्यकलिसम्वाद : विषय परिवर्तनका सन्दर्भमा (ख) सत्यकलिसम्वादको पृष्ठभूमि (ग) सत्यकलिसम्वादको अन्तरङ्ग विश्लेषण (घ) सत्यकलिसम्वादको वास्तविक मूल्य राखिएका छन् । यी चार उपशीर्षकमा रहेर समालोचक त्रिपाठीले सत्यकलिसम्वाद सामाजिक ऐतिहासिक सन्दर्भलाई लिएको, हिन्दू जागरणप्रति विशेष जोड दिएको विचार प्रधान काव्य हो । यसको रचनाशिल्प ऋतु विचार र बुद्धि विनोदभन्दा कमजोर छ । यो कृति अरूभन्दा पहिले लेखिएको जस्तो लाग्छ तर यो सामाजिक विचारलाई प्रस्तुत गर्ने सन्दर्भलाई प्रधानता दिँदा पछि लेखिएकै भए पनि कलात्मक परिष्कार आउन सकेको हो भनेका छन् ।

यसमा समाज चित्रणकै र समाज उद्‌बोधनकै लागि सबै ध्यान केन्द्रित गरिएको काव्यका रूपमा यो काव्य रहेको छ । यसको सर्वोच्च मूल्य पनि यही हो भन्दै "निष्कर्षमा नेपाली सामाजिक दूरदशाको यथार्थपरक अङ्कन गर्न सक्ने अनुभूति वा सामाजिक चेतना नै सत्यकलिसम्वाद बन्न गएको छ । सम्वादमय पद्य शैलीमा स्थानान्तरण-समयान्तरणको प्रविधि-कुशलताबाट सत्यकलिसम्वादमा समाज द्रष्टा लेखनाथ अभिव्यक्त हुन सकेका छन् भन्ने यही वर्णन सौन्दर्य नै यस खण्डकाव्यको शीर्षस्थ कलाकारिता प्रस्तुत हुन्छ ।"[द्धज्ञ] भनेर यस कृतिको मूल्याङ्कन गरेको देखिन्छ ।

**नवम् परिच्छेद**

यसको शीर्षक 'विविध रचना (१९७८ देखि १९८६) को कवित्व' रहेको छ । यस शीर्षकअन्तर्गत (क) स्तोत्रावलीभित्रका कविताका कविता (ख) गोरखा शिक्षा (चौथो भाग) भित्रका कविता (ग) अन्य कविता (घ) गीताञ्जलि स्तुति काव्य, रहेका छन् ।

उक्त अवधिमा लेखिएका कवितामध्ये स्तोत्रावलीमा ईश्वर महिमा, वैराग्यवली, मनो लड्डुजस्ता कविताहरू परेका छन् । कलेज खुलेका दिन यसै सङ्ग्रहमा राखिएको त्रि-चन्द्र कलेजको स्थापना भएको दिनका सन्दर्भमा चन्द्रशमशेरको स्तुति गाइएको कविताका रूपमा यो कविता रहेको छ । दोस्रो उपशीर्षकमा धनमहिना, धृतिशीलता र सन्ध्या यस शीर्षकअन्तर्गतका महत्त्वपूर्ण कविता हुन् । शब्द शैय्या र शिल्पविधानमा प्रौढ देखिएका यी कविता महत्त्वपूर्ण छन् भनिएको छ । अन्य कविताअन्तर्गत हिमव्यथा महत्त्वपूर्ण कविता हो । यसमा कवि आफै व्यक्तिएका छन् भनी भनिएको छ । (घ) शीर्षकमा गीताञ्जलि नामको भीमशमशेरको स्तुति काव्य रचना गरेको छ । यो कृति स्तुति काव्य परम्पराको उत्कृष्ट नमुना बन्न गएको छ भन्ने कुरा देखाइएको छ ।

---

[द्धज्ञ] वासुदेव त्रिपाठी, 'लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन', (प्रथम संस्करण), (काठमाडौं : त्रि.वि.पा.वि.के., २०३४), पृ. १३२ ।

**दशम परिच्छेद**

'काव्य-यात्राको प्रारम्भिक प्रहरको विश्लेषण' शीर्षक रहेको यो परिच्छेद अगाडिका अंशहरूको सारांशगत रूपमा यस अवधिका समग्र कृतिको विश्लेषण गरेर निचोडका रूपमा प्रस्तुत गरिएको मूल्याङ्कन अंश हो ।

यसमा रहेको प्रारम्भिक प्रहरलाई दुई भागमा पूर्वार्ध र उत्तरार्ध गरेर छुट्ट्याइएको छ । पूर्वार्धमा १९६१ देखि सूक्ति सिन्धुसम्मका धार्मिक र शृङ्गारिक भावनाका माध्यमिक कालसँग सम्बन्धित कविताहरू परेका छन् भने उत्तरार्धमा १९७३-७४ देखि ९० सम्मका कृतिहरू परेका छन् । उत्तरार्धमा १९८६ सम्म कवि ज्यादै सक्रिय रहेको र त्यसपछिका चार वर्ष पछिल्लो पुस्ताका कविहरू उदाउँदै गरेका र लेखनाथ सुषुप्ति अवस्थामा रहेको प्रतीत हुन्छ भनिएको छ । ऋतुविचार, बुद्धिविनोद, सत्यकलिसम्वाद र गोरखा शिक्षा स्तोत्रावली जस्ता कृति उत्तरार्धका महत्त्वपूर्ण कृति हुन् । यी कृतिहरूको माध्यमबाट लेखनाथले माध्यमिककालको बिदाइ र आधुनिक कालको सुरुवात गरेका छन् । विचार, भावशैली र भाषिक परिष्कार जस्ता सबै पक्षमा नयाँपन ल्याएर काव्य सौन्दर्यको स्थापना गर्दै आधुनिक काव्यात्मक स्वरूपलाई स्थापना गर्न कवि लेखनाथ सफल भएका छन् भन्ने कुरा यस परिच्छेदमा विश्लेषणका साथ प्रस्तुत गरिएको पाइन्छ ।

## तृतीय खण्ड

प्रस्तुत खण्डको मूल शीर्षक "लेखनाथको काव्ययात्राको मध्यवर्ती प्रहरको विश्लेषण" रहेको छ । यसमा जम्मा नौ परिच्छेद छन् । यी नौ परिच्छेदबाट यस चरणको लेखनाथको मध्यवर्ती प्रहरको समग्र साहित्यिक अभिव्यक्तिलाई विश्लेषण गरिएको पाइन्छ र लेखनाथ यो अवधि १९९१ देखि लिएर २००७ साल सम्मको अवधि हो । यसै अवधिमा लेखनाथले नेपाली साहित्य जगत्मा सबैभन्दा उच्च व्यक्तित्वको रूपमा आफूलाई स्थापित गरिसकेको कुरा पनि यहाँ प्रस्तुत गरिएको छ ।

### प्रथम परिच्छेद

प्रस्तुत परिच्छेदको शीर्षक 'विकसित ऋतुविचार १९९१ को कवित्व' रहेको छ । यसअन्तर्गत उपशीर्षक 'क' मा 'पुराना ऋतुविचारसँग तुलना' राखिएको छ । यसमा १९७३ को ऋतुविचारमा ३०३ श्लोक छन् भने १९९१ को ऋतुविचारमा ६०६ श्लोक छन् । पुराना केही श्लोकहरूलाई हटाइएको छ, केहीलाई परिष्कार गरिएको छ र आधाभन्दा बढी श्लोकहरूलाई थप गरिएको छ । यसरी थपघट गर्दा स्तरीयता, परिष्कार र गुणात्मकतालाई विशेष ध्यान दिइएको देखिन्छ भन्ने कुरा यसमा प्रस्तुत गरिएको छ ।

दोस्रो उपशीर्षक 'ख' ऋतुविचारको अन्तरंग विश्लेषण' रहेको छ । यसको 'क' अन्तर्गत प्रकृति प्रयोगको चर्चा गर्दै प्रकृति प्रयोगलाई यहाँ तनमय र मनमयका रूपमा वर्णन गर्दै विशेष रूपमा यहाँको प्रकृति चित्रण तनमय प्रधान रहेको कुरालाई विश्लेषणसाथ प्रस्तुत गरिएको छ ।

उपशीर्षक 'ख' मा 'ऋतुविचार भित्रको सामाजिक चित्रांकन' राखिएको छ । यहाँ नेपाली समाजलाई र हिन्दू समाजलाई उपमानका रूपमा व्यापक चर्चा गरिएको छ । प्रकृति वर्णन गरेको विषय र उदाहरण उपमान समाज र समाजका व्यवहार एवम् घटनालाई छर्लङ्ग हुने गरी यहाँ प्रस्तुत गरिएको छ भन्ने कुरा उदाहरण सहित यहाँ प्रस्तुत गरिएको पाइन्छ । यहाँ देखिएको समाज हिन्दू परम्परामा आएको रुढिग्रस्त विकृत अवस्थामा रहेको र क्रियाशील नरहेको दयनीय अवस्थामा गुज्रिरहेको समाजको स्वरूप प्रस्तुत गरेर यसलाई सुधारतर्फ लैजाने संकेत गरिएको पाइन्छ ।

उपशीर्षक 'ग' मा 'ऋतुविचार भित्रका दार्शनिक सूत्र' राखिएको छ । यसमा सांख्य र वेदान्त दर्शनको एवम् गीताको दार्शनिक स्वरूपलाई सूक्ष्म र सरल ढंगले यत्रतत्र प्रस्तुत गरिएको कुरा ऋतुविचारमा पाइन्छ, भनिएको छ ।

उपशीर्षक 'घ' मा 'ऋतुविचारको भाव रमणीयता' रहेको छ । यसमा शृंगार र शान्त रसको प्रयोग अधिकांश वर्णनमा छ र अरु रस पनि यहाँ छिटफुट प्रयोग भएका छन् भनिएको छ भने अलंकार प्रयोगको सन्दर्भमा उपमा, रूपक, उत्प्रेक्षा प्रयोग भएको छ । अलंकारको प्रयोगले भावलाई रमणीय बनाउन विशेष जोड दिएको देखिन्छ । अभिव्यक्ति क्रममा अलंकारलाई विशेष महत्त्व दिएको पाइन्छ भन्ने कुरा पनि यसमा प्रस्तुत छ ।

यी समग्र विश्लेषणबाट ऋतुविचार (१९९१) को समग्र मूल्याङ्कन गरिएको पाइन्छ । समालोचक त्रिपाठीकै शब्दमा "ऋतुविचार लेखनाथको कवि व्यक्तित्वमा मुखरित सम्पूर्ण प्रवृत्ति र

पक्ष सक्रिय र संश्लिष्ट भएको अपूर्व र अनुपम क्षणको सुसंस्कृत अभिव्यक्ति हो । त्यसैले ऋतुविचार लेखनाथको प्रथम र महामहिम सौन्दर्यवाटिका हो अनि नेपाली कविताको पनि सर्वोत्कृष्ट कित्ताहरू मध्ये एक कित्ता हो ।"[६६] भनेको पाइएको छ ।

**द्वितीय परिच्छेद**

यसको शीर्षक "१९९१ / १९९४ का फुटकर कविता" राखिएको छ । यसअन्तर्गत बुद्धि-विनोदको १९९४ को पहिलो विनोदले र लक्ष्मीपूजा नाटकमा पद्यहरूले लेखनाथको नयाँ चेतनाको सङ्केत गर्छ । यस अवधिमा प्रकाशित कवितामा अरूणोदय, जीवन चंगा, मुरली मोह, काल महिमा, गौथलीको चिरिबिरि प्रमुख कविता रहेका छन् । यी कविताहरूले जीवनका बारेमा सोच्ने र त्यसलाई प्रस्तुत गर्ने काम गरेको छ । यी कविताहरूमा शैलीको र भावको विशेष उचाई रहेको छ । यही शैलीगत परिष्कार र भावगत गहनताको कारणबाट फुटकर कविता क्षेत्रका शिल्पमा प्रौढता आएको देखिन्छ, आध्यात्मिक जीवनदृष्टि प्रबल बन्दै गएको देखिन्छ । आध्यात्मिक र सामाजिक स्वरले उच्चता र सशक्तता पाएको देखिन्छ भन्ने कुरा यहाँ प्रस्तुत गरेको पाइन्छ ।

**तृतीय परिच्छेद**

यसको शीर्षक "सप्त प्रश्नात्मक बुद्धि विनोद काव्य" (प्रथम विनोद : १९९४) रहेको छ । यसमा १९७३ को बुद्धि विनोदकै कुराहरूलाई प्रस्तुत गरिएको भए पनि मूलभूत रूपमा यसभित्र आउँदा लेखनाथ जिज्ञासा र सोधनीका रूपमा भन्दा पनि सो निश्चित दार्शनिक मार्गबाट आफ्ना भावनाहरू व्यक्त गर्दै यो संसार केही होइन, आध्यात्मिक चिन्तनमा लाग्नु जरुरी छ भन्ने कुरा यहाँ प्रस्तुत गर्न गएका छन् । पहिलेको ६७ श्लोकबाट यहाँ आउँदा १०३ श्लोक भएर आकारमा पनि बृद्धि भएको छ र यहाँ कवि सन्तका रूपमा देखिएका छन् । यहाँ लेखनाथको दार्शनिक र बौद्धिक उचाई झल्किन गएको छ ।

रवीन्द्रनाथ ठाकुरको गीतान्जलि झैं लेखनाथको यो बुद्धिविनोद कृति उत्कृष्ट बन्न गएको छ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ ।

**चतुर्थ परिच्छेद**

यसको शीर्षक 'लक्ष्मीपूजाको नाट्य-कवित्व' (१९९४) रहेको छ । यसअन्तर्गत उपशीर्षक (क) "लक्ष्मीपूजाको नाट्य कला" मा भर्तृहरिनिर्वेद लेखिसकेका लेखनाथको प्रस्तुत कृति मौलिक नाटक हो । यो चम्पू शैलीमा लेखिएको छ । पूर्वीय नाट्य कलाको यहाँ राम्रो प्रयोग भएको छ । संस्कृतनाट्य परम्पराको शैलीमा लेखिएको यो मौलिक विषय वस्तुको मौलिक नाटक हो भनिएको छ भने उपशीर्षक 'ख' मा लक्ष्मीपूजाको गद्यशैली राखिएको छ । यसमा २ प्रकारको गद्य लेखनाथले प्रयोग गरेका छन् । (१) आलंकारिक गद्य (२) सहज गद्य

---

[६६] ऐ. पृ. १७४

(१) आलङ्कारिक गद्यमा विशेष चमत्कार छ भने सामान्य गद्यमा सम्वादको सामान्य प्रयोग छ भनिएको छ ।

उपशीर्षक (ग) "लक्ष्मीपूजा नाटकभित्रको कवित्व" रहेको छ । यसमा प्रस्तुत भएका पद्यहरूका बारेमा चर्चा गरिएको छ । यहाँ प्रस्तुत गद्यमा कवित्व सरल र सहज रूपमा शृङ्गार र शान्त रसका भाव लहरीहरू वार्णिक छन्दमा र गजलमा प्रस्तुत भएका छन् । यहाँका पद्यहरूले कवितात्मकतालाई सहज रूपमा प्रस्तुत गरिएको छ । यहाँका पद्यहरूले पनि शैली प्रौढ हुँदै गएको चिन्तन चाप प्रवल हुँदै गएको कुरालाई प्रस्ट देखाइएको छ भन्ने कुरा पनि यहाँ प्रस्तुत गरिएको पाइन्छ ।

**पञ्चम परिच्छेद**

यसको शीर्षक "१९९५ - २००२ का स्फुट कविता" रहेको छ । यसअन्तर्गत 'सत्य सन्देश, विवेक वाटिका' अध्यात्म वाटिकाका साना फूलहरू, पिँजडाको प्यासा मैना, पतितपावनी "श्री गंगाजीको झाँकी" 'हाम्रो विश्राम घाटको पवित्र स्मृति' वंशीधरको विश्व विनोद, "पाटीमा ढाक्रेको पसारो", "केदार दर्शनको रहस्य" "पूर्वस्मृति" 'विज्ञानको मोह' जस्ता कविताहरूको यस परिच्छेदमा विश्लेषण गरिएको छ । यहाँका कविताहरूले आध्यात्मिक दर्शनको गाथा गाएका छन् र सामाजिक जीवन दृष्टि प्रस्तुत गरेका छन् तथा विज्ञानका बारेका विरुद्ध आवाज उठाएको पनि पाइन्छ ।

आध्यात्मिक सोचमा समाजलाई हेर्ने लेखनाथ विज्ञानको पक्षमा नरहेर आध्यात्मिक सर्न्दभमा नै समाजको दृष्टिकोणलाई अगाडि बढाउन लागेको देखिन्छ । शैलीगत परिष्कार भने झन्-झन् स्तरीय हुँदै आएको देखिन्छ । सत्य सन्देश साँच्चै आर्य समाजका लागि सन्देश बनेको छन् र शैलीगत दृष्टिले उच्चता प्राप्त गरेका छन् । समग्रमा लेखनाथका कविता यात्रामा यो अवधि अति महत्त्वपूर्ण क्षण हो । चमत्कारी कविता शैली, छन्दको परिष्कार, सङ्गीत चेतना, कवित्व शिल्पको मनोरम छटा, अनुभूतिको हृदयस्पर्शीपन त्यस बेलाका स्फुट कविताका विशेषता रहेका छन् भन्ने कुरा यसमा प्रस्तुत गरिएको पाइन्छ ।

**षष्ठ परिच्छेद**

यसको शीर्षक 'त्याग र उदयको युगल प्रकाश स्तुति काव्य (२००२) रहेको छ । यो कृति जुद्धशमशेरको राज्य त्याग र पद्मशमशेरको राज्यप्राप्तिसँग सम्बन्धित भएको छ । यो कृतिमा दुई भाग छन् । पहिलो खण्डमा जुद्धशमशेरको स्तुति गाइएका २१ एक्काइस पद्य छन् भने दोस्रो खण्डमा भीमशमशेरका जेठा छोरा पदमशमशेरको बारेमा लेखिएका २३ श्लोक छन् । यो उपजाति छन्दमा लेखिएको छ । उनको गीताञ्जलि भीमशमशेरको स्तुति काव्यकै परम्पराको कृतिका रूपमा लेखिएको पाइन्छ । यो उनको दोस्रो स्तुति काव्य हो भन्ने कुरा यसमा प्रस्तुत गरिएको छ ।

**सप्तम परिच्छेद**

यस परिच्छेदको शीर्षक "पञ्चतन्त्र (अनुवाद) को शैलीगत अध्ययन" रहेको छ । यसमा पञ्चतन्त्र संस्कृत वाङ्मयको नीतिशास्त्र सिकाउने कथात्मक कृति हो र यो महत्त्वपूर्ण ग्रन्थका

रूपमा रहेको कृतिको लेखनाथले दरबारमा पठाउने कार्यको थालनी सँगसँगै यसको अनुवाद कार्य पनि थालेको अनुभव हुन्छ । यो पछि प्रकाशित भए पनि यो पहिलेदेखिकै प्रयास हो भन्ने कुरा देखाइएको छ ।

लेखनाथले पञ्चतन्त्रको अनुवाद गर्दा समश्लोकी पद्य अनुवाद, छन्द परिवर्तन पद्यानुवाद र सरल तथा समस्त स्थलको पद्यानुवाद गरेर तीन प्रकारले पद्यानुवाद गरेका छन् भने गद्यमा झिँडाटाँस शब्दानुवाद भन्दा अभिप्राय प्रकाशनको आधारलाई प्रमुख बनाएर अनुवाद गरेको पाइन्छ ।

"निष्कर्षमा पद्यानुवादमा लेखनाथीय छन्दको शक्ति छ तापनि गद्यानुवाद सलक्क परेको र तात्पर्य मुखर प्रतित हुन्छ ।"[द्घघ] भनेर लेखनाथ पौड्यालको पञ्चतन्त्र अनुवादको शैलीलाई विश्लेषण गरिएको पाइन्छ ।"

**अष्टम परिच्छेद**

यसको शीर्षक "२००४ - २००७ का स्फुट कविता" रहेको छ । यस अवधिमा प्रकाशित लेखनाथका कवितामा कलमसित हाँसेको साहित्यसागर, चुडिएको चंगासित, आश्चर्य, गौथलीको चिरिबिरि, नारद र विज्ञानजस्ता फुटकर कविताहरूको रचना भएको पाइन्छ । यस अवधिमा रचित रचनाहरूमा पूर्ववर्ती सोचलाई नै केही प्रौढताका साथ व्यक्त गरिएको पाइन्छ भने सामाजिक समीकरणमा एवम् विज्ञानका विरोधमा आफ्ना धारणाहरू व्यक्त गरेको पाइन्छ । देश बन्धुसँग अपिल, जय नेपाली, जय नेपाल, युगवाणीजस्ता कविताले नेपालको युग परिवर्तनको गीत गाएको पनि पाइन्छ भन्ने कुरा पनि यसमा प्रस्तुत गरिएको छ ।

**नवम परिच्छेद**

यसको शीर्षक "काव्य-यात्राको मध्यवर्ती प्रहरको विश्लेषण" रहेको छ । यस परिच्छेदमा १९९१ देखि २००७ साल सम्मको लेखनाथको साहित्ययात्राको समग्र विश्लेषण निचोडका रूपमा प्रस्तुत गरिएको छ ।

यस अवधिका लेखनाथको साहित्य यात्रा १९९१ देखि ९४ सम्म, ९५ देखि २००२ सम्म र २००३ देखि २००७ सम्म गरेर तीन चरणमा छुट्टयाईएको छ । प्रथम चरणका लेखनाथ पूर्वीय दर्शन र त्यसैको आधुनिक व्याख्यताको रूपमा शैली शिल्पद्वारा सङ्गठित कविका रूपमा देखिएका छन् भने दोस्रो चरणका लेखनाथ पूर्वीय सभ्यता, संस्कृति र जीवनदृष्टिका नवयुग सापेक्ष व्याख्याताका रूपमा देखिन्छन् । त्यस्तै तृतीय चरणका लेखनाथ केही क्रान्तिकारी झैं केही भावप्रवण देवकोटाका नजिक आए झैँ देखिए पनि आफ्नै प्रतिष्ठित, स्थापित विशिष्ट परिष्कारवादी शैलीको लेखनक्रममा रहेका लेखनाथ यस चरणका युगचेतनाका गायकका रूपमा पनि देखिएका छन् भन्ने कुरा प्रस्तुत परिच्छेदमा विविध विश्लेषणसाथ प्रस्तुत गरेको पाइन्छ ।

---

[द्घघ] ऐ. पृ. २१५

## चतुर्थ खण्ड

यस खण्डको मूल शीर्षक 'लेखनाथको काव्य यात्राको अन्तिम प्रहरको विश्लेषण' रहेको छ । यसमा २००८ सालदेखि २०२२ सालसम्मका कवि लेखनाथका समग्र कृतिको चर्चा र विश्लेषण गरिएको छ । यसअन्तर्गत जम्मा ९ परिच्छेद छन् । आठ परिच्छेदमा प्रत्येक कृतिमा शीर्षकअन्तर्गत कृतिको व्याख्या विश्लेषण गरिएको छ भने अन्तिम नवम् परिच्छेदमा यस चरणअन्तर्गतका कवि लेखनाथको व्यक्तित्वको व्याख्या विश्लेषण र मूल्याङ्कन गरिएको पाइन्छ ।

### प्रथम परिच्छेद

यसको शीर्षक "अमरज्योतिको सत्यस्मृति काव्य (२००८)" रहेको छ । यसका दुई उपशीर्षक रहेका छन् । उपशीर्षक (क) युगपरिवर्तनको पृष्ठभूमि, रहेको छ । यसमा नेपाल र भारतको राजनीतिक परिवर्तन र भारतीय उपमहादीपमा हिन्दू जागरण एवम् त्यसको प्रभावबाट लेखनाथले आफ्ना साहित्यिक कृतिमार्फत हिन्दू जागरणका स्वरहरू सत्यकलिसम्वाद, ऋतु विचारजस्ता कृतिहरूमा प्रस्तुत गर्दै आएको र समग्र जागरणका प्रतिमूर्ति महात्मा गान्धीको अनुभव लेखनाथले गरेको कुरा यसअन्तर्गत विश्लेषण गरिएको छ ।

उपशीर्षक '(ख) "अमरज्योतिको सत्यस्मृति" काव्य' राखिएको छ । यसमा भारतका भाग्यविधाता महात्मा गान्धीको हत्याबाट कवि लेखनाथका हृदयमा परेका शोकका आँसुहरूको काव्यात्मक अभिव्यक्ति यसमा प्रस्तुत गरिएको छ । यो शोक काव्य हो । महात्मा गान्धी अमर छन्, उनको सत्य आत्मा सत्यमा परमात्मामा गएर मिलेको छ भन्ने कुरा दार्शनिक सत्यका सन्दर्भमा प्रस्तुत गरिएको छ । मात्रा छन्दमा ८७ पद्यमा प्रस्तुत गरिएको यो उनको दोस्रो शोक काव्य हो भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । यो काव्यमा पूर्वीय र पश्चिमी आधुनिक विचारको मन्थनबाट गान्धीको विचार स्थापित भएको हो भन्ने कुरासमेत लेखनाथका उक्त कृतिको विश्लेषणबाट प्रस्ट पारिएको छ । अध्यात्म प्रेरित मानवतावादी विचार यहाँ प्रस्तुत गरिएको छ भन्ने कुरा यहाँ समालोचक त्रिपाठीले कृतिको विश्लेषण र व्याख्या गर्दै प्रस्तुत गरेको पाइन्छ ।

### द्वितीय परिच्छेद

यसको शीर्षक '२०१० सालसम्मका कविता' रहेको छ । यसभित्र उपशीर्षक (क) लालित्य (प्रथम भागमा) समाविष्ट रचनाको वर्गीकरण र विवेचना रहेको छ । यसअन्तर्गत पनि तीन सहायक शीर्षक राखिएको छ । यसका सहायक शीर्षक (अ) लालित्य प्रथम भागमा समाविष्ट रचना राखिएको छ । यसअन्तर्गत २०१० सालसम्म लेखिएका धेरैजसो छापिएका र केही नछापिएका कविताहरूको सङ्गालो लालित्य हो । १९६४ देखि २०१० सालसम्म लेखिएका करिब ६० वर्षका ६० ओटा कविता यसमा छापिएका छन् । तर यस अवधिमा लेखिएका सबै कविता यति मात्र चाहिँ होइनन् । प्रतिनिधि-कविताहरू मात्र हुन् र यहाँ स्तुतिसँग सम्बन्धित धेरै कविता देखिए पनि अधिकांश कविताले आधुनिक कविताको स्वरूपलाई देखाएको छ । अझ १९०५ देखि २००२ सम्मका कविताको यसमा बाहुल्य रहेको छ भन्ने कुरा देखाइएको छ ।

अर्को सहशीर्षक (आ) लालित्य (प्रथम भाग) का कविताको वर्गीकरण" रहेको छ । यसमा लालित्यका कवितालाई ५ भागमा वर्गीकरण गरिएको छ ।

(क) भक्तिभावको पुर्नव्याख्या

(ख) दार्शनिक दृष्टि

(ग) प्रकृति चित्रण

(घ) सामाजिक, सांस्कृतिक र नैतिक प्रतिपादन र

(ङ) साहित्य धारणा गरेर पाँच भागमा छुट्ट्याइएको छ ।

सहशीर्षक "(इ) लालित्य प्रथम भागको नयाँ प्राप्तिको विवेचना" राखिएको छ । यसमा साहित्य धारणा : साहित्यको फुटबल भनेर यसमा साहित्यसम्बन्धी लेखनाथका धारणाको चर्चा गरिएको छ भने भक्तिभावको पुर्नव्याख्या भनेर भक्तिसम्बन्धी लेखनाथको धारणा विश्लेषण र उदाहरणसहित प्रस्तुत गरिएको छ ।

उपशीर्षक "(ख) लालित्य प्रथम भाग बाहिरका कविता" भनेर शीर्षक राखिएको छ । यसअन्तर्गत युगवाणी, देशबन्धुसँग अपिल, जुगप्रभाती, वर्षा, जीवनको एरोप्लेन, विवेक चाटिकाअन्तर्गत होच्याई अरूलाई, प्रकृतिविजेता वीर श्री तेन्जिङ सेर्पाको स्वागत, आकाशकी परी, आदिकविको सम्मान, वीर वालाको तीखो दृष्टिकोण, उस ज्योतिको एक झलक, अमर शहीद स्थिर बम मल्लको स्मृतिमा, प्रगति, पिँजडाबाट छुटेको सुँगा, राष्ट्रभाषाको भविष्यउपर एक दृष्टि, कविको उन्निद्रता आदि हुन् भनिएको छ ।

यी कविताहरूबाट कविले देशले पाएको स्वतन्त्रताप्रतिको आफ्नो समर्पणलाई प्रस्तुत गरेका छन् । जागृतिको गान गाएका छन् । यस बेलाका कविता शैलीगत रूपमा त्यति अगाडि देखिँदैनन् । बौद्धिक परिपाटी पनि त्यति उत्कृष्ट छैन । तैपनि यस समयका कविताले सामाजिक सन्दर्भलाई बढी छुन खोजेको छ भन्ने कुरा देखाइएको छ । यसैलाई यहाँ समालोचक त्रिपाठीले विस्तारका साथ प्रस्तुत गरेको पाइन्छ ।

**तृतीय परिच्छेद**

"तरुणतपसी नव्य काव्यको विश्लेषण" यस परिच्छेदको मुख्य शीर्षक रहेको छ । यसका उपशीर्षक ९ ओटा रहेका छन् । यी उपशीर्षकका माध्यमबाट लेखनाथको तरुणतपसी नव्य काव्यको समग्र विश्लेषण प्रस्तुत गरिएको पाइन्छ । जसको सङ्क्षिप्त विवरण निम्नअनुसार प्रस्तुत छ ।

"(क) तरुणतपसी नव्य काव्य कि महाकाव्य" : प्रस्तुत उपशीर्षकअन्तर्गत समालोचक त्रिपाठीले महाकाव्यका पूर्वी र पश्चिमी महाकाव्यका मान्यताहरूलाई केलाउँदै लेखनाथको यो तरुणतपसी काव्य महाकाव्यकै कोटीको प्रबन्ध काव्य हो र यसलाई महाकाव्यकै कोटिमा राखेर हेर्न सकिन्छ भन्ने कुरा प्रस्तुत गरेका छन् ।

“(ख) मा तरुणतपसीको संरचना वा प्रबन्ध विधान” उपशीर्षक राखिएको छ । यसमा प्रबन्धको विधान तरुणतपसीकै आत्मगाथाबाट प्रस्तुत गरिएको छ । आत्मगाथाका वक्ता कवि स्वयम् छन् । प्रबन्ध विधान यसमा शक्तिशाली बनेको छ । यसैले तरुणतपसी तपसीको आत्मगाथासँग सम्बन्धित प्रबन्ध यसमा प्रस्तुत गरिएको छ भनिएको छ ।

“(ग) मा तरुणतपसीको सामाग्री प्रयोग” यसको उपशीर्षक रहेको छ । सामग्रीमा रुख कवि लेखनाथ हुन अनि प्रकृति र मानव समाजसँग उसको सम्बन्धको निरुपण नै यस काव्यले अँगालेको सामग्री हो । मान्छे र प्रकृति नै तरुणतपसीको सामाग्री हो । यसमा आध्यात्मिक भावना, मानवता आदि यसका प्रमुख अन्य सामग्री हुन् भन्ने कुरा यसमा विश्लेषण गरिएको छ ।

“(घ) मा तरुणतपसी विभिन्न स्तरमा विभिन्न तात्पर्य” भन्ने उपशीर्षक रहेको छ । यसभित्र जम्मा ३ सहशीर्षक रहेका छन् । एक “तरुको जीवनी” राखिएको छ । यसमा तरुणतपसीको तरुको जन्म, शैशव, तारुण्य, प्रौढता र बुढौलीसम्मको आत्मकथा छ । यसलाई मानवजीवन संगत रूपमा प्रस्तुत गर्नु नै यसको विशेषता रहेको छ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

(२) “लेखनाथको आत्म कथा” सहशीर्षक रहेको छ । यस शीर्षकमा वृक्ष स्वयम् लेखनाथ नै देखिन्छन् । उनले देखेको सांसारिक प्रपञ्च र सान्सारिक व्यवहार नै तरुणतपसी हो भन्ने कुरा विस्तृत विवरणसहित यहाँ प्रस्तुत गरिएको पाइन्छ ।

(३) मानव सभ्यताका सर्वेक्षणका रूपमा शीर्षक रहेको यो काव्य व्यक्तिको सामाजिक जीवनगाथाका रूपमा रहेको छ । जीवन भलै पाञ्चभौतिक शरीरले बनेको होस् त्यसभित्र अन्तर्आत्मा जीवात्मा रहेको छ । त्यो जीवात्मा परमात्मासँग सम्बन्धित छ । यी दुईको अभेद्य सम्बन्ध रहेको कुरा आजको मानव सभ्यताले प्राप्त गरेको ऐतिहासिक क्रममा बिर्सँदै गएको छ । यस्तो स्थितिका कारण आजको मानव सभ्यता विकृतिग्रस्त हुन लागेको छ तर भविष्यमा यसको सुधार हुने छ भन्ने कुरा यहाँ कृतिको विश्लेषण गर्दै प्रस्तुत गरिएको पाइन्छ ।

(ङ) “तरुणतपसीको प्रकृति प्रयोग” उपशीर्षक रहेको छ । यसमा मुख्य पात्र नै वृक्ष रहेको हुँदा प्रकृति प्रयोगको सन्दर्भ बढी सान्दर्भिक भएको छ । ऋतु वर्णन सूर्य, चन्द्र, बिहान, साँझ, रात, अन्धकार, वन, पर्वत आदिको यहाँ वर्णन गरिएको छ । यी सबैले समाज र प्रकृतिको सम्बन्धलाई प्रस्तुत गरे पनि वर्णन प्रकृतिको सन्दर्भबाट अघि बढेको पाइन्छ । यहाँ प्रकृति आलम्वनका रूपमा इन्द्रिय संवेद्यताका रूपमा उद्दीपन विभावका रूपमा अनुकूल प्रतिकूल प्राकृतिक परिपेक्ष्यमा मानवताका रूपमा प्रकृति ज्ञान स्रोतका रूपमा प्रकृति मानवीय अन्तरकरणका भावको आरोपका रूपमा प्रकृति मानवीकरणका रूपमा प्रकृति मानव तादात्मिताका रूपमा र प्रतीकात्मक अभिव्यक्ति र शिल्पका रूपमा प्रकृतिको प्रयोग भएको पाइन्छ । तर यी सबै प्रयोगले प्रकृतिको चित्रणभन्दा प्रकृतिको सन्दर्भमा सामाजिक वर्तमान सन्दर्भलाई प्रस्तुत गर्नु प्रमुख धेय रहेको देखिन्छ । समाज मानवतावादी र अध्यात्मिक सोचमा अघि बढ्न नसकेकोमा तटस्थ प्रकृतिले गरेको अनुभूति यहाँ प्रस्तुत भएको छ भन्ने कुरा यसअन्तर्गत प्रस्तुत छ ।

(च) को "तरुणतपसीको वैचारिक धरातल" शीर्षक रहेको छ । यसभित्र २ उपशीर्षक रहेका छन् :

(१) मा प्रारम्भिक विवेचनाअन्तर्गत तरुणतपसीको वैचारिक धरातल के हो भन्ने विषयमा यहाँ छलफल गरिएको छ र निष्कर्षमा पूर्वीय अध्यात्म दर्शन नै तरुणतपसीको आधारशिला हो भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । अध्यात्मिकताको पनि पुनर्व्याख्या यसमा प्रस्तुत छ । यहाँ आध्यात्मिकतामा पूर्वीय दर्शन, सामाजिकतामा आजका पुँजीवादी, मानवतावादी धर्म र विज्ञानवादी गान्धीवादीजस्ता कुराहरू र वैचारिक धरातलमा प्रकृति अन्तस्करण परमात्मा, सामाजिकताको भूमिकाजस्ता कुराहरू यहाँ प्रस्तुत छन् ।

(२) "आध्यामिकताको विश्लेषण" सहशीर्षकमा वेद, उपनिषद पुष्ण, गीता आदि ग्रन्थ नै यसका बिज हुन् । यसैमा विकसित भएको वेदान्त दर्शन, सांख्यदर्शन, योगदर्शन आदि यसका प्रमुख आधार हुन् भन्ने कुरा विस्तृत विष्लेषणका साथ यहाँ प्रस्तुत गरिएको पाइन्छ ।

(छ) अर्को "तरुणतपसी विचारको प्रकर्ष, भावको आर्द्रता र शैलीको उत्कर्ष" उपशीर्षक रहेको छ । यसमा उक्त विषयमध्ये समग्र रूपमा हेर्दा तरुणतपसीमा वैचारिकता नै सबभन्दा प्रबल र पहिलो तत्त्वका रूपमा रहेको देखिन आउँछ भनिएको छ ।

दोस्रो प्रबल तत्त्वमा भावको कोमलता अथवा रमणीयता रहेको छ । रमणीयताले विचारलाई कोमल र मनोहर बनाइदिएको छ । यो दोस्रो विशेषता हो । प्रासाद गुणका रूपमा रहेको यो भावरमणीयता यसमा सशक्त रहेको देखिन्छ । त्यस्तै विचारलाई प्रस्तुत गर्ने शैली काव्यात्मकताले भरिएको छ । प्रबन्धविधान अत्यन्त सशक्त छ । द्वन्द्व, शब्द योजना, अलङ्कार आदिको समुचित परिष्कार र परिमार्जनबाट निर्मित्त शैलीछटा अत्यन्त मोहक बनेको छ भन्ने कुरा यहाँ प्रस्तुत छ । प्रबन्ध योजना र शैलीले यहाँ नयाँ रूप प्रस्तुत गरेको छ । यसैका कारण यो नव्य काव्य बनेको छ भन्ने भावना पनि प्रस्तुत उपशीर्षकमा देखिएको छ । यसमा समालोचक त्रिपाठीको विश्लेषण अझ गहन रहेको पाइन्छ । तरुणतपसी भावमा आर्द्रता, विचारमा उत्कर्षता र शैलीमा विशिष्टता प्राप्त गरेको विशेष काव्य कृति हो । यीमध्ये पनि भावको उच्चता नै यस काव्यको प्रमुख विशेषता बनेको छ भन्ने विचार यहाँ समालोचक त्रिपाठीको देखिन्छ ।

(ज) को "तरुणतपसीको शैली : विचार र भावप्रति समर्पण" उपशीर्षकमा तरुणतपसीको छन्द प्रयोग र अलङ्कार प्रयोगको चर्चा गरिएको छ । यहाँ पाँच सय चवालिस ५४४ शिखरिणी छन्दका मधुर, सरल र सहज सुललित पद्यहरू प्रयोग भएका छन् । ३७ पद्य शिखरिणी बाहेकका छन्दमा छन् । शिखरिणी छन्द सहज प्रवाहित नदी झैँ बहेको छ । छन्दका नियम सबै पूर्ण रूपमा प्रयोग भएका छन् । सबै तारतम्य मिलेकाले शिखरिणी छन्द विशिष्ट मुहुनीदार बनेको छ । यस्तो शिखरिणीको प्रयोग लेखनाथको विशिष्ट क्षमताको उपलब्धि हो । त्यस्तै अलङ्कारका प्रयोगका सन्दर्भमा शब्दालङ्कारमा यमकको बढी प्रभावशाली प्रयोग रहेको छ । अर्थालंकारमा रूपक, उत्प्रेक्षा, समासोक्तिजस्ता अलंकारहरूको सहज प्रयोगले भावमा गहनता प्रदान गरेको छ । यो काव्यको शैलीविधानमा केही पश्चिमी रंग मिसिएको पाइए पनि पूर्वका छन्द, रीति, गुण, ध्वनि, रसकै सेरोफेरोमा यो काव्य रचिएको

छ । माधुर्य गुण र प्रासाद गुण यसमा प्रवाहित छ । शान्त रस यस काव्यको प्रमुख रस हो भने अरु रसमा करुणरस सशक्त बनेको छ भन्ने कुरा यसमा विविध उदाहरण सहित प्रस्तुत गरेको पाइन्छ ।

(झ) "तरुणतपसी नव्य काव्य : नेपाली कविताका परम्परामा" प्रस्तुत शीर्षकमा लेखनाथका सबै साहित्यिक रचनाहरूमध्ये तरुणतपसी र ऋतुविचार उच्च रहेका छन् । ऋतुविचारले देवकोटा, घिमिरेजस्ता रोमान्टिक कविहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव दिइएको छ र यो रोमान्टिक परम्पराको केही नजिक रहेको देखिए पनि क्लासिकल शैलीको विशिष्ट उपलब्धि हो भने तरुणतपसी विचार प्रधान बालकृष्ण समको आगो र पानी झैँ विचारको उत्कर्षता प्राप्त गरेको कृति हो । त्यसमा पनि विचार भावमा चुर्लुम्म मुछिएर भाव प्रधान नै भएर देखिएको विशिष्ट कृतिका रूपमा तरुणतपसी नेपाली साहित्यमा देखिएको छ । समको चिसो चुल्होका लागि तरुणतपसी उत्प्रेरक पनि बन्न पुगेको छ भन्दै तरुणतपसी नेपाली साहित्यको विशिष्ट उपलब्धि हो भन्ने कुरा यस परिच्छेदमा त्रिपाठीले प्रस्तुत गरेको पाइन्छ ।

**चतुर्थ परिच्छेद**

यस परिच्छेदमा "मेरो राम काव्य २०११" यस शीर्षकअन्तर्गत लेखनाथ पौड्यालको मेरो राम काव्यको विवेचना गरिएको छ । यस कृतिमा अध्यात्मरामायणको घटनाक्रम यथावत् र यथाक्रम स्विकारेर संक्षेपमा स्रग्धरा छन्दका २७८ पद्यमा लेखिएको खण्डकाव्य जस्तो लाग्ने राम नामको कीर्तनमा प्रभावित भएर लेखिएको भक्ति तथा दर्शन प्रधान पुस्तक हो भन्ने कुरा यसमा देखाइएको छ । अध्यात्म रामायण र भानुभक्तको रामाणसँग तुलना गर्दै यो मेरो राम काव्य अति संक्षेप पद्धति अँगालिएको, गम्भीर दर्शन बोकेको, सघन (बाक्लो) मनोरम शैली भएको अध्यात्मरामायणलाई प्रमुख स्रोत बनाइए पनि भानुभक्तको रामायणको उत्तराधिकारी बनेको कृतिका रूपमा मेरो राम काव्य रहेको कुरा यस लेखमा विश्लेषण साथ प्रस्तुत गरिएको छ । त्यस्तै तरुणतपसीको समग्र पक्षको उत्कर्षता मेरो राममा पाइन्न । धार्मिक परम्परालाई मात्र यसले अगाडि सारेको देखिएको छ । रामकीर्तन गर्ने रहरका सन्दर्भमा प्रस्तुत कृतिको रचना गरिएको र यो अध्यात्म रामायणको रूपान्तरित भक्ति काव्यका रूपमा देखिएको कलापक्ष कमजोर भएको काव्य हो भन्ने कुरा यसमा प्रस्तुत छ ।

**पञ्चम परिच्छेद**

"अभिज्ञान शाकुन्तलम्" नाटक (अनुवाद) को शैलीगत अध्ययन" यस परिच्छेदको शीर्षक रहेको छ । २०१५ सालमा प्रकाशित कालिदासको अभिज्ञान शाकुन्तल संस्कृत नाटकको नेपाली अनुवाद लेखनाथ पौड्यालले गरेको पाइन्छ । पौड्यालको अनुवादसम्बन्धी यो अन्तिम कृति हो । भर्तृहरि निर्वेद, लक्ष्मीपूजा जस्ता नाटक प्रतिको परम्परागत आकर्षणको अभिन्न अंशका रूपमा यो कृति प्रस्तुत भएको छ । नेपाली भाषामा शम्भुप्रसाद ढुंगेल, पहलमानसिंह स्वाँर, खड्ग मान मल्ल जस्ता व्यक्तिहरूले प्रस्तुत गरेको अनुवाद कृतिहरूलाई हेर्दा लेखनाथको परिष्कृत अनुवादशैली अरु अनुवादकहरूको भन्दा विशिष्ट रहेको कुरा पनि यहाँ प्रस्तुत छ । यहाँ अनुवाद गर्दा गद्य अनुवाद समश्लोकी, पद्य अनुवाद छन्द परिवर्तित अनुवाद जस्ता क्रमलाई लेखनाथले पनि अँगालेको देखिन्छ । यसरी अनुवाद गर्दा मूलभावको भावपरिधिको भने लेखनाथले उलंघन

गरेका छैनन तर कहीँ शब्द शैय्या फुकेर आएको छ । कही केही सुकेको छ तथापि शैली परिष्कृत नै बनेको छ ।

अनुवाद परम्परामा आएको लेखनाथको यो कृति महत्त्वपूर्ण कृतिको रूपमा देखिएको छ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । यसमा अभिज्ञान शाकुन्तलको भाव पक्षको चर्चा गरिएको छैन । शीर्षकले दिएअनुसार शैली पक्षको मात्र अध्ययन गरिएको छ । यो अनुवाद अरु नेपाली अनुवादकका शैलीसँग तुलना गरेर लेखनाथको अनुवाद शैलीको त्रिपाठीज्यूले निरूपण गरेको पाइन्छ ।

**षष्ठ परिच्छेद**

“भर्तृहरिनिर्वेद (२०२०) को नाट्य कवित्व” यो शीर्षकभित्र तीन उपशीर्षक रहेका छन् । पहिलो “(क) नाट्यकला” उपशीर्षक राखिएको छ । यसअन्तर्गत १९७२ मा अनुवाद गरिएको भर्तृहरिनिर्वेदको परिष्कार गरेर २०२० मा पुनर्प्रकाशित गरिएको यो कृति लेखनाथको नाटक प्रतिको अभिरुचिको नमुना बनेको छ । लक्ष्मीपूजा नाटक लेख्दै अगि बढेका लेखनाथको सम, रिमाल र तिवारीका नाटकहरूले झन आकर्षण थपेको अनुभव हुन्छ । यसै क्रममा भर्तृहरिनिर्वेदको पुनः रचना गरेको देखिन्छ ।

मूल नाटक ५ अंकमा विभाजित छ भने यो ७ अंकमा प्रस्तुत छ । विभिन्न पर्दाहरूमा पनि फरक गरिएको छ । कथावस्तुमा, पात्रमा व्यापक परिवर्तन छ । पुरानो भर्तृहरिको शैली काँचो छ भने नयाँको शैली प्रौढ र परिष्कृत छ । कथावस्तु, चरित्रविधान, वातावरण आदिमा पनि यो केही मौलिक छविद्वारा सुसज्जित छ ।

पूर्वीय नाट्य परम्पराको यो नमुनाको रूपमा प्रस्तुत गर्ने प्रयास यस नाटकमा लेखनाथले प्रस्तुत गरेको पाइन्छ भन्ने कुरा यहाँ उल्लेख छ ।

(ख) “भर्तृहरिनिर्वेदको गद्य छटा” उपशीर्षक रहेको छ । यो कृति भित्र रहेको गद्य शैली लेखनाथको सबैभन्दा पछिल्लो गद्य शैली हो । यो शैली शाकुन्तलको शैलीभन्दा पनि उत्कृष्ट छ । सम्वाद र स्वकथनमा प्रयोग भएको गद्य शैली कहीँ सामान्य छ र कहीँ आलंकारिक छ । यसमा प्रस्तुत गद्य शैलीले लेखनाथको परिष्कृत गद्य शैलीको उत्कृष्ट नमुना प्रस्तुत गरेको छ भन्ने कुरा पनि यहाँ उल्लेख गरेको पाइन्छ ।

(ग) “भर्तृहरिनिर्वेदको कवित्व” उपशीर्षकका रूपमा रहेको छ । प्रस्तुत कृतिमा गद्य र गजल गीतसँग सम्बन्धित विषयको चर्चा गरिएको छ । यहाँ कवितात्मक प्रस्तुतिका रूपमा पद्य र गजल गीत आएका छन् भन्ने कुरा विभिन्न उदाहरणको विश्लेषणबाट देखाउन खोजिएको छ । यहाँका पद्यहरूले शृंगार, हास्य र शान्त रसको अवस्थालाई देखाएका छन् । लय, शब्दशैय्या र भावनाका सन्दर्भमा कवित्वको विशिष्टता प्राप्त भएको छ । झर्रा नेपाली शब्द, सुकोमल संस्कृत शब्दको प्रयोगले यो कृति रमणीय रहेको छ । आलंकारिक प्रयोगले अझ सशक्त बनेको छ । त्यस्तै लक्षणा र व्यञ्जनाका शब्द शक्तिले कवित्व झन उत्कृष्ट बनेको छ भन्ने कुरा समेत यहाँ उल्लेख गरिएको पाइन्छ ।

**सप्तम परिच्छेद**

"गंगागौरी महाकाव्यांश" शीर्षकमा लेखनाथको अपूर्ण महाकाव्य गंगा गौरीको बारेमा विश्लेषण गरिएको छ । यो कृति अत्यन्त स्तरीय महाकाव्यको रचना गर्ने आकांक्षाका क्रममा लेखिँदै गएको परिपक्व कवित्वको उपलब्धि हो तर यो चार/पाँच सर्ग कविता पत्रिकामा प्रकाशित भए पनि यो पूरा हुन र प्रकाशित हुन सकेन । अपूर्ण र अप्रकाशित अपरिमार्जित अभिव्यक्तिको विश्लेषणबाट यस काव्यका बारेमा मूल्याङ्कन गरिएको कुरा यहाँ उल्लेख गरिएको छ । गंगा स्वर्गबाट झरेर समुद्रसम्म पुगेको पौराणिक कथालाई यसमा कथावस्तु बनाइएको देखिन्छ । शब्द शैय्या पदावली र छन्द योजनामा कवि सहज र सरल भएको देखिन्छ भने अलंकार विधानमा पनि कृत्रिमता सृजना नभएको देखिन्छ । भक्ति मार्गलाई अवलम्बन गर्दै प्रस्तुत गरिएको यो महाकाव्य प्रकृतिसँग नजिक पनि छ । प्रौढशैली, प्रचुर वर्णन शक्ति र परिष्कृत भावना भएका लेखनाथको यो कृति त्यस्तै स्तरीय कृतिका रूपमा रहेको छ । पूर्वीय सभ्यताको पुनर्व्याख्या गर्ने उद्देश्य भएको यस कृतिमा नैतिक प्रवृत्ति पाइन्छ, प्रकृति दर्शन पाइन्छ र प्रकृतिको राष्ट्रिय छवि पाइन्छ भन्ने कुरा पनि यहाँ देखाइएको छ । गंगागौरी उच्चतम महाकाव्य बन्ने सम्भावना प्रस्तुत अंशहरूमा देखिएको छ । कविको देहावसानले गर्दा यो कृति अपूर्ण रह्यो र नेपाली साहित्यमा उत्कृष्ट सम्भावना देखिएको उपलब्धि पूर्ण हुन नसकि अधुरो नै रह्यो भन्ने कुरा पनि प्रस्तुत अंशमा चर्चा गरिएको छ ।

**अष्टम परिच्छेद**

"२०२२ साल सम्मका स्फुट कविता" शीर्षकको यस परिच्छेदमा २ उपशीर्षक रहेका छन् । पहिलो उपशीर्षक 'क लालित्य दोस्रो भाग भित्रका कवित्व' रहेको छ । यो संग्रह २०११ साल देखि २०२२ सालसम्म लेखिएका फुटकर कविताहरूको संग्रह हो । तर उक्त अवधिका सबै कविता यहाँ अटाउन सकेका छैनन् । यसमा ३८ कविता संकलित छन् । यस भित्रका कविताहरूमा वयोवृद्ध कोइलीको विलौना, राष्ट्रिय भावनाको गीत, प्रवासीलाई आमाको प्रत्युत्तर, प्रवासी पुत्रको मार्मिक चिठ्ठी, राष्ट्रको जागृति, वयोवृद्ध कोकिलको बासन्तिक अनुलाप, म मधेशमा, श्रद्धान्जलि, नेपाल र नेपाली जस्ता कविताहरू यस संग्रहमा संकलित भएका छन् । यस बेलाका कवि शैली, निर्माणको साधनाभन्दा विषयलाई सफा मिठो शैलीमा भनिदिनुमा नै तृप्त हुँदै गएको देखिन्छ । तरुणतपसीको जस्तो विशिष्ट शैली यहाँ पाइँदैन । विषयको प्रस्तुति नै यस बेलाका कविका कविताको मुख्य वस्तु बनेको छ भन्ने कुरा लालित्य भाग २ का कविताको विश्लेषण गरेर त्रिपाठीले यहाँ प्रस्ट देखाएका छन् ।

उपशीर्षक "ख" पत्रपत्रिकाबाट झल्किने कवित्व" रहेको छ । यसमा लालित्य भाग २ मा नअटाएका देश र विदेशका इन्द्रेणी, रूपरेखा, भारतीका कविता हिमवत् संस्कृति, नेपाल, छात्रदूत, सिंहनाद, वेणी जस्ता विभिन्न पत्रपत्रिकामा प्रकाशित कविताहरूको बारेमा चर्चा गरिएको छ । यस्ता कविताहरूमा जीवनको एरोप्लेन (यरोप्लेन), आकाशकी परी, इन्द्रेणी, हिमाल, मेरो कैशोर जस्ता कविताहरू पर्दछन् । गोरखापत्रमा समसामयिक घटनासँग सम्बन्धित थुप्रै एक श्लोके उनका कविताहरू प्रकाशित छन् । सिद्ध हस्त आर्ष कविका कविता आफ्नो पत्रिकामा छपाउन पाए आफ्नो पत्रिकाको स्तर वृद्धि भएको ठान्ने सम्पादकहरूको अनुरोधमा थुप्रै कविताहरू कवि लेखनाथबाट लेखिएर छापिएका छन् तर कविका आफ्नै अन्तर्मनका आवेगहरूबाट सृजित कविताहरू हिमाल, इन्द्रणी, मेरो कैशोर जस्ता स्तरीय कविता नै हुन् यस्ता अरू हुन नसकेको देखिन्छ ।

यो दु:ख भोग्ने परमेश्वरै हो भन्ने कविता अन्तिम र अत्यन्त दार्शनिक कविताका रूपमा रहेको कविता समेत उत्कृष्ट कविताका रूपमा देखिएको छ । गंगागौरी, भर्तृहरिनिर्वेद, अभिज्ञान शाकुन्तलको अनुवाद तर्फ विशेष केन्द्रित रहेका लेखनाथ फुटकर कवितामा दोस्रो प्रहर सम्ममा जति स्तरीय हुन सकेका थिए । यो स्तरलाई अझ अगाडि बढाउन अन्तिम प्रहरमा त्यति सक्षम नभएको जस्तो अनुभव भएको कुरा समेत समालोचक त्रिपाठीले यहाँ व्यक्त गरेको पाइन्छ ।

**नवम परिच्छेद**

यसको शीर्षक "काव्ययात्राको अन्तिम प्रहरको विश्लेषण" रहेको छ । यसअन्तर्गत २००७ सालदेखि २०२२ सम्मको अवधि लेखनाथको कविता यात्राको तृतीय र अन्तिम प्रहर हो । यस प्रहरमा नेपालमा अनेक महत्त्वपूर्ण र गम्भीर राजनीतिक परिवर्तनहरू भएका छन् । सामाजिक परिवर्तन पनि छिटोछिटो हुँदै गरेको छ । यी सबै कुरालाई लेखनाथले आत्मसात गर्दै अमर ज्योतिको सत्य स्मृति २००८, तरुणतपसी २०१० र थुप्रै फुटकर कविता लेखेर एवम् गंगा गौरी, मेरो राम जस्ता कृतिहरू लेखेर आध्यात्मिक सामाजिक र मानवतावादी स्वरलाई गुञ्जाएमान गरेको देखिन्छ ।

यो अन्तिम प्रहारका कृतिहरू राष्ट्रवादी छन्, मानवतावादी छन् । आध्यात्मिक सोचलाई सामाजिक सन्दर्भमा स्विकारिएका छन् । यस बेला लेखनाथ राष्ट्रकै सम्मानित व्यक्ति बनेका छन् । २००८ सालमा कविशिरोमणिको उपाधि पाएर पछि सम्मानित व्यक्तिवका रूपमा देखिएका छन् । यस बेलाका लेखनाथमा क्रान्तिकारी भावना पनि छिटफुट रूपमा रहेको पाइन्छ । व्यक्तिवादी भावनाले पनि केही घर अवश्य गरेको पाइन्छ । रोमान्टिक भावनातर्फ कवि लेखनाथ आकर्षित हुँदै गए पनि संस्कारगत परिष्कारवादी सोच भने हटेको छैन । तरुणतपसी पछिका लेखनाथको शैलीशिल्प केही खस्केको र विचार चेतना बढी उत्कर्षतर्फ बढेको देखिन्छ । दोस्रो प्रहर (मध्यवर्ती प्रहरको उच्चतम कृति ऋतुविचार भए झैँ अन्तिम प्रहरको उच्चतम कृति तरुणतपसी हो र यीमध्ये पनि तरुणतपसी नै लेखनाथको सर्वोत्कृष्ट उपलब्धि हो ।

२०१५ साल पछिका लेखनाथ कालिदासको जस्तो सहज शैलीतिर आकर्षित बन्दै गएको देखिन्छ । विसंगतिवादले लेखनाथलाई प्रभावित पारेको देखिँदैन, बरु तरुणतपसीको जस्तो वैचारिक सशक्ततामा भन्दा भाव कोमलतामा कवि आकृष्ट भएको देखिन्छ र रोमान्टिक भावधारातिर आकर्षित भएको देखिन्छ । यो कुरा भर्तृहरिनिर्वेदका कविताहरूबाट र २०१८ सालतिर लेख्न सुरु गरिएको गंगा गौरी महाकाव्यबाट प्रस्ट हुन्छ । यहाँ लेखनाथ कालिदासीय परम्पराको नजिक छन् । मेरो राम हुँदै विकसित भएको आध्यात्मिक परम्परा अझै झन्झन् विकसित रहेको छ । भक्तिपक्षलाई भावमय उन्मुक्तता, रहस्यमय सांस्कृतिक संलग्नता र राष्ट्रिय प्रकृतिको स्पर्शले गर्दा गंगागौरी अपूर्ण महाकाव्य एक विशिष्ट कृति बन्न खोजेको देखिन्छ तर यो कृति चार पाँच सर्गहरूमै सीमित रहन पुग्यो, अपूर्ण नै रह्यो । यो कृति पूर्ण हुन सकेको भए दोस्रो चरणको ऋतुविचार त्यसपछिको तरुणतपसी र यी सबैभन्दा उत्तम प्राप्तिको रूपमा गंगागौरी महाकाव्य हुन आउने थियो होला भन्ने कुरा पनि यसमा उल्लेख गरिएको छ । ३० वर्षे काव्य साधनाको उपलब्धि ऋतुविचार १९९१ हो भने २० वर्षे उपलब्धि तरुणतपसी २०१० हो । त्यस्तै बाँकी १० वर्षका विशेष उपलब्धि गंगागौरी महाकाव्यंश हो भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ ।

**पञ्चम खण्ड**

यस खण्डको पूर्ण शीर्षक ‘लेखनाथको कवित्वको मूल्याङ्कन’ रहेको छ । यसअन्तर्गत चार परिच्छेद रहेका छन् । यसभित्र लेखनाथका आफ्नै कविता मान्यता, सैद्धान्तिक परम्परामा उनका कृतिहरू र उनको काव्य प्रवृत्ति एवम् लेखनाथको अन्य कविहरूसँग तुलना गरेर समग्र लेखनाथको मूल्याङ्कन प्रस्तुत गरिएको पाइन्छ । १२९ पृष्ठमा गरिएको यो मूल्याङ्कन लेखनाथको समग्र काव्यकविता तथा अन्य साहित्यको रचना सम्बन्धी मूल्याङ्कनका रूपमा रहेको छ । यो नै लेखनाथको मूल्याङ्कनको निचोड हो, यस कृतिको सार पनि हो ।

**प्रथम परिच्छेद**

“लेखनाथका कविता मान्यता र कविता लेखन” शीर्षक रहेको प्रस्तुत परिच्छेदमा लेखनाथ पौड्यालले आफ्ना कवितासम्बन्धी मान्यताको प्रथम उद्घोष १९६७ को “कविकवितालाप” भन्ने कवितामा प्रस्तुत गरेको पाइन्छ । व्यास, वाल्मीकि जस्ता कविहरूको आदर्शमा लाग्ने र छन्दोबद्ध हलन्त रहित कवितामा विश्वास राख्ने सुन्दर स्वच्छ वर्णनमा आधारित अभिव्यक्तिनै विचारशाली मिठा कुरा र रसिला नैतिकवान् विचारप्रति लेखनाथको धारणा रहेको प्रस्ट छ । त्यस्तै ऋतुविचार, बुद्धिविनोदका भूमिकाबाट पछि लेखनाथले शास्त्रीय अध्ययनतिर भन्दा प्रतिभाको सहज अभिव्यक्ति र धीरतापूर्ण परिष्कारमा विश्वास गरेको देखिन्छ । लेखनाथ वर्णन प्रधान कविका रूपमा देखिएका हुँदा वस्तुतत्त्वमा विश्वास राख्ने कविका रूपमा देखिन्छन् । सरलतालाई स्विकार्ने कविको रूपमा देखिन्छन् । समाज सुधारक, भाषा सुधारक कविका रूपमा पनि ऋतुविचार र सत्यकलिको विभिन्न अंशमा देखिएका छन् । उनी सधैँ अध्यात्मविद्याको नयाँ व्याख्याताका रूपमा देखिन्छन् । यसरी लेखनाथका काव्यमान्यतामा उनकै कृतिहरूलाई विश्लेषण गरेर त्रिपाठीले उनका समग्र कविता मान्यतालाई यहाँ प्रस्तुत गरिएको पाइन्छ । भाषा शैलीमा परिस्कार गर्ने र आध्यात्मिक हिन्दू आदर्शबाट नेपाली समाजलाई अघि बढाउने प्रमुख आदर्श विचार प्रस्तुत हुनुपर्छ भन्ने उनको साहित्यिक मान्यता रहेको देखिन्छ ।

**द्वितीय परिच्छेद**

यसको शीर्षक “लेखनाथको कवि व्यक्तित्व : पूर्वीय मानदण्डका सापेक्षतामा” रहेको छ । यसमा लेखनाथलाई संस्कृत काव्यशास्त्रबाट मूलरूपमा प्रभाव लिएका र पश्चिमी काव्य सिद्धान्ततर्फ पनि सामान्य रूपमा प्रभावित भएका कविको रूपमा प्रस्तुत गरिएको छ । यसअन्तर्गत सात उपशीर्षक दिइएका छन् । पहिलो उपशीर्षक “(क) काव्यहेतु” रहेको छ । यसअन्तर्गत (१) मा सैद्धान्तिक परिप्रेक्ष्य (२) मा काव्य हेतुका दृष्टिले लेखनाथको कवित्व शीर्षक दिएर पूर्वीय काव्य सिद्धान्तको चर्चा गर्दै त्यसमा लेखनाथको चर्चा गरिएको छ । प्रतिभा, व्युत्पत्ति र अभ्यासमध्ये लेखनाथ प्रतिभा र अभ्यासका कविका रूपमा देखिएका छन् भन्ने कुरा यहाँ देखाइएको छ ।

दोस्रो उपशीर्षक “(ख) काव्य प्रयोजन” रहेको छ । यसमा “(१) सैद्धान्तिक परिपेक्ष्य” र “(२) काव्य प्रयोजनका दृष्टिले लेखनाथको कवित्व” शीर्षक दिइएर काव्य प्रयोजनबारे चर्चा गरिएको छ । यसमा विचारशाली मिठा कुरा समाजलाई दिएर समाजमा आध्यात्मिक विचारलाई प्रस्तुत गर्नु उनको मुख्य ध्येय रहेको देखिन्छ । समाजलाई उपदेश दिनु उनको प्रमुख ध्येय

रहेपनि सौन्दर्य चेतना र रमणीयताको प्रतिपादन पनि उनको प्रयोजनमा रहेको देखिएको छ, भनिएको छ ।

अर्को उपशीर्षक "ग रीति तत्त्व" हो । यसभित्र एक सैद्धान्तिक परिप्रेक्ष्य सहशीर्षकमा पूर्वीय परम्परामा रीतिको काव्यशास्त्रीय मान्यता बारे विशेष चर्चा गरिएको छ । रीति र गुणका सन्दर्भमा चर्चा गर्दै यो शैलीसँग सम्बन्धित कुरा हो भन्ने कुरा पनि देखाइएको छ । अर्को "(२) रीति तत्त्वका सापेक्ष्यतामा लेखनाथको व्यक्तित्व" सहशीर्षक रहेको छ । यसमा छन्द, अलंकार, शब्दशैय्या आदिमा लेखनाथको अपूर्व छटा पाइन्छ । परिष्कारवादी शैलीका यिनी विशिष्ट कवि हुन् । वर्णहरूमा समेत ध्यान पुऱ्याउने यी कवि शैली सचेत कवि हुन् । स्रग्धरा, शाल्दूलविक्रीणीत, शिखरिणी जस्ता छन्दहरूमा विशेष चमक लेखनाथले प्रदान गरेका छन् । मात्रा छन्द र गजल पनि उनको विशिष्ट देन हो । अनुष्टुपलाई काव्यात्मक रूपमा प्रस्तुत गरेर यसको महिमा उनले झन बढाएका छन् भन्दै शैलीमा छन्द र अलंकारमा विशेष ध्यान दिने कविका रूपमा यहाँ लेखनाथको चर्चा गरिएको छ । लेखनाथ २१-२२ छन्दका प्रयोगकर्ता हुन् भन्ने कुरा पनि यहाँ प्रस्तुत भएको छ । शिखरिणीका यिनी विशेष प्रतिभा हुन् भन्ने पनि यहाँ उल्लेख छ ।

उपशीर्षक '(घ)' अलंकार तत्त्व' राखिएको छ । यसअन्तर्गत एक सैद्धान्तिक परिप्रेक्ष्य सहशीर्षक छ । यसमा पूर्वीय काव्यशास्त्रमा अलंकारको स्थान र महत्त्व बारे चर्चा गरिएको छ । अर्को सह उपशीर्षक "(२) अलंकार तत्त्व र लेखनाथको व्यक्तित्व" रहेको छ । यसमा लेखनाथ सहजरूपमा शब्दालंकार र अर्थालंकारका प्रयोग गर्ने कवि हुन् भन्ने कुरा प्रस्ट गरिएको छ । लेखनाथले अकृत्रिम रूपमा अलंकारहरूको भरमार प्रयोग गरेर विशेष रूपमा अलंकारलाई स्थापना गरेको पाइए पनि भावलाई यसले खजमज्याएको छैन, अझ प्रस्ट र मनोहारी बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ भन्ने कुरा यहाँ देखाइएको छ । लेखनाथले उपमा, रूपक, उत्प्रेक्ष, दृष्टान्त अलंकारलाई सारै धेरै प्रयोग गरेका छन् भन्ने पनि उल्लेख गरिएको छ ।

अरू अलंकारमा समासोक्ति, स्वभावोक्ति, सन्देह, अतिसयोक्ति, व्याजस्तुत्रि, अर्थान्तरन्यास, दीपक जस्ता थुप्रै शब्दालंकार र अनुप्रास यमक श्लेष जस्ता शब्दालंकार समेत प्रयोग गरेर काव्यलाई रमणीय एवम् श्रुतिमधुर तथा भावमा गहनता प्रधान गरेका छन् भन्ने कुरा यहाँ विस्तृत रूपमा चर्चा गरिएको छ ।

उपशीर्षक "(ङ) ध्वनि तत्त्व" रहेको छ । यसअन्तर्गत "एक सैद्धान्तिक परिप्रेक्ष्य" सहशीर्षक रहेको छ । यसमा पूर्वीय काव्यपरम्परामा ध्वनिको अवस्थालाई विशेष रूपमा चर्चा गरिएको छ । ध्वनिको आधारमा अभिधा, लक्षणा र व्यंजना वृक्ति रहेको कुरा चर्चा गर्दै वस्तुध्वनि, अलंकारध्वनि र रसध्वनिको चर्चा गरेर र ध्वनिकाव्य उत्तम काव्य हुन्छ भनिएको छ । त्यस्तै ध्वनिका भेद उपभेदहरूको पनि यहाँ चर्चा गरिएको छ ।

सह उपशीर्षक "(२) ध्वनि तत्त्वका सापेक्ष्यतामा लेखनाथको व्यक्तित्व" रहेको छ । यसमा लेखनाथलाई रसध्वनिका कवि उत्तम ध्वनिकाव्य प्रस्तुत गर्ने कविका रूपमा चर्चा गरिएको पाइन्छ । तरुणतपसी रसध्वनि काव्य हो । सत्यकलिसम्वाद, पिँजराको सुगा, धनमहिमा, गुणीभूत व्यंग्यका काव्य हुन् जस्ता कुराहरूलाई यहाँ विस्तृत चर्चा गरिएको छ ।

"च, रस तत्त्व" उपशीर्षक राखेर लेखनाथका काव्यको रससँग सम्बन्धित चर्चा गरिएको छ । यसभित्र (१) सैद्धान्तिक परिप्रेक्ष्य सहशीर्षकमा पूर्वीय काव्य परम्परामा रसको स्थिति र यसको प्रयोगका बारेमा चर्चा गर्दै विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भावको समेत चर्चा गरेर रसको सैद्धान्तिक पक्षलाई देखाइएको छ ।

"२, रस र तत्त्व लेखनाथको कवित्व" सहशीर्षकमा लेखनाथका काव्यको विशेष चर्चा गर्दै रसका कसीमा लेखनाथको मूल्याङ्कन गरिएको छ । शृंगारबाट थालिएको लेखनाथको काव्य यात्रा क्रमशः परिष्कृत र परिमार्जन हुँदै शान्त र भक्ति रसमा आखिर परिपक्व भएको छ । अरु रसहरू विविध ठाउँमा प्रयोग भएका छन् । करुण रस पनि लेखनाथको काव्य साधनामा प्रमुख बनेको छ भन्ने कुरा लेखनाथका कृतिको समग्र विश्लेषण गर्दै लेखनाथलाई रसवादका कविको रूपमा प्रस्तुत गरिएको छ । नेपाली साहित्यका सन्दर्भमा लेखनाथ रसवादी कविका रूपमा यहाँ मूल्याङ्कन गरिएको पाइन्छ ।

"छ, औचित्यवाद तथा गुण र दोषका मान्यता" यस उपशीर्षक अन्तर्गत ३ सहशीर्षक छन् । (१) "औचित्यवादका सापेक्ष्यतामा" रहेको छ । यसमा औचित्यवादको सैद्धान्तिक चर्चा गर्दै क्षेमेन्द्रले देखाएका औचित्यका बारेमा लेखनाथले विशेष ध्यान दिएका छन् । छन्दमा, शब्दशैय्यामा, शैलीमा, भाव र विचारमा लेखनाथले औचित्यताका बारेमा विशेष ध्यान पुऱ्याएको देखिन्छ भन्ने कुरा यहाँ देखाइएको छ ।

"२, गुण तत्त्वका सापेक्ष्यतामा" सहशीर्षक रहेको छ । यसमा १० गुणहरू दण्डीले स्विकारेको र अरुले प्रासाद, ओज, माधुर्य, गुणलाई विशेष चर्चा गरेको उल्लेख गर्दै लेखनाथ प्रासाद गुणका कवि हुन् भन्ने कुरा देखाइएको छ ।

"३, दोष तत्त्वका सन्दर्भमा" शीर्षक राखेर दोषको चर्चा गरिएको छ । यसमा पूर्वीय काव्य मान्यतामा दोषहरूको अवस्थाको चर्चा गर्दै पतत् प्रकर्ष, भावदोष, पददोष, अर्थदोष, रसदोष जस्ता दोषहरू लेखनाथका कवितामा त्यति पाइन्न भन्ने कुरा यसमा उल्लेख गरिएको छ ।

"ज, निष्कर्षात्मक टिप्पणी" उपशीर्षक रहेको छ । यसमा लेखनाथका प्राप्ति र दूर्बलतालाई देखाइएको पाइन्छ । शैलीको (रीति) विशेष उपलब्धि लेखनाथले प्रदान गरेका छन् । अलंकार र ध्वन्यात्मकताका पनि यिनी विशेष कवि मानिन्छन् । ध्वनिवादी र रसवादी सिद्धान्तमा हेर्दा यिनी रसवादी कविका रूपमा देखिएका छन् । सहज, सरल अलंकार योजनामा भाव व्यक्त गर्न अत्यन्त सफल यी कवि पूर्वीय काव्य तत्त्वका आधारमा मूल्याङ्कन गर्दा विशिष्ट साहित्यिक प्रतिभाका रूपमा देखिन आउँछन् भन्ने कुरा प्रस्ट पारिएको पाइन्छ । भाव प्रस्तुत गर्ने सम्बन्धमा आध्यात्मिक दृष्टिलाई मात्र आधार बनाई वैज्ञानिक तथ्यलाई नकारात्मक रूपमा मात्र स्विकार्नु लेखनाथको दुर्बल पक्ष झैँ देखिन्छ ।

**तृतीय परिच्छेद**

शीर्षक "लेखनाथका काव्य प्रवृत्तिहरूको विहगावलोकन" रहेको प्रस्तुत परिच्छेदमा लेखनाथका काव्य प्रवृत्तिहरूको बारेमा ५ उपशीर्षक दिएर विश्लेषण गरिएको पाइन्छ ।

समाजबोध, चिन्तनशीलता, प्रकृतिप्रयोग, शैलीअनुष्ठान र भावधाराका रूपमा यस परिच्छेदमा लेखनाथका काव्य प्रवृत्तिहरूको चर्चा गरिएको पाइन्छ ।

.(क) “समाजबोध” यस शीर्षकअन्तर्गत लेखनाथले कवि कवितालाप १९६९ देखि नै समाज सुधार तथा सांस्कृतिक नव जागरण तर्फ लाग्ने संकल्प गरिएको देखिन्छ । ऋतुविचारले उपमानका रूपमा नेपाली समाजको चर्चा गरेको छ । बुद्धिविनोदले पनि समाजबोधलाई संकेत गरेकै पाइन्छ । गोरखा शिक्षाका दशैं, तिहार जस्ता कविता र धनमहिमा, पिँजडाको सुगा, नैतिक दृष्टान्त जस्ता कविताहरूले त समाजको बहुमुखी स्वरूपलाई देखाएको छ । १९७६ को सत्यकलि सम्वादले अझ आर्य जातिको जीवनगतिलाई नवजागरणको सन्दर्भमा राम्ररी प्रस्तुत गरेको छ । अमर ज्योतिको सत्य स्मृतिमा पनि समाजबोध प्रमुख हुन खोजेको छ । २०१० सालको तरुणतपसी मानव सभ्यताकै महागाथा बनेको छ । आजको मनुष्य जीवनको करुण चित्र यहाँ प्रस्तुत छ । सामाजिक चेतना यहाँ अझ प्रबल भएर आएको छ । पञ्चायती काल सुरु भए पछि राष्ट्रिय चेतना र राष्ट्रनिर्माणका प्रसंग प्रति लेखनाथ विशेष आकृष्ट भएको अनुभव हुन्छ । गंगागौरीमा पनि सामाजिक चेतना प्रष्फुटित भएको पाइन्छ भन्दै “लेखनाथ नेपाली समाजको पर्याप्त उथलपुथलपूर्ण लगभग आधा शताब्दीका चित्रकार बनेका छन् ।”[द्धद्ध] भन्ने निचोड यस अंशमा प्रस्तुत गरिएको पाइन्छ ।

“(ख) चिन्तनशीलताका दिशा” प्रस्तुत शीर्षकमा लेखनाथ वैराग्यवली कवितादेखि नै चिन्तक कविका रूपमा देखिएका छन् । पूर्वीय दर्शनको स्वरूपलाई सुरुदेखिकै कवितामा प्रस्तुत छ । ऋतुविचारमा पनि उपमानद्वारा पूर्वीय दर्शनको चर्चा गरेका छन् । स्तुति कविताले त झन् धर्मदर्शनकै सगुण निर्गुण स्वरूपलाई देखाएको छ । बुद्धिविनोद वैचारिक चिन्तनशील उत्कृष्ट कविता हो । लक्ष्मीपूजाले जीवनलाई जुवाकै रूपमा प्रस्तुत गरेको छ । तरुणतपसी पूर्वीय आध्यात्मिक दर्शनको विचार भूमिमा सृजना भएको उच्च कृति हो । पाश्चात्य दर्शनको केही प्रभाव लिँदै पूर्वीय दर्शनको पुनर्व्याख्या गरेको यो कृति वैचारिक दृष्टिले समेत उच्च कोटीको चिन्तन प्रधान कृतिमा गनिन्छ । सगुणनिर्गुण भक्ति गाइएको मोतिराम पनि पूर्वीय दर्शनको पुनर्व्याख्यामा आधारित छ । गंगागौरी महाकाव्यांश समेत पूर्वीय आध्यात्मिक चेतनालाई प्रस्तुत गरिएको कृतिको रूपमा देखिन आउँछ भन्दै विविध कृतिको विश्लेषण सहित लेखनाथको चिन्तन प्रवृत्तिको चर्चा गरिएको छ र लेखनाथ पूर्वीय आध्यात्मिक चिन्तनका स्तम्भ हुन् भन्ने कुरा प्रस्ट पारिएको छ ।

“(ग) प्रकृति प्रयोग” यस शीर्षकमा समालोचक त्रिपाठीले लेखनाथको प्रकृति प्रयोगलाई राम्ररी विश्लेषण गरेका छन् । वर्षाविचारदेखि थालिएको प्रकृति चित्रण ऋतुविचार १९७३ मा आउँदा पुरै वार्षिक प्रकृति भ्रमणको चित्रण गरिएको ऋतुविचार तयार भएको छ । यो प्रकृतिलाई नै प्रमुख विषय बनाएर लेखिएको काव्य हो । यसले नेपालको प्रकृतिलाई राम्ररी चित्रण गरेको छ । यो ऋतु काव्यबाट लेखनाथ सशक्त प्रकृति चित्रक बनेका छन् । गोरखाशिक्षा अवधिका इन्द्रधनु, हिउँदका दिन, वसन्त, वसन्त कोकिल प्रभात, सन्ध्या जस्ता कविताहरूले प्रकृतिलाई अझ सशक्त रूपमा देखाएको छ । तरुणतपसीमा पनि रुखलाई आधार बनाएर प्रस्तुत गरिएको छ । यसैले यहाँ पनि प्रकृतिको स्वरूप देखिन्छ । गंगागौरी महाकाव्यांशमा राष्ट्रिय प्रकृति

[द्धद्ध] ऐ. पृ. ५०३

रोमान्टिक पाराले प्रस्तुत भएको छ । यी सबै प्रसंगलाई हेर्दा पूर्व कालमा लेखनाथले तनमयका रूपमा प्रकृतिको विस्तृत उपयोग गरेको र उत्तरार्धमा मनमयका रूपमा समेत प्रकृतिलाई प्रयोग गरेको पाइन्छ भन्दै प्रकृति प्रयोगका सन्दर्भमा लेखनाथ उत्कृष्ट कवि भएको कुरा देखाइएको छ ।

"(घ) शैली अनुष्ठान" प्रस्तुत शीर्षकमा लेखनाथको शैली प्रयोगको विश्लेषण गरिएको छ । विशेष रूपमा शब्द, वाक्य, अभिव्यंजना आदिमा परिष्कार गरिएको शैली लेखनाथको शैली हो भन्ने कुरा यहाँ देखाइएको छ । ऋतुविचार १९९१ मा नै लेखनाथको विशिष्ट परिष्कृत शैली देखिइ सकेको हुँदा हुँदै पनि तरुणतपसीमा आइपुग्दा उनको शैली विशेष प्रौढ बनिसकेको र यही शैली चरमोत्कर्षमा पुगको शैली हो भन्ने कुरा देखाइएको छ । संस्कृतका माधुर्य युक्त शब्द विशेष रूपमा उच्चारण सरल र सहज शब्दहरूको प्रयोग गरेर सरल सहजता भित्र विशिष्ट परिष्कार दिनु लेखनाथको शैलीगत विशेषता हो । सरल र सहज अभिव्यक्तिशैलीमा गम्भीर भाव प्रस्तुत गर्नु उनको विशेषता हो । यसरी विश्लेषण गर्दै शैलीगत गरिमा नै लेखनाथको विशेष उपलब्धि हो भन्ने विषयलाई यहाँ प्रस्तुत गरिएको छ ।

"(ङ) भावधारा" शीर्षकमा प्रस्तुत विषयमा लेखनाथका कविताहरू कुनकुन भावधारामा प्रस्तुत भएका छन् भन्ने विषयमा विवेचना गरिएको छ । सर्वप्रथम कविता क्षेत्रमा आएका लेखनाथले रीति धारा अथवा रतिभावसँग सम्बन्धित भएर कविता लेखेको पाइन्छ । ऋतुविचारसम्म आउँदा शैली सचेतता र सन्तुलनमा भाव तत्त्व प्रस्तुत गरेर कविता लेखिएको छ । यसता कवितालाई क्लासिकल कविता भनिन्छ । अथवा ऋतुविचारका कवि क्लासिकल कवि देखिएका छन् । तरुणतपसीसम्म आउँदा केही प्रगतिवादी स्वर देखिए पनि क्लासिकलपन नै प्रमुख रहेको छ । अन्तिम चरणमा गंगागौरी महाकाव्यांशमा आइपुग्दा आध्यात्मिक चेतका साथै रोमान्टिक भावधारा पनि क्लासिकलभित्र सलबलाउन थालेको देखिन्छ । यसैले "लेखनाथको भाव तत्त्व समय विशेषमा केही अंशमा नागर, रोमान्टिक, प्रगतिवादी भए पनि मूलतः क्लासिकलनै रहेको सिद्ध हुन्छ । यही क्लासिकल भावसत्ता लेखनाथको कवित्वको अर्को मूलभूत प्रवृत्ति हो ।" भनेर समालोचक त्रिपाठीले भाव सम्बन्धमा निष्कर्ष प्रस्तुत गरेको पाइन्छ ।

## चतुर्थ परिच्छेद

"लेखनाथको कवित्वको तुलनात्मक अध्ययन" यस परिच्छेदको शीर्षक रहेको छ । यसअन्तर्गत क र ख दुई खण्ड गरेर उक्त विषयलाई प्रस्तुत गरेको पाइन्छ ।

"क आधुनिक नेपाली साहित्यको प्रवर्तन र विकासमा लेखनाथको भूमिका" रहेको छ । यसअन्तर्गत पाँच उपशीर्षक राखिएका छन् ।

पहिलो उपशीर्षक (१) "नेपाली साहित्यको काल विभाजनसम्बन्धी प्रमुख मत र लेखनाथको ऐतिहासिक स्थान" रहेको छ । यसमा धेरैजसो विद्वान्हरूद्वारा मोतिराम पूर्व प्राथमिक काल स्विकारिएको र त्रि.वि.ले पनि यसैलाई स्विकारेको देखिन्छ भन्दै काल विभाजनसम्बन्धी चर्चा गर्ने बालकृष्ण पोखरेल, ताना शर्मा, मोहनराज शर्मा, रत्नध्वज जोशीका काल विभाजनसम्बन्धी मतमतान्तरको चर्चा गरिएको छ । रत्नध्वज जोशीबाहेक अरुले लेखनाथलाई सम, देवकोटा सरह लिएकोबाट लेखनाथको स्थान आधुनिक रहेको छ भन्ने कुरा यहाँ प्रस्ट गरिएको छ ।

उपशीर्षक (२) रत्नध्वज जोशीको मतबारे विभिन्न चर्चा परिचर्चा र विश्लेषण गर्दै उक्त मतको खण्डन गरिएको छ ।

उपशीर्षक (३) आधुनिक काल खण्ड अधुनातनता र आधुनिकताका सन्दर्भमा कवि लेखनाथ" रहेको छ । यसमा आधुनिक शब्दको विभिन्न व्याख्या गरी समग्र कालखण्डको नवीनतम खण्डलाई आधुनिक भनिन्छ भन्ने कुरा स्विकार्दै यस अर्थबाट हेर्ने हो भने पनि लेखनाथ आधुनिक नै ठहर्छन् भन्ने कुरा देखाइएको छ । लेखनाथ देवकोटा र समको सामीप्यबाट पनि लेखनाथको आधुनिकतामा समाविष्ट रहेको देखिएको छ भन्दै नाटकका क्षेत्रमा बालकृष्ण सम आधुनिकताका प्रवर्तक झैँ कविताका क्षेत्रमा लेखनाथ आधुनिकताका प्रवर्तक हुन भन्ने कुरा यहाँ देखाइएको छ । यस शीर्षकमा आधुनिक सन्दर्भको व्यापक विश्लेषण गरेर यही सन्दर्भमा लेखनाथ आधुनिक प्रथम कविको स्थानमा रहेको कुरा प्रस्ट पारेको छ ।

"ख" "लेखनाथ : पूर्ववर्ती नेपाली कविहरूका सापेक्षतामा" शीर्षक रहेको छ । यसअन्तर्गत सहायक शीर्षकमा "(१) भानुभक्त र लेखनाथ" रहेको छ । यसमा भानुभक्त र लेखनाथ धार्मिक प्रवृत्तिका कवि देखिएपनि अरू प्रवृत्ति मिल्दैन । लेखनाथ विभिन्न साहित्यिक सन्दर्भका आधारमा धेरै माथिका साहित्यिक व्यक्तित्व देखिन्छन् भन्ने कुरा देखाइएको छ ।

सहायक शीर्षक "(२) मोतीराम भट्ट र लेखनाथ" रहेको छ । यसमा लेखनाथको मोतीरामसँग शृंगारिक भावसँग केही मेल खाए पनि अरू साहित्यिक विशेषतासँग मेल नखाई लेखनाथ आधुनिकतातर्फ झुकेका हुँदा लेखनाथ भिन्न देखिन्छन् भन्ने कुरा देखाइएको छ ।

उपशीर्षक "(ग) लेखनाथ प्रारम्भिक सहवर्तीहरूका सापेक्षतामा" रहेको छ । यसअन्तर्गत "(१) प्राक्कथन" सहायक शीर्षक छ । यसमा प्रथम चरणका सहधर्मी सहवर्तीमा दधिराम, चक्रपाणिजस्ता व्यक्तिहरू रहेका छन् भन्ने कुरा देखाइएको छ ।

त्यस्तै सहायक शीर्षक "(२) दधिराम मरासिनी र लेखनाथ" "(३) शम्भुप्रसाद ढुंगेल र लेखनाथ", "(४) चक्रपाणि चालिसे र लेखनाथ", "(५) धरणीधर कोइराला र लेखनाथ", "(६) महानन्द सापकोटा र लेखनाथ", "(७) कुलचन्द्र गौतम र लेखनाथ", "(८) सोमनाथ सिग्देल र लेखनाथ", "(९) माधवप्रसाद देवकोटा र लेखनाथ शीर्षकका बुँदाहरूमा विस्तृत तुलनात्मक विवेचना गरिएको पाइन्छ र "(१०) निष्कर्ष शीर्षकमा उक्त कविहरूमध्ये लेखनाथ नयाँ युगका प्रवर्तक बन्न गएर क्लासिकल काव्य धारामा सर्वोच्च कविका रूपमा लेखनाथ पौड्याल स्थापित भएको कुरा प्रस्ट गरिएको छ ।

उपशीर्षक "(घ) लेखनाथ : उत्तरपूर्वी समवर्ती कविहरूका सापेक्ष्यतामा" भन्ने शीर्षक रहेको छ । यसमा सम, देवकोटा, माधव घिमिरेसँग लेखनाथको तुलना गरिएको छ । यसमा जम्मा पाँच उपशीर्षक रहेका छन् । पहिलो उपशीर्षक प्राक्कथनमा लेखनाथका उत्तरवर्ती र समवर्ती कविहरूमा सम, देवकोटा र माधव घिमिरे नै कविता क्षेत्रका निकट व्यक्ति हुन् भन्ने कुरा देखाइएको छ ।

दोस्रो शीर्षकमा “बालकृष्ण सम र लेखनाथ” रहेको छ । यहाँ लेखनाथको समसँग तुलना गर्दै सम र लेखनाथ दुवै परिष्कारवादी हुन, विचार प्रधान व्यक्ति हुन् तर सम वैज्ञानिक विचारका पक्षपाती देखिन्छन् भने लेखनाथ आध्यात्मिक विचारका पक्षपाती देखिन्छन् । विचार र शैली संरचनामा पनि सम पश्चिमी साहित्यबाट प्रभावित छन् भने लेखनाथ पूर्वी दर्शनबाट प्रभावित ऋषि झैं देखिन्छन् भनिएको छ ।

तेस्रो उपशीर्षक “लक्ष्मीप्रसाद देवकोटा र लेखनाथ” हो । यसमा देवकोटासँग लेखनाथको तुलना गर्दै देवकोटा रोमान्टिक हुन् भने लेखनाथ क्लासिकल हुन् । सुकुमार, प्रासाद गुणका लेखनाथ हुन भने देवकोटा संवेगात्मक माधुर्यका भन्दै देवकोटा र लेखनाथको तुलना गरेर मिल्ने र नमिल्ने प्रवृत्तिहरूको समेत चर्चा गरिएको पाइन्छ ।

चौथो शीर्षक “माधव घिमिरे र लेखनाथ” रहेको छ । पुरानो एउटै जिल्ला र एउटै अंचलका यी दुई कवि समान प्राकृतिक विशेषतालाई अनुभव गरेका र दुवै पूर्वीय दर्शन र संस्कार अनुभव गरेका र दुवै पूर्वीय दर्शन र संस्कार संस्कृतिमा हुर्केका कविका रूपमा देखिएका छन् । तथापि घिमिरेका गुरु लेखनाथ रहेका छन् र घिमिरेको शैली परिष्कृत भए पनि भावमा रोमान्टिक छ भने लेखनाथ शैली कौशलताका मूर्धन्य विचार प्रधान कवि हुन् तर अन्तिम चरणतिर लेखनाथ पनि घिमिरे झैं कोमल भावधारातर्फ उन्मुख रहेको पाइन्छ भन्ने कुरा पनि यसमा प्रस्तुत छ ।

पाँचौँ “उपसंहार” शीर्षक रहेको छ । यसमा लेखनाथ सम, देवकोटा र घिमिरेका नजिकका कवि भए पनि यी तिनै कविहरूका लागि आदर्श व्यक्तित्व, आदर्श कवि र आदर्श कविगुरुका रूपमा रहेका, पुरानो प्रवृत्तिलाई र नयाँ प्रवृत्तिलाई जोड्ने शृंखलाका कविका रूपमा रहेका लेखनाथ नेपाली साहित्यका कविहरूले सर्वश्रेष्ठ कविका रूपमा र आदर्श कविका रूपमा स्विकारिएका कविका रूपमा देखिएका छन् । वस्तुत यसैमा उनी महान छन् भन्ने कुरा देखाइएको छ ।

यसरी पाँच खण्डमा लेखनाथको कवि व्यक्तित्वका समग्र पक्षको तथा लेखनाथका सबै कृतिहरूको अध्ययन गरेर लेखनाथको पूर्ण मूल्याङ्कन गरिएको यो कृति महत्त्वपूर्ण समालोचनात्मक कृति हो । पाँच प्रकारका परिशिष्टहरू समेत प्रस्टता र प्रमाणका लागि प्रस्तुत गरिएको यो कृति अनुसन्धानात्मक प्रबन्ध ग्रन्थ हो । विधावारिधिका लागि तयार गरिएको शोध सामग्रीको प्रकाशन भएको हुँदा यो विशेष रूपमा अनुसन्धानमूलक कृतिका रूपमा रहेको छ । यो कृति समालोचक त्रिपाठीको सबैभन्दा ठूलो र महत्त्वपूर्ण समालोचनाको पुस्तकाकार कृति हो ।

## (ङ) साहित्यकार झपटबहादुर राणाको जीवनीको एक झलकको अध्ययन

साहित्यकार झपटबहादुर राणाको जीवनी प्रस्ट रूपमा झल्कने र उनको साहित्यिक योगदानको समेत मूल्याङ्कन हुने गरी विशेष सोधखोज र चित्रहरू समेत प्रस्तुत गरेर तयार पारिएको यो कृति अनुसन्धानपरक नेपाली समालोचना साहित्य हो । यसमा समालोचक त्रिपाठीले साहित्यिक समालोचनातर्फ भन्दा विशेष चर्चा जीवनी तर्फ नै गरेको देखिन्छ र जीवनीका प्रतिच्छायामा साहित्यिक योगदानको स्वरूप भने प्रस्ट देखाइएको छ ।

जीवनका विविध पहलुका सन्दर्भमा राणाले साहित्यबारे दिएको योगदानको भने सटिक चर्चा गर्दै सो योगदानलाई प्रकाशमा ल्याउने काम गरेको देखिन्छ ।

यो कृति यज्ञ पुस्तक संग्रहालय केशर कुञ्ज वानेश्वर काठमाडौँबाट २०४५ सालमा प्रकाशित भएको छ । यज्ञ पुस्तक संग्रहालय प्रकाशनमाला ७ भनेर झपटबहादुरको ९२ औं जन्म जयन्तीका अवसरमा यो कृति प्रकाशित भएको हो ।

प्रस्तुत कृति मेरो जीवनडायरी र विभिन्न लेखकहरूद्वारा लेखिएका लुकेका कवि र कविता साहित्यकार झपटबहादुर राणा झपटका १० कथाहरू, झपट निबन्धावली, स्मृतिका केही पृष्ठहरू, नेपालको आलोचनात्मक इतिहास, झपटबहादुर राणा छोटकरी परिचय, (नेपाली पूर्णाङ्क ५०) जस्ता स्रोत सामग्री र झपटबहादुर राणासँग सम्बन्धित विभिन्न व्यक्तिहरूको मौखिक जानकारी समेतलाई आधार बनाई लेखिएको यो कृति अनुसन्धानमूलक जीवनी साहित्य हो । जीवनी साहित्यमा चित्रहरूको प्रयोगले अझ यो कृति रोचक र प्रमाणिक पनि बन्न गएको छ । झपटसँग सम्बन्धित १६ चित्रहरू यसमा समावेश छन् । यसबाट पनि यो कृतिले आफ्नैपन दिन सकेको पाइन्छ ।

आफूले विभिन्न समयमा लेखेका साहित्यकार झपटबहादुर राणा एक चर्चा, सार्थक तथा रचनात्मक प्रयास, एक पुण्य अनुष्ठान, मन्तव्य : प्रशंसनीय सत्प्रयास शीर्षकका चार लेखहरू पनि यसमा समावेश गरेर झपटबहादुरका बारेमा पूर्ण जानकारी प्रस्तुत गर्ने प्रयास यस कृतिमा गरिएको देखिन्छ । सबै परिचयका साथसाथै साहित्यिक कृतिको मूल्याङ्कन शीर्षक दिएर गरिएको मूल्याङ्कन यस कृतिको महत्त्वपूर्ण अंश रहेको देखिन्छ । यस क्रममा राणाको १९७२ देखि २०२८ सम्मका विभिन्न साहित्यिक रचनाहरूको विश्लेषण गर्दै नेपाली साहित्यका सन्दर्भमा राणाका कृतिहरूको चर्चा गरिएको पाइन्छ । झपटका कथाहरूको चर्चा गर्दै मैनालीका कथाहरू भन्दा झपटका कथा केही प्राचीनमुखी उच्च वर्ग र सहरकेन्द्री देखिन्छन् भनिएको पनि पाइन्छ । कवितातर्फ हेर्दा भाव पक्ष र कलापक्ष दुवैमा अपेक्षाकृत परिमार्जन हुन बाँकी रहेको भन्दै

समग्रमा झपटको टिप्पणी गर्दा समालोचक त्रिपाठीले झपटको बारेमा निम्नानुसार चर्चा गरेको पाइन्छ ।

"झपटबहादुरको साहित्यिक यात्राका समष्टि प्राप्तिमा एक निबन्ध संग्रह, दुई वा तीन कथा संग्रह र दुई तीन कविता संग्रह उनको खास सृजना परिमाण हुन पुग्ने देखिन्छ । उनी सबभन्दा बढी निबन्धकारका रूपमा, त्यसपछि कथाकारका रूपमा अनि कविताका एक दीर्घसेवकका रूपमा नेपाली साहित्यका इतिहासमा बाँच्ने लक्षण देखिन्छ । यी तीनवटै विधाले उनलाई सम्झिराख्ने छन्, बिर्सिनु कदापि संभव हुने छैन ।"[द्धछ] भनेर कृति समाप्त गरेको देखिन्छ ।

---

[द्धछ] वासुदेव त्रिपाठी, 'साहित्यकार झपटबहादुर राणाको जीवनीको एक झलक', (काठमाडौं : यज्ञ पुस्तक संग्रहालय, २०४५), पृ. ५० ।

## ५.४ चौथो चरण २०४६ को परिचय

यो चरण २०४६ सालपछि सुरु हुन्छ । यस चरणमा समालोचक त्रिपाठी विद्यागत समालोचना तथा विद्यार्थीपरक समालोचनातर्फ उन्मुख रहेका देखिन्छन् । आफूले नै सिङ्गै कृति लेख्नुभन्दा सामूहिक रूपमा कृतिको संरचना गर्न लागेको देखिन्छ । सम्पादन कार्य तर्फ समालोचक त्रिपाठी बढी अग्रसर रहेको देखिन्छ । त्यस्तै फुटकर समालोचनात्मक लेख लेख्नेतर्फ र कृतिको समालोचनात्मक मन्तव्य लेख्ने एवम् आफ्ना पुराना कृतिको परिष्कार गर्नेतर्फ विशष सक्रिय रहेको पाइएको छ । यस चरणमा तेस्रो चरणमा झैँ सिङ्गा सिङ्गै पुस्तकाकार समालोचना कृतिहरूको रचना गरिएको देखिँदैन । त्यस्तै दोस्रो चरणका समालोचना झैँ यस चरणका फुटकर समालोचनाहरूको संग्रह पनि प्रकाशित भएको पाइँदैन । यस चरणका पुस्तकाकार कृतिहरूमा सामूहिक सम्पादन गरिएका नेपाली कविता भाग १, नेपाली कविता भाग ४ र नेपाली कविता भाग २ एवम् नेपाली साहित्य शृंखला भाग १ र भाग २ नै यस चरणका प्रमुख कृतिका रूपमा देखिएका र नेपाली कविताका भाग १, ४ र २ का कविताका विधागत सिद्धान्त र नेपाली कविताको विकासक्रम सम्बन्धी समालोचनात्मक प्रमुख लेखहरू समालोचक वासुदेव त्रिपाठीले लेखिएको भन्ने कुरा उक्त पुस्तकहरूमा उल्लेख भएको हुँदा उक्त रचनाहरूलाई आधार मानेर समालोचक वासुदेव त्रिपाठीका पुस्तकाकार कृतिका रूपमा उक्त पुस्तकहरू त्रिपाठीसँग सम्बन्धित लेखहरूको यहाँ अध्ययन गर्ने प्रयास गरिएको छ । यस चरणका सामलोचना तथा मन्तव्य लेखहरू निम्नानुसार रहेका छन् ।

**(क) त्रिपाठी र अन्यद्वारा सामूहिक सम्पादित कृतिहरू**

(१) नेपाली कविता भाग १ – २०४६

(२) नेपाली कविता भाग ४ – २०४६

(३) नेपाली कविता भाग २ – २०४८

(४) नेपाली साहित्य शृंखला भाग १ र २ – २०५२

**(ख) फुटकर समालोचनात्मक लेखहरू**

(१) कवि शिरोमणि लेखनाथ पौड्यालको कविता यात्रा एक चर्चा
लेखनाथका प्रमुख कविता कृतिको समालोचना - (२०४६) सम्पादन र मन्तव्य

(२) नेपाली कविताका भक्तिधारामा कवि गुणराज उपाध्यायको स्थान
"जिज्ञासा" महाकवि गुणराज विशेषांक (२०४६)

(३) फेरि एक अर्को सत्प्रयास
झपटबहादुर राणाको भञ्ज्यांगका सुसेली (२०४७)

(४) द्वन्द्वको अवसान : एक दृष्टि

राजेश्वर देवकोटको द्वन्द्वको अवसान (२०४८)

(५) लक्ष्मी तिमी अमर छौ कविताकलामा

गोरखापत्र (२०४८ कार्तिक)

(६) भवानी भिक्षुको समष्टि कथा यात्रा : एक रेखांकन

उन्नयन भवानी भिक्षु विशेषांक १० (२०४९)

(७) मौन पहाडमा बलेको कवि कृष्ण प्रधानको कलमभित्र आगो

कान्तिपुर, (२०५०)

(८) श्रद्धासुमनमा सञ्चित कविता

कान्तिपुर, कोसेली (२०५० श्रावण १६)

(९) भागीरथीको तेस्रो कथा वान्की विभ्रम

कान्तिपुर, २०५० भदौ १९

(१०) पर्शु प्रधानको क्रान्ति पुरुषलाई नियाल्दा

कान्तिपुर, २०५० असोज ३०

(११) विषकन्याको छातीको अमृत

कान्तिुपर, २०५० मंसिर ५

(१२) भारती खरेलको काव्य चेतना र श्रद्धासुमन

रत्नश्री वर्ष ३१ अंक ३ (२०५०)

(१३) पारिजात नेपाली साहित्यकी शिखर प्रतिभा

कान्तिपुर, २०५० माघ

(१४) यशस्वी कवि कुलचन्द्र कोइराला

कान्तिपुर, २०५० फागुन २१

(१५) कथाकार भागीरथी

कान्तिपुर, २०५०

(१६) महाकवि देवकोटाद्वारा आफ्नै कवितायात्रामा संकलित कविता क्रान्ति र उनका उत्तरार्द्ध कविता यात्राका थालनी एवम् दिशाबोध : एक चर्चा

गोधूलि, ४ वर्ष शरद (२०५१)

(१७) दिनेश अधिकारीको कविता यात्रा र नयाँ काव्य इन्द्रजात्रा
दिनेश अधिकारीको इन्द्रजात्रा (२०५१)

(१८) दीवानसिंह राईका स्मृतिमा
सहिद दीवानसिंह राई स्मृति पुष्प (२०५२)

(१९) एक अवलोकन भारती खरेलको सुजनाशीलताको र कविता वान्कीको
भारती खरेल, सृजना र समीक्षा (२०५२)

(२०) बालकृष्ण समको कविता यात्रा
काव्य समालोचना (२०५२)

(२१) रसवादी सैद्धान्तिक परम्परा
भरतको रसनित्पत्ति सिद्धान्तका सापेक्षतामा कुञ्जिनी (२०५२)

(२२) काशीबहादुर श्रेष्ठ : स्मरणीय साधक र सेवक
काशीबहादुर स्मृतिग्रन्थ (२०५३)

(२३) वी. पी. कोइराला साहित्यिक व्यक्तित्व र कृतित्वको संक्षिप्त चर्चा
हिमालय टाइम्स दैनिक पत्रिका (२०५३)

(२४) नेपाली साहित्यका सगरमाथा प्रतिभा – लक्ष्मीप्रसाद देवकोटा
हिमालय टाइम्स (२०५३ कार्तिक)

(२५) कथाकार विश्वेश्वरप्रसाद कोइराला र उनको शत्रु कथा एक चर्चा
विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा २०५३

(२६) शोध प्रक्रिया र त्यसमा सैद्धान्तिक ढाँचाको प्रयोग
वाङ्मय वर्ष १३ पूर्णाङ्क ७ २०५३/५४

(२७) साहित्यकार पूर्णप्रसाद ब्राह्मण : स्मृतिका केही धर्षाहरू
पूर्णप्रसाद ब्राह्मण स्मृतिग्रन्थ २०५४

(२८) कर्मठ भूपालमान सिंह कार्कीको रोमाञ्चकारी जीवन यात्रा
भूपालमान सिंह कार्कीको मेरो जीवन यात्रा २०५४

(२९) प्राध्यापक चूडानाथ भट्टरायका स्मृतिमा
डा. चूडानाथ भट्टराय स्मारिका २०५४

(३०) माधव घिमिरेज्यूको अभिनव उत्कृष्ट नीति नाट्य कृति : हिमालपारि हिमालवारि
ऐजन कृतिको भूमिका २०५४

(३१) बालकृष्ण सम, मेरो सम्झनाका अँजुलीमा

एउटा अमर प्राज्ञ बालकृष्ण सम २०५४

(३२) कविता – गीतको मधुपर्क

मधुपर्क पत्रिका वर्ष ३१ अङ्क ४ २०५५

(३३) कवि शिरोमणि लेखनाथ पौड्यालको कविता यात्रा : एक चर्चा

नेपाली समालोचना पुस्तक २०५५

(३४) राम्रा कविता कसरी रच्ने होला ? (एक परिचर्चा)

मोती कवि गोष्ठीमा प्रस्तुत कार्यपत्र, २०५६

(३५) माधव घिमिरेको काव्ययात्रा र राजेश्वरी खण्डकाव्य

नेपाली साहित्यका समालोचक र समालोचना २०५७

आदि थुप्रै फुटकर समालोचना रहेका देखिन्छन् ।

**(ग) मन्तव्य**

(१) मन्तव्य शुभेच्छा, 'विद्यापति स्मारिका' २०४६ ।

(२) मन्तव्य भूमिका, यज्ञविक्रम राणाको, 'यज्ञरचनावली' २०४६ ।

(३) मन्तव्य कृष्णप्रसाद पराजुली : उर्ध्वगामी आस्थाका हस्ताक्षर, श्री हरि फुयाँलको, कृष्णप्रसाद पराजुली, 'आस्थाका आयाम' २०४६ ।

(४) मन्तव्य भूमिका, फणीन्द्र नेपालको 'तरलतावादको अर्थ प्रकाश' २०४६ ।

(५) मन्तव्य भूमिका झपटबहादुर राणाको निबन्ध संग्रह 'गहन चिन्तन' २०४६ ।

(६) मन्तव्य भूमिका डा. ताराप्रसाद जोशीको 'आदर्श राघवको शास्त्रीय विवेचना' २०४६ ।

(७) मन्तव्य भूमिका आर. डी. चटौत्त 'प्रभास' को 'पोखरा' कविता संग्रह २०४६ ।

(८) मन्तव्य भूमिका रविलाल अधिकारीको 'अनुभव र आँखाहरू' २०४६ ।

(९) मन्तव्य भूमिका 'नेपाली कथा' भाग १, २०४६ ।

(१०) मन्तव्य भूमिका 'माध्यमिक नेपाली पद्य' २०४६ ।

(११) मन्तव्य भूमिका 'नेपाली एकाङ्की भाग ३' २०४६ ।

(१२) मन्तव्य भूमिका 'प्राचीन नेपाली गद्य' २०४६ ।

(१३) मन्तव्य भूमिका 'प्राचीन नेपाली पद्य' २०४६ ।

(१४) मन्तव्य कवि अविनाश श्रेष्ठ र 'अनुभूति यात्रामा' कविता संग्रह सन् १९९०

(१५) मन्तव्य भूमिका, कुमारबहादुर जोशीको देवकोटाका कविता यात्राको विश्लेषण र मूल्याङ्कन २०४७।

(१६) मन्तव्य भूमिका रत्नाकर देवकोटाको 'कर्णालीको खोजी र खबरी' २०४७।

(१७) मन्तव्य भूमिका श्याम दाहालको 'कथाका अनुक्रमहरू' २०४७।

(१८) मन्तव्य भूमिका उपेन्द्र पागलको 'यात्रा अल्मलिइ रहेछ' २०४७।

(१९) सम्मति मन्तव्य देवीप्रसाद सुवेदीको 'वर्णविन्यास एक चिनारी' २०४८ ।

(२०) मन्तव्य भूमिका कवि शम्भुकुमारको गीत संगालो 'अस्तित्व' २०४८ ।

(२१) मन्तव्य भूमिका राजेन्द्र सुवेदीको 'समवर्ती साहित्यकारहरू र झपटबहादुर राणा' २०४८ ।

(२२) मन्तव्य भूमिका शिवभक्त शर्माको 'विक्षिप्त उपन्यास' २०४८ ।

(२३) मन्तव्य लामो प्रतीक्षापछि पृथ्वीराज चौहानको प्रकाशन पृथ्वीराज चौहानको भूमिका २०४९ ।

(२४) मन्तव्य भूमिका पुरुषोत्तम भट्टराईको 'भावनाका लहरहरू' २०५० ।

(२५) मन्तव्य भूमिका सुधा त्रिपाठीको 'बादल, धर्ती र आस्थाहरू' २०५० ।

(२६) मन्तव्य भूमिका रामेश्वर राउतको उडेको पंक्षी झरेको प्वाँख २०५० ।

(२७) मन्तव्य भूमिका भीमरानाको समयको आवाज २०५१ ।

(२८) मन्तव्य भूमिका रामनारायण जोशीको 'मलाई विभाजित नगर' २०५१ ।

(२९) मन्तव्य भूमिका 'हार्दिक शुभेच्छा' देवेन्द्र ढकालको कालचक्रको दायरा २०५१ ।

(३०) मन्तव्य भूमिका कृष्णहरि बरालको 'एक फूल अनेक पत्र' २०५१ ।

(३१) मन्तव्य भूमिका जयप्रसाद ढकालको "साहित्य र संस्कृति" २०५२ ।

(३२) मन्तव्य शुभेच्छा अजय रेग्मीको डिल्लीराम मिश्रको कृतित्व मूल्याङ्कन २०५२।

(३३) मन्तव्य भूमिका जंगम चौहानको युरेशियाका कविता २०५२।

(३४) मन्तव्य भूमिका पूर्णप्रकाश नेपालको नेपाली भाषाको ऐतिहासिक मीमांशा २०५३।

(३५) मन्तव्य प्रकाशकको तर्फबाट विश्वंभर चंचलको "स्यातै तुली" (बालगीत) २०५३।

(३६) मन्तव्य भूमिका चूडामणि खनालको 'अन्तर्राष्ट्रिय पुड्के सम्मेलन' २०५३।

(३७) मन्तव्य भूमिका लक्ष्मण पाण्डे 'छवि'को 'प्रेरणा' कविता संग्रह २०५३।

(३८) मन्तव्य भूमिका कुलचन्द्र कोइराला : दृष्टिकोण एवम् विश्लेषण २०५४।

(३९) मन्तव्य भूमिका हिरण्यलाल श्रेष्ठको 'विसौनी' कविता संग्रह २०५४।

(४०) मन्तव्य भूमिका घनश्याम गिरिको कविता संग्रह 'यात्राको सुसेली' २०५४।

(४१) मन्तव्य भूमिका कवयित्री शुभ श्रेष्ठको 'बन्द मनको पिँजडाभित्र' २०५४।

(४२) मन्तव्य भूमिका उत्तम कृष्ण मजगैयाको 'धरतीपुत्र' खण्डकाव्य २०५४।

(४३) मन्तव्य भूमिका हिरण्य भोजपुरेको 'म गीतभित्र' २०५४।

(४४) मन्तव्य भूमिका मोमिला जोशीको कविता संग्रह 'जूनकीरीहरू ओर्लिरहेछन्' २०५५।

(४५) मन्तव्य भूमिका जीवननाथ धमलाको 'उर्ध्वमुखी महायात्रा' २०५५।

(४६) मन्तव्य भूमिका विमल कोइरालाको 'उत्सव मनाउने तयारीमा' २०५५।

(४७) मन्तव्य भूमिका सावित्री जङ्गम थापाको 'जीवनधारा' काव्य संग्रह २०५५।

(४८) मन्तव्य जनरल कार्कीको महान् सार्थक जीवन – भूपालमानसिंह कार्की व्यक्तित्व र कृतित्व २०५६।

(४९) मन्तव्य भूमिका पण्डित नारायणप्रसाद उपाध्याय अर्यालको 'त्रिजन्मा' महाकाव्य २०५६।

(५०) मन्तव्य भूमिका रामेश्वर भट्टराईको 'आत्मदर्शन' २०५६।

(५१) मन्तव्य भूमिका कवि इमानसिंहको कविता संग्रह 'बादलका केही टुक्रा' २०५७।

(५२) मन्तव्य भूमिका कवि राधेश्याम भट्टराईको कविता संग्रह 'मेरो देश : मेरै सपना' २०५७ ।

(५३) मन्तव्य भूमिका मुक्तिनाथ शर्मा न्यौपानेको 'काठमाडौँदेखि लन्डनसम्म' २०५७ ।

(५४) मन्तव्य भूमिका हंसमानसिंहको 'बादलका केही टुक्रा' २०५७ ।

(५५) मन्तव्य भूमिका मञ्जू काँचुलीको 'पलकभित्र पलकबाहिर' २०५७ ।

(५६) मन्तव्य भूपालमान प्रज्ञा पुरस्कारमा प्रस्तुत २०५८ ।

(५७) मन्तव्य भूमिका माधवी अधिकारीको 'हाकिम साहेब' २०५८ ।

(५८) एकता बाल साहित्य शृंखलाका सम्पादकतर्फबाट सम्पादकीय भूमिका दुर्गालाल श्रेष्ठको सन्तको छाता (बाल कविता) सन्तया कुसा र कागजको डुङ्गा २०५८ ।

(५९) मन्तव्य भूमिका 'भानुभक्त आचार्य जीवनी र कविताको सम्परीक्षण' २०५८ ।

(६०) मन्तव्य भूमिका कवि विष्णुप्रसाद धितालको 'अस्ताउन लागेका चन्द्रमासँग कविता संग्रह' २०५८ ।

आदि थुप्रै रहेका छन् ।

## ५.४.१ चौथो चरणका पुस्तकाकार प्रमुख कृतिहरूको अध्ययन

### (क) नेपाली कविता भाग १ को अध्ययन

यो डा. वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी भएर सम्पादन गरिएको कृति हो । यो कृति वासुदेव त्रिपाठीको चौथो चरणको सुरुवातको संकेत गर्ने प्रथम कृति हो । यसको विधागत सिद्धान्त पक्ष र नेपाली कविताको इतिहास पक्ष समालोचक डा. वासुदेव त्रिपाठीले लेखेका हुन् । यो कुरा भूमिकामा नै संकेत गरेको छ । यसैले उक्त लेखहरूको अध्ययन यहाँ प्रस्तुत गरिएको छ ।

त्रिपाठीले लेखको नेपाली कविता भाग १ को "कविताको विधागत चिनारी" शीर्षक अन्तर्गत "कविता:साहित्यको एक विधागत भेदका रूपमा" उपशीर्षक दिएर पूर्वीय परम्पराको कविता सम्बन्धी चर्चा गर्दै "रसात्मक वा ध्वन्यात्मक अर्थको प्रतिपादन गर्ने रीतियुक्त वा सौन्दर्यपरक रम्य कथन (उक्ति) नै साहित्य हो भन्न सकिन्छ ।"[९८]

---

[९८] वासुदेव त्रिपाठी र अन्य, 'नेपाली कविता भाग १', (काठमाडौँ : साझा प्रकाशन, २०४६), पृ.१-२ ।

भनेर पूर्वीय सन्दर्भमा कवितालाई चिनाइएको छ भने पश्चिमी सन्दर्भमा भाषिक कला, जीवनको अनुकरण वा काल्पनिक पुनसृजन, कल्पनात्मक रागात्मक सम्प्रेषण र भाषाको सौन्दर्यपरक रागात्मक वा कलात्मक उपयोगका रूपमा पश्चिमी परम्परामा कविताको स्वरूप रहेको कुरा उल्लेख गरिएको छ । समग्रमा "मानव मनका अनुभूतिहरूको लयात्मक भाषिक कलात्मक कथनका रूपमा पनि कवितालाई चिनाउन सकिन्छ ।"[द्ध०] भनेर कविताको स्वरूपलाई चिनाएको पाइन्छ ।

शीर्षक "२ साहित्यको विधागत वर्गीकरणका सन्दर्भमा कविताको स्थिति" रहेको छ । यस शीर्षकमा कविता श्रव्य र दृष्य काव्य मध्ये श्रव्य काव्यमा पर्ने विधा हो र यस भित्र मुक्तक, फुटकर, खण्डकाव्य र महाकाव्य आयामका अभिव्यक्तिहरू रहने कुरा र यिनमा लयात्मकताले प्रमुख भूमिका खेल्ने कुराको चर्चा छ ।

शीर्षक ३ मा "कविताका विभिन्न उपविधाहरू" शीर्षकमा कविताको लघुतम रूप हुनाका लागि न्यूनतम २ हरपे ढाँचाको आवश्यक्ता पर्दछ । मुक्तक २-३ र ४ हरपको हुन्छ, फुटकर कविता २ भन्दा बढी श्लोकहरू रहेको वस्तुपरक वर्णन वा आत्मपरक अभिव्यक्ति रहेको हुन्छ । खण्डकाव्य आख्यान रहेको जीवनको एक अंशको वर्णन गरिएको मझौला आयामको अभिव्यक्ति र महाकाव्य विस्तृत रूपको लामो आयामको सर्गबन्ध वृहत्तमकायको आख्यानात्मक अभिव्यक्ति हो भन्दै लय, भाषा शैली, कथानक पात्र विधान, परिवेश, भाव विधान, सर्ग बन्ध, यसका संरचनागत पक्ष हुन भनिएको छ ।

"शीर्षक ४ मा कविताका तत्त्वहरू शीर्षक दिएर कथ्य, कथन पद्धति, आयाम, भाषाशैली र संरचना शिल्प प्रविधि यसका तत्त्व हुन भनेर यिनीहरूको विवेचना गरिएको छ ।

दोश्रो शीर्षक "नेपाली कविताका विकास प्रक्रियाको संक्षिप्त रूपरेखा" रहेको छ । यस शीर्षकमा १. प्राक्कथन : विवेच्य समयावधि शीर्षक दिएर नेपाली भाषा भारोपेली परिवारको भाषा हो । ११ औँ शताब्दीदेखि यो लेख्य रूपमा आयो र १५ औँ शताब्दीदेखि वाङ्मय ग्रन्थमा प्रयोग हुँदै १९ औँ शताब्दीदेखि साहित्यिक रूपमा प्रयोग भएको हो भनिएको पाइन्छ ।

अर्को यसको "२ मा नेपाली कविताको विकास प्रक्रियाको काल विभाजन" भनेर यस अन्तर्गत विभिन्न चर्चा सहित १९४० सम्म प्राथमिककाल, १९७४ सम्म माध्यमिककाल र १९७५ यता आधुनिककाल भन्दै परिष्कारवादी, स्वच्छन्दतावादी, प्रयोगवादी धारा बीर र भक्तिधाराको चर्चा गरिएको छ । यस्तै शृंगारिक परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी प्रयोगवादी र समसामयिक धाराका बारेमा यहाँ विस्तृत चर्चा गरिएको पाइन्छ ।

यसरी विधा साहित्यतर्फ समालोचक त्रिपाठी विशेष संलग्न हुदै प्रमाण पत्र तहका लागि पाठ्य सामग्री परक समालोचना यसमा प्रस्तुत गर्ने तर्फ लागि परेको देखिन्छ । यसमा त्रिपाठीका निजी लेखको मात्र अध्ययन गर्ने जमर्को गरिएको कुरा पनि अनुरोध छ ।

---

[द्ध०] ऐ. पृ. २

(ख) **नेपाली कविता भाग ४ को अध्ययन**

प्रस्तुत कृति २०४६ सालमा स्नातकोत्तर तहका विद्यार्थीका लागि पाठ्य सामग्रीका रूपमा सम्पादन गरिएको फुटकर कविता साहित्यको संकलन हो । यो कृति डाक्टर वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदीद्वारा सम्पादन गरिएको हो । यसमा लेखनाथ पौड्यालदेखि लिएर बैरागी काइँला सम्मका ५ जना प्रतिष्ठित कविहरूका कविताहरूको संकलन गरिएको छ । लेखनाथका ५ वटा, समका तीनवटा, लक्ष्मीप्रसाद देवकोटाका ५ वटा, माधवप्रसाद घिमिरेका पाँचवटा, मोहन कोइरालाका दुई वटा र बैरागी काइँलाका तीन वटा कविता यहाँ संकलन गरिएका छन् । यी कविताहरू कविहरूका चरण र प्रवृत्तिका लागि प्रतिनिधि बन्ने कविताहरू यहाँ छानिएका छन् ।

प्रस्तुत सन्दर्भमा कविका बारेमा र कविताका बारेमा यहाँ व्याख्या–विश्लेषण र मूल्याङ्कन समेत गरिएको छ । यसले पाठकहरूका लागि मूलभूत कवि प्रवृत्ति एवम् भाव ग्रहणका सन्दर्भमा ज्यादै सहयोग पुऱ्याएको छ । त्यस्तै प्रस्तुत कृतिको खण्ड एक र खण्ड दुई क्रमशः कविताको विधागत चिनारी र नेपाली कविताको विकासक्रमको रूपरेखा शीर्षकमा प्रस्तुत छ । जम्मा १३८ पृष्ठ लामो यो विवेचन सम्पादकहरूमध्ये डा. त्रिपाठीले लेखेको कुरा यसै कृतिको सम्पादकका तर्फबाट शीर्षकको "यस संग्रहको विधागत परिचय र विकासक्रम तथा सम्बन्धित लेखक र तिनका कृतिसम्बन्धी सम्पादकीय टिप्पणीपरक समालोचनाको लेखन डा. वासुदेव त्रिपाठीद्वारा गरिएको हो ।" भनिएबाट यो बौद्धिक चिन्तनपरक विश्लेषणसँग सम्बन्धित लेखन डा. वासुदेव त्रिपाठीकै भएको हुँदा समालोचनाका सन्दर्भमा उक्त कृतिको पनि त्रिपाठीका कृतिमा चर्चा हुनु जरुरी देखिन्छ । यसैले यहाँ यी कृतिहरूको त्रिपाठीकै समालोचना यात्राका सन्दर्भमा प्रस्तुत गरिएको छ ।

'कविता : विधागत चिनारी' प्रस्तुत लेख यसको प्रमुख रचना हो । प्रस्तुत शीर्षकमा 'प्राक्कथन : कविताको विधागत यात्रा' उपशीर्षक राखेर कविताको बारेमा पूर्वीय, पश्चिमीको मान्यता र सिद्धान्तको विस्तृत चर्चा गरिएको छ । साहित्यको पुराना विधाका रूपमा रहेको कविताका बारेमा लयात्मकता, आयाम, विस्तार, धारा परिवर्तन जस्ता कुराहरूलाई महत्त्वपूर्ण ठानी यिनका बारेमा क्रमश चर्चा गरिएको छ ।

'१ मा, लयात्मक अन्तर विकाश' शीर्षक दिएर सामवेददेखिको लयात्मक अभिव्यक्तिलाई प्रस्तुत गर्दै लयका उतारचढावका क्रममा छन्दप्रयोग र गद्य शैली समेतको चर्चा गरेर निचोडका रूपमा गद्य पद्य जस्तै कविता भए पनि कविताभित्र कुनै न कुनै लय रहेकै हुन्छ । यसै लयात्मकताले कविताको स्वरूपलाई चिनाएको हुन्छ भन्ने कुरा देखाइएको छ ।

'२ मा विधागत आयाम विस्तार' शीर्षकमा कविताको ढाँचाको बारेमा चर्चा गर्दै द्विपदी, त्रिपदी, चतुष्पदी जस्ता श्लोकहरूको चर्चा गरेर पूर्वीय परम्पराका मुक्तक, युग्मक, विशेषक, कलापक र कुलक जस्ता ५ पूर्व श्रेणी र पर्याबन्ध परिकथा, खण्डकथा, सकलकथा र सर्गबन्ध जस्ता ५ उत्तर श्रेणीको विस्तृत चर्चा गरेर पश्चात्य साहित्यमा भएका कविता आयामको समेत अरिस्टोटलदेखिको चर्चा गर्दै कविताका आयामका बारेमा प्रस्ट पार्ने काम प्रस्तुत गरिएको छ । मुक्तक, फुटकर र आख्यानीकृत प्रबन्ध काव्यका रूपमा कविताका आयामहरू रहने गरेको कुरा समेत यसमा विश्लेषण साथ उल्लेख गरिएको छ ।

‘३ मा धारा परिवर्तन’ शीर्षक दिएर विगतका तीन हजार वर्षमा कविताका इतिहासमा पनि धेरै नयाँ-नयाँ स्वरूपहरू, अभियान र आन्दोलनबाट सृजना हुँदैं आएका छन् र यस्ता अभियानहरूले विभिन्न धाराहरूको निर्माण गरेका छन् । यस्ता कविता धाराहरूमा परिष्कारवादी, नवपरिष्कारवादी, रसवादी, ध्वनिवादी, अलंकारवादी, रीतिवादी, प्रयोगवादी जस्ता धाराहरू पूर्वीय तथा पश्चिमी साहित्यको इतिहासमा स्थापित भएका पाइन्छन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

‘२ मा कविताको परिभाषाको खोजी’ मूल उपशीर्षकअन्तर्गत आजसम्मको इतिहासलाई र सिद्धान्त एवम् व्यवहारलाई हेरेर कविताको नयाँ परिभाषा खोज्नु जरुरी छ भन्ने कुरा देखाइएको छ । यसतर्फ लेखकको विस्तृत चासो समेत देखिएको पाइन्छ ।

‘३ मा कविताका घटक (संगठक) तत्त्वहरूमा पहिचान’ शीर्षक दिएर कविताको मूल रूप विषयको भावात्मक, रागात्मक, परिणति, (रस) कथनपद्धति (रीति, शैली) र लय एवम् कलात्मक विधान प्रमुख तत्त्व रहेको र यी तत्त्वहरूलाई लिएर शीर्षक, संरचना, लयविधान, भाषाशैली कथनपद्धति, केन्द्रीय कथ्य र त्यसका सन्दर्भ सामग्री तथा भावविधान, बिम्बविधान तथा अन्य अलंकरणका प्रविधि व्यञ्जना, विधागत रूप तथा आयाम यी ९ तत्त्वलाई कविताका तत्त्वका रूपमा स्विकारिनु आवश्यक रहेको कुरा यहाँ विस्तृत छलफल सहित प्रस्तुत गरिएको पाइन्छ ।

‘४ मा गीत र कविताको साँध’ शीर्षकमा गीत, संगीत सञ्चार र कण्ठ संगीतमा विशेष विचार संवेगात्मक हुने हो भने कविता भावात्मक अभिव्यक्ति हो । यी दुईमा अन्तर झिनो मात्र रहेको हुन्छ  भन्ने कुरा देखाइएको छ ।

‘५ मा कविताको लघुतम रूपको सेरोफेरो’ शीर्षकमा पूर्वी र पश्चिमी लघुरूपको चर्चा गर्दै वेद अवेस्ताजस्ता कृतिमा रहेको स्वरूपहरूको चर्चा गरेर संस्कृत साहित्यमा वर्णन गरिएको मुक्तक हो विस्तृत चर्चा गरिएको स्वयंमापूर्ण भाव व्यक्त हुने एक श्लोक अभिव्यक्ति जो लयात्मक व्यवस्थासँग सम्बन्धित छ । त्यस्ता स्वरूप नै लघुतम कविताको रूप हो । यो पद्यकविता र गद्यकविता जुनसुकै पनि हुन सक्छ । पद्यमा २ देखि ४ चरण सम्मको र गद्यमा ४-५ हरप सम्म हुन सक्ने स्वरूप नै लघुतम कविताको स्वरूप हो यसलाई मुक्तक कविता भन्ने गरिएको छ ।

वेददेखि अगाडि बढ्दै आएको नेपाली कविता परम्परा स्तुति, सूक्ति गजल, दुईपदी चतुष्पदी पाँच सात हरपसम्मका गद्य कविता नेपाली मुक्तक कविता हुन । लेखनाथको सत्य सन्देश, भूपीका मुक्तकहरू, हेमहमाल र यादव खरेलका मुक्तकहरू लघुतम कविताका रूप हुन् । यसैले दुईदेखि चार हरपे पद्य र ५ देखि सात हरपे गद्य जो आफैमा पूर्ण भाव बोकेका हुन्छन् । तिनै कविताका लघुतम रूप हुन् भन्ने कुरा यसमा विस्तृत विवरण सहित प्रस्तुत गरिएको छ ।

‘६ मा कविताको लघुरूप’ यसमा आज पत्रपत्रिकामा लोकप्रिय रूपमा रहेको र कवि गोष्ठीमा पढिने गरेका छोटा कविताका रूप नै लघुरूप हुन् । यिनलाई फुटकर कविता भन्ने गरिन्छ । पूर्व र पश्चिमका प्राचीनकालदेखि नै यस्ता कविताको लघु रूपहरू देवी देवताहरूका स्तुति, राजा महाराजाका प्रसंशा सौन्दर्य वस्तु र प्रकृतिको चित्रण आधार भएर यस प्रकारका भावनाहरू व्यक्त गरिएका छन् । यी भावनाहरूमा दुई श्लोकदेखि लिएर ८/९ श्लोक सम्मका

स्वरूप संरचना देखिएका छन् । केही लोक गीतहरू पनि यस्ता लघु कविताका एकाइमा पर्छन् । सनेट ओड, लिरिक पनि लघु कविता कै नमुना हुन् । सामान्यरूपमा लघु कविता एक मिनेटदेखि १५ मिनेट सम्मको पठन अवधिको हुन सक्ने कुरा समेत यहाँ उल्लेख छ ।

नेपालीमा ७८ श्लोक सम्मका र ३१४ पंक्तिसम्मका फुटकर कविताहरू देखिएका छन् । ५० देखि ९९ श्लोकका फुटकर कविताको आयाम दुई श्लोकदेखि लिएर ९९ सम्मको उपयुक्त रहेको देखिन आउँछ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

'७ मा कविताको मध्यम रूप' यसलाई महाकाव्य र फुटकर कविताका बीचको रूप मानिएको छ । यस रूपका बारेमा पूर्वी र पश्चिमी इतिहास र सिद्धान्त समेतलाई विश्लेषण गर्दै हाम्रो परम्परामा यो खण्डकाव्यका नामले र लामा कविताका नामले समेत चिनिएको छ । यसलाई प्रबन्ध काव्यको सानो रूपका सन्दर्भमा हेरिएको छ भन्दै नेपाली परम्परामा धार्मिक पुस्तकहरू कृष्णचरित्र, देवी भागवत, महाभारतका केही पर्वहरू, पिकदूत, सत्यकलि सम्वाद, चन्द्रचरित, वनकुसुम, पृथ्वीराज चौहान, तरुणतपसी जस्ता साना ठूला कृतिहरू जो जो फुटकरको नजिक र एवम् महाकाव्यका नजिक रहेका कृतिहरू पाइन्छन् भन्ने कुरा प्रस्तुत गरिएको छ ।

'८ मा कविताको बृहत् तथा बृहतम रूप' शीर्षकमा महाकाव्यको स्वरूपको बारेमा पूर्व र पाश्चात्य साहित्यमा प्रयोग भएको सैद्धान्तिक र व्यावहारिक प्रयोगका रूपलाई विस्तृत चर्चा गर्दै महाकाव्य कविताको बृहत्तर र बृहतम रूप हो । यी यस्ता रूपहरू विकसित महाकाव्य र कलात्मक महाकाव्यका रूपमा रहेका छन् भन्ने कुरा विस्तृत विवेचना सहित प्रस्तुत गरिएको छ । ९६ पृष्ठ लामो यस लेखमा कविताको सैद्धान्तिक पक्षको विस्तृत विवेचना भएको पहिलो समालोचनात्मक लेखका रूपमा प्रस्तुत लेख रहेको देखिन्छ ।

अर्को शीर्षकमा 'नेपाली कविताका विकास क्रमको रूपरेखा' रहेको छ । प्रस्तुत शीर्षकको एक पृष्ठभूमि र काल विभाजन उपशीर्षकमा नेपाली भाषाको थालनी, वाङमय रूप र साहित्यिक रूपको चर्चा गर्दै इतिहासलाई प्रमुख आधार मानेर प्राथमिक काल १९४०, पूर्व माध्यामिककाल १९७४ र त्यसपछि आधुनिक काल भनि चर्चा गरिएको पाइन्छ ।

२ नेपाली कविताको पृष्ठभूमि काल मुख्य प्राप्ति र प्रवृत्ति शीर्षकमा लोकगीत उखान गाँउखाने कथा जस्ता अभिव्यक्तिहरू नेपाली कविताका पृष्ठभूमिहरू हुन् । यिनैभित्र रहेको लयात्मकता सुन्दर आलंकारिक अभिव्यक्ति र भनाइमा चोटिलो एवम् भावपरकता उक्त लोकसाहित्य र उखान टुक्काका नेपाली कविताका लागि प्राप्ति हुन् भन्ने कुरा देखाइएको छ ।

'३ प्राथमिककालीन नेपाली कविता र यसका प्रमुख धाराको संक्षिप्त चिनारी' शीर्षकमा १८२६ देखि १९४० सम्म प्राथमिक काल हो । यसमा नेपालको एकीकरण र सुगौली सन्धिका दुई घटनाहरू रहेका छन् । सुगौली सन्धिपूर्व वीर धाराका रूपमा नेपाली साहित्य विकसित भएको छ भने सुगौली सन्धिपछि भक्तिधारा शुरु हुन्छ । यसअन्तर्गत कृष्ण भक्ति, राम भक्ति र निर्गुण भक्ति धाराको विकास भएको पाइन्छ । यस कालका सर्वोत्कृष्ट कवि भानुभक्त आचार्य हुन् भनिएको छ ।

'मध्यकालीन नेपाली कविको संक्षिप्त चिनारी' शीर्षकमा १९४१ देखि १९७४ सम्मको समय माध्यमिक काल हो । यसमा नेतृत्व मोतीरामले गरेका छन् । यस कालको प्रभुत्व धारा शृङ्गार हो र अल्प धारामा भक्ति धारा प्रमुख भैँ रहेको छ भन्ने कुरा देखाइएको छ ।

'५ आधुनिक नेपाली कविता र यसका प्रमुख धाराहरूको संक्षिप्त चिनारी' शीर्षक अन्तर्गत १ नेपाली कविताको आधुनिककाल १९७५ देखि हो यस वर्तमान कालमा कविता यात्रामा परिष्कारवादी, स्वच्छन्दतावादी प्रगतिवादी धाराहरूको २०१७ साल पूर्व विकास भएको देखिन्छ भने २०१७ साल पछि प्रयोगवादी धारा र समसामयिक धारा विकसित भएका छन् भनिएको छ ।

'२ परिष्कारवादी धाराको संक्षिप्त चिनारी' मा माध्यमिककाललाई तोडेर लेखनाथ पौड्यालले परिष्कारवादी धारालाई प्रवर्तन गर्दै नेपाली कवितालाई आधुनिक रूप दिएका हुन् । भाषा शिल्प, अनुशासन र भावमा समेत परिष्कार देखिएको यो धारा सम, धरणीधर, पारसमणि जस्ता व्यक्तिहरूको प्रतिभाहरूको सक्रियतामा अगाडि बढेको देखिन्छ भन्ने कुरा देखाइएको छ ।

'३ स्वछन्दतावादी प्रगतिवादी धाराको संक्षिप्त चिनारी' शीर्षकमा यो धारा १९९१ मा शुरु भएर २००४ देखि प्रगतिवादी धारा समेत मिसिदै २०१६ सालमा आएर सकिएको देखिन्छ यसमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको नेतृत्व देखिन्छ । र सिद्धिचरण, गोपालप्रसाद रिमाल, केदारमान व्यथित, भूपी शेरचन, विजय मल्ल जस्ता कविहरू र हृदय चन्द्रसिंह प्रधान, गोकुल जोशी, देवीप्रसाद किसान जस्ता प्रतिभाहरू रहेका छन् । स्वच्छन्दतावादी धारा नेपाली साहित्यको बढी उर्वर धाराका रूपमा देखिएको छ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको पाइन्छ ।

'४ प्रयोगवादी धारा र त्यसका समानान्तर धाराको संक्षिप्त चिनारी' यसअन्तर्गत प्रयोगवादी धारा शीर्षकमा मोहन कोइरालाले घाइते युग कविताको माध्यमबाट यो प्रयोगवादी धारा सुरु गरेका हुन् । प्रतीकवादी, अतियथार्थवादी, विसंगतिवादी चेतनाले यस अवधिमा विशेष भूमिका खेलेको छ । यसको अवधि २०३० सम्म हो । यसको नेतृत्व मोहन कोइरालाले गरेका छन् । द्वारिका श्रेष्ठ, मदन रेग्मी, पोषण पाण्डे, कुमार नेपाल जस्ता प्रतिभाहरू यसअर्न्तगतका प्रतिभा हुन भनिएको पाइन्छ ।

प्रयोगवादी धाराका समयावधिका समानान्तर धाराहरू शीर्षकमा प्रगतिवादी धारा परिष्कार, स्वच्छन्दतावादी धारा हास्यव्यंग्य धारा जस्ता स्वरूपहरू समेत देखिएका छन् भन्ने कुरा यसमा उल्लेख गरिएको छ ।

'५ समसामयिक धाराको संक्षिप्त चिनारी' यस धाराको शुरुवात (२०३०) पछि भएको छ । यसमा प्रयोगवादी बुझ्न नसकिने कविता परम्परालाई तोड्दै शैलेन्द्र साकार, रमेश श्रेष्ठ, भुवन ढुंगाना, शंकर सुब्वा जस्ता प्रतिभाहरूले नयाँ धारालाई सफलताका साथ अगाडि बढाएका छन् । यसमा २०३६ साल र ०४६ सालको जनआन्दोलनले समसामायिक कविता परम्परामा ठूलो उर्जा दिएको छ । दिनेश अधिकारी, कृष्ण भूषण वल, फणीन्द्र नेपाल जस्ता यस समयका कवि प्रतिभाहरू सशक्त कविका रूपमा देखिएका छन् भनिएको पाइन्छ ।

(ग) **नेपाली कविता भाग २ को अध्ययन**

नेपाली कविता भाग २ : वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदीको संयुक्त सम्पादनमा तयार भई २०४८ सालमा साझा प्रकाशनबाट प्रकाशित कृति हो । यस संग्रहमा संकलित कविता सिद्धान्त र नेपाली कविताको इतिहास खण्ड २ (दुई) वासुदेव त्रिपाठीद्वारा लेखिएको कुरा प्रस्तुत पुस्तकको "सम्पादक/समालोचकका तर्फबाट" शीर्षकमा "यस संग्रहको कविता विधासम्बन्धी सैद्धान्तिक परिचय र नेपाली कविताको विकासक्रमको विवेचनासँग सम्बन्धित समालोचना अंशको आधारभूत लेखक डा. वासुदेव त्रिपाठीद्वारा गरिएको हो ।"[द्धड] भनिएबाट ६१ पृष्ठ लामो कविता विधाको सैद्धान्तिक चिनारी शीर्षक लेख डा. त्रिपाठीले प्रस्तुत गरेको देखिन आउँछ । यसमा पद्य काव्यको चर्चा गर्दै कविताको विधागत स्वरूपको चिनारी गराइएको छ । कवितालाई पूर्वीय र पश्चिमी साहित्य परम्परामा हेर्ने र विश्लेषण गर्ने गरिएको छ । कविताका मुख्य विधा र उपविधा बारे विस्तृत विश्लेषण गरिएको छ । यस क्रममा लघुतम रूप, लघुरूप, मध्यमरूप र वृहत/बृहत्तर रूपको विशेष विश्लेषण गरिएको छ ।

"नेपाली कविताको विकासक्रमको दिग्दर्शन" शीर्षकको ५५ पृष्ठ लामो समालोचनात्मक लेखमा नेपाली कविता यात्राको चर्चा गरिएको छ । काल विभाजन प्रस्तुत गर्दै यसमा नेपाली साहित्यमा देखापरेका धारा र उपधाराहरूको चर्चा छ । प्राथमिककालीन धारा र उपधाराको चर्चा एवं माध्यामिमक कालीन धाराको चर्चा समेत गरेर परिष्कारवादी स्वच्छन्दतावादी प्रयोगवादी धाराको विस्तृत विश्लेषण गरेर कविता सिद्धान्त र नेपाली कविता परम्परालाई प्रस्ट पार्ने काम भएको छ ।

स्नातक तहको पठनपाठनका सन्दर्भमा तयार गरिएको प्रस्तुत पुस्तकमा स्नातक तहका विद्यार्थीले प्राप्त गर्नु पर्ने कविता सिद्धान्तसम्बन्धी ज्ञानका लागि उपयुक्त सामग्री विश्लेषणसहित प्रस्तुत गरिएको पाइन्छ । विधागत सिद्धान्तको स्वरूप पक्ष र नेपाली साहित्यमा भएको प्रयोग समेतको विश्लेषण गर्ने उपयुक्त कविता विधाको सिद्धान्त प्रतिपादनतर्फ पनि यसले संकेत गरेको देखिएको छ । यो विद्यागत सैद्धान्तिक समालोचना हो । यसले शैक्षिक स्तरको अभिवृद्धि तर्फ पनि विशेष संकेत गर्न खोजेको देखिएको छ । अध्ययनका क्रममा यहाँ डा. त्रिपाठीका निजी लेख रचनाको मात्र चर्चा गरिएको कुरा पनि अनुरोध छ ।

(घ) **नेपाली साहित्य शृंखला भाग १ र २ को अध्ययन**

समालोचक वासुदेव त्रिपाठी प्रधान सम्पादक तथा मुख्य लेखक र महादेव अवस्थी, पारसमणि भण्डारी, ठाकुरप्रसाद पराजुली एवम् जीवेन्द्रदेव गिरी सहसम्पादक तथा सहलेखकका रूपमा रहेर एकता बुक डिस्ट्रिव्युटर्स प्रा. लि. द्वारा २०५२ सालमा प्रकाशन गरिएका कृतिहरू हुन् : नेपाली साहित्य शृंखला भाग १ र भाग २ ।

यी कृतिहरू पाठ्यसामग्री संकलनात्मक, कृति समालोचनात्मक र शैक्षिक अभ्यासमूलक जस्ता बहुमुखी प्रकृतिका पाठ्यसामग्रीका रूपमा देखिएका छन् । माध्यामिक स्तर उच्च

[द्धड] वासुदेव त्रिपाठी र अन्य, 'नेपाली कविता भाग २', (काठमाडौं : साझा प्रकाशन, २०४८) पृ. क ।

माध्यामिक स्तरका विद्यार्थीहरूका लागि समालोचनात्मक ज्ञान र भावबोध एवम् समालोचनात्मक सीप विकासका सन्दर्भलाई आधार मानेर नेपाली साहित्यका विभिन्न विधाका जम्मा २४ मूर्धन्य साहित्यकार र उनका कृतिहरूका बारेमा गरिएको अभ्यासमूलक शैक्षिक समालोचना यहाँ प्रस्तुत गरिएको छ । लेखकीय र कृति परक, वस्तुगत तथ्य र जानकारीसँग सम्बन्धित अति संक्षिप्त समालोचनाहरू यहाँ प्रस्तुत गरिएका छन् । विषयवस्तुबोध, भाषाशैली र शिल्पसँग सम्बन्धित एवम् भाव एवम् व्याख्यासँग सम्बन्धित प्रश्नोत्तरात्मक नमुना पनि यसमा प्रस्तुत गरिएका छन् । यसले सम्बन्धित क्षेत्रमा कार्य गर्ने व्यक्तिहरूलाई र अध्ययन गर्ने छात्रछात्राहरूका लागि अत्यन्त उपयोगी समालोचनाको रूपमा यी कृतिहरू देखिएका छन् । “पाठक, शिक्षक र विद्यार्थीहरूलाई सल्लाह” शीर्षकमा यसले कुन अंशले कुन तहका अध्ययनकर्तालाई सहयोग पुऱ्याँउछ भन्ने कुराको पनि जानकारी दिएको छ । समग्रमा यी कृतिहरू एक शैक्षिक समालोचना हुन । तल्लै तहका विद्यार्थीदेखि वस्तुगत रूपमा समेत साहित्यका कृतिको अध्ययन गर्ने, भाववोध गर्ने र बुझेका कुराहरूलाई अभिव्यक्त गर्ने क्षमता वृद्धिका लागि प्रस्तुत गरिएको यी कृतिहरू शिक्षण पेसासँग सम्बन्धित गहन अध्ययन र संसारका नयाँ शैक्षिक गतिविधिसँग सम्बन्धित र व्यवहारिक अध्यापन सीपज्ञानसँग सम्बन्धित नमूनाका रूपमा प्रस्तुत गरिएको पाइन्छ । यसमा प्रधान सम्पादक र मुख्य लेखकका नाताले वासुदेव त्रिपाठी कै विशेष योगदान रहेको देखिएकाले यसमा यो अध्ययनको टिप्पणी समालोचक त्रिपाठीकै नामबाट प्रस्तुत गरिएको कुरा पनि अनुरोध छ ।

यसरी यस चरणका कृतिहरूको अध्ययनको क्रममा यी कृतिहरूलाई सामान्यरूपमा प्रस्तुत गर्ने प्रयास मात्र गरिएको छ । समग्रमा हेर्दा डा. त्रिपाठी विधागत सिद्धान्त निर्माण र शैक्षिक समालोचनातर्फ उन्मुख रहेको र नेपाली साहित्यको पठनपाठनको स्तर अभिवृद्धि तर्फ केन्द्रित हुन लागेको कुरा समेत प्रस्ट हुन आउँछ ।

हाल समालोचक वासुदेव त्रिपाठी नेपाली साहित्यको इतिहास लेखनमा संलग्न रहेको र नेपाली शब्दकोष लेखनकार्यमा सक्रियताका साथ लागि परेको कुरा शोधनायकसँगको सर्म्पकबाट जानकारी हुन आएको कुरा समेत यहाँ अनुरोध छ ।

## छैटौँ परिच्छेद
## समालोचक वासुदेव त्रिपाठीको नेपाली साहित्य समालोचनामा योगदान

नेपाली साहित्यको प्रयोगवादी काल (२०१७ सालपछि) मा कविता, निबन्ध, समालोचना क्षेत्रमा देखापरेका वासुदेव त्रिपाठी (१९९९) नेपाली साहित्यमा विशिष्ट समालोचकका रूपमा स्थापित उच्च स्तरीय बौद्धिक प्रतिभा हुन् ।

समालोचनाको क्षेत्रमा व्यावहारिक र सैद्धान्तिक प्रकारका थुप्रै समालोचनात्मक कृतिहरू लेखेर नेपाली साहित्यको समालोचना क्षेत्रमा उनले विशिष्ट योगदान पुऱ्याएका छन् र नेपाली बौद्धिक जगत्मा विशिष्ट बौद्धिक प्रतिभाका रूपमा स्थापित भएका छन् । हालसम्म चार चरणमा समालोचनात्मक अभिव्यक्ति प्रस्तुत गर्दै आएर त्रिपाठीले प्रथम चरणमा टिप्पणीमूलक समालोचना, दोस्रो चरणमा तुलनात्मक, व्याख्यापरकका प्रयोगवादी समालोचना, तेस्रो चरणमा सैद्धान्तिक र अनुसन्धानात्मक एवम् चौथो चरणमा शैक्षिक विधागत समालोचना प्रस्तुत गरेर समालोचनाका करिब ४ दशकसम्म निरन्तर सेवा पुऱ्याउँदै आएको पाइन्छ । यसरी लामो समयसम्म विविध पद्धति र बहुलवादी सिद्धान्त अपनाई नवनव प्रयोगमा समालोचना गर्ने त्रिपाठीले नेपाली समालोचनाका क्षेत्रमा विशिष्ट योगदान दिएको कुरा उनका कृतिको अध्ययनबाट प्रस्ट हुन्छ ।

त्रिपाठीका समालोचनाको सर्सती अध्ययन गर्दा प्रथम चरणका समालोचकीय स्वरूप हिमाली साहित्य (२०२०) नामक संलकन संग्रहका सम्पादकीय टिप्पणीमा प्रस्तुत भएको पाइन्छ भने दोस्रो चरणको व्यवहारवादी, प्रयोगपरक समालोचनाका रूपमा व्याख्यापरक, वस्तु तथ्यपरक तुलनात्मक र निर्णयात्मक रूपमा प्रवृत्तिपरक समालोचना प्रस्तुत गरेको पाइएको छ । यस चरणका त्रिपाठीका समालोचनाहरू सिंहावलोकन २०२७, विचरण २०२८ मा संगृहित छन् । यी समालोचनाहरूले नेपाली साहित्यको पद्यविधातर्फ सिंहावलोकन नामक कृतिका माध्यमबाट नाटक एवम् गद्यतर्फ विचरण नामक कृतिका माध्यमबाट नेपाली पाठकसमक्ष नेपाली साहित्यको एक प्रकारको प्रतिबिम्ब प्रस्ट देखाएको छ ।

यहाँ त्यस क्षेत्रका प्रतिभाहरूको समुचित मूल्याङ्कन प्रस्तुत गरिएको छ । साहित्य क्षेत्रका सहधर्मी र सहकर्मी तथा पूर्ववर्ती र उत्तरवर्ती स्वदेशी तथा विदेशी साहित्यिक प्रतिभाहरूसँग सम्बन्धित प्रतिभाको तुलना समेत गरेर एवम् साहित्यको मूल्य र मान्यताका आधारमा साहित्यिक कृतिको मूल्य निर्धारण गर्ने काम समेत उनका यस चरणका समालोचनात्मक कृतिमा पाइन्छ । यसरी विविध पक्षमा साहित्यकारको विशद् विश्लेषण गरिएको समालोचना अरू समालोचकबाट कमै भएको पाइन्छ । यसलाई हेर्दा त्रिपाठीको व्यवहारवादी (प्रयोगवादी) नेपाली समालोचनाको क्षेत्रको योगदान अति उच्च, व्यापक र स्तरीय साबित हुन पुगेको देखिन्छ ।

तेस्रो चरण २०३० देखि २०४५ सम्मलाई मानिएको छ । यस चरणमा त्रिपाठी पाश्चात्य समालोचनाको सिद्धान्ततर्फ र अनुसन्धानमूलक समालोचनातर्फ अग्रसर देखिएका छन् । नेपाली

भाषामा लेखिएका पश्चिमी साहित्य सिद्धान्तसँग सम्बन्धित कृतिहरूको ज्यादै अभाव भएका बेला पाश्चात्य समालोचनाको सिद्धान्त विषयको पुस्तक लेखेर नेपाली पाठकका निमित्त जुन सहयोग पुऱ्याएको छ, त्यो त्रिपाठीको महत्त्वपूर्ण कार्य मानिएको छ । व्यवस्थित अनुसन्धानपरक समालोचनाको अभावैअभाव रहेको नेपाली साहित्य परम्परामा आफैंले अनुसन्धानात्मक कार्य पि.एच्.डी. (विद्यावारिधि) समेत सम्पन्न गरेर अनुसन्धानमूलक कार्यमा अरूलाई पनि प्रेरित गर्दै अनुसन्धानात्मक फुटकर र कृतिगत समालोचनाहरू लेख्ने र अरूलाई अनुसन्धानात्मक कार्य गराउनेतर्फ सक्रिय रहेको देखिएबाट त्रिपाठीले यस चरणमा यसतर्फ महत्त्वपूर्ण योगदान गरेको देखिन्छ । नेपाली साहित्यमा समालोचनाको सैद्धान्तिक क्षेत्र र अनुसन्धान क्षेत्रमा त्रिपाठीले पुऱ्याएको योगदान नेपाली साहित्यमा विशेष उल्लेखनीय रहेको छ । समालोचनाको मानक शैली निर्माणतर्फ पनि त्रिपाठीको योगदान विशिष्ट छ ।

यो चरण त्रिपाठीको हालसम्मको अति उर्वर र उच्च चरण हो । वस्तुवादी दृष्टिकोणमा आधारित बौद्धिक अनुभवको चरणको रूपमा यो चरण रहेको पाइन्छ । यस चरणका समालोचनाले त्रिपाठीलाई बौद्धिक विशिष्ट तहको व्यक्तित्वका रूपमा स्थापित गरेको छ । विश्व साहित्य सन्दर्भमा नेपाली साहित्यको स्थिति, अवस्था र सम्भावित स्वरूपको समेत आँकलन गरेर नेपाली साहित्यको विश्लेषण गर्ने कार्य समेत यस अवधिमा त्रिपाठीबाट भएको छ । यस चरणमा त्रिपाठीले नेपाली समालोचनालाई विश्व साहित्यको समालोचनातर्फ प्रवेश गराउने र स्थापित गराउने कार्य गरेको समेत पाइएबाट पनि त्रिपाठी नेपाली साहित्यमा एक महत्त्वपूर्ण व्यक्तित्व भएको मान्न सकिन्छ ।

चौथो चरण २०४६ सालपछिको चरण हो । यस अवधिपूर्व नै बौद्धिक समालोचकका रूपमा स्थापित भइसकेका त्रिपाठीले अरू सहकर्मी साहित्यकारहरूसँग समेत हातेमालो गर्दै विधागत समालोचनातर्फ र विधागत माध्यमिक स्तरका अध्ययनकर्तादेखि लिएर उच्च तहसम्मका अध्ययनशील व्यक्तित्वहरूको लागि शैक्षिक समालोचना प्रस्तुत गर्ने काम गरेको छ । विधागत सिद्धान्त विश्लेषण र सिद्धान्त निर्माण एवम् माध्यमिक विद्यालय स्तरदेखि विश्वविद्यालय स्तरसम्म पाठ्यक्रममा समाविष्ट विधागत साहित्यिक कृतिहरूका विशेष गरेर कविताक्षेत्रका रचनाहरूको सम्पादन गर्ने विधागत सिद्धान्त विश्लेषण, निर्धारण र प्रतिपादन गरेर सो धारणा विद्यार्थीसमक्ष पुऱ्याउने काममा समेत अग्रसर गरेको देखिन्छ । यस प्रकारका कार्यहरूले पठनपाठनका माध्यमबाट समेत साहित्यिक र बौद्धिक स्तरमाथि उठाउनमा ठूलो योगदान पुगेको देखिन्छ । समालोचनात्मक सीप विद्यार्थी वर्गका तलदेखि प्राप्त हुँदै जानु पर्छ भन्ने सोचमा गरिएका यी शैक्षिक समालोचनाले नेपाली समाजमा साहित्यबोध र मूल्याङ्कनका बारेमा ठूलो सहयोग पुऱ्याउने देखिन्छ ।

यस चरणका विधागत साहित्यसँग सम्बन्धित समालोचनात्मक कृतिमा नेपाली कविता भाग १, नेपाली कविता भाग ४ (२०४६), नेपाली कविता भाग २ (२०४८) र नेपाली साहित्य शृङ्खला भाग १ र २ (२०५२) उदाहरणका रूपमा रहेका छन् । सामूहिक सम्पादनमा रहेका यी कृतिहरूको सम्पादन र विधागत सिद्धान्त तथा विकास क्रमको लेखन-विश्लेषणमा त्रिपाठीको छुट्टै

महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । यसबाट नेपाली समालोचनालाई व्यापक र व्यावहारिक बनाउँदै लैजाने सोच समालोचक त्रिपाठीको देखिन आउँछ ।

बौद्धिक स्तरको अभिव्यक्ति र स्तरीय समालोचनात्मक भाषाको विस्तारमा र विश्लेषणात्मक, गहन, बौद्धिक, वस्तुवादी समालोचनात्मक पद्धतिलाई अगाडि बढाउनमा वासुदेव त्रिपाठीको यस चरणमा पनि उत्तिकै महत्त्वपूर्ण योगदान रहेको देखिन्छ ।

जुनसुकै क्षेत्रमा लागे पनि आफू संलग्न रहेको क्षेत्रको उन्नति, प्रगति र समृद्धिमा इमानदारितासाथ तल्लीन रहने त्रिपाठीले वस्तुनिष्ठ भएर पूर्वाग्रह रहित बन्दै समलोचनाको विविध पद्धति र प्रणालीहरूको अवलम्बन र अनुशरण गरेर बहुलवादी सिद्धान्त अपनाउँदै नेपाली समालोचना परम्परामा व्यावहारिक, सैद्धान्तिक र शैक्षिक समालोचनाका कृतिहरू प्रस्तुत गरेका छन् । ती नेपाली साहित्य समाजका अमूल्य निधि हुन् । यसरी हेर्दा वासुदेव त्रिपाठीको योगदान नेपाली भाषा, साहित्य र विशेष गरेर नेपाली समालोचना क्षेत्रमा विशिष्ट र अति उच्च रहेको प्रस्ट हुन्छ ।

# सातौं परिच्छेद
# उपसंहार / निष्कर्ष

वासुदेव त्रिपाठी १९९९ चैत्र १३ गते तनहुँ जिल्लाका दोरदोर थुमको भन्सार गाउँमा जन्मेका हुन् । पिता प्रेमदत्त र माता गोमाकुमारीका जीवित जेठा सन्तानका रूपमा रहेका त्रिपाठीकी आमाको मृत्यु ९ वर्षको उमेरमा भएको हुँदा यिनको बाल्यकालको अधिकांश समय मावली गाउँ गोरखाको सिरानचोक थुमको लाङ्दीमा बित्यो । गुरुङ, मगरहरूको ठूलो बसोबास रहेको प्राकृतिक सुन्दरताले भरिएको त्यस लाङदीमा सानी आमाको साथ नेपाली रीतिरिवाज र चालचलन अनुभवसहित प्रारम्भिक शिक्षा समेत त्यही ठाउँमा प्राप्त भएको हो । पाँच वर्षको उमेरमा अक्षरारम्भ गरेका त्रिपाठीले सानै उमेरमा चण्डी, रुद्री, अमरकोश, लघुकौमुदी, अंग्रेजीका फस्ट बुक समेतको ज्ञान गाउँमै विभिन्न शिक्षकहरूबाट प्राप्त गरेका त्रिपाठीको २०१४ सालमा गीता थपलियासँग विवाह भयो र २०१६ सालमा अध्ययनका सन्दर्भमा त्रिपाठी काठमाडौं आई संस्कृत छात्रावासमा भर्ना भई वाल्मीकि विद्यापीठमा संस्कृत र स्वतन्त्र रूपमा अंग्रेजीको एस्.एल्.सी. समेत अध्ययन गर्न लागे पछि वाल्मीकि पिद्यापीठ, त्रि-चन्द्र र सरस्वती कलेजमा संस्कृत र अंग्रेजी शिक्षा लिंदै २०२१ मा व्याकरणमा आचार्य र अंग्रेजीमा एम्.ए. द्वितीय वर्ष सम्मको अध्ययन गरे र २०२४ मा नेपाली एम्.ए. मा प्रथम श्रेणीमा प्रथम भए । २०३३ सालमा नेपाली साहित्यको पहिलो पि.एच्.डी. (विधावारिधि) को उपाधि प्राप्त गरेका त्रिपाठी अध्ययनशील व्यक्तित्वका रूपमा र साथै बौद्धिक साहित्यका विविध विधा विशेष गरेर समालोचना क्षेत्रका विशिष्ट बौद्धिक प्रतिभाका रूपमा देखिएका छन् ।

२०२४ सालदेखि त्रिचन्द्र कलेज हुँदै त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागमा लेक्चररका रूपमा प्राध्यापन गर्दै आएर २०३४ सालमा प्राध्यापक पदमा बढुवा भई नेपाली विभाग तथा त्रि.वि.का विभागीय प्रमुख तथा मानविकीको डिन जस्ता पदहरू सम्हाल्दै आएका त्रिपाठी २०६१ भाद्र ७ गतेदेखि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपतिसम्म हुन पुगेका छन् । विभिन्न सेवाका क्षेत्रमा संलग्न त्रिपाठी इमानदार, कर्मठ र आफू संलग्न क्षेत्रमा उन्नति र प्रगतिमा तल्लीन रहने व्यक्तित्वका रूपमा देखिएका छन् । त्रि.वि. को सेवामा संलग्न रहेर नेपाली भाषा साहित्यको उन्नति, प्रगति र स्तरीकरणमा सधैं संलग्न त्रिपाठीका साहित्य क्षेत्रमा कविता, निबन्ध र समालोचनामा योगदान देखिन्छ । यीमध्ये समालोचना क्षेत्रमा वासुदेव त्रिपाठीको विशिष्ट योगदान गरेको छ ।

२०१८ सालदेखि उत्तररामचरितको समालोचना क्षेत्रमा लागेका त्रिपाठीका समालोचना यात्राका चार चरण देखिन्छन् । पहिलो चरणमा टिप्पणीमूलक सिकारु समालोचकका रूपमा रहेका छन् । यस बेलाका त्रिपाठीका समालोचकीय नमुना 'हिमाली साहित्य' २०२० मा रहेको साहित्यकारहरूको संक्षिप्त परिचयबाट देखिन आउँछ । प्रथम चरणको अवधि २०२२ सालसम्म हो ।

दोस्रो चरण २०२३ देखि २०३० सम्म मानिन्छ । यस चरणमा नेपाली साहित्यको विविध विधामा प्रयोगमूलक समालोचना प्रस्तुत गरेर थुप्रै समालोचनात्मक रचनाहरू प्रस्तुत गरेको पाइन्छ । यी रचनाहरूको संकलन सिंहावलोकन २०२७ र विचरण २०२८ मा प्रकाशित भएका छन् । यसबेला त्रिपाठीले नेपाली साहित्यकारहरूका कृतिहरूको वस्तुतथ्यपरक, व्याख्यापरक तुलनापरक र प्रवृत्तिपरक मूल्याङ्कन गरेको पाइन्छ । काव्यात्मक शैलीमा प्रस्तुत यी समालोचनाहरू केही जटिल देखिए पनि अत्यन्त गहन छन् र नेपाली साहित्यका पाठकहरूका लागि उपयोगी रहेका छन् । यस अवधिका समालोचक त्रिपाठी समकालीन समालोचकहरूका बीच प्रतिस्पर्धी हुँदै प्रतिष्ठित भइसकेको देखिन्छ । यस अवधिमा प्रस्तुत व्यावहारिक समालोचनाले नेपाली साहित्यको स्थिति बुझ्न ठूलो सहयोग गरेको देखिन्छ ।

तेस्रो चरण २०३० सालदेखि २०४५ साल हो । यस अवधिमा समालोचक त्रिपाठी सैद्धान्तिक समालोचनातर्फ र अनुसन्धानात्मक सैद्धान्तिक शोधपरक समालोचनातर्फ सक्रिय रहेको देखिन्छ । यस अवधिका समालोचक त्रिपाठीका कृतिहरूमा पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा २०३०, कवि गुणराजको भरतमिलन महाकाव्यको मूल्याङ्कन २०३१, साहित्यकार पहलमानसिंह स्वाँरको पुनर्मूल्याङ्कन २०३३, लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन २०३४, साहित्यकार झपटबहादुर राणाको जीवनीको एक झलक २०४५ प्रमुख रकेका छन् । समसामयिक पत्रपत्रिकामा थुप्रै समालोचनात्मक लेखरचनाहरू र पुस्तकका भूमिकाका रूपमा थुप्रै समालोचनाका लेख रचनाहरू समेत यस अवधिमा प्रस्तुत गरिएका छन् । यस बेलाका समालोचनात्मक अभिव्यक्तिहरू शोधपरक, वस्तुतथ्यपरक र विशेष विश्लेषण र अनुसन्धानमा आधारित रहेको देखिन्छ र शैलीमा समालोचकीय मानक शैली निर्माण समेत भएको पाइन्छ ।

यस बेलाका समालोचक त्रिपाठी नेपाली साहित्यका गहन, बौद्धिक, स्तरीय र विशिष्ट समालोचकका रूपमा स्थापित भएका देखिन्छन् ।

समालोचक त्रिपाठीको चौथो चरण २०४६ सालदेखि सुरु हुन्छ । विद्यागत समालोचना र समूहगत सम्पादन कार्यमा संलग्न त्रिपाठीका २०४६ पछिका समालोचनाहरू शैक्षिक समालोचनाका रूपमा रहेका छन् । पाठ्यकृतिहरूको सम्पादन गरेर तिनै कृतिहरूका सन्दर्भमा माध्यमिक तहदेखि त्रि.वि. को अति उच्च तहसम्मका अध्ययनकर्ता विद्यार्थीहरूका लागि उपयोगी शैक्षिक समालोचनाका रूपमा यस बेलाका समालोचनात्मक रचनाहरू त्रिपाठीले प्रस्तुत गरेको देखिन्छ । यस बेलाका रचनाहरूमा नेपाली कविता भाग १, २०४६, नेपाली कविता भाग ४, २०४६, नेपाली कविता भाग २, २०४८ को पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्पराको विशेष संशोधन, परिष्कार र परिमार्जन २०४८, साहित्य शृङ्खला भाग १ र भाग २, २०५२ प्रमुख रहेका छन् । यो अवधि विशेष रूपमा सहलेखन र सहसम्पादनमा केन्द्रित रहेको पाइन्छ । विधा केन्द्रित समालोचकका रूपमा र शैक्षिक सामग्री प्रधान समलोचनाका स्रष्टाका रूपमा यस बेला त्रिपाठी संलग्न छन् ।

साहित्यको विद्यागत विश्लेषण र विधागत सिद्धान्त निर्माणतर्फ यस अवधिमा समालोचक त्रिपाठी बढी सक्रिय रहेको देखिन्छ । प्राध्यापक पेसामा निरन्तर संलग्न सफल प्राध्यापक रहेका त्रिपाठीका समालोचनाहरू विशेष रूपमा उच्च तहका शिक्षक/विद्यार्थीहरूका लागि नै केन्द्रित देखिए पनि पछिल्लो चरणका समालोचनाहरू भने माध्यमिक, उच्च माध्यमिक तहका विद्यार्थीहरूका लागि समेत शैक्षिक समालोचनाका रूपमा नेपाली साहित्यको सही मूल्याङ्कन प्रस्तुत गर्दै नेपाली भाषा साहित्यको स्तर जगदेखि वृद्धि गर्नेतर्फ उन्मुख रहेको देखिएको छ । यसरी हेर्दा त्रिपाठी नेपाली साहित्यका एक विशिष्ट समालोचक हुन् र स्तरीय बौद्धिक समालोचना क्षेत्रमै पनि उनका विविध पक्षको अनुसन्धान विश्लेषण हुनु जरुरी देखिएको छ । समालोचनासम्बन्धी त्रिपाठीका अनेक फुटकर कृतिहरूको संकलन, सम्पादन समेत हुन नसकेको पनि देखिन आउँछ । व्यापक व्यक्तित्व बोकेका उनका अनेकन पक्षको अनुसन्धान विश्लेषण हुनु आश्यक देखिन्छ ।

## सम्भावित शोध शीर्षकहरू

नेपाली साहित्यको समालोचना क्षेत्रका विशिष्ट प्रतिभा वासुदेव त्रिपाठीका समालोचनाहरू भूमिका, मन्तव्य र फुटकर समालोचनाका रूपमा विविध क्षेत्रमा छरिएका देखिएको हुनाले यिनको सम्पादन गरेर संग्रह बन्नु जरुरी देखिएको छ । साथै अनुसन्धान गर्न चाहने विद्वान्हरूले निम्नलिखित शीर्षकहरूमा शोध गर्नसक्ने छन् :

(१) फुटकर समालोचकका रूपमा वासुदेव त्रिपाठी,

(२) समालोचनात्मक भूमिका लेखकका रूपमा वासुदेव त्रिपाठी,

(३) मन्तव्यसमालोचना गर्ने समालोचकका रूपमा वासुदेव त्रिपाठी,

(४) वासुदेव त्रिपाठीका समालोचनात्मक प्रवृत्ति र

# सन्दर्भसूची


**(क) पुस्तकहरू**

(१) अधिकारी, बाबुराम, **समालोचना सिद्धान्त र नेपाली समालोचना**, काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०६१ ।

(२) उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, तेस्रो संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०४९ ।

(३) उपाध्याय, केशवप्रसाद, **पूर्वीय साहित्य सिद्धान्त**, तेस्रो संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

(४) एटम, नेत्र, **सीमान्त आकाश**, स्रष्टासितको अन्तर्वार्ता, (निवार्ता संग्रह), काठमाडौँ : तन्नेरी प्रकाशन २०६२ ।

(५) कँडेल, घनश्याम, सम्पा., **नेपाली समालोचना**, काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

(६) खनाल, यदुनाथ, **समालोचनाको सिद्धान्त**, दोस्रो संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०२३ ।

(७) घिमिरे, रघु, **सृर्जना र दृष्टि**, काठमाडौँ : साझा प्रकाशन, २०५१ ।

(८) तिम्सिना, डिल्लीराम, अनु., **काव्यमीमांसा**, काठमाडौँ : ने.रा.प्र.प्र., २०३० ।

(९) त्रिपाठी, वासुदेव, **हिमाली साहित्य, नेपाल बृहत् साहित्य सम्मेलन**, २०२० को संस्कृत छात्र संघ नेपाल ।

(१०) त्रिपाठी, वासुदेव, **सिंहावलोकन** (२०२७), प्रथम संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०२७ ।

(११) त्रिपाठी, वासुदेव, **विचरण** (२०२८), काठमाडौँ : भानु प्रकाशन, २०२८ ।

(१२) त्रिपाठी, वासुदेव, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (२०३०), प्रथम संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०३० ।

(१३) त्रिपाठी, वासुदेव, **कवि गुणराजको भरत मिलन महाकाव्यको मूल्याङ्कन** (२०३१)

(१४) त्रिपाठी, वासुदेव, **पहलमानसिंह स्वाँरको पुनर्मूल्याङ्कन**, ललितपुर : जगदम्बा प्रकाशन, २०३३ ।

(१५) त्रिपाठी, वासुदेव, **कवि लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन**, प्रथम संस्करण, काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. २०३४ ।

(१६) त्रिपाठी, वासुदेव, **झपटबहादुर राणाको जीवनीको एक झलक**, काठमाडौँ : यज्ञ पुस्तक संग्रहालय, २०४५ ।

(१७) त्रिपाठी, वासुदेव र अन्य, **नेपाली कविता भाग १**, ललितपुर : साझा प्रकाशन, २०४६ ।

(१८) त्रिपाठी, वासुदेव र अन्य, **नेपाली कविता भाग ४**, प्रथम संस्करण, पुल्चोक, ललितपुर : साझा प्रकाशन, २०४६ ।

(१९) त्रिपाठी, वासुदेव र अन्य, **नेपाली कविता भाग** २, ललितपुर : साझा प्रकाशन, २०४८ ।

(२०) त्रिपाठी, वासुदेव र अन्य, **नेपाली साहित्य शृङ्खला भाग** १, काठमाडौँ : एकता बुक्स डिस्टीव्युटर्स प्रा. लि., २०५२ ।

(२१) त्रिपाठी, वासुदेव र अन्य, **नेपाली साहित्य शृङ्खला भाग** २, दोस्रो संस्करण, थापाथली काठमाडौँ : एकता बुक्स डिष्ट्रिब्युटर्स प्रा. लि., २०५२ ।

(२२) नेपाल शैलेन्दु प्रकाश र अन्य, सम्पा., **वाङ्मय समलोचना**, काठमाडौँ : अनामिका प्रकाशन, २०५५ ।

(२३) प्रधान, कृष्णचन्द्रसिंह, सम्पा., **साझा समालोचना**, पाँचौँ संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०५८ ।

(२४) प्रसाई, नरेन्द्रराज, **नेपाली साहित्यका समालोचक र समालोचना**, काठमाडौँ : एकता प्रकाशन, २०५७ ।

(२५) पोखेल, केशवराज, **नेपाली समालोचना र प्रतिनिधि समालोचक**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५८ ।

(२६) बराल, ईश्वर, **छरिएका समीक्षा**, काठमाडौँ : साझा प्रकाशन, २०५३ ।

(२७) लुइटेल, खगेन्द्रप्रसाद, **आधुनिक नेपाली समालोचना**, काठमाडौँ : ने.रा.प्र.प्र., २०५७ ।

(२८) लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : ने.रा.प्र.प्र., २०६० ।

(२९) शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास**, दोस्रो संस्करण, काठमाडौँ : संकल्प प्रकाशन, २०३९ ।

(३०) शर्मा, मोहनराज, **नेपालीका केही आधुनिक साहित्यकार**, दोस्रो संस्करण, काठमाडौँ : सहयोगी प्रेस, २०४० ।

(३१) शर्मा, मोहनराज, **समकालीन सिद्धान्त र प्रयोग**, काठमाडौँ : ने.रा.प्र.प्र., २०५५ ।

(३२) शर्मा, मोहनराज, **शैलीविज्ञान**, दोस्रो संस्करण, काठमाडौँ, ने.रा.प्र.प्र., २०५९ ।

(३३) शर्मा, रामकृष्ण, **सप्तशारदीय**, काठमाडौँ : जगदम्बा प्रकाशन, २०२४ ।

(३४) श्रेष्ठ, दयाराम, **नेपाली साहित्यका केही पृष्ठ**, दोस्रो संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०४१ ।

(३५) श्रेष्ठ, दयाराम र शर्मा मोहनराज, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, पाँचौं संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०५६ ।

(३६) सुवेदी, राजेन्द्र, **नेपाली समालोचना : परम्परा र प्रवृत्ति**, वाराणसी, भूमिका प्रकाशन, २०६१ ।

**(ख) पत्रपत्रिका**

(१) आचार्य, भागवत, "डा. वासुदेव त्रिपाठीसँगको अन्तर्वाता", मिर्मिरे, वर्ष २६, अङ्क ७, पूणाङ्क १४६, कार्तिक २०५४ ।

(२) काफ्ले, हरिप्रसाद (सम्पा.), थाँक्रो, स्याङ्जा : थाँक्रो परिवार, २०४८ ।

(३) खनाल, केशव, "पुस्तक होइन सिङ्गै पुस्तकालय अध्ययन गर्ने प्राध्यपाक", छलफल साप्ताहिक, वर्ष १८ अङ्क ३०, काठमाडौँ : गोपाल थपलिया, २०५७ ।

(४) चापागाईं, नरेन्द्र, "कवि त्रिपाठीको राजकुमारी वासवदत्ताको संक्षिप्त अवलोकन", गरिमा, वर्ष ७, अङ्क १०, पूर्णाङ्क ८२, असोज २०४६ ।

(५) त्रिपाठी, वासुदेव, (प्र. सम्पा.), वाङ्मय, वर्ष १३, पूर्णाङ्क ७, काठमाडौँ : नेपाली केन्द्रीय विभाग, २०५३/२०५४ ।

(६) त्रिपाठी, वासुदेव, "महाकाव्य नेपालको एक झझल्को", रजहास, वर्ष ३, अङ्क ३, काठमाडौँ : वानेश्वर क्याम्पस, २०५१ ।

(७) त्रिपाठी, वासुदेव, "राजकुमारी वासवदत्ता", कविता, वर्ष ३, अङ्क ३, २०५४ ।

(८) नेपाल, फणीन्द्र, "कविता मेरो अन्तर्तम रुचिको सिर्जनात्मक विधा हो ।", गरिमा, वर्ष ७, अङ्क ९, पूर्णाङ्क ८१, भाद्र २०४६ ।

(९) प्रसाईं, नरेन्द्र, "प्रसिद्ध समालोचक वासुदेव त्रिपाठी", कान्तिपुर कोसेली, वर्ष ५, अङ्क २१४, असोज ४, २०५४ ।

(१०) बुढाथोकी, गोपाल (सम्पा.), साँघु, काठमाडौँ : गोपाल बुढाथोकी, भदौ २१ शनिबार, २०५४ ।

**(ग) शोध-ग्रन्थ**

(१) अर्याल, ज्ञानराज, "राजकुमारी वासवदत्ता खण्डकाव्यको कृतिपरक विवेचना", त्रि.वि. कीर्तिपुर, २०५७, टंकित अप्रकाशित ।

(२) एसी, शेरबहादुर, "वासुदेव त्रिपाठी, जीवनी व्यक्तित्व र कृतित्व", त्रि.वि. कीर्तिपुर, २०५९, टंकित अप्रकाशित ।

(३) भूसाल, राजु, "मोहनराज शर्माको समालोचनात्मक प्रवृत्ति", त्रि.वि. कीर्तिपुर, २०५८, अप्रकाशित शोधपत्र ।

(४) सुवेदी, नारायणदत्त, "कवि वासुदेव त्रिपाठीका खण्डकाव्य कृतिहरूको सर्वेक्षण", त्रि.वि. कीर्तिपुर, २०५८, टंकित अप्रकाशित ।

सच्याइएको